समृद्ध पुचौंडी नगर निर्माणको मुल आधारः सवल, सक्षम, दिगो
शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार

# एकीकृत आवधिक विकास योजना

## २०८१-२०८५



### सुदुरपश्चिम प्रदेश

# पुचौंडी नगरपालिका

हाट, बैतडी

समृद्ध पुचौंडी नगर निर्माणको मुल आधार:
सवल, सक्षम, दिगो शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार

# एकीकृत आवधिक विकास योजना
## २०८१-२०८५

सुदुरपश्चिम प्रदेश
# पुचौंडी नगरपालिका
हाट, बैतडी

आर्थिक तथा प्राविधिक सहयोग :

प्रदेश सरकार
मुख्यमन्त्री र मन्त्रिपरिषदको कार्यालय
सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान
सुदुरपश्चिम प्रदेश, पुन्ना , डोटी, नेपाल

सहजीकरण:

क्रिएटिभ मल्टिसेक्टर रिसर्च ट्रेनिङ एण्ड
कन्सल्टेन्सी प्रा. लि., काठमाडौं
(CMRTC)

नगर प्रमुखको मन्तव्य

प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य

Contents


परिच्छेद १: परिचय ..................................... १२

१.१ पृष्ठभूमि ..................................... १२

१.२ आवधिक योजनाको उद्देश्य ..................................... १४

१.३ आवधिक योजना तर्जुमा प्रक्रिया ..................................... १४

परिच्छेद २ विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ..................................... १७

२.१ पुचौंडी नगरपालिकाको परिचय ..................................... १७

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ..................................... १७

२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा ..................................... १८

२.१.३ जनसांख्यिक अवस्था ..................................... १८

२.२ आर्थिक विकासको अवस्था ..................................... २०

२.२.१ कृषि तथा पशुपंक्षी पालन ..................................... २०

२.२.२ सिंचाइ ..................................... २०

२.२.३ पर्यटन तथा संस्कृति ..................................... २१

२.२.४ उद्योग व्यापार व्यवसाय र आपूर्ति ..................................... २१

२.२.५ आम्दानी, रोजगारी र वित्तिय सेवा ..................................... २२

२.२.६ सहकारी ..................................... २२

२.३ सामाजिक विकासको अवस्था ..................................... २२

२.३.१ स्वास्थ्य तथा पोषण ..................................... २३

२.३.२ शैक्षिक विकास ..................................... २३

२.३.३ खानेपानी तथा सरसफाइ ..................................... २४

२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ..................................... २४

२.३.५ युवा, खेलकुद तथा कला ..................................... २६

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ..................................... २६

२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ..................................... २६

२.४.२ सडक, पुल तथा यातायात ..................................... २७

२.४.३ विद्युत तथा नवीकरणीय ऊर्जा........................................................................ २७
२.४.४ सूचना तथा सञ्चार प्रविधि........................................................................ २९
२.५ वन, वातावरण तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ............................ २९
२.५.१ वन तथा जैविक विविधता........................................................................ २९
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........................................................... ३०
२.५.३. वातावरणय ब्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन....................................... ३०
२.५.४ महामारी तथा विपद व्यवस्थापन.................................................................. ३१
२.६ सुशासन तथा संस्थागत विकासको अवस्था.......................................................... ३१
२.६.१. स्थानीय नीति, ऐन तथा सुशासन................................................................. ३१
२.६.२ संगठनात्मक विकास ................................................................................ ३४
२.६.३ श्रोत परिचालन........................................................................................ ३४
२.६.४ योजना ब्यबस्थापन .................................................................................. ३५
**परिच्छेद ३ सोच तथा विकासको अवधारणा.......................................................... ३६**
३.१ पृष्ठभूमि ..................................................................................................... ३६
३.२ प्रमुख समस्या तथा चुनौती................................................................................ ३६
३.३ सम्भावना तथा अवसर ..................................................................................... ३६
३.४ निर्देशक सिद्धान्त............................................................................................. ३६
३.५ सोच, लक्ष्य तथा उद्देश्य.................................................................................... ३९
३.६ नगरपालिकाको परिमाणात्मक लक्ष्य................................................................... ४०
३.७ समष्टिगत रणनीति .......................................................................................... ४३
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँड......................................................................... ४६
३.९ नगरपालिका गौरवका आयोजनाको रूपमा प्राथमिकता प्राप्त आयोजना र कार्यक्रम ..................५०
**परिच्छेद ४: आर्थिक क्षेत्र......................................................................................५१**
४.१ कृषि तथा पशुपंक्षि.......................................................................................... ५१
४.१.१ पृठभूमि .................................................................................................... ५१
४.१.२ समस्या तथा चुनौती.................................................................................... ५१
४.१.३ संभावना तथा अवसर.................................................................................... ५२

४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ५३
४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ६०
४.२ सिंचाइ ..... ६४
४.२.१ पृष्ठभूमि ..... ६४
४.२.२ समस्या तथा चुनौती ..... ६४
४.२.३ संभावना तथा अवसर ..... ६४
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ६४
४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ६८
४.३ पर्यटन, संस्कृति तथा सम्पदा ..... ७०
४.३.१ पृष्ठभूमि ..... ७०
४.३.२ समस्या तथा चुनौती ..... ७०
४.३.३ संभावना तथा अवसर ..... ७१
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ७१
४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ७८
४.४ उधोग, व्यापार, तथा आपूर्ति ..... ८०
४.४.१ पृष्ठभुमि ..... ८०
४.४.२ समस्या तथा चुनौती ..... ८०
४.४.३ संभावना तथा अवसर ..... ८१
४.४.४ उपक्षेत्रगत लक्ष्य उद्देश्य, रणनिति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..... ८१
४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ८५
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ..... ८८
४.५.१ पृठभूमि ..... ८८
४.५.२ समस्या तथा चुनौती ..... ८८
४.५.३ संभावना तथा अबसर ..... ८९
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ८९
४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ९३
**परिच्छेद पाँचः सामाजिक विकास ..... ९५**

५.१ स्वास्थ्य तथा पोषण ........................................................................................ ९५
५.१.१ पृष्ठभूमि ........................................................................................ ९५
५.१.२ समस्या तथा चुनौती........................................................................................ ९५
५.१.३ संभावना तथा अवसर........................................................................................ ९६
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........................................ ९६
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................................ १०२
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन........................................................................................ १०५
५.२.१ पृष्ठभूमि ........................................................................................ १०५
५.२.२ समस्या तथा चुनौती........................................................................................ १०५
५.२.३ संभावना तथा अवसर........................................................................................ १०६
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना........................ १०७
५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................................ ११५
५.३ खानेपानी तथा सरसफाइ........................................................................................ ११८
५.३.१ पृष्ठभूमि ........................................................................................ ११८
५.३.२ समस्या तथा चुनौती........................................................................................ ११८
५.३.३ संभावना तथा अवसर........................................................................................ ११९
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना........................ ११९
५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................................ १२३
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग........................................................................ १२६
५.४.१ पृष्ठभूमि ........................................................................................ १२६
५.४.२ समस्या तथा चुनौती........................................................................................ १२६
५.४.३ सम्भावना तथा अवसर ........................................................................................ १२७
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना........................ १२७
५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................................................ १३५
५.५ युवा तथा खेलकुद........................................................................................ १३८
५.५.१ पृष्ठभूमी ........................................................................................ १३८
५.५.२ समस्या तथा चुनौती........................................................................................ १३८

५.५.३ संभावना तथा अवसर........................................................................................१३९
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना........................१३९
५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.........................................................................१४६
परिच्छेद ६ पूर्वाधार क्षेत्र ............................................................................................ १४८
६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ...............................................................१४८
६.१.१ पृष्ठभूमि ............................................................................................................१४८
६.१.२ समस्या तथा चुनौती..............................................................................................१४८
६.१.३ संभावना तथा अवसर.............................................................................................१४९
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना........................१४९
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका......................................................................... १५५
६.२ सडक, पुलपुलेसा तथा यातायात................................................................................ १५७
६.२.१ पृष्ठभूमि ............................................................................................................ १५७
६.२.२ समस्या तथा चुनौती.............................................................................................. १५७
६.२.३ संभावना तथा अवसर............................................................................................. १५७
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यकम तथा आयोजना .....................................१५८
६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.........................................................................१६२
६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा........................................................................... १६४
६.३.१ पृष्ठभूमि ............................................................................................................१६४
६.३.२ समस्या तथा चुनौती..............................................................................................१६४
६.३.३ संभावना तथा अवसर.............................................................................................१६४
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तया आयोजना ........................१६५
६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका......................................................................... १६९
६.४ सूचना, सञ्चार तथा प्रविधि.........................................................................................१७१
६.४.१ पृष्ठभूमि ............................................................................................................१७१
६.४.२ समस्या तथा चुनौती..............................................................................................१७१
६.४.३ संभावना तथा अबसर.............................................................................................१७१
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यकम तथा आयोजना....................... १७२

६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १७७

**परिच्छेद ७ वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ........ १७९**

७.१ वन तथा जैविक विविधता........ १७९

७.१.१ पृठभूमि ........ १७९

७.१.२ समस्या तथा चुनौती ........ १८०

७.१.३ संभावना तथा अवसर........ १८०

७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ १८०

७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १८६

७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ १८९

७.२.१ पृष्ठभूमि ........ १८९

७.२.२ समस्या तथा चुनौती ........ १८९

७.२.३ संभावना तथा अवसर........ १८९

७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ १९०

७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १९४

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन........ १९६

७.३.१ पृष्ठभूमि ........ १९६

७.३.२ समस्या तथा चुनौती ........ १९६

७.३.३ संभावना तथा अवसर........ १९६

७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........ १९७

७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २००

७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........ २०३

७.४.१ पृष्ठभूमि ........ २०३

७.४.२ समस्या तथा चुनौती ........ २०३

७.४.३ संभावना तथा अवसर........ २०४

७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना........ २०४

७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २०९

**परिच्छेद ८ संस्थागत विकास तथा सुशासन क्षेत्र........ २११**

८.१ संस्थागत विकास तथा सुशासन ........ २११
८.१.१ पृष्ठभूमि ........ २११
८.१.२ समस्या तथा चुनौती ........ २१२
८.१.२ संभावना तथा अबसर ........ २१२
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ २१३
८.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २२२
**स्रोतः नगरपालिकाको सम्बन्धित शाखा, २०८१ ........ २२४**
**परिच्छेद -९ कार्यान्वयन अवस्था ........ २२५**
९.१ पृष्ठभूमि ........ २२५
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ........ २२५
९.२.१ समस्या तथा चुनौती ........ २२६
९.२.२ सम्भावना तथा अवसर ........ २२६
९.२.३ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति ........ २२७
९.३ बिषयक्षेत्र अनुसार अनुमानित बजेट ........ २३०
९.४ स्रोत अनुमान र प्रक्षेपण ........ २३२
९.४.१ खर्च अवस्थाको विश्लेषण ........ २३६
९.४.२ अपुग स्रोत व्यवस्थापन ........ २३६
९.५ स्रोत परिचालन रणनीति ........ २३७
९.६ आवधिक योजना कार्यान्वयन ........ २३८
९.६.१ योजना कार्यान्वयन ........ २३८
९.६.२ कार्यान्वयन प्रक्रिया ........ २३९
९.७ अनुगमन तथा मूल्याङ्कन योजना ........ २४१
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ........ २४१
मध्यावधि मूल्याङ्कन ........ २४१
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ........ २४२
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ........ २४३
**अनुसूचिहरु ........ २४७**

आवधिक विकास योजना तर्जुमा सम्वन्धि फोटो............................................................ २४८

ता लका सु च


तालिका १ जनसंख्या वडागत विवरण....................................................................................१९
तालिका २ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजा (LISA)...........................................३३
तालिका ३ स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन नतिजा (FRA).....................................३३
तालिका ४ परिमाणात्मक लक्ष्य र उपलब्धी ..................................................................................४०
तालिका ५ वित्तीय प्रवृति/बाँडफाँटको अवस्था...............................................................................४७
तालिका ६ नगरपालिकाको बाह्य स्रोतबाट हुने आय अनुमान(लाखमा) .........................................४८
तालिका ७ पुर्चौंडी नगरपालिका गौरवका आयोजना तथा कार्यक्रम.................................................५०
तालिका ८ कृषि तथा पशुपालन रणनिति तथा कार्यनिति .............................................................५३
तालिका ९ कृषि उपक्षेत्रको कार्यक्रम तथा आयोजना ....................................................................५६
तालिका १० कृषि उपक्षेत्रको अपेक्षित उपलब्धि नतिजा खाका.......................................................६०
तालिका ११ सिंचाईका रणनीति तथा कार्यनीतिहरू.......................................................................६५
तालिका १२ सिचाँइ उपक्षेत्रको कार्यक्रम तथा आयोजना ...............................................................६८
तालिका १३ सिचाँइ उपक्षेत्रको अपेक्षित उपलब्धि नतिजा खाका ...................................................६८
तालिका १४ पर्यटन उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू रणनीतिहरू .......................................७२
तालिका १५ पर्यटन उपक्षेत्रको कार्यक्रम तथा आयोजना...............................................................७६
तालिका १६ सिचाँइ उपक्षेत्रको अपेक्षित उपलब्धि तथा नतिजा खाका ..........................................७८
तालिका १७ उधोग, व्यापार, तथा आपूर्ति उपक्षेत्रको रणनीति र कार्यनीति ..................................८२
तालिका १८ : उधोग, व्यापार व्यसाय तथा आपूर्ति उपक्षेत्रको कार्यक्रम तथा आयोजना..............८४
तालिका १९ : उद्योग, व्यापार व्यवसाय उपक्षेत्रको अपेक्षित उपलब्धी तथा नतिजा खाका...........८५
तालिका २० : श्रम, रोजगारी र सामाजिक सुरक्षा उपक्षेत्रका रणनीति र कार्यनीति .....................९०
तालिका २१ : श्रम, रोजगारी र सामाजिक सुरक्षा उपक्षेत्रको अपेक्षित उपलब्धी तथा नतिजा खाका ..........................................................................................................................९२
तालिका २२ : श्रम, रोजगारी र सामाजिक सुरक्षा उपक्षेत्रको अपेक्षित उपलब्धी तथा नतिजा खाका ..........................................................................................................................९३
तालिका २३ स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू..................................................९६
तालिका २४ स्वास्थ्य तथा पोषण उपक्षेत्रको कार्यक्रम तथा आयोजना...................................... १००
तालिका २५ स्वास्थ्य तथा पोषण उपक्षेत्रको अपेक्षित उपलब्धी तथा नतिजा खाका.................. १०२
तालिका २६ शिक्षा उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू रणनीतिहरू.................................... १०७
तालिका २७ शिक्षा उपक्षेत्रको अपेक्षित उपलब्धी तथा नतिजा खाका...................................... ११५
तालिका २८ खानेपानी तथा सरसफाइ उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू........................... ११९

तालिका २९ खानेपानी तथा सरसफाई उपक्षेत्रको  कार्यक्रम तथा आयोजना............................ १२१
तालिका ३०  खानेपानी तथा सरसफाई उपक्षेत्रको अपेक्षित उपलब्धी तथा नतिजा खाका.......... १२३
तालिका ३१ महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू ........................................................................................................................ १२८
तालिका ३२ महिला, बालबालिका तथा लक्षित वर्ग उपक्षेत्रको कार्यक्रम तथा आयोजना ............ १३१
तालिका ३३ महिला, बालबालिका तथा लक्षित वर्ग उपक्षेत्रको अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................................................................................ १३५
तालिका ३४ युवा तथा खेलकुद उपक्षेत्रका रणनीति तथा कार्यनीति........................................ १४०
तालिका ३५ युवा खेलकुद उपक्षेत्रका कार्यक्रम तथा आयोजना............................................ १४२
तालिका ३६ युवा तथा खेलकुद विकास उपक्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका......... १४६
तालिका ३७ आवास तथा बस्ती विकास उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू......................... १५०
तालिका ३८ आवास बस्ति विकास उपक्षेत्रका कार्यक्रम तथा आयोजना.................................. १५३
तालिका ३९ आवास तथा वस्ती विकास उपक्षेत्रका अपेक्षित उपलब्धी तथा नतिजा खाका ......... १५५
तालिका ४० यातायात तथा पूर्वाधार उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू.............................. १५८
तालिका ४१ सडक पुल यातायात उपक्षेत्रका कार्यक्रम तथा आयोजना .................................... १६१
तालिका ४२ सडक, पुल, यातायात उपक्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका................ १६२
तालिका ४३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा क्षेत्रका रणनीति तथा कार्यनीतिहरू............ १६६
तालिका ४४ बिद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रका कार्यक्रम तथा आयोजना.......................... १६८
तालिका ४५ विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका ....... १६९
तालिका ४६ सूचना तथा सञ्चार प्रविधि उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू.......................... १७२
तालिका ४७  सूचना तथा सञ्चार प्रविधि उपक्षेत्रका कार्यक्रम तथा आयोजना ........................... १७५
तालिका ४८ सूचना तथा सञ्चार प्रविधि उपक्षेत्रका अपेक्षित उपलब्धी तथा नतिजा खाका .......... १७७
तालिका ४९ वन तथा जैविक विविधता उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू .......................... १८१
तालिका ५० वन तथा जैविक विविधता उपक्षेत्रका कार्यक्रम तथा आयोजना ............................ १८३
तालिका ५१  वन तथा जैविक विविधता उपक्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका........ १८६
तालिका ५२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू........... १९०
तालिका ५३ भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रका कार्यक्रम तथा आयोजना ............. १९२
तालिका ५४ भू तथा जलाधार व्यवस्थापन उपक्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका...... १९४
तालिका ५५ फोहरमैला व्यवस्थापन उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू.............................. १९७
तालिका ५६ वातावरण तथा फोहोर मैला ब्यवस्थापन उपक्षेत्रका कार्यक्रम तथा आयोजना........ १९९
तालिका ५७  वातावरण तथा फोहोर व्यवस्थापन उपक्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........................................................................................................................ २००

तालिका ५८ विपद् व्यवस्थापन उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू.................................... २०४
तालिका ५९  विपद ब्यबस्थापन उपक्षेत्रका कार्यक्रम तथा आयोजना.................................... २०७
तालिका ६० विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनः उपक्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका.................................... २०९
तालिका ६१ संस्थागत विकास तथा सुशासन उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू.................. २१३
तालिका ६२ संस्थागत विकास तथा सुशासन उपक्षेत्रका कार्यक्रम तथा आयोजना.................... २१८
तालिका ६३  वित्तीय स्रोत ब्यबस्थापनका लागि कार्यक्रम तथा आयोजना................................ २२०
तालिका ६४ संस्थागत विकास तथा सुशासन उपक्षेत्रका कार्यक्रम तथा आयोजना.................... २२२
तालिका ६५ मानव संसाधन ब्यबस्थापनसम्बन्धि कार्यक्रम तथा आयोजना............................... २२८
तालिका ६६ बिषयक्षेत्र गत अनुमानित बजेट.................................................................. २३०
तालिका ६७ स्रोत अनुमान र प्रक्षेपण (लाखमा)............................................................ २३४
तालिका ६८ खर्च बाँडफाँडको प्रक्षेपण (रू. हजारमा)...................................................... २३६
तालिका ६९ अपुग स्रोत व्यवस्थापन............................................................................ २३६
तालिका ७० आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया............................... २४४

# परिच्छेद १ः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले संघीय शासन प्रणालीलाई आत्मसात गर्दै तीन तहको सरकारको व्याख्या गरी विधायकी, कार्यकारीणी र न्यायिक व्यवस्थापनसहितको शासन सञ्चालन गर्ने व्यवस्था गरेको छ । सेवा प्रवाहका शीलशीलामा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सह–अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था छ । साथै, सबै तहका सरकारलाई एकल तथा साझा अधिकारको व्यवस्था समेत संविधानले गरेको छ ।

संविधानद्वारा प्रदत्त स्थानीय तहको अधिकार क्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यका साथ स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त हस्तान्तरण ऐन २०७४ र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ जस्ता ऐन–नियम कार्यान्वयनमा छन् । नीति, ऐन–नियमले आवधिक, वार्षिक, रणनीतिक र मध्यमकालीन खर्च संरचना तथा दीर्घकालीन विकास योजना आदि निर्माण गरी लागू गर्न स्थानीय तहलाई निर्देशित गरेको छ । स्थानीय तहको कार्यसम्पादन प्रभावकारीता मूल्यांकन गर्न संघीय सरकारले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि –२०७७ र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि–२०७७ समेत निर्माण गरी त्यसमार्फत स्थानीय तहको सेवा प्रवाहलाई थप व्यवस्थित वनाउने प्रयास गरेको छ ।

स्थानीय तहको नीति निर्माण, योजना तर्जुमा र विकासका काम स्थानीय जनतामार्फत होस् र विकासको प्रतिफल पनि स्थानीय जनताले सजिलै उपभोग गर्न पाउन भन्ने नीतिगत व्यवस्थाको मर्म रहेको पाइन्छ । मुलतः स्थानीय वाँसीलाई सहज र प्रभावकारी सेवा प्रवाह गरी उनीहरूको सामाजिक–आर्थिक अवस्थामा सुधार ल्याउनु स्थानीय तहको मुख्य भूमिका रहेको देखिन्छ । स्थानीय तहबाट प्रदान गरिने सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउन स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिको ठूलो भूमिका हुन्छ । त्यसकारण, निर्वाचित जनप्रतिनिधिले आफ्नो भूमिका र जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्न दीर्घकालीन सोच र योजनावद्ध विकासको खाकासहित अग्रसर हुन आवश्यक हुन्छ । आवश्यकता पूरा गर्न आवधिक र वार्षिक विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्न अपरिहार्य हुन्छ ।

स्थानीय तहको आवधिक योजना निर्माणले मुलतः निम्न कुरामा योगदान पुग्दछ । १. संघ, प्रदेश र स्थानीय सरकारकाबीचमा नीतिगत, योजनागत र संस्थागत समन्वय तथा सम्बन्ध स्थापना गर्दछ । २. राज्यका स्रोत–साधनको योजनावद्ध र दिगो रूपमा परिचालन हुन्छ । ३. स्थानीय तहको विकासलाई अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रदेशको विकास लक्ष्यसँग जोड्छ । ४. स्थानीय तहमा विधि र प्रकियालाई संस्थागत गर्नुका साथै जनप्रतिनिधिलाई दीर्घकालिन सोचमा डो¥याउछ । ५. कुन क्षेत्रमा कुन काम कसले र कहिले गर्ने कार्ययोजनासहित स्पष्ट दिशानिर्देश गर्दछ । ६. स्थानीय तहको विकासको प्राथमिक क्षेत्र र सम्भावना पहिल्याउनुका अलावा अनावश्यक क्षेत्रमा हुने लगानीलाई निरुत्साहित गर्दछ । ७. सम्भाव्य स्रोतको पहिचान र प्रक्षेपण गर्नुका साथै विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र समयसमेत निर्धारण गर्ने भएकाले स्थानीय तह 'विकासको पारिस्थितीक प्रणाली÷ निर्माण हुन पुग्दछ । नेपाल सरकारले पन्ध्रौं आवधिक योजनामा परिकल्पना गरेको दीर्घकालीन सोच 'समद्धृ नेपाल, सुखि नेपाली, सोह्रौं योजनाले परिकल्पना गरेको

दीर्घकालीन सोच 'सुशासन, सामाजिक न्याय र समृद्धि र सुदुरपश्चिम प्रदेश सरकारले प्रथम आवधिक योजनामार्फत 'आत्म निर्भरताउन्मूख समृद्ध सुदूरपश्चिम भन्ने सोच लिएको छ । प्रदेश सरकारले दीर्घकालिन सोचहासिल गर्न प्रदेश अन्तर्गतका स्थानीय तहको आवधिक योजना तर्जुमा गरी आफ्नो सोचको स्थानीयकरण गर्ने प्रमुख उद्देश्य राखेको छ ।

यसै गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ को उपदफा १ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि संविधानको अनुसूची ८ र ९ मा तोकिएको अधिकार प्रयोग गरी आबधिक, वार्षिक, रणनीतिक विषय क्षेवगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेकोछ । यस ऐनको दफा २४ को उपदफा २ मा योजना तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तालमेल हुने गरी दिगो विकासको लक्ष्य, भूउपयोग योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, वालमैत्री, बातावरणमैत्री, अपाङ्गमैत्री, विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने उल्लेख गरिएको छ । ऐनको दफा २४ को उपदफा ३ ले नगरपालिकाले योजना बनाउँदा ऐनमा तोकिए वमोजिमको विषयहरूमा प्राथमिकता दिनुपर्ने विषयहरू समेत तोकेको छ ।

योजनाहरू प्राथमिकिकरण गर्दा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार वढ्ने, स्थानीयबासीहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला वालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धिः हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धनमा सघाउ पुयाउने, भाषिक तथा साँस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुयाउने सूचकहरूको आधारमा योजनाहरू प्राथमिकीकरण गर्नुपर्ने उल्लेख गरिएको छ । यो ऐनको दफा २४ को उपदफा ४ मा योजना बनाउँदा मध्यम र दीर्घकालिन प्रकृतिका आयोजनाहरूको सूची तयार गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । नगरपालिकाले आफ्नो कार्य संचालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको अन्य नगरपालिका साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरू समेत तोकेको छ ।

आवधिक गाउँ बिकास योजना तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भावनालाई सम्वोधन गर्ने प्रयास गरिएको छ । यस अनुसार आर्थिक बिकास, गरिबी निवारण, रोजगार सिर्जना, आय वृद्धि, दिगो बिकास, स्थानीय साधन स्रोत र सीपको अधिकतम उपयोग, छिट्टै प्रतिफल प्राप्त हुन सक्ने क्षेत्र र कम लागत एवं स्थानीय वासिन्दाहरुको सहभागिता जुट्न सक्ने पक्षहरुलाई प्राथमिकता दिइएको छ । त्यसैगरी नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालीन सोच, नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रिया एवं दिगो बिकास लक्ष्यसँग अनुकूल हुने गरी वातावरण तथा बालमैत्री शासन, सुशासन, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित पक्षलाई समेत प्रयाप्त ध्यान दिइएको छ । उपरोक्त पक्षहरुलाई आधार मानी पुर्चौडी नगरपालिकाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम, अनुमानित श्रोत परिचालन र लगानी खाका निर्धारण भएको छ । समावेशी र सहभागितामूलक विधि, प्रक्रियाबाट तयार पारिएको यस आवधिक तथा रणनीतिक योजना मार्गचित्रलाई पुर्चौडी नगरपालिकाको समग्र बिकासका लागि महत्वपूर्ण मार्गदर्शक दस्तावेजको रुपमा ग्रहण

गरिएको छ । यसै योजना खाका भित्र रही पुर्चौंडी नगरपालिकाले मध्यमकालीन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम एवं बजेट तर्जुमा गरी र सोही अनुसार कार्यान्वयन गर्दै जाने प्रतिवद्धता समेत जाहेर भएको छ ।
नेपाल सरकारले "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा पूरा गर्न वि.सं. २१०० सम्मका लागि सूचक सहितको सोह्रै पञ्चवर्षीय योजना तयार गरेको छ । त्यसैगरी सुदुरपश्चिम प्रदेश सरकारले प्रदेशको "आत्मनिर्भर र समृद्ध सुदुरपश्चिम" को दिर्घकालिन सोचका सहित प्रथम पञ्चवर्षीय योजनाको आधारपत्रमा सूदुरपश्चिम प्रदेशको समग्र विकासको लागि विकम सम्बत् २०८३/०८४ सम्मको अल्पकालीन लक्ष्य, विकम सम्बत् २०९० मध्यकालिन लक्ष्य र दीर्घकालिन लक्ष्य २१०० सम्मका लागि समृद्धि र सुखका मूख्य सूचकहरू निर्धारणा गरिएका छन् । यसै सन्दर्भमा स्थानीय तहको दिगो विकासका लागि संस्थागत विकास र आर्थिक समृद्धिको खाका सहितको पुर्चौंडी नगरपालिकाको आवधिक योजना निर्माण गरिएको छ ।

## १.२ आवधिक योजनाको उद्देश्य

स्थानीय तहको सहभागितात्मक योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ । पुर्चौंडी नगरपालिकाको आवधिक योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

१. योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु ।

२. स्थानीय तहका सरोकारवालाहरूमा विकासका प्रयास र उपलब्धिमा साझा प्रतिवद्धता र उत्तरदायित्व सिर्जना गर्नु ।

३. राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्नु ।

४. सहभागितामूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्नु र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु ।

५. नतिजामा आधारित स्थानीय विकासलाई प्रवद्र्धन गर्नु ।

६. सांस्कृतिक तथा भौगोलिक विविधताको पृष्ठभूमि रहेको सुदूरपश्चिमका स्थानीय तहहरूमा रहेको आधुनिक कृषि र पर्यटन विकासको सम्भावनालाई यथार्थमा वदल्न योगदान दिन सक्ने नवपवर्तनकारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

पुर्चौंडी नगरपालिकाको आवधिक योजना तर्जुमा सम्बन्धी कार्यक्षेत्रगत शर्तमा उल्लेख भए बमोजिमका कार्यक्षेत्रका अधीनमा रही आवधिक योजना तर्जुमा गरिएको थियो। योजनालाई वढी सहभागितामूलक यथार्थपरक कार्यान्वयनयोग्य र सर्वस्विकार्य गराउन योजना तर्जुमा गर्ने सम्वन्धमा देहाय बमोजिमका प्रक्रिया तथा विधिहरु अवलम्बन गरिएको थियो ।

**सन्दर्भ सामग्रीको अध्ययन**

विषयसँग सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, योजना, प्रतिबद्धता आदिको सूचि बनाई अध्ययन गरिएको छ । यो आवधिक योजना तर्जुमाका क्रममा नेपालको संविधान, सोह्रौ पञ्चवर्षिय योजना लगायत बिद्यमान बिभिन्न कानुन तथा नीति नियमहरुको पुनरावलोकन गरिएको छ । सङ्घीय सरकार, प्रदेश सरकार तथा राष्ट्रिय योजना

आयोग, दिगो विकास लक्ष्य तथा नगरपालिकाको विगतका विकास योजनाहरूको पुनरावलोकन गरिएको छ । साथै यस आवधिक योजना तयारीका सन्दर्भमा नगरपालिकाको विगत तीन वर्षका नीति तथा कार्यक्रम, नेपाल सरकारका नीति तथा कार्यक्रम तथा विकास योजनाहरू एबम् दिगो विकास लक्ष्यहरूको अध्ययन तथा पुनरावलोकन गरिएको छ।

**अभिमुखीकरण कार्यशाला सञ्चालनः** मिति ......आवधिक योजनाको महत्व, औचित्व, विधि, प्रकृया, नगरपालिकाले यसमा निर्वाह गर्नुपर्ने भुमिका आदिका वारेमा नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्य, प्रमुख प्रसासकीय अधिकृत तथा योजना प्रमुखसँग आवधिक योजना तर्जुमाको विधि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा बनेका समिति तथा उपसमितिहरुसँगको छलफल, योजनाका विविध पक्षहरु, चरणहरु तथा कार्य जिम्मेवारीका लागि अभिमुखीकरण कार्यशाला सञ्चालन सम्पन्न गरिएको थियो ।

**वडागत छलफल तथा तथ्यांक संकलनः** मिति ......वडाध्यक्ष, वडासदस्य, वडाका कर्मचारी, सबै स्थानीय राजनितिक दलका प्रतिनिधिहरु कलेज तथा विद्यालयका प्रमुख तथा प्रधानाध्यापकहरु क्षेत्रगत विज्ञ तथा बौद्धिक व्यक्तित्वहरु उद्योगी तथा व्यवशायीहरु लगायत स्थानीय गैर सरकारी संस्थाका प्रतिनिधिहरुको सहभागितामा सबै वडा कार्यालयमा वडागत छलफल गरिएको थियो ।वडामा भएको छलफलबमोजिम विज्ञटोलीले सवै वडाबाट तथ्यांक संकलन गरिएको थियो ।साथै पालिकाले विगतका विभिन्न वार्षिक प्रतिवेदन तथा प्रकाशनहरूको समेत संकलन गरी अध्ययन गरिएको थियो ।

**योजना तर्जुमा गोष्ठीः**

योजना तर्जुमा गर्ने शीलशीलामा राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तह, योजना तर्जुमा दिग्दर्शन २०७८, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले गरेको सिफारिस र परामर्शदाता संस्थाका विज्ञले तयार गरेको ढाँचा समेतलाई समायोजन गरी एक वैज्ञानिक ढाँचा निर्माण गरिएको थियो । मिति ..... विषय क्षेत्रगत कार्यशाला (योजना तर्जुमा कार्यशाला) सञ्चालन गरिएको थियो ।

**दीर्घकालीन सोच निर्माणः** नगरपालिकाको आवधिक योजनाको दीर्घकालीन सोच निर्माण गर्न सबै सरोकारवालाहरुलाई समुह विभाजन गरी छलफल गराइएको थियो र सबै समुहबाट आएका सुझावमध्येवाट सर्वमान्य सोचलाई आवधिक योजनाको दीर्घकालीन सोच निर्धारण तय भएको थियो । सोहि दीर्घकालीन सोचका आधारमा आवधिक लक्ष्य तथा उद्धेश्यहरु निर्माण गरिएको छ।

**समस्या तथा चुनौती र अवसरको पहिचानः** नगरपालिकाको आवधिक योजना तर्जुमा पुर्व यस नगरपालिकामा विकासकालागि विद्यमान समस्या तथा चुनौतीहरु र अवसरहरुको पहिचान गर्न हरेक विषयगत क्षेवहरु (आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन बातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास) को छुट्टाछुट्टै अध्ययन गरी विश्लेषण गरिएको छ ।

**क्षेत्रगत उद्धेश्य, रणनीति, कार्यनीति तथा प्राथमिकता निर्धारणः** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा हरेक विषयगत क्षेत्रहरु (आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास) का उपक्षेत्रहरुको छुट्टाछुट्टै क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति तथा

प्राथमिकता निर्धारण गरिएकोछ । यसका साथै सबै विषयगत उपक्षेत्रहरुको नतिजा सूचक पनि निर्धारण गरिएको छ ।

**तथ्याङ्क प्रशोधन तथा प्रमाणिकरणः** नगरपालिकाको बस्तुगत विवरणमा उल्लेख भएका तथ्याङ्कहरुलाई विषयगत समितिहरुमा छलफल गरी प्रमाणिकरणका लागि पेश गरिएको थियो र योजनामा संलग्न गरिएका मुख्य सूचकाङ्कहरु निर्धारण गरिएको थियो ।

**मस्यौदा प्रतिवेदन लेखन तथा प्रेषणः** उपरोक्त चरणहरु पुरा गरिसकेपछि विज्ञ समुहले नगरपालिकाबाट प्राप्त सुचना तथा तथ्याङ्कका आधारमा मस्यौदा प्रतिवेदन तयार पारी आवस्यक सुधार तथा सुझावका लागि नगरपालिकाको कार्यालयमा प्रेषण गरिएको थियो । नगरपालिकाबाट प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधिभित्र अन्तिम प्रतिवेदन नगरपालिकाको कार्यालयमा प्रेषण गरिएको छ ।

**मस्यौदा प्रतिवेदन नगरसभामा पेश गर्नेः** विज्ञ समुहले तयार गरी पठाएको मस्यौदा प्रतिवेदन निर्देशक समितिमा छलफल गरी प्राप्त भएको प्रतिवेदनका आधारमा आफ्नो समेत साय सुझाव तयार गरी निर्देशक समितिले दिएको सुझावका आधारमा प्रतिक्रिया नोट गरी सम्बन्धित विषय क्षेत्र समितिहरू तथा शाखाहरूमा पठाइएको थियो । सम्बन्धित विषय क्षेत्र समितिहरू तथा शाखाहरूले यसरी प्रविष्टि गरी प्राप्त हुन आएको सुझाव सहित आफ्नो सुझाव समेत तयार गरी अन्तिम छलफलका लागि नगरसभामा पेश गरिएको थियो । नगरसभाबाट पारित सुधार गर्नुपर्ने कुराहरु तथा प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधि भित्र अन्तिम प्रतिवेदन नगरपालिकाको कार्यालयमा प्रेषण गरिएको छ ।

**नगरसभाबाट आवधिक योजना पारीत गर्नेः** आवधिक योजनाको अन्तिम प्रतिवेदन पुचौंडी नगरपालिको नगरसभामा पेश गरी नगरसभाबाट स्वीकृतीका लागि प्रकृया अघि बढाइनेछ ।

## परिच्छेद २ विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ पुचौंडी नगरपालिकाको परिचय

नेपालको सुदुरपश्चिम प्रदेशको बैतडी जिल्लामा पर्ने यो नगर पालिका नेपाल सरकारको मिति २०७१।०८।१६ गतेको निर्णयानुसार देशभरी गठन भएका ६१ नगरपालिकाहरुमध्ये एक नगरपालिका हो । यस क्षेत्रमा नगरपालिका हुन पुर्व १० वटा गा.वि.स थिए र ती १० वटा गा.वि.स.का वडाहरु समायोजन भै पुचौंडी नगरपालिका बनाईएको हो । नेपाल सरकारको मन्त्रीपरिसदको मिति २०७३०९ निर्णयबाट /११/ स्थानीय तहको साशन सञ्चालन सम्बन्धमाजारी गरेको आदेश २०७३ अनुसार यो पुचौंडी नगरपालिका जम्मा १० वटा वडा मिलेर बनेको छ । जिल्लाको सदरमुकाम बैतडी देखि १०० कि.मि. टाढा उत्तर तर्फ रहेको यस नगरपालिकाले आफ्नै खालको धार्मिक, राजनैतिक र सामाजिक महत्व र विशेषता बोकेको छ । यस नगरपलिका क्षेत्रमा सबै जात जाती धर्म क्षेत्रका मानिसहरुको मिश्रित बसोवास रहेको छ ।

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

भौगोलिक अवस्थितिगत रुपमा २९°३२ देखि २९°४१उत्तरी अक्षांस सम्म र ८०°३६ देखि ८०°४८ फैलिएको छ । यस नगरपालिकाको कुल क्षेत्रफल १९८. ५२वर्ग किमि फैलिएको छ । यस न.पा.को जनघनत्वः १९३ प्रति वर्ग कि.मी. रहेको छ । यस नगरपालिकाको पूर्वमा बझांग जिल्ला रहेको छ भने दक्षिणमा बैतडी जिल्लाकै सिगास र सुर्नया गाउँपालिका रहेको छ ।त्यसैगरि पश्चिममा दोगडाकेदार गाउँपालिका रहेको छ भने डिलाशैनि गाउँपालिकाले यस नगरपालिकाको पश्चिम र उत्तर तर्फको सिमाना छोएको छ । यस नगरपालिका को सबैजसो भूभाग भिरालो रहेको छ । तथापि, नगरपालिकाको तल्लो भागमा रहेका खोला खोल्सीका किनारमा केहि समथर जमिन रहेको छ । खोला नाला तथा खोल्साका कारण कतिपय भूभागमा खण्डित किसिमको भूस्वरुप पनि रहेको देखिन्छ। पहाडी क्षेत्रमा पर्ने यस नगरपालिका को अधिकांश भाग भिरालो वन पाखा र खेतबारीले ओगटेको भए पनि पछिल्ला वर्षहरुमा ग्रामिण क्षेत्रबाट रोजगारीका लागी विदेशिन र शहरी क्षेत्रमा बसाई सराईले गर्दा पाखोबारीहरु बाजो रहेका छन । भिरालो जमिन र कमजोर भुबनोटका कारण यस नगरपालिकामा बाढी पहिरोको जोखिम बढि रहेको छ ।




**चित्र नं १. पुचौंडी नगरपालिको भौगोलिक नक्सा**


### २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

समुन्द्र सतहको करीब ८०० मीटर देखि ३५०० मीटर सम्मको उचाईमा रहेको पुचौंडी नगरपालिकामा जलवायुका हिसाबले उष्णदेखि समसितोष्ण प्रकारको हावापानी रहेको छ । हिउँदमा ओषत तामामाज ० देखि १८ डिग्री सेल्सियस सम्म रहन्छ भने गृष्म ऋतुमा अधिकतम तापमान ३०.० डिग्री सेल्सियस सम्म पुग्दछ । यस नगरपालिकामा माटोको बनावट, खेतियोग्य जमिन, संरक्षित क्षेत्र, वस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरवासीहरुको आर्थिक हैसियत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पनै नदिन के कस्ता उत्पादनमा प्रणाली तथा नीतिहरुक अवलम्बन गर्न सकिन्छ भन्ने यस विषयमा विस्तृत अध्ययन गरी योजना निर्माण पश्चात कार्यान्वयन गर्नुपर्ने देखिन्छ । नगरपालिकाको भूगोल भिरालो र धेरै जसो खेती योग्य भिरालो जमीन तथा कुनै ठाउँमा कडा चट्टान र वनजंगलले घेरेको छ ।

साँस्कृतिक सम्पदाको हिसाबले यो नगरपालिका धनी छ । धार्मिक स्थलहरुमा वडा नं. १ मा रहेको त्रिवेणी धाम, भौनेली मन्दिर, महादेव मन्दिर डिगाकोट, राताशिला मन्दिर, शिव मन्दिर कोपिखेत ,वडा नं .२ मा मड मन्दिर, पहरौल मन्दिर, विन्देश्वरी धाम, शिवपुरी धाम, समैजी मन्दिर, डाँडा बाग मन्दिर ,वडा नं .३ मा न्वादेउ, महादेव, कालापाटा, निमनझड, विडश्वर, दुर्गेश्वरी गुफ, दुर्गा मन्दिर, समैजी मन्दिर, काफली ,वडा नं .४ मा मल्लीका महादेव, बेवर मन्दिर, न्वादेउ, दुर्गा मन्दिर, पहरोल मन्दिर, ढुल्लागाडा, पनेरुकोट ,वडा नं .५ मा काडाँमहादेव, भुमिराज गाडा भौनेली, देवघर, मष्ठा, डाँका माणौ, खौला, अजपती, विण मन्दिर, दुर्गा मन्दिर, भणली माणौ, सुन्चणी, अटयाल मन्दिर, वठेवाला मन्दिर, लाटा मन्दिर, दुर्गा माणौ, भौनेली, दुर्गा मन्दिर ताल, दाङ मन्दिर, खेतिखाना, वाजाकी माणौ, वडा नं .६ मा महादेव मन्दिर, दुर्गा मन्दिर, भुमिराज मन्दिर, मसानी, अट्याल, दिगाकोट ,वडा नं .७ मा डिलाशैनी, गुफा केदार, गलीनाथ, अमरशाहि, कैलपाल, महादेव मन्दिर, भैनेली, जाखलदेवी ,वडा नं .८ मा भगवती मन्दिर, केदार माणौ, भौनेली माणौ, दडमेता समैजी, भौनेली लामनी, मडेता माणौ ,वडा नं .९ मा डिलाशैनी भगवती, डाडाँवाग, भन्टोले, झर्कोट, श्रीकेदार, लाटो मन्दिर र वडा नं१०. मा भुमिराज डाडाँवाग, लटिनाथ, कैलपाल, मौलिङ्गा, रौलेश्वर केदार, गुफकेदार रहेका छन् ।

### २.१.३ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार पुचौंडी नगरपालिकामा ७१४५ घरधुरीहरूमा कुल ३८,२८१ जनसंख्या रहेको छ । जसमध्ये पुरुष १८४३० (४८.१४ %) र महिला १९८५१ (५१.८६%) रहेका छन्। यस नगरपालिकाको लैङ्गिक अनुपात ९२.८४ रहेको छ । वार्षिक जनसंख्या वृद्धिदर -०.२२ अर्थात ऋणात्मक वृद्धिदर देखिएको छ । वडा नं. ५ मा सबैभन्दा धेरै ९७६ घरधुरीमा ५८०७ जनसंख्या रहेको छ भने सबैभन्दा कम घरधुरी भएको वडा नं. १ मा ४४० रहेको र उक्त वडामा २१९७ जनसंख्या देखिन्छ । नगरपालिकाको औसत परिवार संख्या ५.३६ रहेको छ ।




चित्र नं २ लैंगिक अनुपातमा आधारमा जनसंख्याको स्थिति

**स्रोतः राष्ट्रिय जनगणना, २०७८**

नगरपालिकामा आर्थिक रूपले सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या) कुल जनसंख्याको झण्डै ५४ प्रतिशत छ । यो उमेर समूहलाई नगरपालिकाले विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसवाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रीय जनशक्ति पलायन हुनबाट रोकी नगर विकासमा ठूलो फड्को मार्ने अवसर रहेको छ । उच्च उत्पादन र उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई वैज्ञानिक, र प्रभावकारी बनाउन सकिन्छ । यसरी नगरको समृद्धिका प्रमुखक्षेत्रका रूपमा रहेका पर्यटन, आधुनिक कृषि तथा पशुपालन र सूचना प्रविधिसंग सम्बन्धित विषयमा विश्व विद्यालयस्तरको शैक्षिक संस्थाको विकास गरी जनसांख्यिक लाभ लिन सकिन्छ ।

तालिका १ जनसंख्या वडागत विवरण

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | | | औसत घरको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ४४० | २१९७ | १०६७ | ११३० | ४.९९ | ९४.४२ |
| २ | ५७५ | ३०७१ | १४८३ | १५८८ | ५.३४ | ९३.३९ |
| ३ | ८०६ | ४३६९ | २१०० | २२६९ | ५.४२ | ९२.५५ |
| ४ | ६९६ | ३८५० | १८७७ | १९७३ | ५.५३ | ९५.१३ |
| ५ | ९७६ | ५८०७ | २८३७ | २९७० | ५.९५ | ९५.५२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | ८७२ | ४७०६ | २२९३ | २४१३ | ५.४० | ९५०३. |
| ७ | ६८२ | ३४०२ | १६११ | १७९१ | ४.९९ | ८९.९५ |
| ८ | ७३९ | ३९१२ | १८६२ | २०५० | ५.२९ | ९०.८३ |
| ९ | ६०८ | ३०६१ | १४८९ | १५७२ | ५.०३ | ९४.७२ |
| १० | ७५१ | ३९०६ | १८११ | २०९५ | ५.२० | ८६.४४ |
| **जम्मा** | **७१४५** | **३८२८१** | **१८४३०** | **१९८५१** | **५.३६** | **९२.८४** |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

## २.२ आर्थिक विकासको अवस्था

### २.२.१ कृषि तथा पशुपंक्षी पालन

नगरपालिकामा कृषि क्षेत्रको संलग्न जनसंख्या करिव ७५ प्रतिशत रहेको छ । कृषिमा ५५०० घरधुरिका करिव ६९९० परिवार संलग्न भएका छन् । कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल ३७५४.६ हेक्टर र सिचित क्षेत्रफल ४२४.५ हेक्टर, अस्थायी बाली लागेको जग्गा क्षेत्रफल १९९४.१ हेक्टर र अन्य खेतियोग्य जग्गा क्षेत्रफल ३०४.९ हेक्टर रहेको देखिन्छ । नगरपालिकाले कृषकलाई अनुदान उपलब्ध गराएको, थ्रेसर तथा हाते ट्याक्टर उपलब्ध गराएको, विउ विजनहरु उपलब्ध गराएको छ ।अगुवा कृषक अधिमुखिकरण गराउन सुरुवात गरेको छ । साथै उन्नत जातको बोयर तथा राँगा भित्र्याएको छ ।

**उपलब्धि र समिक्षा**

यस पालिकाका नागरिकहरूको जीविकोपार्जनको मुख्य स्रोतको रूपमा कृषि व्यवसाय रहेको छ । अझैसम्म पनि परम्परागत पद्धतिमा आधारित यहाँको कृषि प्रणाली निर्वाहमुखी मात्र बनेको छ भने व्यावसयिक खेती तर्फ प्रयासहरू शुरु हुन थालेका छन् । कृषि तर्फ तरकारी तथा अमिलो जातका फलफुल खेती नै यहाँको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको छ भने पशुपंक्षीपालन तर्फ मह, घ्यु तथा मासुजन्य उत्पादन मुख्य आम्दानीको स्रोतको रुपमा रहेको देखिन्छ । कृषिको यान्त्रिकरण तथा उन्नत जातका बिउको प्रयोगको थालनी भएसँगै यस पालिकाको कृषि विकासमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।नगरपालिकाले हालसम्म कृषि अनुदान वितरण गर्नुका साथै विउविजनहरु वितरण गरेको, साना कृषक समूह निर्माण र विउविजन वितरण गर्ने कार्य गरेको, विउ विजनमा राहात र कृषि सम्बन्धि सामान्य तालिमहरु सञ्चालन गर्ने गरेको, कृषकर्लाइ चेतनामूलक तालिम सञ्चालन गरेर विउ विजन वितरण गरेको, सामान्य कृषि औजारको व्यवस्था गर्नुका उन्नत जातका पशु सम्बन्धि जागरणमुलक कार्यक्रम सञ्चालन गरि पालिकामा भित्र्याउन प्रयत्न गरिएको, कृषि सम्बन्धि आवश्यक्ता र मागहरु राख्ने किसानहरूको आवश्यक्ता पहिचान गरि सम्वोधन गर्ने प्रयास गरिएको छ ।

### २.२.२ सिंचाइ

पुर्चौंडि नगरपालिकको जमिनको कुल क्षेत्रफलको चालीस प्रतिशत जति जमीन कृषि योग्य जमीन र बनजंगलले ओगटेको छ । यस क्षेत्रमा रहेको कृषि योग्य जमीनमा सिचाईको उपयुक्त प्रबन्ध मिलाई यस

क्षेत्रका ब्यक्तिहरुलाई कृषिमा आधारित गरेर उनीहरुको जीवनयापन माथी उठाउन सकिन्छ । यस क्षेत्रमा रहेको जमीनमा सिचाईको उपपुक्त सुबिधा नरहेकोले चाहेजति उत्पादन लिन नसकिएको अवस्था छ । सबै जमिनमा सिचाईका लागी कुलो, नहरको ब्यवस्था नभएकोले नगरपालिकामा गरिने खेती आकासे पानीको भरमा समेत गरिने गरिएको छ । समयमा पानी नपर्ने भएका कारण यस क्षेत्रको उत्पादन युक्त जमिन पनि सुख्खा रहने र पर्याप्त उत्पादन गर्न सकिएको छैन् ।

### २.२.३ पर्यटन तथा संस्कृति

यस नगरपालिकामा जोशीहरुको संस्कृति, स्थानिय संकृति देउडा, बैतडेली, गौरापर्व, दशैं तिहार र देउडा,स्थानिय नाच , घागरो दौरा मुख्य संस्कृति रहेका छन ।खस र डोटेलि भाषा यहाको मुख्य भाषा रहेको छ । आन्तरिक र बाह्य गरि महिनामा करिव १००० जति पर्यटक हरु यहाका पर्यटकिय स्थानहरुमा आउने गर्दछन् भने भ्रमणमा आउने पर्यटकहरुले औषतमा दैनि ५०० रुपैया खर्च गर्ने गरेका छन् ।

यस नगरपालिकामा त्रिवेणी धाम,डाडाकोट,बनजंगल, विणेश्वर महादेव मन्दिर, पनेरुकोट, गाडा भौमेली, काडा महादेव र भुरभरेताल, स्काडा महादेव, गाडाभौलीभ मन्दिर,स्काडा महादेव, विशेश्वर महादेव मन्दिरा,धौलेकाडा,देवल, सङौटा, मडौटा, गोफाकेदार, रौला केदार, लाटिनाथ, भगवति मन्दिर, छौलापाटिलगायतका धार्मिक तथा साँस्कृतिक स्थानहरू पर्यटकीय हिसावले महत्वपूर्ण छन् ।

नगरपालिकाले मठमन्दिरहरुको निर्माण तथा व्यवस्थापन गर्नुका साथै धार्मिक पर्यटन भित्र्याउन प्रचार-प्रसारका कामहरु गरेको छ ।

#### उपलब्धि र समिक्षा

नगरपालिकाले परम्परागत स्थलहरुको संरक्षण गरेको छ ।पर्यटकीय पदमार्ग निर्माणलाई प्राथमिकतामा राखेको छ सामुदायिक वन समिति मार्फत वन जंगलहरुको संरक्षण व्यवस्थित वनाएर पर्यटकिय वातावरण सिर्जना गर्ने तथा स्थानिय संस्कृतिको प्रचार-प्रसार गरेको छ । स्थानिय भेषभुषाहरुको प्रदर्शन लाई प्रोत्साहन दिएको छ । मेला पर्व र चाडवाडहरुलाई व्यवस्थित वनाउने प्रयासका साथै स्थानिय कला संस्कृति र भेषभुषाको मेला पर्वहरुमा प्रदर्शन गर्ने गरेको छ । यस नगरपालिकाले समय समयमा बिभिन्न प्रकारका स्थानिय लोक साँस्कृतिक प्रतियोगिता तथा मेलाहरु संचालन गर्ने गरेको छ । जस अनुसार पालिकास्तरीय देउडा खेल प्रतियोगिता र तीजमा स्थानीय कला प्रदर्शन जस्ता कार्यक्रम गरेको छ ।

### २.२.४ उद्योग व्यापार व्यवसाय र आपूर्ति

यस नगरपालिकामा बिभिन्न किसिमका जस्तै, कार्पेट उद्योग कुटानी पिसानी, फर्निचर उद्योग, र ग्रील उद्योग, स्लेट निकाल्ने उद्योग आदि संचालनमा छन् ।सामान्य तरकारि र फलफुल तथा साना होटल खाना नास्ताका होटल व्यवसायहरु सञ्चालन गरिएका छन्।

यस नगरपालिकामा अनौपचारिक साना घरायसि उद्योगबाट रोजगार पाउने मानिसहरुको संख्या १५ जना जति रहेको देखेको छ । भने त्यस्ता व्यवसाय मा संग्लग्न मानिसहरु ४६० रहेको पाइएको छ ।

#### उपलब्धि र समिक्षा

यस नगरपालिकाले साना स्तानिय उद्दोग व्यवसायिहरुलाइ अनुदानदिने कार्यक्रम गरेको छ, औद्योगिक पूर्वाधारमा लगानी गरेको छ । वैंक तथा वित्तिय क्षेत्रका लागि वातावरणको निर्माण गरेको छ । वित्तिय

साक्षरता सम्बन्धि जनचेतनामूलक कार्यक्रम गरेको छ ।पशुपालन फर्म सञ्चालन गर्न प्रोत्साहन गरेको छ ।फर्म संचालन गर्न तथा व्यवसाय लाइ प्रभावकारी रुपमा संचालन गर्न चाहानेलाई अनुदान प्रदान गरेको छ ।वित्तिय साक्षरता सम्बन्धि कार्यक्रम गरेको छ ।वजार अनुगमन गर्ने तथा उपभोक्ता जागरण सम्बन्धि कार्यक्रम गरेको छ ।वडामा सञ्चालन हुन सक्ने उद्योग तथा व्यापार सम्बन्धमा अध्ययन र आवश्यक अनुदान प्रदान गरेको छ ।

### २.२.५ आम्दानी, रोजगारी र वित्तिय सेवा

पुचौंडि नगरपालिकाका नागरिकहरुको रोजगार तथा आयआर्जनको स्रोत कृषि तथा पशुपालन र खानी रहेको छ । प्राथमिक क्षेत्रका कामदार शिल्पकला तथा कालिगढि रहेको छ ।रोजगारका लागि यहाका युवा, युवतिहरु खास गरेर भारत र अन्य मुलुकहरुमा जाने गर्दछन् ।जसमध्ये भारतमा करिव ६००० जति र भारतबाहेक का मुलुकमा जानेहरु करिब ५००० जति रहेको पाइएको छ । भने वैदेशिक मुलुकमा जाने महिलाहरु २५० जना जति रहेको पालिकाले गरेको अध्ययनले देखाएको छ ।

### उपलब्धि र समिक्षा

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना तथा रोजगार र वेरोजगारहरुको लगत संकलन, रोेजगारी सृजना, बैदेशिक रोजगारीमा सहजीकरण,बैदेशिक रोजगारीमा जानेको लागि श्रम स्वीकृती, पुनःश्रम स्वीकृतिमा सहजीकरण, तथ्यांक संकलन संकलन, पुन एकीकरण सहजीकरण, रिटर्नी सेवा (विदेशबाट फर्केकाहरुलाई सिप दिने) जस्ता पहल र योजनाहरु कार्यान्वयनमा ल्याउन थालिएको छ ।

### २.२.६ सहकारी

यस नगरपालिकामा ७ वटा सहकारी संस्था तथा ३८ वटा आमा समुह रहेका छन् ।पालिकामा बैंक खाता हुने घरधुरि करिव ५० प्रतिशत, मोबाइल बैंकिङ हुने करिव ५० प्रतिशत, बैंकबाट कृषि ऋण लिने करिव १० प्रतिशत र बिमामा संग्लग्न घरधुरि  करिव ५० प्रतिशत रहेको छ । नगरपालिकाको अग्रसरतामा नागरिकहरूलाई सहुलियतपूर्णा श्रण प्रवाहमा सहजिकरणका साथै सहकारी समस्या समाधानमा समन्वय गरिरहेको छ । सहकारी संस्थाहरूको नियमनको काम समेत गरिरहेको छ।

## २.३ सामाजिक विकासको अवस्था

सामाजिक हिसाबले नगरपालिकामा बिभिन्न जातजाती, बर्ग, लिंग, धर्म मान्ने समुदायको बसोवास रहेको छ । जातजाती तथा धर्मका आधारमा भाषा, भेषभुषा, रहन सहन र संस्कृति फरक फरक रहेको छ । समाजमा बिद्यमान पिवृसतात्मक सोच र ब्यबहारबाट यस डिलासैनी नगरपालिका पनि अछुत रहन सकेको छैन । धामीझाक्री प्रथा, बालबिबाह, जातिय विभेद, घरेलु हिंसा र लैंगिक हिंसा जस्ता सामाजिक कुप्रथा र गलत सामाजिक अभ्यासहरु अझै कायमै रहेको छ । पुरुषलाई महत्व दिने परिवार तथा समाजले महिलाको समान अस्तित्वलाई स्विकार गर्न नसकेका कारण निर्णायक भूमिकामा महिला सहभागिता र अवरमा तथा सुचनामा पहुँच न्यून छ । पुरुषलाई महत्व दिने समाजमा लैंगिक रुपले समान अवसर र समान पहुँच हुन सकिरहेको छैन । कानुनी रुपमा प्रदान गरिएको प्रजनन् तथा सुरक्षीत मातृत्वको अधिकार समेत महिलाहरुले निर्वाध रुपमा उपयोग गर्न सकिरहेको पाइदैन ।

### २.३.१ स्वास्थ्य तथा पोषण

यस नगरपालिकामा १० वटा स्वास्थ्य चौकी रहेको छ जसमा २४ सै घण्टा नियमित बिमारी जाँच तथा आकस्मिक सेवा पोषण वृद्धि, अनुगमन,खोप सेवा ,प्रयोगशाला ,गर्भवती चेक जाँच तथा अल्टासाउण्ड, सुरक्षित सुत्केरी, किशोरकिशारी स्वास्थ्य शिक्षा तथा परामर्श, दन्त सेवालगायत सेवा प्रदान गरी  वडाबासीलाई गुणस्तर स्वास्थ्य सेवा उपलब्ध गरेको छ । पालिकाले एक्सरे सेवाको लागि मेसिन खरिद गरेको , एमबिबिएस डाक्टरद्वारा बिमारी चेक जाँच र उपचारको व्यवस्था गरिएको अवस्था छ । स्वाथ्य संस्थाहरुमा निःशुल्क औषधीहरु रहेको, खोप क्लिनिक रहेको, शिघ्र कुपोषित र मध्यम कुपोषित बालबालिकाहरुको उपचार कक्ष रहेको, एम्बुलेन्स सेवा, खोप कार्यक्रम सञ्चालनमा रहेका छन् । यस नगरपालिकाले पाँच वर्ष भित्रमा एक जना मेडिकल अधिकृत उत्पादन गर्ने लक्ष्य राखेको छ ।

**उपलब्धी समीक्षा**

१५ शैया आधारभुत अस्पताल निर्माणधीन अवस्थामा रहेको, वार्थिगं सेन्टर सहितका १० वटा स्वास्थ्य चौकी संचालनमा रहेको, वार्थिगं सेन्टर सहितका २ सामुदायिक स्वास्थ्य ईकाई, वडा नं. ९ बाहेक सवै वडामा वार्थिगं सेन्टर (सुरक्षित प्रसुती केन्द्र) रहेको छ । वडा नं. २ र ३ मा  सामुदायिक स्वास्थ्य इकाई रहेको छ भने नगरपालिकाको ४ वटा स्वास्थ्य चौकीमा २४ सै घण्टा आपतकालिन सेवा उपलब्ध रहेको छ । खोप गाउँघर क्लिनिक ८ वटा भवनमा संचालित छ भने गाउँघर क्लिनिक ३९ वटा, खोप क्लिनिक ५१ वटा र एक्सरे सेवाको लागि मेसिन खरिद, एमबिबिएस डाक्टरद्वारा बिमारी चेक जाँच र उपचार स्मार्ट स्वास्थ् सेवा सुचारु भइरहेको अवस्था छ ।नियमित रूपमा एम्बुलेन्स सेवा संचालन, गर्भवती   प्रयोगशाला   निशुल्क, ग्रामिण अल्टासाउण्ड निशुल्क, नियमित औषधी विवरण गर्ने गरेको, दरवन्दि अनुसार कर्मचारी पुरा गरेको, सुत्केरीलाई उपमेयर कोशेली, विभिन्न किसिमका समुदाय प्रर्वद्धनका क्रियाकलापहरु संचालन गरेको,गाउँघर क्लिनिक व्यवस्थापन , स्वास्थ्य पहुच बढाउन टोल टोलमा स्वास्थ्य कर्मी परिचालन, ग्रामिण अल्टासाउण्ड कार्यक्रम संचालन गरिरहेको छ ।

### २.३.२ शैक्षिक विकास

पालिकामा जम्मा विद्यालय संख्या ७५ रहेको छ भने समुदायमा आधारित विद्यालय केन्द्र ६, नीजि स्तरमा संचालन भएका विद्यालय ३ वटा, १ वटा क्याम्पस, मावि (१-१२)को संख्या ९ वटा, सामुदायिक सिकाइ केन्द्र ३ वटा, माध्यमिक विद्यालयको संख्या  (१-१०)सम्म १० वटा, आधारभूत विद्यालय ५६ रहेको अवस्था छ ।समावेशी संरचना भएका बिद्यालयमध्ये पक्की संरचना भएका शैक्षिक संस्था ४० वटा, पक्की संरचना पर्याप्त नभएका शैक्षिक संस्था ३५ वटा, पक्की शौचालय भएका विद्यालय ३० वटा र पक्की शौचालय पर्याप्त नभएका विद्यालय ४० वटा रहेका छन् ।

**उपलब्धी समीक्षा**

नगरपालिकाको कुल साक्षरता दर ७१.४ प्रतिशत, पुरुष साक्षरता दर ८०.९  प्रतिशत र महिला साक्षरता दर ६२.७ प्रतिशत रहेको छ । कक्षा १२ सम्मको पढाई निशुल्क, विद्यालय भवन र शिक्षकको व्यवस्थापन गरिएको, प्राविधिक तथा सिप मुलक शिक्षा संचालन गर्न पहल कदमी भइरहेको, ११ र १२ पढने विद्यार्थीलाई निशुल्क पठन पाठन व्यवस्था गरिएको, नगर शिक्षकको व्यवस्थापन गर्ने गरि कार्यक्रम अगाडि बढाइएको,


स्थानीय पाठ्यक्रमको निर्माण, शिक्षा कार्यविधि निर्माण, प्राथमिक तहमा अंग्रेजी माध्यमबाट पठनपाठन केही सरकारी विद्यालयहरुमा सुरुवात गरिएको अवस्था छ ।

### २.३.३ खानेपानी तथा सरसफाइ

नगरपालिकाका बिभिन्न स्थानहरुमा सञ्चालित खानेपानि आयोजनाहरुमा कोराखेत खानेपानी आयोजना,बुढाखोला न्वावर मड खानेपानी आयोजना, वनकाडा कोटतका खानेपानी योजना, वागा शिबावो नारायण ढुगाां झरना सुरजगंल खानेपानि, ग्लेक , खाण सोलाभिड भुकोहाल्ला कुरौनी गाउँ, शिशिर बसन्त, रौल सलकुडा, तालधुर्पे , सलकाटै, औसडा, दानडा, मुस्कोट, बलौन, सुन्दरीजल चौडाली ,केलाड, अल्कापुरी सिम्चाडी रहेको छन । आनरवोली, दिवाकोट छडदेउ नैनिगाड भुडेली, ढुलाखोल, सतगाड गोफा पैराखोला र काला शिकुरी खानेपानी योजना,लामुनी डण्नपुर पहिरो खानेपानी, तुसार खानेपानी, तल्लो शिकुरी खानेपानी, चिमडा भल्लादेहि वृहत खानेपानी, रिखा तथा भम्का खानेपानी आयोजनाहरु सञ्चालनमा रहेका छन् ।

**उपलब्धी समीक्षा**

नगरपालिकामा ९० प्रतिशत घरपरिवारको पहुँचमा खानेपानी सुविधा उपलब्ध छ । प्रशोधन गरिएको पानी ६० प्रतिशतले पाएको छ । नगरबासीको खानेपानी आयोजनाको माग सम्वोधन गर्ने प्रयत्न गरिएको भएता पनि स्रोतको अभावले सवैको घरदैलोमै खानेपानीको सुविधा पुर्याउन सकिएको छैन् ।




**चित्र नं. ३ खानेपानी व्यवस्थापन तथा सरसफाई**

सूचना श्रोतः राष्ट्रिय जनगणना २०७८


### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

यस नगरपालिकालाई लैङ्गिक समानतामैत्री पालिकाको रूपमा विकास गर्न खोजिएता पनि लैंगिक आधारमा पैतृक सम्पत्तिमा स्वामित्व को अवस्था विश्लेषण गर्दा घर र जग्गा दुवै नभएको महिलाको जनसंख्या ९५

प्रतिशत देखिन्छ । सामाजिक सेवाका लागि विभिन्न क्षेत्रलाई समेटने गरी सामाजिक पहिचानका गतिविधि सम्पन्न गर्ने प्रयास भएका छन् । विभिन्न अन्तराष्ट्रिय , राष्ट्रिय एवं स्थानिय गैर सरकारी संस्थाहरु कार्य गरी रहेका छन् । यसका साथै विभिन्न समुह र सामुदायिक संस्था गठन गरी कार्यहरु भई रहेका छन् । यसरी दलित, जनजाती, अपागं, बालबालीका, महिला लगायत लक्षित वर्ग मार्फत सामाजिक सेवाका कार्य गाउंपालिकाको समन्वय एवं नेतृत्वमा सम्पादन भएका छन् । नगरकार्यपालिका अन्तर्गत वनेका समिति तथा उपसमितिहरुमा जनजाति तथा दलित महिलाहरुको प्रतिनिधित्व हुँदै आएको पाइन्छ । पालिका क्षेत्रभित्र सबै वडाहरुमा आमा र महिला समूहहरु क्रियाशील छन् । पालिका क्षेत्रभित्र केहि महिला सहकारी संस्था क्रियाशील रहेको छ भने महिलाद्वारा सञ्चालित उद्योग व्यवसायको संख्या नगन्य रहेका छन् । यसका साथै कृषक समूह, वन समूह, सहकारी, टोलसुधार समिति, खानेपानी उपभोक्त समितिहरु पनि महिलाहरुको उपस्थिति रहदै आएको पाइन्छ । त्यसैगरी महिला सशक्तीकरणका लागि उद्यम सञ्चालन कार्यक्रम र सीप अभिवृद्धि तालिम कार्यक्रमहरु पनि सञ्चालन भइरहेको पाइन्छ ।

**उपलब्धी समीक्षा**

युवा स्वरोजगार कार्यक्रम, बाल विवाह न्यूनिकरण, भेदभाव अन्त्य चेतनामूलक कार्यक्रम सेमिनार गोष्ठि संचालन गर्ने गरेको, महिला संजाल दलित संजाल बाल संजाल गठन भएको, सम्पुर्ण समुदाय जातजाति सम्प्रदायहरु समावेशीकरण गरी समेटिएको, बिदुर भत्ता संचालन,विपन्न तथा दलित बालबालिबाहरुलाई निशुल्क पोशाक व्यवस्था, समाजिक कार्यमा समान समावेशीकरण र सहभागिता तथा संघिय समावेशी रणनीति लाई अबलम्वन गर्ने गरिएको छ ।




चित्र नं ४ अपाङ्गताको अवस्था

सूचना श्रोतः राष्ट्रिय जनगणना २०७८

### २.३.५ युवा, खेलकुद तथा कला

नगरपालिकामा रोजगारीको पर्याप्त अवसर नहुँदा काम तथा अध्ययनको सिलसिलामा युवाहरू भारत,मलेसिया,दुबइ, कतार, जापान, अमेरिका, युरोप, अष्ट्रिलया, क्यानडा, चिन जाने गरेका छन् । नगरपालिकाले युवालाई केन्द्रमा राखेर नीति नियम बनाउने, युवा सहभागिता वृद्धि गर्ने, युवाको व्यक्तित्व एवं नेतृत्व विकासका गतिविधिलाई भने जोड दिएको छ । पालिकामा सुविधायुक्त खेल मैदान नभएतापनि २ वटा सामान्य मैदान रहेका छन् । नगरस्तरीय खेल मैदान निर्माणलाई प्राथमिकतामै राखिएको छ ।नगरपालिकाले सवै विद्यालयहरूमा पढाइसँगै खेललाई समेत प्राथमिकता दिने गरी कार्यक्रम अगाडि बढाएको छ ।नगरपालिकाले मेयर कप तथा राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिताहरू आयोजना गर्ने गरेको छ । युवा दुर्व्यसनी न्युनीकरण तथा युवालाई उद्यमशिल बनाउन विभिन्न तालिम संचालन गरिएको छ ।


## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

नगरपालिकामा रहेको प्रायः भूभाग पहाडी क्षेत्रले ओगटेको छ ।जमिनको कुल क्षेत्रफलको चालीस प्रतिशत जति जमीन कृषि योग्य जमीन र बनजंगलले ओगटेको छ । यस क्षेत्रमा रहेको कृषि योग्य जमीनमा सिचाईको उपयुक्त प्रबन्ध मिलाई यस क्षेत्रका ब्यक्तिहरुलाई कृषिमा आधारित गरेर उनीहरुको जीवनयापन माथी उठाउन सकिन्छ । समयमा पानी नपर्ने भएका कारण यस क्षेत्रको उत्पादन युक्त जमिन पनि सुख्खा रहने र यहाँका मानिसहरु कामको लागी भारत तिर गई आफ्नो जीबिका निर्वाह गर्ने गर्दछन् । यहाँको बस्ती छरिएर रहेको छ ।नगरपालिकाका प्रमुख बस्तीहरूमा हाट, कुवाकोट, भरता , भुमुराज, तल्लादेहि र मल्लादेहि रहेका छन् ।यस नगरपालिकामा बसोबास गर्ने मानिसहरुको दैनिकी सामान्य रहेको छ । कच्ची घरहरु, छरिएर बसेको बस्ती, पानीको अभाव, बिधुत अभाव, बजारको समस्या, बाटोघाटोको साथै सडकको अभाव रहेको छ । यस नगरपालिकाको मुख्य बजारको रुपमा गोकुलेश्वर, पंसेरा, सिमार, गन्ना, धामी गाउं, र हाडाकोट छ । यि स्थानहरु भनेका दैनिक उपभोगका सामानहरु पाईने सामान्य खरिद बिक्री केन्द्रहरु हुन् । मुख्य बजारको रुपमा जिल्लाको सदमुकाम, गोठलापानी, शाहिलेक, सतबाझ चौराह र पाटन  तथा हाट, खडिखेत,उचाइपाच्थर, ढोल्यामोड, रेसि, भुवोद्दाल्ला खानिडाडा आदि रहेका छन् ।नगरपालिकामा रहेको बसन्तपुर बजार, नगरपालिका बाहिर डडेल्धुरा र धनगढी बजार रहेका छन् ।

**उपलब्धी समीक्षा**

विगतमा वस्ती आवास तथा सार्वजनिक निर्माणको क्षेत्रमा भएका प्रमुख कार्यक्रमहरूमा नगरपालिका रिङरोड निर्माण भइरहेको, प्रशासनिक बवन निर्माण र विद्युत सेवा विस्तार,कच्चि सडक निर्माणका काम भैरहेका छन् प्रत्येक वडाका सडक निर्माण तथा स्तरोन्नति कार्य भइरहेको छ । वडा कार्यालय तथा स्वास्थ्य चौकि भवनहरु निर्माण भैरहेका छन् ।नगरपालिकामा २ वटा सार्वजनिक शौचालय निर्माण भएको छ । ५ वटा स्वास्थ्य भवन मापदण्डअनुसार निर्माण गरिएका छन् ।




**चित्र नं. ५ घरको जगको बनोट अनुसार परिवार संख्या**

सूचना श्रोतः राष्ट्रिय जनगणना २०७८

### २.४.२ सडक, पुल तथा यातायात

नगरपालिकाले सडक, पुल र यातायात व्यवस्थापनलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको छ । पर्याप्त बजेटको अभाव र भूगोलको कठिनाइले अपक्षित परिणाम प्राप्त गर्न सकिएको छैन् । नगरपालिकामा प्रायजसो ठाउँमा वर्षातको समयमा पहिरोले वाटो अवरुद्ध हुने, पानी जम्ने, हिलो हुने भएका कारण नियमितरुमा यातायात सुचारु गर्न कठिनाई हुने गरेको छ ।

**उपलब्धी समीक्षा**


नगरपालिकामा २२ किलोमिटर सर्वयाम सडक रहेको छ भने हरित सडक १८ किलोमिटर रहेको छ ।५ किलोमिटर पक्कि सडक, १५३ किलोमिटर कच्ची सडक, २२ किलोमिटर ग्राबेल सडक रहेको छ । २२ वटा झोलुङ्गे पुल रहेका छन् भने पक्कि पुलको संख्या १ वटा रहेको छ ।सडकको सडकको चौडाइ सरदरमा ५ मिटर रहेको छ ।

### २.४.३ विद्युत तथा नवीकरणीय ऊर्जा

यस नगरपालिकामा लगभग ३० प्रतिशत घरमा बिद्युतीकरण रहेकोमा केन्द्रिय प्रसारण लाईन विस्तारको कार्य तथा केहि बस्ती र क्षेत्रमा समेत विद्युतिय सेवाको विस्तारको कार्य चली रहेको छ । खाना पकाउन प्रयोग हुने इन्धनका स्रोतहरूको अवस्था हेर्दा सबैभन्दा धैरै दाउरा (९४.७ प्रतिशत) को प्रयोग भएको देखिन्छ । ग्यास चुलोको प्रयोग गर्ने जनसख्या ५.२ प्रतिशत रहेको छ ।


**उपलब्धी समीक्षा**

स्थानीय जलविद्युत तथा वैकल्पिक उर्जा सम्बन्धि नीति बन्न सकेको छैन ।विद्युतको तार र पोल विस्तार कार्य अगाडि बढाइएको छ । राष्टिय प्रशारण लाईन जडानको प्रयास गरिएको छ ।राष्ट्रिय जनगणना २०७८ अनुसार, ४७.८ प्रतिशत परिवारको विद्युत सेवामा पहुँच पुगेको छ भने ४८.५ प्रतिशत परिवारले सोलार प्रयोग गर्दछन् । विद्युत लाइन बिस्तार तथा वैकल्पिक उर्जाका लागि संरचना निर्माणको कार्य भइरहेका छन् ।




**चित्र नं. ६ खाना पकाउन प्रयोग हुने इन्धनका स्रोत**

सूचना श्रोतः राष्ट्रिय जनगणना २०७८





**चित्र नं. ७ बत्ति बाल्न प्रयोग गर्ने इन्धन अनुसार परिवार संख्या**

सूचना श्रोतः राष्ट्रिय जनगणना २०७८

### २.४.४ सूचना तथा सञ्चार प्रविधि

वि. स. २०७८ को जनगणना अनुसार कम्तिमा एउटा सुविधा भएको घरपरिवार ८९.७ प्रतिशत रहेको छ । यस नगरपालिकाका ६१.२ प्रतिशत घरपरिवारमा रेडियो रहेको देखिन्छ भने ४.३ प्रतिशत घरपरिवारमा टेलिभिजन रहेको देखिन्छ । त्यसैगरी ल्याण्डलाइन टेलिफोन प्रयोग गर्ने घरपरिवार ०.३ प्रतिशत रहेको छ ।यस नगरपालिकामा साधारण मोवाइल प्रयोग गर्ने घरपरिवार ८२.७ प्रतिशत रहेको छ भने स्मार्ट मोवाइल प्रयोग गर्ने घरपरिवार २८.६ प्रतिशत रहेको छ । कम्प्युटर तथा ल्याटप प्रयोग गर्ने घरपरिवार १.५ प्रतिशत रहेको छ भने इन्टरनेट प्रयोग गर्ने घरपरिवार २.६ प्रतिशत रहेको छ । पालिकामा सूचना, संचार तथा प्रविधि विकासका क्षेत्रमा उल्लेख्य प्रगति हुन नसकेको भए पनि नगरपालिका कार्यालयमा सूचना अधिकारीको व्यवस्था गरिएको छ भने पालिका र वडा कार्यालयमा इन्टरनेटको व्यवस्था गरिएको छ । नगरपालिकामा इन्टरनेट तथा इ-हाजिरि जडान गरिएको छ साथै प्रहरि चौकिमा सिसि टि.भि जडान गरिएको छ। केहि स्थानमा मोबाइल टावरको निर्माण गरिएको छ ।




**चित्र नं. ८ सूचना तथा सचांर प्रबबधिको प्रयोगको अवस्था (प्रतिशतमा)**

सूचना श्रोतः राष्ट्रिय जनगणना २०७८

## २.५ वन, वातावरण तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

नगरपालिकाको वर्तमान भू—उपयोगलाई हेर्दा प्राकृतिक सम्पदाको हिसाबले ५० प्रतिशत भन्दा बढि क्षेत्रफल वन क्षेत्रले ओगटेको देखिन्छ । जसमध्ये सामुदायिक वनको संख्या ३७ वटा रहेको छ, त्यसैगरी, कबुलियती

वनको संख्या १० वटा रहेको छ । नीजि वन १ वटा रहेको छ । कुनै पनि स्थानको समग्र भू—आवरण मध्ये ४० प्रतिशत भन्दा बढी वन क्षेत्र हुनु वातावरणीय सन्तुलनको हिसाबले सुखद विषय हो । यद्यपी सो वनको पूर्णत सदुपयोग र वैज्ञानिक व्यवस्थापन र खेतीयोग्य जमिनमा वैज्ञानिक कृषि प्रणाली अवलम्बन गर्न सके उत्पादनको समेत राम्रो सम्भावना देखिन्छ ।नगरपालिकाको वन क्षेत्रमा पाइने प्रमुख जडिबुटिमा भिनादी, सिमसड, बोज, सिमलजडि, सिरफोडे, टिमुर, लेकतितो, हत्ताजडि, तितेपाती, उन्यु, दाल्चीन पात, घिउ थकाइला, गुरजेगाना, थगायईलो, रसमला, अमला, तेजपत्ता, सिमलजडि, घिउकुमारी, सतुवा, सिलाजित, गागानो, लेकतितो, चिराइतो, सतुवा, हालचित, सिमजरा, अलैची आदि रहेका छन् । प्रमुख बन्यजन्तुहरूमा काकड घोरल,रतुवा,बाघ,ढुकुर,कालीज, मृग, सुंगुर, स्याल, बादर, कोइली, न्याउली, घोरल,रातो पान्डा, दुम्सि, स्याल, बादर, आदि रहेका छन् ।

**उपलब्धी समीक्षा**

वन क्षेत्रको विकास र विस्तारका लागि पालिकाको अग्रसरतामा समयसमयमा वृक्षरोपण हुने गरको छ । सामुदायिक बन समिति निर्माण, बन हेरालुको व्यबस्था, डढेलो नियन्त्रण, घेरवार नियमित रूपमा संचालन भइरहेको अवस्था छ । वन समितिहरुलाई आवश्यक सहयोग र तालिम दिने गरिएको छ ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

नगरपालिकाका प्रमुख खोलाहरूमा जमाडि,लोलिखोला, बागागाड, डोडेरा, डागुरी , कोटेलिगाड रहेका छन् । प्रमुख झरनामा छुउदेउ झरना रहेको छ । भूसंरक्षण तथा जलाधार व्यवस्थापन नीति बन्न सकेको छैन्। समुदाय र पालिकाको संयुक्त पहलमा भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि कार्यक्रम तर्जुमा गर्ने गरी तयारी गरिएको छ ।

**उपलब्धी समीक्षा**

नदि तटबन्ध तथा नियन्त्रण कार्यक्रम, जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम ,नदि ब्यबस्थापन कार्यक्रम, विनियोजन गरिएको बजेट (सिचाई क्षेत्र सहित) जस्ता कार्यक्रमहरू संचालन गरिएका छन् ।आ.ब २०७८/७९ मा कुल २ करोड ९१ लाख बजेट विनियोजन गरिएकोमा ८३ प्रतिशत खर्च भएको थियो भने आब २०७९/८० मा ४५ लाख विनियोजन गरिएकोमा ९९ प्रतिशत खर्च भएको थियो।त्यसै गरि चालु आब २०८०/८१ मा २ करोड ५० लाख विनियोजन गरिएको अवस्था छ।

### २.५.३. वातावरणय ब्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

वातावरण व्यवस्थापनका लागि फोहोरमैलातर्फ घर, आँगन, कार्यालय तथा अस्पतालको फोहोरमैला विसर्जन गर्ने अभ्यास भएतापनि प्रभावकारी हुन सकेको छैन् ।फोहोरको वर्गीकरण गरी सुरक्षित विसर्जन हुन सकिरहेको छैन र बजार क्षेत्रमा सतह ढलको व्यवस्था प्रभावकारी हुन सकेको छैन । घरहरुमा खाना पकाउने ऊर्जाको रुपमा दाउरा वाल्ने गरिएको र सुधारिएको चुल्हो जडान गर्ने अभ्यास रहेको छ । सार्वजनिक शौचालयको अवधारणालाई व्यवस्थित रुपमा सञ्चालन तथा निरन्तरता दिन सकेको छैन । नगरपालिकामा डम्पिङ साइट निर्माण गर्ने योजना रहेको छ । वातावरण ब्यबस्थापनका लागि आवस्यक नीति, ऐन, नियमहरु बनाउन बाँकी रहेको अवस्था छ । चालु आ.व.मा वातावरण तथा जलवायु क्षेत्रमा बजेट विनियोजन गरिएको छैन ।

**उपलब्धि समीक्षा**

वातावरण स्वच्छ राख्न नगरपालिकाको अग्रसरतामा समयसमयमा सरसफाई अभियान तथा वृक्षरोपण हुने गरको छ । वातारणीय जोखिम न्यूनीकरण कार्यक्रम तथा वन तथा जलवायु सम्बन्धि सचेतना कार्यक्रम हुने गरेको छ । नगरपालिकाको घना बस्ति भएका प्रमुख क्षेत्र क्षेत्रमा हुने फोहोरमैला को ब्यबस्थापनका लागि नगरपालिकाले आवस्यक पहल गरिरहेको छ | त्यसैगरि पद मार्गको चौतारा, वन क्षेत्र आदिमा फोहोरमैला जथाभाबी फाल्न नदिन पनि आवश्यक कार्य भैरहेको छ | सामुदायिक वन संरक्षण गर्ने, सडेगलेका काठलाई सुदुपयोग गर्न काठ उद्योग संचालन गर्ने, जलाधार तथा पहिरो नियन्त्रण गर्न तटबन्द निर्माण र खाली भूभागमा बृक्षारोपण तथा र्नसरी निर्माण कार्यलाई प्राथमिकतामा राखिएका छन् ।

### २.५.४ महामारी तथा विपद व्यवस्थापन

नगरपालिकामा विपद् जोखिमयुक्त क्षेत्रहरूमा लकुडा डाडाकोट, डाडेम्पडा, कोपीखेत, आफल , तोलिगाऊ नाकाली , ढुङपहिरो झेडि न्यौगान, सल्लेखोला, आली खोला, पन्यार खोला किनार, रपना खोडागाड, छुलेगडो पहिरो, तिरकालि सिन्नेरोडा पहिरो, भुडेलि पहिरो, नैना पहिरो, मनकालि पहिरो, धारन्डी पहिरो, ढुलाखेत, मनकालि खेत, टुणेत खोलाकिनार, रिठा खोला किनार, चिनाड खोला, मेल्टा कोट पैह्रो, डाडाखाली जमाडीजस्ता ठाउँहरू रहेका छन् ।विपद् व्यवस्थापनका लागि आ।ब। २०७९र८० मा १ करोड १० लाख विनियोजन गरिएकोमा ९० प्रतिशत खर्च भएको थियो भने चालु अ व २०८०र८१ मा ९८ लाख ६५ हजार विनियोजन गरिएको छ ।नगरपालिकाले विपद् जोखिम क्षेत्रको नक्सांकन कार्यलाई प्रमुख कार्यक्रमको रूपमा राखेको छ ।

**उपलब्धी समिक्षा**

नगरपालिकामा विपद व्यवस्थापन सम्बन्धी आपतकालिन प्रतिकार्य सञ्चालन केन्द्र रहेको, राहत सामाग्रीको व्यवस्थापन रहेको, प्राथमिक उपचार केन्द्र रहेको, समुदायमा आधारित विपद जोखिम व्यवस्थापन समिति क्रियाशिल रहेको, विपद जोखिम न्यूनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको, भूकम्प प्रतिरोधात्मक सार्वजनिक संरचना निर्माण भएको, पालिकामा विपद व्यवस्थापन कोष रहेको र उक्त कोषमा बार्षिक बजेटमै रकम व्यवस्था गर्ने गरिएको, विपद पूर्व तयारी रहेको, आपतकालिन उद्धारका साधनहरुमा एम्बुलेन्स रहेको, तालिम प्राप्त आपतकालिन तथा स्वयंसेवक जनशक्तिको व्यवस्था रहको, खुल्ला क्षेत्र तथा मैदानको व्यवस्थामा विद्यालयहरुको खेल मैदान रहेको, विपद प्रतिकार्यको लागि आपतकालिन नमूना अभ्यास भएको, तालिम प्राप्त जनशक्तिले नमूना अभ्यास गरेको, सरोकारवाला संघ संस्थाहरुसँग विपद व्यवस्थापनको लागि समन्वय तथा साझा कार्यक्रमहरु सञ्चालन भएको, भौतिक संरचना तथा भवन संहिता लगायतका निर्देशिका तथा मापदण्ड अनुसार निर्माणको शुरुवात भएको, पालिकाले विपद व्यवस्थापनका लागि बजेट व्यवस्थापन गरेको जस्ता राम्रा पक्षहरु रहेका छन् । तर भूकम्प प्रतिरोधात्मक निजी घरहरु निर्माण गर्ने प्रयासहरु अति न्यून छ । यस नगरपालिकामा जलवायु उत्थानशिल योजना नबनेको, जलवायु परिवर्तनसँग सम्बन्धित क्यालेण्डर तयार नभएको देखिन्छ ।

## २.६ सुशासन तथा संस्थागत विकासको अवस्था

### २.६.१. स्थानीय नीति, ऐन तथा सुशासन

नगरपालिकाको वर्तमानमा संस्थागत, मानविय एवं आर्थिक क्षमता कम भएका कारण वर्तमानमा कार्यसम्पादन कार्य सहज नभएकाले सो पक्षको सुधार गरी कार्य सम्पादनलाई प्रभावकारी वनाउनु पर्ने देखिन्छ । यस

नगरपालिकाको संस्थागत संरचनामा नगरकार्यपालिका, नगरसभा, न्यायिक समिति र वडासमितिहरु आफ्नो जिम्मेवारी अनुसार क्रियाशील रहेका छन् । डिजिटल नागरिक वडा पत्र सञ्चालनमा आएको छ । साथै बालमैत्री भवनहरु निर्माण हुँदै गरेको, वार्षिक नीति कार्यक्रमको तर्जुमामा नगरिक समाज लगायत स्थानीयहरुको सहभागिता भएको, नियमित आन्तरिक तथा बाह्य लेखा परिक्षण हुने गरेको, विषयगत समितिहरु गठन भई सञ्चालन भएको, न्यायिक समिति सक्रिय रुपमा कार्यरत रहेको छ । न्यायिक समितिबाट मुद्दाहरुको सुनुवाई हुने लगाएत सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासमा छन् । यसै सन्दर्भमा संविधानको धारा ३०२ मा स्थानीय सेवा प्रवाहका लागि नेपाल सरकारले राष्ट्रसेवक कर्मचारी समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउने उल्लेख छ । यस अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (ङ) मा गाउँ/नगरपालिकाको काम कर्तव्य र अधिकारमा स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी व्यवस्था रहेको छ । ऐनको परिच्छेद ११ मा "प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्था" अन्तर्गगत दफा ८१ देखि दफा ९१ सम्म स्थानीय तहका कार्यालय सङ्गठन र कर्मचारीको व्यवस्थापन (नियुक्ति, सेवा सुविधाका शर्तहरु, वृत्ति विकासका अवसर तथा विषयगत शाखा स्थापना आदी) का बारेमा स्पष्ट व्यवस्था गरेको छ जस अनुसार नेपाल सरकारले गर्ने कर्मचारी समायोजन गर्ने, स्थानीय तहले आफ्नो आवश्यकता अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा वडा समिति समेतलाई समेटी कार्यालयको कार्यबोझ एवं भौगोलिक क्षेत्र तथा सेवा प्रदान गर्नु पर्ने जनसंख्याको आधारमा विद्यमान सांगठनिक अवस्था र कर्मचारी संख्यामा थप घट गर्न पर्ने अवस्था देखिएको छ ।
उल्लेखित पृष्ठभूमिमा नगरपालिकाको वर्तमान जिम्मेवारी, जनशक्तिको अभाव, स्थानीय सरकारको रुपमा निर्वाह गर्नु पर्ने भूमिका अनुसारको कार्यबोझ, स्थानीयवासीको बढ्दो अपेक्षा एवं सेवा प्रवाहमा पर्न आएको चापलाई समेत दृष्टिगत गरी स्थानीय तहको सेवा प्रवाहमा प्रभावकारीता ल्याउन अन्तरिम सङ्गठन एवं दरबन्दी व्यवस्थापनमा आवश्यक परिमार्जन गरी नगरपालिकाको कार्य विभाजन र कार्य सम्पादनमा सघाउ पुर्‍याउन आवश्यक देखिएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९० मा उल्लेख भए बमोजिम स्थानीय तहका कर्मचारीहरुको तहगत प्रणाली अपनाउने विषयलाई ध्यानमा राखी डिलासैनी नगरपालिकाको विद्यमान सङ्गठन संरचना, कर्मचारी दरबन्दी, कार्यबोझ समेतको अध्ययन गरी प्राप्त कार्यआदेशको परिधि भित्र रही सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने देखिन्छ ।

**उपलब्धी समिक्षा**

नगरपालिका ले हालसम्म ४४ वटा स्थानीय नीति ऐन, नियम, कार्यविधि र निर्देशिका तयार गरेको छ ।
डिजिटल नागरिक वडा पत्र सञ्चालनमा आएको छ साथै बालमैत्री भवनहरु निर्माण हुँदै गरेको, वार्षिक नीति कार्यक्रमको तर्जुमामा नगरिक समाज लगायत स्थानीयहरुको सहभागिता भएको, नियमित आन्तरिक तथा बाह्य लेखा परिक्षण हुने गरेको, विषयगत समितिहरु गठन भई सञ्चालन भएको, न्यायिक समिति सक्रिय रुपमा कार्यरत रहेको छ । न्यायिक समितिबाट मुद्दाहरुको सुनुवाई हुने लगाएत सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासमा छन् । ऐन नियम तथा कार्यविधिहरु बनाई कार्यान्वयन हुनु, सार्वजनिक उत्तरदायित्वका औजारहरु प्रयोगमा आउनु, वेवसाइटमा वार्षिक योजना पुस्तिका हुनु, नगरपालिकाको वार्षिक आयव्यय सार्वजनिक हुनु जस्ता राम्रा पक्षहरु रहेका छन् । नगरपालिकाले संस्थागत विकासका लागि जिम्मेवारी विभाजन तथा चुस्त सेवाप्रवाहलाई प्राथमिकतामा राखेको छ । प्रशासकीय सुधारको क्षेत्रमा आ.ब.

०७७/७८ मा ४१ लाख खर्च ५८ प्रतिशत भएको छ । आ.ब. ०७८/७९ मा २५ लाख बिनियोजन गरिएकोमा ८० प्रतिशत खर्च भएको थियो भने आ.ब. ०७९/८०मा २१ लाख विनियोजनमा ९० प्रतिशत खर्च भएको थियो । चालु आब ०८०/८१ मा यस शिर्षक अन्तर्गत ६ लाख बिनियोजन गरिएको छ ।

तालिका २ **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजा** (LISA)

**(स्कोर प्रतिशतमा)**

| **स्वमूल्याङ्कन विषयक्षेत्रहरु** | **आर्थिक बर्षहरु** | | |
|---|---|---|---|
| | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** |
| शासकीय प्रवन्ध | ७७.७८ | ८८.८९ | ८८.८९ |
| संगठन तथा प्रशासन | ५९.३८ | ८७.५ | ८७.५ |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ५९.०९ | ७२.७३ | ८६.३६ |
| वित्तीय एवम आर्थिक व्यवस्थापन | ७५ | ९०.९१ | १०० |
| सेवा प्रवाह | ६४.०६ | ९०.६३ | ९३.७५ |
| न्यायिक कार्य सम्पादन | ४२.८६ | १०० | ८५.७१ |
| भौतिक पूर्वाधार | ३४.६२ | ८४.६२ | ९२.३१ |
| सामाजिक समावेशीकरण | ३७.५ | ८० | ८० |
| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | २२.२२ | ६६.६७ | ६६.६७ |
| सहकार्य र समन्वय | ८.३३ | १६.६७ | ५० |
| औसत प्रतिशत | ५०.५ | ८०.५ | ८५.५ |
| समग्र स्थिति | ५० | ७६.११ | ८५.७१ |
| प्रक्रियागत स्थिति | ३८.२४ | ७९.४१ | ७२.०६ |
| परिमाणात्मक स्थिति | ६० | ८३.३३ | ९५.५६ |

स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,, स्थानीय तह संस्थागत स्व—मूल्यांकन, (२०७७-२०८०)

तालिका ३ **स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन नतिजा (FRA)**

(स्कोर प्रतिशतमा)

| **मूल्याङ्कन विषयक्षेत्रहरु** | **आर्थिक बर्षहरु** | |
|---|---|---|
| | **२०७८/७९** | **२०७९/८०** |
| योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | ६९.०५% | ८५.७१% |
| कार्यान्वयन क्षमता तथा व्यवस्थापन | ८२.७६% | ८६.२१% |
| लेखाङ्कन तथा प्रतिवेदन | ६४.७१% | ५८.८२% |
| अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण | ४३.७५% | ७१.८८% |
| राजस्व व्यवस्थापन | ३२.३५% | ६१.७६% |
| जम्मा प्राप्ताङ्क | | |
| प्रक्रियाको जोखिम | ५६.६% | ७०.७५% |

| | | |
|---|---|---|
| नतिजाको जोखिम | ८४.६२% | ९२.३१ |
| वित्तीय अनुशासनको जोखिम | ६१.७६% | ७५% |
| औसतः | ६२% | ७५% |

स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वित्तीय सुशासन जोखिम मूल्यांकन (२०७८-२०८०)

**२.६.२ संगठनात्मक विकास**

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै संघ, प्रदेश र स्थानीय गरी तिन तहको सरकारद्वारा शासन सञ्चालन हुने व्यवस्था गरेको छ । लोकतान्त्रिक लाभहरूलाई नागरिकको घर दैलोमा पुर्‍याउने, स्थानीय नेतृत्वको विकास गर्ने, स्थानीय श्रोत साधनको दिगो उपयोग गरी विकास र वातावरणवीच सन्तुलन कायम गर्ने, स्थानीय विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारीता ल्याउने, समावेशी विकास, जन सहभागिता, मानवाधिकार संरक्षण, संविधान प्रद्धत्त अधिकारको कार्यान्वयन, राजनैतिक सामाजिक तथा आर्थिक रुपले पछाडि परेका र पारिएका लिङ्ग, वर्ग, जातजातिको संरक्षण, उत्थान र सहभागिता सुनिश्चित गर्ने आदि कार्य गर्दै जनताको नजिकको अभिभावकको रुपमा स्थानीय तहले काम गर्नु पर्ने गरी संविधानले स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकार प्रदान गरी कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकार सहितको स्थायी सरकारको रुपमा व्यवस्थित गरेको छ ।नगरपालिकामा हाल कुल ८० जनाको दरबन्दी भए पनि १०१ जना कर्मचारी कार्यरत छन् । स्वास्थ्य र शिक्षक बाहेक हाल कार्यरत मध्ये ४२ जना स्थाई र ५९ जना करार छन् ।नगरपालिका को प्रमुख प्रशासनिक भवन निर्माणको अन्तिम चरणमा रहेको छ । वडाका कार्यालय भवन पालिककै स्वामित्वका रहेका छन् । हाल १५ सैयाको अस्पताल निर्माणाधीन अवस्थामा रहेको छ।वडाहरुमा भरपर्दो इन्टरनेट उपलब्ध छैन।

**२.६.३ श्रोत परिचालन**

पुर्चौडी नगरपालिकाको आ ब २०७८/८९ को कुल बजेट ६१ करोड १३लाख, आ ब २०७९/८० मा ६५ करोड ४५ लाख र आ ब २०८०/८१ मा ६६ करोड ७१ लाख बजेट रहेको छ र खर्च तर्फ विगत दुई आ.ब मा क्रमश ९२.६५र ८८.०७ प्रतिशत यथार्थ खर्च भएको छ । जसमध्ये चालु रु ४५,९५,९३,६१५.५० र पूँजिगत २०,७५,६२,३८४.५० रहेको छ । साथै कुल आन्तरिक आय रु ९४ लाख ७४ हजार रहेको छ ।नगरपालिका स्थानीय सञ्चित कोष स्थापना भई सूत्रमा आधारित वित्तिय कारोवार सञ्चालन भएको छ । आ.व. २०८०/०८१ मा नेपाल सरकारवाट प्राप्त वितिय समानिकरण अनुदान वापत रु ११,५०,००,०००.०० (अक्षेरुपि रु एघार करोड पचास लाख मात्र ), सर्सत अनुदान वापत रु ३२८५४५००० (अक्षेरुपि रु बतिस करोड पचासी लाख पैतालिस हजार मात्र ), विषेश अनुदान रु १,२५,००,००० (अक्षेरुपि रु एक करोड पच्चिस लाख मात्र ),समपुरक अनुदान रु २,२०,००,०००.०० (अक्षेरुपि रु दुई करोड बिस लाख मात्र ) र राजस्व बाँडफाँड वापत रु १२,२८,५९,०००.०० (अक्षेरुपि रु बाह्र करोड अठाईस लाख उनन् साठि हजार मात्र ) त्यसैगरि सुदूरपक्षिम प्रदेश सरकारवाट प्राप्त समानिकरण अनुदान वापत रु. ९९,०८,०००.००(अक्षेरुपि रु उनान्सय लाख आठ हजार मात्र ), सर्सत अनुदान वापत रु ६३,५०,०००(अक्षेरुपि रु त्रिसठ्ठि लाख पचास हजार मात्र ), विषेश अनुदान रु २५,००,०००.००(पच्चिस लाख मात्र ) समपुरक अनुदान रु १,६५,६१,०००.००० (अक्षेरुपि रु एक करोड पैसठ्ठि लाख एकसठ्ठि

हजार मात्र ), राजस्व बाँडफाँड वापत रु. २७,५५,०००.००(अक्षेरुपि रु सत्ताईस लाख पच्पन्न हजार मात्र ), लक्षित वर्गलाई बजेट व्यवस्था भएको छ ।सार्वजनिक नीजि, साझेदारी अभ्यास सुरू भएको, लागत सहभागिता कार्यक्रम भएको, डिजिटल लेखा प्रणाली रहेको, राजस्वको नीति कार्यक्रम कार्यान्वयनमा रहेको छ । राजस्वका स्रोतहरूमा व्यवसाय कर, जडिवुटी तथा जीवजन्तुकर, सिफारिस सेवा शुल्क, वित्तिय संस्था एवं समुह दर्ता शुल्क आदि रहेका छन् ।साथै अन्तरिक स्रोतहरूमा भुमि कर, घर कर, बहाल कर, प्रशासनिक शुल्क, नाता प्रमाणित, ब्यबसाय रजिस्ट्रेसन,रोयल्टी र कन्टेन्जेनसी, आदि प्रमुख स्रोत हुन् ।

### २.६.४ योजना ब्यबस्थापन

यस नगरपालिकाले पनि नेपाल सरकारको पञ्चवर्षिय योजना तथा सुदुरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ती हुने गरी आफ्नो पहिलो एकीकृत नगर विकास योजना तयार पारेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र पालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ ।

राज्य पुनर्सरचना मार्फत यस नगरपालिकाको स्थापना भएसँगै प्रचलित कानून तथा ऐन बमोजिम योजना व्यस्थापन गरी योजनाबद्ध विकासको सुरुआत गरेको छ । उपमेयरको संयोजकत्वमा रहेको राजस्व परामर्श समितिको सिफारिसमा नगर सभाद्वारा वार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी वार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने नियमित परम्परा रहेको छ भने निर्माणाधीन आवधिक योजनाले योजनावद्ध विकासमा थप योगदान हुने अपेक्षा गरिएको छ ।

स्थानीय तह गठन भए पश्चात् स्थानीय विकास अवधारणा अनुरूपका प्राथमिक कामहरू शुरुवात भएका छन् । आर्थिक वर्ष २०७३/७४ मा स्थानीय रूपमा वित्तीय कारोबार सीमित रहेको थियो भने आ.व. २०७४/७५, आ.व. २०७५/७६. आ.व. २०७६/७७, आ.व. २०७७/७८ तथा २०७८/७९ को लागि पूरा अवधिको बजेट तर्जुमा गरी कार्यान्वयन गरिएको छ भने आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयनका क्रममा रहेको छ ।

नगरपालिकाबाट कार्यान्वयन हुने ९० प्रतिशत आयोजनाहरु उपभोक्ता समितिका माध्यमबाट हुने गरेको छ । सार्बजनिक खरिद नियमावली दफा ९७ बमोजिम बनेको उपभोक्ता समिति गठन परिचालन कार्यविधि अनुसार गठित उपभोक्ता समितिले १ करोड सम्मका आयोजना संचालन गर्ने व्यवस्था छ । नगरपालिकाको योजना तथा प्राबिधिक शाखाले योजना ब्यबस्थापनको काम गर्ने गरेको छ। हाल नगरपालिकामा सातौ तहको इन्जिनियर १ जना र पाँचौ तह को ३ जना र चौथो तह को १ जना सब इन्जीनियर र असिस्टेन्ट सब इन्जीनियर रहेका छन् ।

# परिच्छेद ३ सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

नेपाली समाजमा आएको परिवर्तन तथा राज्यले लिएको संरचनागत परिवर्तनको नीति अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागु भएको छ । विकासका सम्भावनाहरू तथा स्थानीय बासिन्दाहरूको आधारभूत मागको आधारमा नगरस्तरमा आवधिक योजनाको निर्माण सुरूवात भए अनुसार पुचौंडी नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने प्रयास गरिएको छ । नगरपालिकाको विकासको गतिलाई तीव्रता दिने उद्धेश्यले जन आन्दोलन २०६२/०६३ ले ल्याएको परिवर्तनका मूल मर्म, नेपालको संविधानको भावना र १६ औं पञ्चवर्षिय योजनाको मार्गदर्शनका आधारमा आवधिक योजना तयार गरिएको छ। मूलतः देशको राष्ट्रिय लक्ष्यलाई ध्यानमा राखी नगरपालिकाका प्रमुख समस्याहरू, विभिन्न क्षेत्रहरूको उपलब्धि, संघीय तथा प्रदेश सरकारबाट नगरपालिकाको विकासको लागि प्राप्त अनुदान तथा नगरपालिकाको आन्तरिक स्रोत साधनहरूको अधिकतम मात्रामा परिचालन गरी कार्यक्रमहरूलाई क्रमिक रूपमा अगाडि बढाउँदै लैजाने उद्देश्यका साथ आवधिक योजना तर्जुमा गरिएको छ । आवधिक योजना तर्जुमा गर्दा नगरपालिकाले हालसम्ममा गरेका महत्त्वपूर्ण प्रयास तथा उपलब्धिहरूको सूक्ष्म रूपमा विश्लेषण तथा सम्भावना र चुनौतीहरूको पनि विश्लेषण गरिएको छ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

नगरपालिकामा पर्याप्त मानव संसाधनको कार्यगत क्षमताको अभाब, बिषयगत समितिको क्षमताको अभाब, नगरपालिकाको प्रशासनिक संरचना पूर्ण रुपमा एकिकृत हुन नसकेको, आन्तरिक वित्तीय स्रोतको न्यूनता, पूर्ण रुपमा पुँजीगत खर्च गर्न सक्ने प्रणाली विकास हुन नसकेको, सडक संरचनाको स्तरोन्नति गर्नु साथै नयाँ सडक संरचनाको विकास गर्नु, संघिय कानुनमा समयानुकूल परिवर्तन गर्नु, स्थानीय आवस्यकता अनुसारको दक्ष मानब संसाधनको ब्यबस्थापन गर्नु, स्रोत साधन प्राप्ति को प्रक्षेपण यथार्थपरक नभएको, कर प्रणाली ब्यबस्थित हुन नसकेको, कर्मचारी को दरबन्दी अनुरुप स्थाई पद पूर्ति नभएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रमको प्रधानता, वित्तीय सुशासनको पूर्ण रुपमा कार्यान्वयन हुन नसक्नु जस्ता समस्या रहेका छन् । समस्याको बाबजुत सवल, सक्षम र सुशासनयुक्त नगरपालिकाको रूपमा विकास गर्नु मूख्य चुनौतीको रूपमा रहेको छ ।

## ३.३ सम्भावना तथा अवसर

तीन तहको सरकारमध्ये एक संबैधानिक रुपमा अधिकार प्राप्त सार्वभौम सरकारको अभ्यास गर्न पाउनु, आफ्नै मौलिक भेषभुषा तथा रहनसहनको विकास र विस्तार गर्न सकिने तथा स्थानीय प्रजातिका वनस्पतिका साथै विभिन्न किसिमका नगदे बालीको प्रबर्धन गर्न सकिने प्रचुर सम्भावना रहेको छ । स्थानीय स्रोत र साधनको समुचित उपयोग गर्न सक्ने तथा विकासमा एकाकार भएर लाग्ने अवसर पालिकासँग रहेको छ ।

## ३.४ निर्देशक सिद्धान्त

नेपालको बदलिदो राजनैतिक, सामाजिक र कानुनी आधार र पन्ध्रौ राष्ट्रिय योजनालाई समेत ध्यानमा राखेर निम्न निर्देशक सिद्धान्तहरूलाई पालन गरी नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ। साथै, आवधिक योजना कार्यान्वयन गर्दा सबै सरोकारवाला संस्था/निकाय तथा समूहहरूले निम्नलिखित विकासका

सिद्धान्तहरूलाई अनिवार्य रूपमा अवलम्बन गर्नुपर्ने हुन्छ । पालिकाको दीर्घकालीन सोचलाई आगामी २५ वर्षभित्र पूरा गर्न नगरपालिकाले देहाय वमोजिमको निर्देशक सिद्धान्त तथा मार्गदर्शनको रुपमा अंगिकार गरिने छ ।

क. **संस्थागत विकास र सुशासनको पवर्द्धन**

सुशासनका लागि जवाफदेहिता, पारदर्शिता, जनसहभागिता, उत्तरदायिपनाको प्रवद्र्घन गरिने छ । सार्वजनिक सेवा प्रवाह तथा काम कारवाहीहरुलाई पारदर्शि वनाइने छ र डिजिटल प्रविधि जडान गरी सार्वजनिक सेवा प्रवाहलाई अनलाइन गर्दै प्रभावकारी वनाइने छ । सामाजिक जवाफदेहिताका औजारहरु (सार्वजनिक सुनुवाई, सावर्जनिक परीक्षण, सामाजिक परीक्षण, सेवाग्राही अभिमत, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, वेरुजु फछ्र्यौट आदि) लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ । सामाजिक न्याय, कानुन तथा विधिको शासन, सरकारी, निजी, सहकारी एवं सामुदायिक वीच साझेदारी, सहभागिता जस्ता अभ्यासहरु कार्यान्वयन गरिने छ । स्थानीय शासनमा जवाफदेहिता, पारदर्शिता, सार्वजनिक सेवा सुविधाको प्रभावकारी वितरणकालागि नगरपालिकाका नेतृत्वकर्ता स्थानीय तहहरू र साझेदार निकाय-विषयगत निकाय र गैसस) नः समेतको क्षमता विकास कार्यलाई सँगसगै अगाडि बढाइनेछ र उपयुक्त लगानी गरिनेछ । विकास साझेदारहरूबीचको समन्वय र सहकार्यलाई प्रवर्द्धन गरिनेछ । स्थानीय विकासमा नागरिक समाज र सञ्चारक्षेत्रको साझेदारीलाई प्रोत्साहित गरिनेछ ।

ख. **स्थानीय अर्थतन्त्र सुदृढीकरण**

कृषिमा औद्योगिकीकरण, दिगो पर्यटन विकास, उद्योग व्यवसाय प्रवद्र्घन, उद्यमशीलता तथा सीप विकास, स्थानीय वस्तु तथा सेवाको विशिष्टिकरण एवं पूर्वाधार विकासको माध्यमवाट स्थानीय अर्थतन्त्रलाई चलायमान वनाउदै सुदृढीकरण गरिने छ । कृषि उपजमा मूल्य श्रृङ्खला स्थापित, शहरी कृषि प्रवद्र्घन, वेमौसमी तरकारीको व्यवसायिक खेती, कृषि पूर्वाधारहरुको निर्माण गरिने छ । धार्मिक, साँस्कृतिक एवं ऐतिहासिक पर्यटकीय सम्पदाहरुको सम्वद्र्घन प्रवद्र्घनवाट पर्यटनमा आधारित उद्योग व्यवसायहरुको विकास विस्तार गर्दै काठमाडौ उपत्याका भित्रका धार्मिक एवं साँस्कृतिक सम्पदाहरुसंग सम्वन्ध स्थापित गरिने छ । उद्योग व्यवसायमा महिला तथा युवा वर्गलाई प्रोत्साहित गर्दै प्रतिस्पर्धी वनाउदै रोजगारीता सिर्जना गरिने छ र क्लष्टरका आधारमा नगरपालिका क्षेत्रभित्र वजार क्षेत्रहरु निर्माण गरिने छ । साथसाथै ज्ञानमा आधारित अर्थतन्त्रको विकास, विस्तार तथा प्रवद्र्घनका लागि आवश्यक वातावरण सिर्जना गरिने छ ।

ग. **सामाजिक न्याय, समावेशीकरण एवं समतामूलक विकास**

नेपालको संविधान २०७२ ले सुनिश्चित गरेको सामाजिक न्याय तथा समतामूलक विकासको मर्मलाई स्थानीयकरण गरिने छ । विकासको प्रतिफलमा समतामूलक पहुँच स्थापित गर्न संरचनागत तथा व्यवहारगत प्रयासहरु सञ्चालन गरिने छ । आर्थिक तथा समाजिक रुपमा पछाडी परेका वर्गको अर्थपूर्ण सहभागिता, क्षमता विकास र आत्मनिर्भरताका अवसरहरु सिर्जना गरिने छ । लक्षित वर्गलाई स्थानीय संरचनाहरुमा मूलप्रवाहीकरण एवं समावेशीकरण गर्ने, सशक्तीकरण एवं रोजगारीका अवसरहरु सिर्जना गरिने छ ।लक्षित वर्गलाई विकासको प्रमुख भागिदारका रूपमा स्थापित गर्न पछि परेका लक्षित वर्ग

समुदाय (महिला, दलित, बालवालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक) लाई स्थानीय विकास र शासनका प्रक्रियामा प्राथमिकता दिने र सकारात्मक विभेदको व्यवस्था गरिनेछ ।

घ. **विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन र वातावरणमैत्री विकास**

आवधिक योजनामा दिगोपना, वातावरणमैत्री तथा विपद् व्यवस्थापन संवेदनशीलतालाई अनिवार्य रूपमा सबै योजनाको अभिन्न अङ्गका रूपमा विश्लेषण तथा अंगीकरण गराइनेछ । प्राकृतिक स्रोत साधनको दोहनलाई प्रभाव मूल्याङ्कनका आधारमा परिचालन गरिनेछ । स्थानीय योजनाहरूलाई जलवायु अनुकुलनयुक्त बनाउन ध्यान दिइनेछ ।वातावरण संरक्षण ऐन तथा नियमहरु पालना गर्दै भौतिक पूर्वाधार तथा संरचनाहरु निर्माण गरिने छ । वायो इन्जिनियरिङ, हरियाली प्रवद्र्घन, पार्क तथा पोखरी निर्माण, जमिनमुनी पानी भरण, घरनक्सा पास जस्ता कार्यक्रमहरुलाई विशेष प्राथमिकता साथ कार्यान्वयनमा ल्याइने छ ।

ङ. **स्थानीयता, दिगो विकास तथा विश्वव्यापीकरण**

स्थानीय सम्भाव्यता, साधन स्रोतको उपलब्धता अनुसार प्राथमिकताका साथ स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग गरिनेछ । साथै विश्वव्यापीकरणका लाभहरूलाई स्थानीय विशिष्टता अनुसार अधिकतम उपयोग गरिनेछ ।दिगो विकासका आधारभूत पक्षहरु मुलतः आर्थिक विकास, सामाजिक विकास, सामाजिक न्याय, वातावरण सन्तुलनलाई आत्मसाथ गरिने छ । विशेषगरी गुणस्तरीय एवं उत्पादनशील भौतिक पूर्वाधारहरुको निर्माणलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ । आयोजनाहरुको स्थलगत अनुगमन, मूल्याङ्कन, निरीक्षण, गुणस्तर जाँच जस्ता संयन्त्रहरुको विकास गरी प्रभावकारी वनाइने छ । वार्षिक कार्यक्रम मार्फत दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरिने छ । आवधिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना एवं वार्षिक कार्यक्रमवीच तादत्म्यता कायम गर्दै नतिजामुखी वनाइने छ ।

च. **सार्वजनिक, निजी तथा सहकारीः समन्वय, सहकार्य तथा साझेदारी**

दिगो तथा सन्तुलित विकासका लागि स्थानीय तथा वाह्य स्रोत साधनहरुको परिचालनका लागि अन्तरसरकारी, गैरसरकारी, निजी तथा सहकारी क्षेत्र एवं समुदायसंग प्रभावकारी समन्वय, साझेदारी तथा सहकार्य गरी विकास प्रक्रियालाई नतिजामुखी वनाइने छ । निजी तथा सहकारी क्षेत्रसंगको पूँजी, व्यवस्थापकीय सीप तथा अनुभवलाई विशेष प्राथमिकता दिदै उपयुक्त वातावरण सिर्जना गर्दै कृषिमा औद्योगिकीकरण, फोहोर व्यवस्थापन, पर्यटन प्रवद्र्घन, शहरी आवास विकास जस्ता क्षेत्रहरुमा निजी तथा सहकारी क्षेत्रलाई आकर्षित गरिने छ । शिक्षा तथा स्वास्थ्य सेवाको प्रवद्र्घन, विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन, यातायात व्यवस्थापन लगायतका क्षेत्रहरुमा अन्तरपालिका कनेक्टिभिटीलाई अभिवृद्धि गरिने छ । स्थानीय विकास कार्यमा निजी क्षेत्रलाई सँगसँगै अगाडि लैजाने पद्धति र प्रक्रियालाई प्राथमिकताका साथ लिइनेछ । स्थानीय कच्चा पदार्थको अधिकतम उपयोग, स्तरीकरण बजारीकरण, प्रविधि तथा सीपको हस्तान्तरणका क्षेत्रमा निजी क्षेत्रलाई काम गर्न उपयुक्त वातावरण तयार गरिनेछ र सार्वजनिक निजी साझेदारीका आधारमा निजी क्षेत्रको लगानीको संरक्षणमा ध्यान दिइनेछ ।

छ. **मानव संशाधन विकास तथा स्थानीय सेवा व्यवस्थापन**

प्रभावकारी सेवा प्रवाह, प्रशासनिक सहजता, चुस्तता र विकास कार्यहरुको प्रभावकारी सञ्चालनका लागि दक्ष मानव संशाधनको व्यवस्था, सीप र दक्षता विकास तथा प्रोत्साहन लगायतका अवसरहरुको उपलव्ध गराइने छ । संगठन व्यवस्थापन सर्भेक्षण, मानव संशाधन व्यवस्थापन योजना तयार गरी कार्यान्वयन

ल्याएने छ । नगरपालिका केन्द्रलाई नीति निर्माण, कार्यक्रम विकास तथा नियमन गर्ने केन्द्रको रुपमा स्थापित गरिने छ र वडा केन्द्रहरुलाई विषयगत सेवा केन्द्रको रुपमा विकास गरिने छ र प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधारका रुपमा विकास गरिने छ । उपरोक्त अवधारणाका आधारमा नगरवासीलाई गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा, स्वच्छ सफा खानेपानी, सरसफाई लगायतका सेवा सुविधाहरुको पहुँचमा सुनिश्चित गरिने छ ।

**ज. स्थानीय स्रोत परिचालन र व्यवस्थापनमार्फत सहरी विकास**

स्थानीय विकासकालागि आवश्यक मानवीय तथा वित्तीय साधन स्रोतको स्थानीय स्तरमा अधिकतम परिचालन गरिनेछ । विभिन्न विषय-क्षेत्रमा दक्ष, सीपयुक्त मानव जनशक्ति उत्पादन तथा क्षमता विकासकालागि विशेष लगानी गरिनेछ । स्थानीय विकासमा उपभोक्ता समितिको परिचालन र उपभोक्ता समितिलाई निश्चित आचार संहिताको पालना गर्न प्रेरित गरिनेछ । फोहोर व्यवस्थापन, पानीको व्यवस्था, सार्वजनिक शौचालय, प्राविधिक शिक्षालय, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाहरु, हरियाली शहर, पार्क उद्यान, अपाङ्गत महिला तथा वालमैत्री पूर्वाधारहरु, सडक वत्ती, सिसि क्यामरा, ट्राफिक व्यवस्था, विद्युतीय सवारी साधन, स्वास्थ्यको दृष्टिवाट स्वच्छ खाद्य पदार्थ एवं सुरक्षा आदिको विकास गर्दै शहरी विकास गरिने छ ।

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

**"समृद्ध पुचौंडी नगर निर्माणको मुल आधारः सवल, सक्षम, दिगो शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार"**

**लक्ष्य**

नगरपालिकाको समष्टिगत विकासका लागि आर्थिक, भौतिक, सामाजिक र साँस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरण मैत्री, समावेशी, न्यायपूर्ण तथा सुशासनयुक्त नगरपालिका निर्माण गरी नागरिकको जीवनस्तरमा व्यापक सुधार गर्ने ।

**उद्देश्य**

नगरपालिकाले समष्टिगत लक्ष्य प्राप्तिका लागि देहाय वमोजिम विषयक्षेत्रगत वृहत उद्देश्य निर्धारण गरिएको छ ।

**क) आर्थिक विकास**

उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, उद्योग व्यवसायको प्रर्वद्धन, रोजगारी सिर्जना एवं आय आर्जनवाट स्थानीय अर्थतन्त्रमा दिगो सुधार ल्याउनु ।

**ख) सामाजिक विकास**

आधारभूत सामाजिक सेवा सुविधा एवं पूर्वाधारहरुमा सवै वर्ग, समुदायहरुको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य, र सीपयुक्त मानव संशाधनको विकास मार्फत समतामूलक समाज निर्माण गर्नु ।

**ग) पूर्वाधार विकास**

प्राथमिकताका आधारमा स्थानीय आवश्यकता पहिचान गरी दिगो, सुरक्षित र वातावरणमैत्री भौतिक पूर्वाधारमा सवै वर्ग, समुदायको पहुँच अभिवृद्धि गर्दै जनजीवनमा सहजता ल्याउनु ।

**घ) वन, वातावरण तथा विपद व्यवस्थापन**

जैविक विविधता, सांस्कृतिक तथा प्राकृतिक वातावरणीय धरोहरहरुको संरक्षण गर्दै विपद जोखिम र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्नु।

**ङ) सुशासन तथा संस्थागत विकास**

संस्थागत क्षमता अभिवृद्धि एवं सेवा प्रवाहलाई प्रभावकारी वनाउदै सामाजिक न्याय तथा सुशासनमार्फत नगरको समृद्धि हासिल गर्नु ।

## ३.६ नगरपालिकाको परिमाणात्मक लक्ष्य

तालिका ४ **परिमाणात्मक लक्ष्य र उपलब्धी**

| क्र.सं. | सूचक | इकाई | आधार बर्ष ०८०/८१ | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| १ | निरपेक्षित गरिवी | प्रतिशत | ४० | ३५ | ३२ | ३० | २८ | २५ |
| २ | प्रतिव्यक्ति वार्षिक आय | डलरमा | ७५० | ९०० | १०२० | १०५० | १०७५ | ११०० |
| ३ | औषत आयु (जन्म हुँदाको) | वर्ष | ६५ | ६६ | ६७ | ६८ | ६९ | ७० |
| ४ | साक्षरता दर (५ वर्ष माथि) महिला पुरुष | प्रतिशत | ६८.७ ८५.४ | ७० ८६ | ७०.५ ८७ | ७१ ८८ | ७२ ८९ | ७५ ९० |
| ५ | वेरोजगारी दर | प्रतिशत | - | ३८ | ३६ | ३४ | ३२ | ३० |
| ६ | पर्यटन व्यवसायबाट कूल रोजगारी प्रदान | संख्या | ३०० | ५०० | ७०० | ९०० | १२०० | १५०० |
| ७ | पालिकाको वार्षिक आयात निर्यातको अनुपात (आयातः निर्यात) | अनुपात | - | ९३: ८ | ९०: १० | ८७: १३ | ८४: १६ | ८०: २० |
| ८ | उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | ० | ५ | १० | १३ | १५ | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | संख्या | ५८०० | ६००० | ६५०० | ६६०० | ६७०० | ६७५० |
| १० | उच्च स्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ३४.६ प्रतिशत | ३८ | ४२ | ४३ | ४५ | ५० |
| ११ | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ३३ प्रतिशत | ३५ | ३७ | ४० | ४२ | ४५ |
| १२ | लोपोन्मुख संस्कृतिको जर्गेना | संख्या | - | १ | २ | ३ | ४ | ५ |
| १३ | उद्योग तथा व्यापार व्यवसाय क्षेत्रमा युवाहरुको आवद्धता | प्रतिशत | ८ | १० | १२ | १४ | १५ | १६ |
| १४ | दिगो, सुरक्षित र नियमित यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | २० | २५ | २८ | ३० | ४० | ५० |
| १५ | आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्तीहरु (खानेपानी, शिक्षा, स्वास्थ्य, सडक, विजुली, सञ्चार) | संख्या | ६ | ७ | ८ | ९ | १० | १२ |
| १६ | वर्षभरी नियमित सिंचाइ | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ६० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भएको खेती योग्य भूमि | | | | | | | |
| १७ | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | २० | ३० | ५० | ६० | ७५ | ८० |
| १८ | इण्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | १५ | २० | २५ | ३० | ३५ | ४० |
| १९ | संरक्षित तथा व्यवस्थित वन क्षेत्र (कूल वन क्षेत्रको) | प्रतिशत | ३५ | ४० | ४५ | ५० | ५५ | ६० |
| २० | घर, कार्यालय, अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिक जन्य फोहोरलाई सुरक्षित विसर्जन गर्नेको | संख्या | १२ | १५ | २० | २५ | ३० | ५० |
| २१ | भू—क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | ७ | ६ | ४ | ३ | २ | १ |
| २२ | विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | १२ | १५ | २० | २५ | २८ | ३२ |
| २३ | सरोकारवाला एवं सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन, कानुनहरु | संख्या | ४२ | ४५ | ४८ | ५२ | ५५ | ५८ |
| २४ | पालिकाको वार्षिक आन्तरिक आय | रु. लाख | ७५ | ९० | १०० | १२० | १३० | १५० |
| २५ | सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ | ८८ |

*स्रोतः जनगणना २०७८, पालिकाको प्रोफाइल एवं आन्तरिक विश्लेषण*

### ३.७ समष्टिगत रणनीति

| रणानीतिहरू | प्राथमिकताहरू |
| --- | --- |
| **उद्देश्य नं.१**<br>उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, उद्योग व्यवसायको प्रर्वद्धन, रोजगारी सिर्जना एवं आय आर्जनवाट स्थानीय अर्थतन्त्रमा दिगो सुधार ल्याउनु । | |
| **रणनीतिहरु**<br>१.१ नगरपालिकाको आन्तरिक राजश्व वृद्धि गर्ने उपायहरु खोजी गर्दै वित्तीय आत्मनिर्भरता तर्फ अघि बढाउन प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने। | १ उद्योग, वन पैदावार, कृषि तथा पशुपालनको विकासमा स्थानीय जनतासँग सहकार्य गर्ने साथै यस क्षेत्रमा अगाडि बढन चाहने व्यवसायीहरुलाई नगरपालिकाले अनुकुलता प्रदान गर्ने ।<br>२ कृषिमा आधारित उद्यमशीलताका माध्यमवाट रोजगारी सिर्जना गरी आम्दानीमा वृद्धि ल्याइनेछ ।<br>३ प्रविधिमा आधारित पर्यटनको विकास गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ<br>४ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्सहान गरिनेछ ।<br>५ गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, उद्योग व्यवसायको प्रर्वद्धन, रोजगारी सिर्जना गरिनेछ ।<br>६ भू—उपयोगको योजना तयार गरी कार्यान्वयन गर्ने ।<br>७. शहरी कृषि खेतीलाई विस्तार गर्दै कृषिमा आधुनिकीकरण एवं व्यवसायीकरणवाट उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि ल्याउने |
| १.२ संघ र प्रदेश तथा अन्य श्रोतहरुबाट प्राप्त वित्तीय श्रोतको मितव्ययी र परिणाममुखी सदुपयोग गरी विकासका अवसरहरूमा समतामूलक पँहुच सुनिश्चित गर्ने । | १. विकासका पूर्वाधारहरू सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई मूलप्रवाहमा ल्याइनेछ । |

| | |
|---|---|
| | २. गुणस्तरीय सिंचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन एवम् प्रवर्द्धन, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिधितता गरिनेछ ।<br><br>३. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिंचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड बनाई लागु गरिनेछ ।<br><br>४. कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ ।<br>५. भौतिक पूर्वाधारहरुको दिगो विकासको दीर्घकालीन नीति अवलम्बन गर्ने । |
| **उद्देश्य नं.२**<br>आधारभूत सामाजिक सेवा सुविधा एवं पूर्वाधारहरुमा सवै वर्ग, समुदायहरुको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगार, सामाजिक सुरक्षा र सीपयुक्त मानव संशाधनको विकास मार्फत समतामूलक समाज निर्माण गर्नु । | |
| **रणनीतिहरु**<br>• स्थानीय श्रोतको पहिचान र उपयोगमा आधारित आर्थिक विकास गर्ने ।<br>• स्थानीय श्रोत साधनमा आधारित उद्योग तथा व्यवसायहरुको विकासका लागि भौतिक पूर्वाधारको निर्माण र संस्थागत व्यवस्था मिलाउने । वन र कृषिमा आधारित उद्योग विकासमा निजी क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने ।<br>• स्थानीय सँस्कृतिको संरक्षण एवं प्रवद्र्घन गर्दै लक्षित वर्ग (महिला, वालवालिका, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, दलित, मुस्लिम तथा अन्य पिछडिएका) एवं युवालाई राजनीति, | १। गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको पहुँच वृद्धि गरिनेछ ।<br>२। युवाहरुलाई खेलकुदको माध्यमबाट नगरपालिकाको गौरवमा सरिक गराइनेछ ।<br>३। महिला, बालबालिकासँग प्रत्यक्ष सरोकार राखे शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ स्वास्थ्य चौकी निर्माण, प्रसुतिगृह निर्माण, एम्बुलेन्स सेवा सञ्चालन बालविकास केन्द्रहरूको व्यवस्थामा जोड दिइनेछ ।<br>४। खुला दिशामुक्त नगर कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण तथा त्यसको व्यवस्थापनकालागि कार्य |

<table>
<tr><td>आर्थिक, सामाजिक लगायतका सवै क्षेत्रमा मूलप्रवाहीकरण, तथा समावेशीकरण गर्ने<br>•</td><td>योजना तयार पारी कार्यान्वयन गर्ने नीति लिइनेछ ।<br>५। शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूलाई नगरपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासकालागि आवश्यक कार्य योजना लागु गरिनेछ</td></tr>
<tr><td colspan="2">उद्देश्य नं.३ प्राथमिकताका आधारमा स्थानीय आवश्यकता पहिचान गरी दिगो, सुरक्षित र वातावरणमैत्री भौतिक पूर्वाधारमा सवै वर्ग, समुदायको पहुँच अभिवृद्धि गर्दै जनजीवनमा सहजता ल्याउनु ।</td></tr>
<tr><td>रणनीतिहरु<br>• भौतिक पूर्वाधार तथा सार्वजनिक संरचनालाई दिगो, गुणस्तरीय, सुरक्षित एवं वातावारणमैत्री वनाउदै एकीकृत आवास तथा वस्ती विकासमा सवैको पहुँचमा अभिवृद्धि ल्याउने</td><td>१. वैकल्पिक तथा नवीकरण ऊर्जा प्रवद्र्घनवाट नियमित विद्युत सेवाको उपलव्धता र सूचना तथा सञ्चार पूर्वाधारहरुमा स्थानीयहरुको पहुँचमा सहजता ल्याउने</td></tr>
<tr><td colspan="2">उद्देश्य नं.४<br>जैविक विविधता, सांस्कृतिक तथा प्राकृतिक वातावरणीय धरोहरहरुको संरक्षण गर्दै विपद जोखिम र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्नु।</td></tr>
<tr><td>रणनीतिहरु<br>• नगरपालिकाका प्राकृतिक र सांस्कृतिक श्रोतहरुको सूची अद्यावधिक गर्ने ।<br>• उद्योग लगायत आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गर्दा दिगो विकासको मान्यतालाई अवलम्बन गर्ने ।<br>• प्राकृतिक तथा सांस्कृतिक मौलिकतालाई संरक्षण गर्न स्थानीय रैथाने प्रविधिको अधिकतम उपयोग गर्ने।<br>• विपद व्यवस्थापनमा संस्थागत क्षमता अभिवृद्धि गर्न सम्बद्ध संस्थाहरुसँग सहकार्य गर्ने ।</td><td>१.जैविक विविधता एवं प्राकृतिक श्रोतहरुको संरक्षण, स्थानीय रैथाने प्रजातिहरुको प्रवद्र्घन, भू संरक्षण तथा जलाधार व्यवस्थापनलाई प्रभावकारी वनाउदै फोहोरलाई सुरक्षित विसर्जनवाट वातावरण संरक्षण एवं सम्वद्र्घन गर्ने<br>२.विपद् व्यवस्थापनलाई प्रभावकारी एवं जलवायु परिवर्तन अनुकूलन वनाउदै जोखिम तथा क्षतिमा न्यूनीकरण ल्याउने<br>३. परम्परागत मौलिक संस्कृति भाषा, र परम्पराको जगेर्ना गर्ने ।<br>४. स्वच्छ खानेपानीको उपलब्धता सुनिश्चित गर्ने ।<br>५. सेवा, सुविधा र अवसर वितरणमा समावेशीकरण र समन्यायिक सिद्धान्त अवलम्बन गर्ने ।</td></tr>
</table>

<table>
<tr><td colspan="2">उद्देश्य नं.५<br>संस्थागत क्षमता अभिवृद्धि एवं सेवा प्रवाहलाई प्रभावकारी वनाउदै सामाजिक न्याय तथा सुशासनमार्फत नगरको समृद्धि हासिल गर्नु ।</td></tr>
<tr><td>रणनीतिहरु<br>• विकेन्द्रीकरणको अवधारणा अनुसार नगरपालिकाबाट प्रवाह हुने सेवा र विकास कार्यलाई वडास्तरमा सञ्चालन हुने अवस्था सिर्जना गर्ने ।<br>• जनसहभागिता र समावेशीतामा आधारित विकास प्रकृया अवलम्बन गर्ने ।<br>• नगरपालिकाबाट हुने निर्णय र सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र समयवद्धतालाई अवलम्बन गर्ने ।</td><td>१.वित्तीय लगायत सवै क्षेत्रमा सुशासन प्रवद्र्घन, पूँजी निर्माणमा राजस्व परिचालन एवं स्थानीय सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी वनाउदै पारदर्शिता र जवाफदेहिता स्थापित गर्ने<br>२.आयोजनाहरु तर्जुमा, कार्यान्वयन एवं अनुगमनहरुमा स्थानीय समुदायको सहभागितालाई प्रभावकारी वनाउदै आयोजनाहरुमा अपनत्व स्थापित गराउने ।</td></tr>
</table>

जीवनपयोगी, प्राविधिक एवं व्यवसायिक शिक्षाको अनिवार्यता, गुणस्तरीय तथा सर्वसुलभ आधारभूत स्वास्थ्य सेवा तथा सुरक्षित, स्वच्छ र सफा खानेपानी उपयोगमा सुनिश्चित गर्दै स्वच्छ, सक्षम जाशक्तिको विकास गर्ने ।

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँड

नगरपालिकाको आ.ब २०७८/८९ को कुल बजेट ६८ करोड ३३ लाख, आ ब २०७९/८० मा ७१ करोड १९ लाख र आ ब २०८०/८१ मा ६६ करोड ७१ लाख बजेट रहेको छ | खर्च तर्फ विगत दुई आ. ब. मा क्रमशः ९२.६५ र ८८.०७ प्रतिशत यथार्थ खर्च भएको थियो | चालु आ. ब.मा यस योजना बन्ने बेलासम्ममा ७६.१६ प्रतिशत खर्च भएको देखिन्छ ।

विगतको बजेट बिनियोजनमा नगरपालिकाले सामाजिक विकासलाई तुलनात्मक रुपमा बढी प्राथमिकता दिएको छ |

*तालिका ५* **वित्तीय प्रवृति/बाँडफाँटको अवस्था**

| **बिषय क्षेत्र** | **आर्थिक वर्ष** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **२०७८।७९** | | | **०७९।८०** | | | **०८०।८१** | | |
| | **विनियोजन** | **खर्च** | **खर्च प्रतिशत** | **विनियोजन** | **खर्च** | **खर्च प्रतिशत** | **विनियोजन** | **खर्च** | **खर्च प्रतिशत** |
| आर्थिक विकास | ३,५४,३६,००० | ३,४२,२८,९१७ | ९६.५९ | २,९९,७५,००० | २,१६,५९,५३५ | ७२.२६ | १,७५,३९,२७९ | ८७,२५,१२१ | ४९.७५ |
| सामाजिक विकास | ४०,९८,८४,००० | ३७,६२,६१,७३३ | ९१.८ | ३३,९५,६७,००० | ३०,०९,९८,८२९ | ८८.६४ | ३५,२७,५३,४७४ | २७,०२,०९,००२ | ७६.५९ |
| पुर्बधार विकास | ९,५३,७८,३००.०० | ८,७८,५१,०३८.०० | ९२.११ | १४,८७,७०,००० | १३,७०,८३,३२२ | ९२.१४ | १३,६३,२२,०३९ | ९,२०,९५,०२७ | ६७.५६ |
| विपद ब्यबस्थापन | ३२,७०,००० | २७,३४,८०७ | ८३.६३ | ५१,००,००० | ४१,४८,४६६ | ८१.३४ | २२,००,००० | १८,५१,८५४ | ८४.४४ |
| संस्थागत विकास | ७३,३०,०००.०० | ६३,७२,०९७.०० | ८६.९३ | ३,०७,९७,००० | २,७७,९८,९५२ | ९०.२७ | २२,००,००० | १८,५१,८५४ | ८४.१८ |
| चालु (प्रशासनिक खर्च) | १३,५०,५४,७०० | १२,८१,९१,४२३० | ९४.९२ | १६,२८,७७,००० | १३,९५,२८,८५५ | ८५.६७ | १५,८३,४१,२०८ | १३,५२,८४,०५२ | ८५.४४ |
| यथार्थ खर्च जम्मा | ६८,३०,८३,००० | ६३,२९,०५,२०८ | ९२.६५ | ७१,१९,८६,००० | ६२,७०,६९,४९३ | ८८.०७ | ६६,७१,५६,००० | ५०,८१,६५,०५६ | ७६.१६ |

स्रोत : नगरपालिकाको लेखा शाखा, २०८१

तालिका ६ **नगरपालिकाको बाह्य स्रोतबाट हुने आय अनुमान(लाखमा)**

| **क्र सं.** | **स्रोत** | आ.व.८० / ८१ बजेट(यथार्थ) | **८१/८२ बजेट (संशोधित)** | **८२/८३ बजेट (प्रक्षेपित)** | **८३/८४ बजेट (प्रक्षेपित)** | **८४/८५ बजेट (प्रक्षेपित)** |
|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार : १३३११ - समानिकरण अनुदान | ११५० | ११६० | ११७० | १२८७ | १२८७ |
| २ | नेपाल सरकार : १३३१२ - शसर्त अनुदान चालु | ३०७३ | ३११४ | ३२०० | ३५२० | ३५२० |
| ३ | नेपाल सरकार : १३३१३ - शसर्त अनुदान पुँजीगत | २१२ | २२०० | २२०० | २४२० | २४२० |
| ४ | नेपाल सरकार : १३३१४ - विषेश अनुदान चालु | ५० | ५५ | ६० | ६६ | ६६ |
| ५ | नेपाल सरकार : १३३१५ - विषेश अनुदान पुँजीगत | ७५ | ७८ | ८० | ८८० | ८८ |
| ६ | नेपाल सरकार : १३३१७ - समपुरक अनुदान पुँजीगत | २२० | २३० | २४० | २५० | २६० |
| ७ | सुदुर पश्चिम प्रदेश : १३३११ - समानिकरण अनुदान | ९९ | १०५.५७ | ११० | ११० | ११० |
| ८ | सुदुर पश्चिम प्रदेश : १३३१२ - शसर्त अनुदान चालु | ५ | ६० | ७० | ८० | ९० |
| ९ | सुदुर पश्चिम प्रदेश : १३३१३ - शसर्त अनुदान पुँजीगत | ५८ | १४० | १५० | १६० | १७० |
| १० | सुदुर पश्चिम प्रदेश : १३३१५ - विषेश अनुदान पुँजीगत | २५ | ३० | ३० | ३३ | ३३ |
| ११ | सुदुर पश्चिम प्रदेश : १३३१७ - | १६५ | ८२.५ | १०० | १५० | २०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समपुरक अनुदान पुँजीगत | | | | | |
| १२ | राजस्व बाँडफाँड - प्रदेश सरकार : १००२० - राजस्व बाँडफाँड | २७ | ३० | ४० | ४४ | ४४ |
| १३ | राजस्व बाँडफाँड - संघीय सरकार : १००२० - राजस्व बाँडफाँड | १२२८ | १२५० | १३०० | १४३०००० | १४३०००० |
| १४ | आन्तरिक श्रोत : १००१० - आन्तरिक श्रोत | २८१ | ११० | १५० | २०० | २५० |
| जम्मा | | ६६७१ | | | | |

स्रोत : नगरपालिकाको लेखा शाखा, २०८१

## ३.९ नगरपालिका गौरवका आयोजनाको रूपमा प्राथमिकता प्राप्त आयोजना र कार्यक्रम

तालिका ७ पुचौंडी नगरपालिका गौरवका आयोजना तथा कार्यक्रम

| क्र स | कार्यक्रमहरू | एकाइ | योजना का कुल लक्ष्य | अनुमानित श्रात र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| १ | सवै वडा जोड्ने चक्रपथ निर्माण | किमी | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** |
| २ | पुचौंडी वसपार्क | संख्या | १ | १०० | १०० | १०० | ५० | ५० | **४००** |
| ३ | एकिकृत वस्ती परियोजना विकास | संख्या | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| ४ | पुचौंडी उद्यान | संख्या | १ | ३०० | २०० | ३०० | ३०० | ३०० | **१५००** |
| ५ | पनेरु कोट पर्यटकीय पदमार्ग | किमी | १ | २०० | २०० | २०० | २०० | २०० | **१०००** |
| ६ | त्रिवेणी रंगशाला | संख्या | १ | १५० | १५० | १५० | १५० | १५० | **७५०** |
| ७ | पुचौंडी औद्योगिक ग्राम, (संभाव्यता अध्ययन पछि लागत अनुमान गर्ने) | संख्या | १ | १०० | २५० | २५० | २५० | ४०० | **१२५०** |
| | **गाउँ गौरबको योजनाको जम्मा** | | | १६५० | १७०० | १८०० | १७५० | १९०० | ८८०० |

स्रोतः योजना निर्माणका क्रममा छलफलद्वारा तय गरिएको ।

# परिच्छेद ४: आर्थिक क्षेत्र

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। यी विषयहरू दिगो विकासको लक्ष्य १ (शुन्य गरिवि), लक्ष्य २ (भोकमरीको अन्त्य) लक्ष्य - ८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य १० (असमानताको न्यूनीकरण) संग जोडिएका छन् । यस नगरपालिकाले आर्थिक क्षेत्रको उद्देश्य उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै आर्थिक तथा सामाजिक विकासको आधार तयार गर्नु भन्ने निर्धारण गरेको छ ।त्यसैगरी १६ औं योजनाले दीर्घकालीन लक्ष्यका रुपमा उच्च र दिगो उत्पादन / उत्पादकत्व र तीव, दिगो तथा रोजगारमूलक आर्थिक वृद्धिलाई तथा दिगो विकास लक्ष्यलाई एक मार्गदर्शनको रुपमा ग्रहण गरेको छ । यस अनुसार कृषि क्षेत्रलाई औद्योगिकीकरणका माध्यमवाट रोजगारी सिर्जना गरी आयआर्जन वृद्धि, गरिवी निवारण, भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा पोषणको सुनिश्चितता गर्नुपर्ने हुन्छ ।

## ४.१ कृषि तथा पशुपंक्षि

### ४.१.१ पृठभूमि

नेपालको संविधानले खाद्य सम्वन्धी अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूति गरि देशलाई खाद्य सम्प्रभुत्व तुल्याउन र स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा विशेष जोड समेत दिएको छ । त्यसैगरी १६ औं योजनाले दीर्घकालीन लक्ष्यका रुपमा उच्च र दिगो उत्पादन / उत्पादकत्व र तीव, दिगो तथा रोजगारमूलक आर्थिक वृद्धिलाई तथा दिगो विकास लक्ष्यलाई एक मार्गदर्शनको रुपमा ग्रहण गरेको छ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कृषि तथा पशुपालन सम्वन्धी, कृषि उत्पादन व्यवस्थापन, कृषि तथा पशुपंक्षी वजार सूचना दिने, वजार तथा हाटवजारको पूर्वाधार निर्माण गर्ने, साना सिंचाइ निर्माण गर्ने, प्राविधिक सेवा तथा कृषि सामाग्री आपूर्ति गर्ने, कृषकको क्षमता विकास गर्ने, पशुपंक्षीजन्य प्रकोप तथा महामारी नियन्त्रण गर्ने, पशु चिकित्सक, पशुनस्ल सुधार, पशुआहार, पशुपंक्षी वीमा तथा कर्जा सहजीकरण गर्ने, चरन क्षेत्रको विकास तथा व्यवस्थापन गर्ने र उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रबर्द्धन, विकास एवं वजारीकरण गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र समावेश गरेको छ ।

कृषि तथा पशुपन्छी क्षेत्रले यस पालिकामा कुल गार्हस्थ उत्पादनको सर्वाधिक योगदान गरेको पाइन्छ । कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस नगरपालिकामा उपलब्ध कृषि भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ । उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ । दिगो विकास लक्ष्यअन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न आदर्श उत्पादन र न्यायिक वितरण प्रणाली प्रति विशेष पहल गर्नुपर्ने देखिन्छ यस अनुसार कृषि क्षेत्रलाई औद्योगिकीकरणका माध्यमवाट रोजगारी सिर्जना गरी आयआर्जन वृद्धि, गरिवी निवारण, भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा पोषणको सुनिश्चितता गर्नुपर्ने हुन्छ ।

### ४.१.२ समस्या तथा चुनौती

जग्गा बाँझो राख्ने प्रवृत्ति बृद्धि हुनु, सार्वजनिक जग्गाहरूको व्यवस्थित अभिलेखाङ्कन र यसको वैज्ञानिक प्रयोग हुन नसक्नु, खेतीयोग्य जमिनको खण्डीकरण हुनु, श्रम र सीप हुनेका लागि कृषि भूमिमा पहुँच नपुग्नु,

खेतीयोग्य भूमिमा पर्याप्त सिंचाई उपलब्ध हुन नसक्नु, कृषिको व्यवसायिकरणा गर्न पुँजीको अभाव, रासायनिक मलको अभाव, कृषि पेशामा युवाको रुचिमा कमि, भिरालो जमिन, वाढी पैरो र आधुनिक प्रविधिको कमि, सिचाँइ सुविधाको कमि, कृषिका लागि अनुकुल भुगोल र वातावरणको अभाव, तथा राज्यले आवश्यक मात्रामा कृषि अनुदान दिन नसकेको, कृषिमा श्रमशक्तिको अभाव, मेहनत अनुसारको उत्पादन नहुने, कृषि गर्न चाहानेहरुका लागि पनि कृषि औजार र प्रविधिको कमि, उन्नत जातका पशुपंक्षि तथा विउविजन नहुदा आवश्यक मात्रामा मेहनत अनुसार उत्पादन हुन नसक्नु, बाढी पैहिरोको समस्या, कृषिबाट रोजगारी र जिविकोपार्जन हुन नसक्ने भएकाले युवाहरु विदेश पलायन हुनु, अव्यवस्थित वसोवासी र यातायातको असुविधाको कारण कृषि पेशामा समस्या रहेको छ ।

भूमि व्यवस्थापन तथा भूमि प्रशासन सेवालाई वैज्ञानिकीकरण तथा सरलीकरण गर्नु, परम्परागत खेती प्रणालीलाई आधुनिकीकरण र व्यावसायीकरण गराई युवा जनशक्तिलाई कृषि तथा पशु व्यवसायतर्फ आकर्षित गराउनुका साथै कोभिड-१९ महामारीका कारण वैदेशिक रोजगारीबाट फर्केकाहरूका लागि कृषिमा आकर्षित हुने खालका कार्यक्रमहरूबाट स्वरोजगार गराउनु, खाद्यान्नको उचित वितरण गर्नु र यसको प्रयोगमा जनचेतनामूलक कार्य सञ्चालन गर्नुका साथै कृषि सहकारीहरूको लगानीलाई व्यापकरूपमा कृषि उत्पादन तथा उद्योगमा परिचालन गर्नुपर्ने चुनौतीहरू रहेका छन् ।

### ४.१.३ संभावना तथा अवसर

पालिकाले अनुदान उपलब्ध गराएको कारण कृषकलाई राहत भएको, जडिवुटी तथा फलफुलको लागि सम्भावना रहेको, अल्लो प्रशोधन, सुन्तला, कागति मौसमी, अनार, केरा, आँप, च्यरी र नगदे बालीको ब्यबसायिक क्षमता विकास गर्न सकिने, रैथाने वालीको प्रबर्द्धन गर्न सकिने, उन्नत जातको विउ विजनको व्यवस्था गर्न सकिने, कृषि तथा पशुपालन क्षेत्रको विकासका आवस्यक नीति तय गर्न सकिने, भैसी र बाख्राको उन्नत जाताको राँगा र बोका वितरण गरेर पशु उत्पादनमा बृद्धी गर्न सकिने, खाद्यान्न बालीहरु मकै, गहु, कोदो र जौ को उत्पादन बृद्धी गरेर आत्मनिर्भर बनाउन सकिने सम्भावना रहेको छ ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

नगरपालिकामा कृषिको आधुनिकीकरण एवम् व्यवसायिकताको विकासद्वारा कृषि तथा पशुपन्छीपालन क्षेत्रलाई प्रतिस्पर्धी र आत्मनिर्भर बनाउने ।

**उद्देश्य**

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी नगरपालिकाको निर्यात प्रवर्द्धन गर्नु ।

२. निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु ।

३. जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी नगरपालिकाको अर्थतन्त्रमा टेवा पुर्‍याउनु ।

४. पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपन्छी जन्य पदार्थको निर्यात प्रवर्द्धन गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका ८ **कृषि तथा पशुपालन रणनिति तथा कार्यनिति**

| रणनिति | कार्यनितिहरु |
|---|---|
| उद्देशय १ कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी नगरपालिकाको निर्यात प्रवर्द्धन गर्नु । | |
| १.१ः कृषि क्षेत्रको उत्पादकत्व वृद्धि र आधुनकीकरण गर्ने । | १. कृषिको विकासका लागि आवश्यक नीति, कानून र नियमहरू परिमार्जन र प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।<br>२. कृषि वस्तुहरूको व्यावसायिक उत्पादन सहित कृषि उत्पादनमा वृद्धि र पूर्वाधार परियोजनाहरू सहित आवश्यक पूर्वाधारहरूमा पहुँच बढाइनेछ।<br>३. उन्नत प्रविधिहरूमा राम्रो कृषि अभ्यासहरूको प्रावधान (थ्रेड, जोत्ने, चिन्हहरू, आदि सहितको मेसिनहरू) उडाइनेछ।<br>४. कृषिको आधुनिकीकरणका लागि आवश्यक कृषि औजारको व्यवस्था गरिनेछ।<br>५. खेतीयोग्य जमिन बाँझो छोड्ने प्रवृत्तिलाई निरूत्साहित गरिनेछ । |
| उद्देश्य २ः निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु । | |
| २.१ः तुलनात्मक लाभ हुन सक्ने स्थानिय बालिनालि र आधारभुत खाद्य बस्तुको उपभोगमा आत्मनिर्भरता हाशिल गर्ने । कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण र वितरण प्रणालीमा नयाँ प्रविधिको विकास। | १. खाद्यान्न र अन्य कृषि उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादन पकेट क्षेत्रको विकास गरि सघन व्यावसायिक खेती प्रणालीलाई बढाइनेछ।<br>२. कृषि उपज उत्पादन प्रशोधन, भण्डारण एवम् वितरण प्रणालिमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्वन र आधुनिकिकरण गरिने छ ।<br>३. उत्पादन र भण्डारणको समयमा हुने नोक्सानीलाइ न्युनिकरण गर्न कृषि उपज संकलन भण्डारण केन्द्र स्थापना गरिनेछ।<br>४. निजि तथा सहकारि क्षेत्रको संग्लग्नता बढाउदै करार सम्झौतामा आधारित तथा सहकारि खेतिलाइ प्राथमिकता दिइनेछ । |

| | |
|---|---|
| | ५. मुल्य श्रृंखला पद्धति अनुसार उत्पादन देखि बजारिकरणसम्मका कार्यक्रमहरु एकिकृत रुपमा संचालन गरिनेछ ।<br>६. खाद्य उत्पादन कम भएको स्थानीय स्तरमा पोषण असुरक्षित क्षेत्रहरूमा उत्पादन गणना गरी दिगो कृषि उत्पादन (कागती, सुन्तला) को प्रवर्द्धन र उपयोगमा<br>जोड दिइनेछ।<br>७. स्वस्थ खानेकुरा र पोषक तत्वको स्रोत र प्रयोग बारे सचेतना कार्यक्रम आयोजना गर्ने । |
| उद्देश्य ३ः जैविक खेती प्रवर्द्धन गरी कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी नगरपालिकाको अर्थतन्त्रलाई टेवा पुर्याउने . | |
| ३.१ः जलवायु परिवर्तन र विपद्को जोखिम न्युनीकरणा र<br>वातावरण मैत्री कृषि अभ्यासको<br>विकास र विस्तार। | १. अर्गानिक खेतीलाई प्रोत्साहन गरी उत्पादित वस्तुको बजारीकरणमा जोड दिइनेछ।<br>२. जलवायु परिवर्तनसँगै कृषिमा केन्द्रित भएर कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने यसको प्रयोग बढाइनेछ।<br>३. जैविक विविधता र जैविक विविधताको संरक्षणमा स्थानीय सहयोग<br>नेतृत्वलाई प्रोत्साहन मिल्नेछ।<br>४. कृषि अध्ययन र अनुसन्धानमा आधारित वातावरणमैत्री कृषिको विकास र विस्तार गर्ने<br>४. कृषि अध्ययन र अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि अभ्यासको विकास र विस्तार काम चल्छ<br>५. स्थानीय ज्ञान स्रोतहरू र मार्फत कृषि उत्पादनको अधिकतम उत्पादन र उत्पादकता जैविक प्रक्रियाहरू प्रयोग गरिनेछ। |
| उद्देश्य ४ः पशुपंछि पालनलाइ प्रविधियुक्त बनाई व्यवसायिक पशुपंछिजन्य पदार्थको निर्यात प्रवर्द्धन गर्न। | |
| ४.१ः कृषकलाई पालन तथा व्यवसाय मा प्रेरित गरि आत्मनिर्भर हुने कार्यक्रम संचालन गर्ने । | १. कृषकहरूलाई पशुपंछिपालन व्यवसाय गर्न प्रोत्साहित गरी आत्मनिर्भर कार्यक्रम<br>संचालन गरिनेछ।<br>२. युवाहरूको बिदेशमा विदेश पलायन रोक्न र विदेशबाट फर्किएका युवालाइ पशुपंछि पालन र युवा लक्षितकार्यकर्मलाइ प्राथमिकता दिइने छ ।<br>३. पशुपालनमा युवा सहभागिता र महिला शसक्तिकरण लाइ केन्द्रित गरि व्यवसायिक कार्यक्रम संचालन गरिनेछ ।<br>४. व्यावसायिक कुखुरापालन साथै जंगली माछा पालन र माहुरी पालनमा<br>अननुदान तथा सहुलियत न ऋणको व्यवस्था गरिनेछ।<br>५. विपन्न परिवारलाई पशुपंछि पालनका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन |

| | |
|---|---|
| | गरिनेछ।<br>६. प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरिनेछ। |

## कार्यक्रम तथा आयोजना

*तालिका ९* **कृषि उपक्षेत्रको कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| भू-उपयोग कार्यक्रम | संख्या | १ | ० | १० | ० | ० | ० | १० | २ | ३ | १ |
| जग्गा वर्गीकरण (कृषि, आवासिय, औधोगिक) | संख्या | १ | १० | ० | ० | ० | ० | २० | २ | ३ | १ |
| आयोजना नीति, कार्यविधि र मापदण्ड निर्माण | संख्या | ३ | १० | ० | ० | ० | ० | १० | २ | ३ | १ |
| कृषि पकेट क्षेत्र विकास कार्यक्रम | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| मौरि पकेट क्षेत्र | संख्या | १० | २ | २ | २ | २ | २ | १० | २ | ३ | १ |
| आलु पकेट क्षेत्र | संख्या | ५ | ४ | ४ | ४ | ४ | ४ | २० | २ | ३ | १ |
| रैथाने बाली विकास कार्यक्रम | | | | | | | | | | | |
| बाली संरक्षण / प्रशोधन कार्यक्रम | संख्या | ४ | ० | ५ | ५ | ५ | ५ | २० | २ | ३ | १ |
| रैथानी खेति विस्तार आयोजना | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | २ | ३ | १ |
| रैथाने बाली संकलन केन्द्र | संख्या | १ | १० | ० | ० | ० | ० | १० | २ | ३ | १ |
| रैथाने बालि प्रर्दशन कार्यक्रम | संख्या | २ | ० | १० | ० | ० | १० | २० | २ | ३ | १ |
| नगदे बाली प्रबर्द्धन कार्यक्रम | | | | | | | | | | | |
| कागती क्षेत्र विकास आयोजना | हे | ४० | २० | १० | १० | १० | १० | ६० | २ | ३ | १ |
| मसला बालि प्रवर्द्दन (अदुवा अलैचि, बेसार खेति) | हे | १० | १० | १० | १० | १० | १० | ५० | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सुन्तला पकेट क्षेत्र विकास | हे | ५० | २० | १० | १० | १० | १० | ६० | २ | ३ | १ |
| अल्लो पकेट कार्यक्रम | हे | २५ | ५ | ५ | ५ | ५ | ५ | २५ | २ | ३ | १ |
| व्यवसायिक पशुपंक्षी पालन | संख्या | १० | ५ | ५ | ५ | ५ | ५ | २५ | २ | ३ | १ |
| बालि तथा पशुपंक्षी वीमा कार्यक्रम | संख्या | १० | ५ | ५ | ५ | ५ | ५ | २५ | २ | ३ | १ |
| नक्ष सुधार कार्यक्रम एवम् गोठ तथा खोर सुधार कार्यक्रम | संख्या | १० | २० | २० | २० | २० | २० | १०० | २ | ३ | १ |
| गाइ/भैसी पालन पकेट क्षेत्र कार्यक्रम | संख्या | ३ | ० | २० | ० | २० | २० | ६० | २ | ३ | १ |
| बाख्रा/च्यांग्रा पालन पकेट क्षेत्र कार्यक्रम | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| दुध संकलन तथा प्रशोधन केन्द्र | संख्या | ५ | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| पुष्प प्रवर्द्दन कार्यक्रम | संख्या | ३ | ५ | ५ | ५ | ५ | ५ | २५ | २ | ३ | १ |
| कौसि खेति कार्यक्रम | संख्या | ३ | ५ | ५ | ५ | ५ | ५ | २५ | २ | ३ | १ |
| व्यवासायिक घाँस खेति कार्यक्रम | संख्या | ३ | ५ | ५ | ५ | ५ | ५ | २५ | २ | ३ | १ |
| पशु आहार कार्यक्रम | संख्या | १ | ३० | ३० | ३० | ३० | ३० | १५० | २ | ३ | १ |
| वडामा पशु स्वास्थ्य शिबिर कार्यक्रम | संख्या | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | २ | ३ | १ |
| पशुपंक्षी स्वास्थ्य उपचार र रेविज नियन्त्रण खोप कार्यक्रम | संख्या | ५ | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| चिसो पानिमा मत्स्यपालन कार्यक्रम | संख्या | ३ | ५ | ५ | ५ | ५ | ५ | २५ | २ | ३ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सार्वजनिक जग्गा वा खोलाकिनारमा प्राकृतिक मस्त्य पालन | संख्या | १ | १० | १० | १० | ० | ० | ३० | २ | ३ | १ |
| नबिन कार्यक्रम | | | | | | | | | | | |
| एक बडा एक उत्पादन पकेट क्षेत्र व्यवस्थापन | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| एक बडा एक कृषि/पशु विकास प्राविधिक | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| एक वडा एक उन्नत जातको विउ विक्रि तथा भण्डारण केन्द्र निर्माण | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| कृषि आधुनिकीकरण (टनेल, ग्रेसिंग तथा आधुनिक कृषि औजार सहायता कार्यक्रम) | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| कागति तथा सुन्तला खेति प्रवर्द्धन कार्यक्रम | हे | १० | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| मौरी विकास कार्यक्रम | संख्या | १ | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| कृषि पूर्वाधार तथा निर्माण | | | | | | | | | | | |
| कृषि उपज संकलन तथा विक्री केन्द्र | संख्या | २ | ५० | ० | ० | ५० | ० | १०० | २ | ३ | १ |
| कृषि हाट बजार सञ्चालन | संख्या | ३ | २० | ० | २० | ० | २० | ६० | २ | ३ | १ |
| कृषि एम्बुलेन्स पशुका लागि समेत । | संख्या | १ | ० | ५० | ०० | ० | ० | ५० | २ | ३ | १ |
| चरन क्षेत्र विकास कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | २ | ३ | १ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उत्पादन तथा उत्पादकत्व अभिवृद्धि | | | | | | | | | | | |
| गह्रा सुधार कार्यक्रम तथा चक्लाबन्दि | संख्या | ३ | २० | २० | १० | ० | ० | ५० | २ | ३ | १ |
| कृषि यन्त्र खरिदमा सहयोग (७५ प्रतिशत अनुदान सहयोग) | संख्या | १० | ४० | ४० | ४० | ४० | ४० | २०० | २ | ३ | १ |
| जैविक मल उत्पादन सहयोग | संख्या | ३ | ४० | ४० | ४० | ० | ० | १२० | २ | ३ | १ |
| कृषि किरा नियन्त्रण, औषधि वितरण | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| क्षमता विकास कार्यक्रम | | | | | | | | | | | |
| प्राविधिकहरुको क्षमता विकास | संख्या | १० | २० | २० | २० | २० | २० | १०० | २ | ३ | १ |
| कृषकको क्षमता विकास, परिचयपत्र, डाटावेस र कृषि सहकारीको क्षमता विकास | संख्या | १० | २० | २० | २० | २० | २० | १०० | २ | ३ | १ |
| कमाउदै सिक्दै युवा कार्यक्रम | संख्या | १० | २० | २० | २० | २० | २० | १०० | २ | ३ | १ |
| थोपा सिचाइ कार्यक्रम | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | २ | ३ | १ |
| जम्मा | | | ५७१ | ५४६ | ४६६ | ४५६ | ४३६ | २४८५ | | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

### ४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका १०* **कृषि उपक्षेत्रको *अपेक्षित उपलब्धि* नतिजा खाका**

| प्रमुख नतिजा सूचक | ईकाइ | आधार वर्ष ८०/८१ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | |
| प्रभाव तहः | नगरपालिकामा कृषिको आधुनिकीकरण एवम् व्यवसायिकताको विकासद्वारा कृषि तथा पशुपन्छीपालन क्षेत्रलाई प्रतिस्पर्धी र आत्मनिर्भर बनेको हुने । | | | | | | | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा, कृषि तथा पशु विकास शाखाको विवरण | जलवायु परिवर्तन अनुकूलन, महामारी तथा प्राकृतिक विपद्, बजेट अभाव |
| आफ्नै उत्पादन वा आयले ९ महिना भन्दाबढी खान पुग्ने परिवार | प्रतिशत | ५ | ७ | १० | १३ | १६ | १९ | | |
| १ असर तहः | कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी नगरपालिकाको निर्यात प्रवर्द्धन गर्नु । | | | | | | | | |
| कृषियोग्य भूमिले ओगटेको क्षेत्रफल | हेक्टर | ० | ३०० | ४०० | ८०० | १५०० | ३००० | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा, कृषि तथा पशु विकास शाखाको विवरणा | कृषि उत्पादनमा अभिवृद्धि भएको हुने, कृषकहरूमा व्यावसायिकता विकास भएको हुने |
| आत्मनिर्भर भएका खाद्य बालीहरू | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| १.१ प्रतिफल | कृषि उपजहरूमा अभिवृद्धि हुने | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कागति, सुन्तला उत्पादन क्षेत्र | हेक्टर | ० | ० | २० | ४० | ६० | १०० | | |
| अल्लो उत्पादन क्षेत्र | हेक्टर | ० | १० | १५ | २० | २५ | ३० | | |
| अनार, केरा उत्पादन क्षेत्र | हेक्टर | ० | ० | ० | ० | ४० | ५० | | |
| गह्रा सुधार भएको खेत | रोपनी | ० | ० | ५०० | १००० | २००० | ३००० | | |
| १.२ प्रतिफलः | कृषि पेशा एक मर्यादित एवं आकर्षित पेशाको रुपमा स्थापित हुने | | | | | | | | |
| व्यवसायिक कृषि उत्पादन | संख्या | २ | ३ | ३ | ३ | ३ | ३ | पालिकाको वार्षिक प्रगति समीक्षा | कृषिपेशा मर्यादित पेशाको रूपमा विकास भएको हुने |
| व्यवसायिक कृषि फर्म | संख्या | १० | १५ | २० | ३० | ४० | ५० | | |
| १.३ प्रतिफल | कृषिका उत्पादन सामाग्री, प्रविधि तथा प्राविधिक सेवाको प्रभावकारितामा अभिवृद्धि भएको हुने | | | | | | | | |
| आधुनिक अल्लो प्रशोधन केन्द्र | संख्या | ० | ० | ० | ० | ० | २ | | |
| जडीबुटी संकलन र प्रशोधन केन्द्र | संख्या | ० | ० | ० | ० | ० | २ | | |
| सञ्चालनमा रहेको कृषि एम्बुलेन्स सेवा | संख्या | ० | ० | ० | ० | १ | १ | | |
| दक्ष कृषि प्रविधिक | संख्या | ० | ९ | ९ | ९ | ९ | ९ | | |
| नियमित सिंचित भूमि | हेक्टर | ० | १३० | १४० | १५० | २०० | २५० | | |
| कृषि पूर्वाधारहरूः संकलन तथा विक्री केन्द्र, गोदाम | संख्या | ० | ० | ० | १ | २ | ३ | | |
| २ असर तहः | निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु । | | | | | | | | |
| कृषि उपजहरूको वार्षिक विक्री | रू. करोड मा | ० | ३ | ४ | ५ | ६ | ७ | पालिकाको वार्षिक प्रगति समीक्षा | कृषिमा व्यवसायिकरण भएको हुने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१ प्रतिफल | कृषि उपजका बजारीकरणको आधार तयार हुने | | | | | | | | |
| कृषि थोक विक्रेतासँग ब्यबसायिक सहकार्य | संख्या | ० | ० | १ | १ | २ | ३ | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषि प्रवर्द्धन कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको हुने |
| व्यवसायिक रूपमा उन्नत जातको नर्सरी | संख्या | ० | ० | १ | २ | ३ | ४ | | |
| क्रियाशिल कृषि / वनस्पति प्रशोधन केन्द्र | संख्या | ० | ० | १ | ० | १ | ० | | |
| २.२ प्रतिफल | कृषि उपजहरूको वौद्धिक सम्पत्ति संरक्षण भएको हुने | | | | | | | | |
| दर्ता भई प्रयोगमा आएका व्यापारिक चिन्ह | संख्या | ० | ० | १ | १ | २ | ३ | व्यापार चिन्ह दर्ता वुलेटिन | कृषि प्रवर्द्धन कार्यक्रम प्रभावकारी भएको हुने |
| दर्ता भएको सामुहिक चिन्ह तथा भौगोलिक संकेत | संख्या | ० | ० | १ | १ | २ | ३ | | |
| ३ असर तहः | पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपन्छी जन्य पदार्थको निर्यात प्रवर्द्धन गर्नु | | | | | | | | |
| व्यवसायिक रुपमा पशुपंक्षीको पालन वार्षिक वृद्धिदर | प्रतिशत | ० | ० | ० | ४ | ८ | १२ | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषकहरूको व्यवसायिकता विकास भएको हुने |
| पशुजन्य उत्पादनको वार्षिक निकासी(कूल उत्पादनको) | प्रतिशत | ० | ० | ५ | १० | १५ | २० | | |
| पशुपंक्षी वीमाबाट लाभान्वित कृषक | संख्या | ० | ० | २०० | २५० | ३०० | ३५० | | |
| प्रतिफल | उन्नत जातको पशुपंक्षीहरूको उत्पादनमा अभिवृद्धि भएको हुने | | | | | | | | |
| उन्नत जातको पशुपंक्षीको | संख्या | ० | ० | २ | ५ | १० | २० | पालिकाको | कृषकहरूको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कूल संख्या (हजारमा) | | | | | | | | वार्षिक प्रगति प्रतिवेदन | व्यवसायिकता विकास भएको हुने |
| नक्ल सुधार तथा कृतिम गर्भाधान केन्द्र | संख्या | १ | १ | १ | १ | १ | २ | | |
| पशु सम्वन्धी प्रविधि खोप, कृत्रिम प्रजनन(क्यासट्रेसन) उपयोग गर्ने कृषक | संख्या | १०० | १५० | २०० | २५० | ३०० | ३५० | | |
| क्रियाशील पशु स्वास्थ्य कार्यकर्ता | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| प्रतिफल | पशुपंक्षीको वजार प्रवर्द्धन भएको हुने | | | | | | | | |
| पशुजन्य उत्पादनको विक्रीका लागि समय | घण्टा | २४ | २२ | १८ | १५ | १२ | १० | पालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषि पूर्वाधारको विकास भएको हुने |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

## ४.२ सिंचाइ

### ४.२.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सा—साना सतह तथा भूमिगत सिंचाइ प्रणालीको सञ्चालन, मर्मत सम्भार, रेखदेख, स्तरोन्नति एवं अनगमन तथा नियमन गर्न सक्ने अधिकार स्थानीय तहलाई दिएको छ । कृषियोग्य भूमिमा नियमित वाह्रै महिना सिंचाइ सुविधा उपलव्ध गराई कृषिको उत्पादन र उत्पादकत्व वढाउन सिंचाइको दिगो व्यवस्थापन गर्नुपर्ने, परम्परागत सिंचाइ प्रणालीको मर्मत सम्भार एवं नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको माध्यमवाट सिंचित क्षेत्र विस्तार गर्दै सिंचाइ पूर्वाधार निर्माण तथा सिंचाइ प्रणालीलाई सुदृढीकरण गर्नुपर्ने हुन्छ | पालिकाका कृषकहरुले धान, गहुँ, मकै, फलफूलका साथै विभिन्न थरिका बेमौसमि तरकारी बालीको पनि उत्पादन गर्ने गरेको भएता पनि नगरपालिकाको सवै खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलब्ध हुन सकेको छैन् । आवस्यक पुर्वाधार विकासको अभावमा सबै नागरिकले यथोचित रुपमा खानेपानी तथा सिंचाइको लागि पानी उपभोग गर्न सकिरहेको अवस्था छैन ।

### ४.२.२ समस्या तथा चुनौती

कृषि योग्य जमिनमा न्यून सिंचाइ सुविधा हुनु, सिंचाइ विकासमा आधुनिक प्रविधि (थोपा सिंचाइ, प्लाष्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, प्रयास सिंचाइ कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु भएका सिंचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, मर्मत सम्भारको कमी हुनु, सिंचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिंचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिंचाइबीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

पहाडी र जटिल भू-धरातल भएकाले सिंचाइ योजना निर्माण खर्चिलो र कठिन हुनु, आधुनिक सिचाई पुर्बाधारको अभाब, कृषियोग्य जमिनमा सर्वयाम सिंचाइ सुविधा उपलब्ध गराउन नसक्नु, कृषि र सिंचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिंचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भईआएका परम्परागत सिंचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नु, सिंचाइ कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु, सिचाई प्रविधिको विकास गर्न आवस्यक वित्तीय स्रोतको व्यवस्था गर्नु आदि नगरपालिकाको सिंचाई विकासका चुनौतीहरू हुन् ।

### ४.२.३ संभावना तथा अवसर

लिफ्ट सिंचाईको विकासका लागि उपयुक्त भू-बनौट, प्लास्टिक पोखरी तथा रिचार्ज पोखरीको व्यवस्था गर्न गराउन सकिने सम्भावना रहेको छ । सर्वायाम सिंचाईको उपलब्धता सँगै उत्पादकत्व वृद्धि भइ नगरपालिकाको कृषिजन्य उत्पादनमा आत्मनिर्भर हुने सम्भावना रहेको छ ।

आकाशे पानी सङ्कलन र प्लाष्टिक पोखरीको अभ्यास सुरु हुनु, साना सिंचाइ निर्माणका क्षेत्रमा संघसंस्थाहरू कियाशील रहनु, साना सिंचाइ नगरपालिकाको अधिकार क्षेत्रमा पर्नु, नगरपालिकाको प्राथमिकतामा सिंचाइ क्षेत्र समावेश हुनु तथा सिंचाइका लागि उपयुक्त फाँटहरूको उपलब्धता हुनु यस पालिकाका सिंचाई विकासका अवसरहरू हुन् ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्यः भरपर्दो एवं दिगो सिंचाइ प्रणालीको विकास र जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुने ।

**उद्देश्य**

१. जलाधार दिगो संरक्षण एवं उपयोग गर्दै परम्परागत सिंचाइ संरचनामा सुधार ल्याउनु ।

२. वैकल्पिक सिंचाइ स्रोतबाट नियमित रूपमा सिंचाइ सेवा उपलव्ध गराउनु तथा कृषियोग्य जमिनमा सिंचाइको पहुँच वृद्धि गर्न दिगो सिंचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका ११ **सिंचाईका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ जलाधार दिगो संरक्षण एवं उपयोग गर्दै परम्परागत सिंचाइ संरचनामा सुधार ल्याउनु तथा वैकल्पिक सिंचाइ स्रोतबाट नियमित रूपमा सिंचाइ सेवा उपलव्ध गराउनु | |
| १.१ परम्परागत सिंचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेवहरूलाई प्राथमिकतामा राखी सिंचाइको पहुँच वृद्धि गर्ने । | १. परम्परागत सिंचाइका स्रोतहरूको विवरण तयार पारिनेछ ।<br>२. परम्पपरागत स्रोतहरूको क्षमताको प्रविधिक टोलिबाट मूल्याङ्कन गराइनेछ<br>३. जलाधार स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ ।<br>४. आधारभूत सिंचाइको पहुँच वृद्दिकोलागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ ।<br>५. संरचना निर्माणकोलागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ ।<br>६. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ।<br>परम्परागत सिंचाइ संरचनामा सुधार र परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ। यस्ता स्रोतहरूको संरक्षण |
| १.२ आधारभूत सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिंचाइको पहुँच वृद्धि गर्ने । | १ . सिंचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ ।<br>२. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>३. संरचना निर्माणकोलागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ ।<br>४. सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ ।<br>५. प्राथमिकताको आधारमा वैकल्पिक सिंचाइ संरचनाको निर्माण गरिनेछ ।<br>६. सतह सिंचाइको सम्भावना नभएको क्षेत्रमा लिफ्टिङ प्रणालीबाट सिंचाइ गर्ने योजना तथा लागत इष्टिमेट गरिनेछ ।<br>७. संरचना निर्माणको निमित निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ ।<br>८. संरचना निर्माणको प्रयोजनकोलागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ । |
| | ९. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ |

| | |
|---|---|
| | १० सिंचाइका संरचनाको मर्मत सम्भारकोलागि सामूहिक कोषको व्यवस्था गरिनेछ।<br>११. सिंचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ। |
| उद्देश्य २ कृषियोग्य जमिनमा सिंचाइको पहुँच वृद्धि गर्न दिगो सिंचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु । | |
| २.१ः खेतीयोग्य जमिन भएको तर सिंचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिंचाइको पहुँच वृद्धि गरिनेछ । | १. सिंचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार पारिनेछ ।<br>२. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिंचाइ कुलोहरूको प्रयोगमा आउनेगरी पुनर्निर्माण गरिनेछ ।<br>३. एक योजनाबाट समुदायमा खानेपानी र सिंचाइको व्यवस्थापन गर्न सम्भव भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>४. सिंचाइकोलागि प्राथमिकताको आधारमा साना जलासय, पोखरी आदि संरचना तयार गरिनेछ ।<br>५. . गर्न दिगो सिचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु<br>६. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ ।<br>७. सिंचाइको व्यवस्थापनको लागि उपभोक्ताहरूको समितिको गठन गरिनेछ।<br>८. सिंचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता वृद्धि गरिनेछ। |
| २.२ः दिगो सिंचाइ प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने । | १. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ<br>२. सिंचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिंचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>३. दिगो सिंचाइको व्यवस्थापनकोलागि उपभोक्ता र समुदायको दक्षतामा वृद्धि गरिनेछ ।<br>४. सिंचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली, फलफूल तथा खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>५. सिंचाइ आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ । |
| २.३ जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु । | १. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ ।<br>२. नदीजन्य प्रकोपका दिगो नियन्त्रणमा स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ।<br>३. खोलाखोल्सीको नियन्त्रणमा वायोइन्जिनियरिङ प्रविधिको उपयोग |

| | |
|---|---|
| | गरिनेछ।<br>४. नदी किनाराको वनको संरक्षणमा विशेष ध्यान दिइनेछ ।<br>५. नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

तालिका १२ **सिचाँइ उपक्षेत्रको कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | कुल लक्ष्य | अनुमानित श्रात र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| सिंचाइ प्रणाली विकास | संख्या | १० | ५० | ५० | ५० | ५० | ५० | २५० | २ | ३ | १ |
| आधुनिक सिंचाइ प्रविधि निर्माण | संख्या | ५ | ५० | १०० | १०० | १०० | १०० | ४५० | २ | ३ | १ |
| सिचाई कुलो मर्मत सम्भार तथा स्तरोन्ती | संख्या | १० | ५० | ५० | ५० | ५० | ५० | २५० | २ | ३ | १ |
| रिचार्ज पोखरी निर्माण | संख्या | ३ | ० | ५० | ५० | ५० | ० | १५० | २ | ३ | १ |
| प्लास्टिक पोखरी निर्माण | संख्या | ३ | ० | ५० | ५० | ५० | ० | १५० | २ | ३ | १ |
| सिचाँइको जम्मा | | | १५० | २५० | ३०० | ३०० | २०० | १२०० | | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

### ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका १३* **सिचाँइ उपक्षेत्रको *अपेक्षित उपलब्धि* नतिजा खाका**

| प्रमुख नतिजा सूचक | ईकाइ | आधार वर्ष | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ | ०८२/८३ | ०८३/०८४ | ०८४/८५ | ०८५/०८६ | | |
| प्रभाव तहः | भरपर्दो एवं दिगो सिंचाइ प्रणालीको विकास र जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुने | | | | | | | | |
| बाह्रै महिना सिचाँइ उपलब्ध हुने क्षेत्र थप भइ कृषि उत्पादकत्व बृद्धि हुने | प्रतिशत | - | ४ | ५ | ६ | ७ | ८ | पालिकाको पार्श्वचित्र, | संघ र प्रदेशबाट यथेष्ट बजेट व्यवस्था भएको हुने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ असर तहः | जलाधार दिगो संरक्षण एवं उपयोग गर्दै परम्परागत सिंचाइ संरचनामा सुधार हुने। | | | | | | | | |
| सिचाईका लागि प्रयोगमा आएको जलाधार क्षेत्र (खोला/ खोल्सा) | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | पालिकाको पार्श्वचित्र, | स्थानीय समूदायसँग सहकार्य हुने |
| १.१ प्रतिफल | सिंचाइका संरचनाहरूको मर्मत सम्भार तथा स्तरोन्नति भएको हुने | | | | | | | | |
| कुलो तथा नहरको निर्माण / स्तरोन्नतिबाट थप सिंचित भूमि | हेक्टर | ० | ० | १०० | २०० | ३०० | ४०० | पालिकाको पार्श्वचित्र | लाभान्वित समुहसँग समन्वय र सहकार्य प्रभावकारी भएको हुने |
| २.असर तहः | वैकल्पिक सिंचाइ स्रोतबाट नियमित रूपमा सिंचाइ सेवा उपलब्ध गराउनु तथा कृषियोग्य जमिनमा सिंचाइको पहुँच वृद्धि गर्न दिगो सिंचाइ प्रणालीको विकास तथा व्यवस्थापन हुने। | | | | | | | | |
| आधुनिक प्रविधिको प्रयोगबाट थप सिंचित क्षेत्र | हेक्टर | ० | १० | २० | ३० | ४० | ५० | पालिकाको पार्श्वचित्र | संघ र प्रदेशबाट यथेष्ट बजेट व्यवस्था भएको हुने |
| २.१ प्रतिफल | आधुनिक सिंचाइ प्रविधिहरू प्रयोगमा आएको हुने | | | | | | | | |
| थोपा छर्किने सिंचाइ प्रविधिबाट सिंचित भूमि | हेक्टर | ० | १० | २० | ३० | ४० | ५० | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | संघ र प्रदेशबाट यथेष्ट बजेट व्यवस्था भएको हुने |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

नेपालको संविधानले धार्मिक स्वतन्त्रताको एक भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रूपमा स्थापित गर्दै प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने आफ्नो समदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने र नेपालमा वसोवास गर्ने प्रत्येक नेपाली समदायलाई आफ्नो भाषा लिपि संस्कृति मारकनिक सभ्यता र सम्पदाको सम्बर्द्धन र संरक्षण गर्ने हक प्रदान गरेको छ ।पर्यटकीय क्षेत्रको विकासका लागि ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पुरातात्विक सम्पदा एवं प्राकृतिक श्रोतहरुको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रसार प्रसार गरी राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल हुनेगरी पर्यटन उद्योग विकास गर्दै प्राप्त लाभ वितरणमा स्थानीय जनता प्राथमिकता दिने नीति संविधानमा उल्लेख भएको छ । त्यसैगरी १५ औं राष्ट्रिय योजनाले पर्यटनलाई विशेष महत्व दिदै गुण्नस्तरीय पर्यटन सेवाको विकास र विस्तारलाई रुपान्तरणका प्रमुख सम्वाहकका रुपमा ग्रहण गरिएको छ । त्यसैगरी नेपाललाई आकर्षक, सुरक्षित, मनोरञ्नात्मक पर्यटकीयमैत्री गन्तव्यको रुपमा स्थापित गर्ने, नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान, विविधीकरण, पूर्वाधार विकासमा निजीक्षेत्रको प्रवर्द्धन गर्दै रोजगारीका अवसरहरु वृद्धि भई जनताको जीवनस्तरमा सुधार ल्याउने परिकल्पना भएको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन सम्वन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, नियमन गर्ने साथै ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारकको संरक्षण गर्ने, स्थानीय मौलिक झल्किने साँस्कृतिक रीतिरिवाजको संरक्षण, प्रवर्द्धन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

स्थानीय सरकार सजालन ऐन २०७४ अनुसार भाषा संस्कृनि र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीनि कानून मापदण्ड योजना कार्यान्वयन अनगुमन र नियमन पुरातत्व, प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार प्रवर्द्धन र विकास परम्परागत जात्रा तथा पर्वको सजालन र व्यवस्थापन, प्रचलित कानुन विरुद्धका कुरीति तथा कुसंस्कार विरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य, भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्यलाई स्थानीय सरकारको कार्यक्षेत्रका रूपमा उल्लेख गरेको छ ।

### ४.३.२ समस्या तथा चुनौती

पर्यटन उद्योगबाट हुन सक्ने लाभवारे स्थानीय नागरिकलाई, पर्याप्त जानकारी नहुनु, नगरपालिका क्षेत्रमा पर्यटन उद्योगकालागि दक्ष जनशक्तिको अभाव, आधारभुत पर्यटन पूर्वाधारको विकास नहुनु, पर्यटकीय सम्पदाको प्रचार प्रचारको अभाव, बजार व्यवस्थापन अभाव, सूचना प्रविधि मैत्री संचारको अभाब, पर्यटकीय उत्पादनको अभाब, स्थानीय संस्कृतिको प्रवर्द्धन र विस्तार हुन नसक्नु, पर्यटक सूचना केन्द्रको अभाब यस नगरपालिकाको पर्यटन विकासमा प्रमुख समस्याका रुपमा देखिएका छन् ।

प्राचीन तथा मौलिक कला र जातीय संस्कृति, ऐतिहासिक मठ मन्दिरहरूको जगेर्ना हुन नसक्नु, बाह्य संस्कृतिको प्रभाव र अतिक्रमण बढ्नु, विभिन्न जातजाति तथा अल्पसङ्ख्यक जनसङ्ख्याले बोल्ने भाषा लोप हुने खतरामा हुनु, भौगोलिक विकटताका कारण पर्यटकीय पूर्वाधार विकास खर्चिलो हुनु, युवावर्ग विदेश जाने क्रम अत्यधिक हुँदा पर्यटन विकासकालागि आवस्यक मानव स्रोत संसाधन व्यवस्थापन गर्न गाह्रो हुनु, ठूला

योजनामा लगानी गर्न स्थानीय निजी क्षेत्र सक्षम नहुँदा पर्यटकीय पूर्वाधार विकास अपुरो हुने अवस्था सृजना हुनु यस पालिकाका पर्यटन पूर्वाधार विकासका चुनौतीहरू हुन् । प्राचीन सांस्कृतिक सम्पदा एवम् तिनिहरूको स्वामित्वमा रहेको सम्पत्तिको वैज्ञानिक अभिलेखीकरण गर्नु, विद्यमान सास्कृतिक विचलन रोक्नु, संस्कृति, कला, भाषा, र सम्पदाहरूको मौलिकपना जोगाइराखु र अन्तरपुस्ता ज्ञान हस्तान्तरण गर्नु, सांस्कृतिक गुठी तथा जात्राहरूको संरक्षण र निरन्तरता दिनु, सांस्कृतिक सम्पदाहरूको वैज्ञानिक अनुसन्धान, अध्ययन एवम् संरक्षण गर्नु, लोपोन्मुख जाति एवम् पिछडिएका वर्गको भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नु, वढ्दो सहरीकरण र विश्वव्यापीकरणले प्राचीन सम्पदा र संस्कृतिको थपिएको चुनौतीको सामना गर्नु परेको छ ।

### ४.३.३ संभावना तथा अवसर

सुदुरपश्चिम प्रदेश अन्तर्गत पर्ने यस पालिका धार्मिक-सांस्कृतिक तथा जैविक विविधताको धनी, प्राकृतिक स्रोतको खानी र मनोरम सौन्दर्य स्थलको धनी छ । यस क्षेत्रमा पाइने जैविक विविधता विविध सांस्कृतिक सम्पदा र प्राकृतिक मनोरम सुन्दरताले यस पालिकाको महत्त्वलाई झनै बढाएको छ । मनोरम पहाड तथा हिमालको दृश्य विभिन्न प्रजातिको गुराँस सहितको हरियो वनजङ्गल डाँडाकाँडावाट देखिने सूर्योदय र सूर्यास्तको आकर्षक दृश्य ऐतिहासिक तथा पुरातात्विक धरोहर प्राकृतिक तथा सास्कृतिक सम्पदा रीतिरिवाज भेषभूषा कलाकौशल र शान्त एवम् स्वच्छ वातावरणको पूर्ण सदुपयोग गरिएमा पर्यटन क्षेत्रको विकासको राम्रो सम्भावना छ । पर्यटन उद्योगका लागि आवश्यक अध्ययन र तालिमका लागि युवायुवती स्थानीय स्तरमा उपलब्ध हुनु, पर्यटन उद्योगका लागि आवश्यक अन्न, तरकारी, फलफूल गाउँमा नै उत्पादन हुने सम्भावना रहनु, स्थानीय उत्पादनको बजारीकरण हुनु, स्थानीय हस्तकला, भेषभुषा, संस्कृतिको प्रवर्द्धन हुनु, यस पालिकाका अवसरहरु हुन ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

ऐतिहासिक सम्पदा तथा मौलिक कला संस्कृतिहरूको जगेर्ना र सामाजिक सद्भाव कायम भइ साँस्कृतिक एवं मनोरम पर्यटकीय गन्तव्यका रूपमा विकास भएको हुने।

**उद्देश्य**

१. पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार तथा सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धन भएको हुने ।
२. पर्यटकीय पुर्वाधारहरूको बिकास, पर्यटकीय मानव संसाधन विकास गरी रोजगारी सिर्जना एवं आय आर्जनमा वृद्धि भएको हुने
३. विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।

## रणनीति तथा कार्यनीति

तालिका १४ **पर्यटन उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू रणनीतिहरू**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १: पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार तथा सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धन भएको हुने । | |
| १.१: नगरपालिकामा हाल सञ्चालनमा रहेका होटेल र चियापसलहरूको सेवाको स्तरोन्नति गर्ने । | १. स्थानीय होटेल, लज, रेस्टुराँ र चियापसलका व्यवसायीहरूलाई विषयगत इन्स्ट्रक्टर झिकाई स्थानीय स्तरमै पेशागत तालिमको व्यवस्था गरिनेछ ।<br>२. भइरहेका व्यवसायहरूको स्तरोन्नतिकालागि नगरपालिकाको पहलमा सहुलियत दरको पूँजीको खोजी गरिदिइनेछ । |
| १.२ नगरपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रशार गर्ने | १. पर्यटन प्रवर्द्धन बारेमा विज्ञहरूबाट संक्षिप्त अध्ययन गराइनेछ । विभिन्न सञ्चार माध्यमको प्रयोग गरी ठाउँहरूबारे प्रचारप्रसार गरिनेछ ।<br>२. विभिन्न सञ्चार माध्यमको प्रयोग गरी ठाउँहरूबारे प्रचार प्रसार गरिनेछ<br>३. ब्रोस्योर तयार गरी छिमेकी जिल्लाहरूमा वितरण गरिनेछ ।<br>४. नगरपालिका भित्रका जिल्लाका ब्याचलर्स / मार्स्टर्स तहका विद्यार्थीहरूलाई अनुसन्धानकालागि यी स्थानको फिल्ड भिजिटमा प्रोत्साहित गरिनेछ ।<br>५. यी स्थान विशेषका वारेमा नियात्राकारहरूको भ्रमण आयोजना गर्ने र साहित्यिक लेखरचना लेखाई पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था गरिनेछ ।<br>६. वेबसाइट, युट्युव, फेसबुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवस्यक प्रचार प्रसार गरिनेछ । |
| उद्देश्य २ः विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन, पुनःनिर्माण, जीर्णोद्धार गर्नु तथा पर्यटकीय पुर्वाधारहरूको बिकास गर्ने | |
| २.१: पर्यटन क्षेत्रको विकासकालागि आवश्यक पूर्वाधारहरुको विकास गर्ने | १. पर्यटकीय महत्त्वका स्थानहरूमा आवागमन सहज बनाउन सडक, पदमार्ग, झोलुङ्गे पुल आदि निर्माण गरिनेछ ।<br>२. भइरहेका सडक र पदमार्गको स्तरोन्नति गरिनेछ । |
| २.२ः पर्यटन पूर्वाधारहरूको निर्माण गर्ने । | १. विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ ।<br>२. पूर्वाधार निर्माणकालागि आवश्यक जग्गा खरिद तथा अधिग्रहण गरिनेछ । |

| | |
|---|---|
| २.३ः जीर्ण अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तया सांस्कृतिक महत्त्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्वार संरक्षण र विकास गर्ने । | १. जीर्ण अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तया सांस्कृतिक महत्त्वका सम्पदाहरूको पहिचान गरी जीर्णोद्वार गरिनेछ ।<br>२. यस नगरपालिका भित्र रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ |
| २.४ भौतिक एवम् अभौतिक संस्कृतिको संरक्षण गर्न सांस्कृतिक प्रोफाइल तयार गरी अद्यावधिक गर्ने। | १. पालिका सबै पुरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्यदृश्यसहितको प्रोफाइल तयार गरी संरक्षण गरिनेछ ।<br>२. विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवम् स्थानीय सामग्रीहरूलाई उत्पादन र प्रवर्द्धन गरिनेछ ।<br>३. लोपोन्मुख स्थानीय कला, भाषा, लिपि, र संस्कृतिको अभिलेखीकरण गरी संरक्षण र विकास गरिनेछ ।<br>४. भाषा, कला, नृत्य, नाट्यकला, लिपि र संस्कृतिलाई अभ्यास र स्थलीय सघनताका आधारमा सामुहीकरण गरी विकास र संरक्षणका कार्यकहरू सञ्चालन गरिनेछ ।<br>५. मौलिक भाषा, लोक संगीत् संस्कृति र कला सम्बन्धी सामग्री आधारभूत तहको स्थानीय पाठपक्रममा समावेश गरिनेछ ।<br>६. पर्यटकीय सम्पदाहरुको संक्षिप्त विवरण उल्लेख गरी छोटा छोटा वृत्तचित्र वनाई सामाजिक सञ्जालवाट प्रचार प्रसार गरी पर्यटन प्रबर्द्धन गरिने छ । |
| उद्देश्य ३ः पर्यटकीय मानव संसाधन विकास गरी रोजगारी सिर्जना गर्नु । | |
| ३.१ः नारपालिका भित्रका युवायुवतीलाई पर्यटन विषयको शिक्षा प्रदान गर्ने । | १. पर्यटन व्यवसायप्रति युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा व्याचलर्स डिग्रीमा अध्ययन गर्न पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>२. आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक युवायुवतीलाई नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएका Food Preparation and Control, Tourist Guide, Trekking Guide लगायतका छोटो अवधिका तालिममा पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>३. निजी क्षेत्रसंग सहकार्य गरी वेरोजगार युवाहरु पर्यटक गाइड, कुक, वेटर जस्ता व्यवसायिक सीप तालिम प्रदान गरी रोजगारीका अवसरहरु सिर्जना गरिने छ ।<br>४. स्थानीय आदिवासीहरुको संस्कृतिमा आधारित होमस्टेहरु सञ्चालन गर्न महिला तथा विपन्न समुदायलाई प्रोत्साहित गर्दै |

| | |
|---|---|
| | आवश्यक सहयोग उपलव्ध गराउदै रोजगारी तथा आयअर्जनका अवसरहरु सिर्जना गरिने छ ।<br>५. पर्यटन क्षेत्रलाई लक्षित गर्दै स्थानीय सीप तथा प्रविधिमा आधारित उत्पादन तथा हस्तकलाका सामाग्रीहरुमा उद्यमशीलता विकास गरी रोजगारीका अवसरहरु सिर्जना गरिने छ । |
| ३.१ः बाह्य स्रोतसाधनको खोजी गर्ने | १. पालिकाभित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकारसमक्ष अनुरोध गरिनेछ ।<br>२. पालिकामा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । |
| ३.२ः आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १ . नगरपालिकाको बार्षिक बजेटको निश्चित प्रतिशत रकम पर्यटन क्षेत्रका कार्यक्रमका लागि छुट्याइनेछ ।<br>२. पर्यटन क्षेत्रको विकासकालागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ । |
| उद्देश्य ४ः विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्बर्द्धन गर्नु । | |
| ४.१ाः सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने | १. भाषा, कला र संस्कृतिको संरक्षण र सम्बर्धन गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>२. धार्मिक, सांस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् सांस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ ।<br>३. धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट निर्मित संरचनाहरूको नामकरण गरिनेछ । |
| ४.२ाः भाषा, कला र साहित्य बहुसंस्कृतिको संरक्षण, सम्बर्द्धन र विकास गर्ने । | १. भाषा, लोक साहित्य, लोक सैस्कृति नृत्य, नाटय र कलाको सम्बर्धन र साहित्यको विकास गर्न भाषा, कला, साहित्य र संस्कृति प्रतिष्ठानको गठन गरी सञ्चालन गरिनेछ ।<br>२. सबै जात जातिको संस्कृति, रितिरिवाज र परम्पराको संरक्षणकोलागि बहुसांस्कृतिक ग्रामको स्थापना र विकास गरिनेछ ।<br>३. व्यक्तित्वहरूलाई सम्मानित र पुरस्कृत गरिनेछ ।<br>४ । भाषा, साहित्य र कलाको क्षेत्रबाट सामाजिक, सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गरिनेछ ।<br>५. प्रतिष्ठानद्वारा गायन, संगीत नृत्य र नाटक सम्बन्धी व्यवसायिक र गैरव्यवसायिक, प्रशिक्षण केन्द्रहरूको आधारभूत पाठ्यक्रममा |

| | |
|---|---|
| | एकरूपता कायम गरिनेछ । ६. विभिन्न धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सचालन गरिनेछ । |
| ४.३ः भाषा, कला, साहित्य र संस्कृतिका खोज अनुसन्धान गरी धार्मिक एवम् साँस्कृतिक पर्यटनको " प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुन्याउने । | १. विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, संस्कृतिको संरक्षण र विकास गर्न खोज अनुसन्धान गरिनेछ ।<br>२ . भाषा र संस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ । |
| ४.४ः बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गर्ने मापदण्ड बनाई कार्यान्वयन गर्ने । | १. सांस्कृतिक सम्पदालाई संरक्षण गर्न बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गरिनेछ ।<br>२. संग्रहालयमा स्थानीय कला, भाषा, लिपि, संस्कृति र ऐतिहासिक बस्तुहरू प्रदर्शनको व्यवस्था मिलाइनेछ ।<br>३. संग्रहालयहरूलाई स्तरोन्नति गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ । |
| ४.५ः पुरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, संवर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण परिचालन गर्ने। | १. विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रहरू, टेलिफिल्म, भिडियोहरू बनाउने र विद्यालय तथा समुदाय स्तरमा प्रदर्शन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. भाषा, साहित्य, नाटपकला, संगीत र ललितकलाको क्षेत्रमा योगदान पुर्‍याउने संघ संस्था तथा व्यक्तित्वहरूको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ । ३., धार्मिक र सांस्कृतिक सम्पदाको पुनर्निर्माण जीर्णोद्धार र व्यवस्थापन गर्नु ।<br>२. संग्रहालयमा स्थानीय कला, भाषा, लिपि, संस्कृति र ऐतिहासिक बस्तुहरू प्रदर्शनको व्यवस्था मिलाइनेछ ।<br>३. संग्रहालयहरूलाई स्तरोन्नति गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ । |

## प्रमुख कार्यक्रम तथा आयोजना

*तालिका १५* **पर्यटन उपक्षेत्रको कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | याजना कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा मा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| पर्यटकीय सम्पदा संरक्षण तथा सम्वर्द्धन | संख्या | ५ | २५ | २५ | २५ | २५ | २५ | १२५ | | | |
| मन्दिर तथा साँस्कृतिक सम्पदा सँरक्षण तथा व्यवस्थापन | संख्या | १० | १०० | १०० | १०० | १०० | १०० | ५०० | ८ | २ | ३ |
| पर्यटकीय पदमार्ग निर्माण | संख्या | २ | ५० | ५० | ५० | ० | ० | १५० | ८ | २ | ३ |
| पर्यटन सुचना केन्द्र एवं पर्यटन प्रविधिको विकास | संख्या | १ | २० | २० | २० | ० | ० | ६० | ८ | २ | ३ |
| सम्पदाहरूको पार्श्वचित्र निर्माण | संख्या | १ | २० | ० | ० | ० | ० | २० | ८ | २ | ३ |
| पर्यटकीय जनशक्ति/पूर्वाधार विकास | संख्या | २०० | २० | २० | २० | २० | २० | १०० | | | |
| पर्यटकीय नक्सा / सूचना केन्द्र निर्माण | संख्या | १ | १० | ० | १० | ० | १० | ३० | ८ | २ | ३ |
| होटल स्तरीकरण कार्यक्रम | संख्या | १ | ५ | ५ | ५ | ५ | ० | २० | ८ | २ | ३ |
| पर्यटकीय पैदल मार्ग निर्माण तथा स्तरोन्नति | संख्या | ४ | ५ | १० | ५ | ० | १० | ३० | ८ | २ | ३ |
| पर्यटन गाइड तथा कुक /वेटर तालिम | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ८ | २ | ३ |
| संक्षिप्त वृतचित्र निर्माण तथा प्रशारण | संख्या | १ | ० | २० | ० | ० | ० | २० | ८ | २ | ३ |
| कृषि पर्यटन विकास कार्यक्रम | संख्या | ३ | १० | ० | १० | ० | १० | ३० | ८ | २ | ३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पर्यटन, संस्कृति तथा सम्पदाको जम्मा | २४५ | २०५ | २२५ | १२५ | १८० | ९८५ | | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

### ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका १६ सिचाँइ उपक्षेत्रको अपेक्षित उपलब्धि तथा नतिजा खाका

| प्रमुख नतिजा सूचक | ईकाइ | आधार वर्ष | लक्ष्य परिणाम | | | | | सूचनाको | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०८०/०८१ | ८१/०८२ | ०८२/८३ | ८३/०८४ | ०८४/८५ | ८५/०८६ | स्रोत | |
| प्रभाव तहः | ऐतिहासिक सम्पदा तथा मौलिक कला संस्कृतिहरूको जगेर्ना र सामाजिक सद्भाव कायम भइ साँस्कृतिक एवं मनोरम पर्यटकीय गन्तव्यका रूपमा विकास भएको हुने। | | | | | | | | |
| आन्तरिक पर्यटकको संख्यामा भएको वार्षिक वृद्धि (आन्तरिक र बाह्य) | संख्या | ० | ३०० | ४०० | ६०० | ८०० | १२०० | वार्षिक प्रतिवेदन, | पर्यटकहरूको आवगमनमा अभिवृद्धि भएको हुने |
| १.असर तहः | पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धन भएको हुने | | | | | | | | |
| संरक्षित लोपोन्मुख संस्कृति तथा प्राकृतिक स्थल | संख्या | ६ | २ | ४ | ५ | ७ | ८ | पालिकाको पार्श्वचित्र | संस्कृति एबं प्राकृतिक संरक्षणमा अभिवृद्धि हुने |
| १.१ प्रतिफल | पर्यटकीय क्षेत्रको नक्साङ्कन भई सम्पदाहरू निर्माण भएको हुने | | | | | | | | |
| नक्साङ्कन भएका थप पर्यटकीय क्षेत्रहरू | संख्या | ० | २ | ४ | ५ | ६ | ७ | पालिकाको पार्श्वचित्र | पर्याप्त वजेट विनियोजन भएको हुने |
| १.२ प्रतिफल | पर्यटकीय क्षेत्रहरूको प्रवर्द्धनात्मक सामाग्रीहरुको विकास भई डिजिटल माध्यमबाट प्रचार प्रसार बएको हुने | | | | | | | | |
| प्रचारात्मक सामग्रीहरू (वृतचित्र, ई-पोष्टर, यु ट्युब) का किसिम | संख्या | ० | १ | २ | ३ | ४ | ५ | पालिकाको वार्षिक प्रगति | सरोकारवाल निकायसगँ प्रभाकबारी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | समीक्षा | समन्वय भएको हुने |
| २. असर तहः | पर्यटकीय पुर्वाधारहरूको बिकास, पर्यटकीय मानव संसाधन विकास गरी रोजगारी सिर्जना एवं आय आर्जनमा वृद्धि भएको हुने | | | | | | | | |
| पर्यटन व्यवसायमा थप लगानी वृद्धि | प्रतिशत | ० | ० | २ | ३ | ४ | ५ | पर्यटन व्यवसाय संघको वार्षिक प्रतिवेदन | पर्यटन आवागमनमा अभिवृद्धि भएको हुने |
| पर्यटनबाट राजस्व संकलनमा भएको वृद्धि | प्रतिशत | ० | ० | ३ | ४ | ४ | ५ | | |
| पर्यटनहरूको औषतमा दैनिक प्रतिव्यक्ति खर्च | रू.हजारमा | १ | २ | २.५ | ३ | ४ | ५ | | |
| २.१ प्रतिफल | पर्यटकीय पूर्वाधारहरूको स्तरोन्नति एवं थप निर्माण भएको हुने | | | | | | | | |
| स्तरोन्नति भएका पर्यटकीय पूर्वाधारहरू | संख्या | १ | १ | १ | १ | १ | १ | पालिकाको पार्श्वचित्र | पर्याप्त वजेट विनियोजन भएको हुने |
| व्यवस्थित पैदल मारगको लम्वाई | कि.मी. | २५० | २ | २ | २ | २ | २ | | |
| पर्यटक घर | संख्या | ० | ० | ४ | ५ | ६ | ७ | | |
| २.२ प्रतिफल | पर्यटन पर्वर्द्धनमा निजी क्षेत्रबाट लगानी वृद्धि भएको हुने | | | | | | | | |
| सञ्चालनमा रहेका होटल, रेष्टुरेन्ट, रिसोट | संख्या | ० | २ | ३ | ४ | ५ | ५ | दर्ता अभिलेख उद्योग व्यवसाय | पर्यटन आवागमनमा अभिवृद्धि भएको हुने |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

## ४.४ उधोग, व्यापार, तथा आपूर्ति

### ४.४.१ पृष्ठभुमि

नेपालको संविधान, २०७२ ले अर्थ, उद्योग र वाणिज्य लाई राज्यको निर्देशक सिद्धान्तको रुपमा अंगिकार गरेको छ । यस अनुसार साधन श्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास, विस्तार एवं उपलव्ध साधन र श्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने एवं सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति ग्रहण भएको छ । त्यसैगरी १५ औं राष्ट्रिय योजनामा दीर्घकालीन राष्ट्रिय रणनीतिका रुपमा तीव्र दिगो र रोजगारमूलक आर्थिक वृद्धिलाई अंगिकार गरिएको छ भने उद्यमशील कार्य संस्कृति विकासलाई रुपान्तरणका प्रमुख सम्वाहकका रुपमा र उद्योगजन्य पूर्वाधारको विकास, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि, रोजगारीका थप अवसरहरुको सिर्जना, स्थानीय श्रम र सीमा आधारित उद्योगको प्रवर्द्धन र विकासका साथै निर्यात प्रवर्द्धन र आयात व्यवस्थापन गर्ने गरी उद्योग क्षेत्रको समग्र विकास गर्ने परिकल्पना गरिएको छ । स्थानीय सरकारस सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय वजार व्यवस्थापन, स्थानीय वस्तुहरुको उत्पादन तथा आपूर्ति व्यवस्था, व्यापार प्रवर्द्धनमा सहजीकरण, स्थानीय वौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण, स्थानीय वस्तुहरुको गुणस्तर परीक्षण, स्थानीय व्यापार तथा वाणिज्य सम्वन्धी पूर्वाधार निर्माण लगायतका जिम्मेवारीहरु स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

विकासको संरचना र प्रविधिहरूमा आएका प्रगतिहरूले यस नगरपालिका कुनै पनि बस्तीहरू बाह्य क्षेत्र वा बजारबाट हुने आयात निर्यातबाट अलग रहन सकेको अवस्था छैन। भौगोलिक हिसाबबाट विविधता रहेको यस पालिका भित्र खाधानको बिनिमयमा एक आपसमा आश्रित रहेको अवस्था छ। मुख्य रुपमा लताकपडा, शिक्षा, स्वास्थ्य, संचार तथा यातायातका साधनहरू र कृषि तथा पशुपन्छिका लागि चाहिने मल, विषादि, दाना र औषधिहरू नै पालिका भित्र आपुर्ति हुने प्रमुख बस्तुहरू हुन् । आयातलाई निर्यातले प्रतिस्थापन गर्न पालिका भित्र बस्तुहरूको उत्पादन र विविधिकरण गर्न आवश्यक देखिन्छ .

### ४.४.२ समस्या तथा चुनौती

उद्यमशीलता एवं औद्योगिक सोचको अभाब, अन्तरसम्बन्धित पुर्बाधार (सडक, शिक्षा, जनचेतना) को अभाब, आर्थिक स्रोत साधनको कमि, स्थानिय स्तरमा वृहत उद्योग संचालनका लागि कच्चा पदार्थहरुको अभाव, कच्चा पदार्थ प्रशोधन गर्ने प्राविधिक ज्ञान तथा साधन स्रोतको कमि, उद्योग तथा व्यापार व्यवसाय संचालन गर्न दक्ष जनशक्तिको अभाव, उद्योग तथा व्यापार व्यवसायबाट हुने उत्पादनको लागि अनुकुल वजार व्यवस्थापनको अभाव, लगानी गर्न सक्ने क्षमताको कमी, अव्यवस्थित वसोवासका कारण तथा भिरालो जमिन र वसाइ सराइका कारण उद्योग व्यापार संचालन गर्न गार्हो, यातायातको असुविधाको कारण सामान ढुवानी र व्यवसाय सञ्चालन गर्न असहज अवस्था रहेको छ । निर्माण सामाग्रीको रुपमा प्रयोग हुने गिट्टी, ढुङ्गा, वालुवा आदि खानी तथा नदिजन्य वस्तुको अत्यधिक दोहन हुँदा वातावरणीय असन्तुलन मात्र नभई विपद्को जोखिम उच्च रहेको छ । उद्योगको विकास तथा उत्पदान वृद्धि गरी निर्यात गर्न उत्पादनका क्षेत्र र परिमाणमा वृद्धि गर्न लगानी गर्ने स्रोतको व्यवस्था गर्नु चुनौति रहेको छ । कच्चा पदार्थ उत्पादनमा आवश्यक सिप, ज्ञान, वजार सुचना र ढुवानीलाई अर्को चुनौतिका रुपमा लिइएको छ ।

आयात निर्यातको असन्तुलनका कारण ग्रामिण क्षेत्रको शहर प्रतिको परर्निभरतामा वृद्धि हुदै गइराखेको अवस्था छ । आयात क्षेत्रको प्रमुख समस्या भनेको ग्रामिण क्षेत्रबाट हुने पुँजीको पलायन नै हो । वित्तिय स्रोतको संकुचनका कारण ग्रामिण क्षेत्रका आर्थिक गरिविधिहरू क्रमश शहरकेन्द्रित हुँदै गएका छन् ।

### ४.४.३ संभावना तथा अवसर

वर्तमान अवस्थामा यस नगरपालिकामा राष्ट्रिय स्तरका ठूला उद्योग एवम् कारखानाहरू नभए पनि स्थानीय स्तरमा पाइने कच्चा पदार्थहरू र स्थानीय जडीवुटीमा आधारित तथा रैथाने तथा नगदे बालीसँग सम्बन्धित कृषिजन्य बस्तुमा आधारित साना उद्योग विकासको प्रचुर सम्भावना रहेको छ । साना तथा मझौला उद्योगकालागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुन सक्ने देखिन्छ । घरेलु स्तरमा उत्पादित उत्पादनहरूको बजारीकरणकोलागि नगरपालिकाको सहजीकरण र समन्वयकारी भूमिका भने अति महत्त्वपूर्ण हुने गर्दछ। साना तथा मझौलाका उद्योगको लागि आवश्यक कच्चा पदार्थ स्थानीय रूपमा नै उपलब्ध हुनु, उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जनाले बसाइँसराइ कम भई स्व-स्थानको विकासमा समुदायहरू समर्पित हुनु, स्थानीय कच्चा पदार्थको सदुपयोग हुनु, पर्यटकहरूलाई स्थानीय उत्पादन मार्फत् स्वागत गर्न सकिने र बजारीकरणलाई समेत सहयोग पुग्नु आदि जनगरपालिकामा उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति क्षेत्रका अवसरहरू हुन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य उद्देश्य, रणनिति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य,**

उद्योग व्यवसायहरुको प्रवर्द्धनवाट रोजगारीका अवसरहरु सिर्जना भई आयआर्जनमा सुधार आएको हुने ।

**उद्देश्य**

१. नगरपालिका भित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।

२. स्थानीय स्रोत, साधन, कच्चा पदार्थ, सीप र साधनको आधारित उद्योगहरुको प्रवर्द्धन गर्नु ।

३. उत्पादित बस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।

४. घरेलु तथा साना उद्योगको प्रवर्द्धनवाट रोजगारी एवं आयआर्जन वृद्धि गर्नु

**रणनीति र कार्यनीति**

**तालिका १७ उद्योग, व्यापार, तथा आपूर्ति उपक्षेत्रको रणनीति र कार्यनीति**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| उद्देश्य १: नगरपासिका भित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिनो बनाउनु । | |
| १.१ अत्यावस्यक सामाग्रीहरूको सहज आपूर्तिको सुनिश्चितता गर्ने । | १. सुपथ मुल्य पसलहरू सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२. सुपथ मुल्य पसल सञ्चालनकालागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।<br>३.नगरपालिका भित्रको सम्पुर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ । |
| उद्देश्य २ स्थानीय स्रोत, साधन, कच्चा पदार्थ, सीप र साधनको आधारित उद्योगहरुको प्रवर्द्धन गर्नु । | |
| २.१ः स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजिकरण एवम् प्रोत्साहन गर्ने । उत्पादन गरी वाइन उद्योग सञ्चालन गरिनेछ । | १. स्थानीय साधन, श्रोत, सीप तथा प्रविधिमा आधारित उद्योगको खोजि तथा विस्तार गरिने छ ।नगरपालिका भित्र औद्योगिक कार्य गरेर बसेका उद्यमीको लगत संकलन गरिने छ ।<br>२. सञ्चालनमा रहेका उद्योगहरुमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी उद्योग व्यवसायहरुको विकास विस्तारमा सहजीकरण गरिने छ ।<br>३. निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशील गरिनेछ ।<br>४. उद्योगी, व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दतदिखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ<br>५. स्थानीय परम्परागत, मौलिक एवं कला संस्कृतिसंग सम्वन्धित उद्योग व्यवसायहरुको संरक्षण, सम्वद्र्धन तथा प्रबर्द्धनका लागि नीतिगत व्यवस्था गर्दै युवाहरुमा सीप हस्तान्तरण, उद्यमशीलता विकासका लागि प्रोत्साहित गरिने छ । |
| २.१ः तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने । | १. तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>२. साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्ध गर्दै माग बमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ । |
| उद्देश्य ३ः उत्पादित बस्तुहरूको बिकी वितरणका लागि बजार व्यवस्थापन गर्नु । | |

| | |
|---|---|
| ३.१: स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुको बजारीकरण गर्ने। | १. जडीबुटी उत्पादन, प्रशोधन तथा निकासीमा जोड दिइनेछ।<br>२..स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्वारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ ।<br>३. औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ |
| उद्देश्य ४ घरेलु तथा साना उद्योगको प्रवर्द्धनवाट रोजगारी एवं आयआर्जन वृद्धि गर्नु | |
| ४.१ घरेलु तथा साना उद्योगको वजार प्रबर्द्धन गर्न प्रोत्साहनमूलक एवं प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने । | १. वेरोजगार तथा वैदेशिक रोजगारवाट फर्केका युवाहरुलाई निर्यातजन्य उद्योगका लागि चाहिने कच्चा पदार्थको व्यवसायिक खेती तर्फ आकर्षित गर्न प्रोत्साहित गरिने छ ।<br>२. नगरपालिका क्षेत्रमा उत्पादित वस्तुहरुलाई सामाजिक सञ्जाल तथा वेवसाइड मार्फत प्रचार प्रसारको व्यवस्था मिलाइने छ ।<br>३. घरेलु तथा साना उद्योगहरुको विस्तार एवं प्रबर्द्धनका लागि निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गरिने छ र आवश्यक सहयोग एवं अनुदानको व्यवस्था मिलाइने छ ।<br>४. परम्परागत सीप तथा प्रविधिमा आधारित हस्ताकला उद्योगहरुको विकास, विस्तार एवं ठूलो परिमाणमा उत्पादन गर्दै निकासी प्रबर्द्धनका लागि प्रोत्साहित गरिने छ । |

**प्रमुख कार्यक्रम तथा आयोजना**

**तालिका १८ : उधोग, व्यापार व्यसाय तथा आपूर्ति उपक्षेत्रको कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | याजनाका कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा ) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| घरेलु तथा साना उद्योगको संरक्षण तथा प्रवर्द्धन | | | | | | | | | दिगो बिकास | लैंगिक | जलवायु |
| घरेलु तथा साना उद्योगहरूको क्षमता अभिवृद्धि (स्थानीय भेषभुषा) | संख्या | ५ | १० | १० | १० | १० | १० | ५० | ९ | १ | ३ |
| अल्लो, सिस्नु प्रशोधन केन्द्र | संख्या | २ | ४० | ४० | ५० | ५० | ५० | २३० | ९ | १ | ३ |
| बास निगालो उद्दोग | | १ | १ | ५० | ५० | ५० | ५० | ५० | ९ | १ | ३ |
| छाला जुत्ता | | १ | १ | २५ | २५ | २५ | २५ | २५ | ९ | १ | ३ |
| आरन उद्दोग | | १० | १ | १५ | १५ | १५ | १५ | १५ | ९ | १ | ३ |
| सटरिङ र पलम्बिङ | | ५ | १ | २० | २० | २० | २० | २० | ९ | १ | ३ |
| मेड्पा कार्यक्रम प्रवर्द्धन | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | ९ | १ | ३ |
| कृषि, वन उद्यमशीलता विकास कार्यक्रम | संख्या | १ | २० | २० | २० | २० | २० | १०० | ९ | १ | ३ |
| कृषि उपज तथा जडीवुटी सङ्कलन, प्रशोधन, गोदामको सम्भाव्यता अध्ययन | संख्या | १ | ४० | ४० | ४० | ४० | ४० | २०० | ९ | १ | ३ |
| घरेलु, साना उद्योगको प्रविधि हस्तान्तरण | संख्या | १ | ३० | ३० | ३० | ३० | ३० | १५० | ९ | १ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| निर्यातजन्य उद्योगको प्रवद्धन कार्यक्रम | | | | | | | | | | | |
| निर्यातजन्य उद्योगको क्षमता विकास तथा सिप विकास सम्बन्धि तालिम कार्यक्रम कार्यक्रम | संख्या | १ | १० | १० | १० | १० | | ४० | ९ | १ | ३ |
| निर्यातजन्य वस्तुहरुको गुणस्तर सुधार, लेवलिङ, प्याकेजिङ सहयोग | संख्या | १ | १० | २० | ३० | | २० | ८० | ९ | १ | ३ |
| सहकार्य तथा समन्वय | | | | | | | | | | | |
| घरेलु उद्योगको विकासका लागि निजि क्षेत्र संग सहकार्य | संख्या | १ | १० | २० | ३० | | २० | ८० | ९ | १ | ३ |
| | | जम्मा | १८४ | ३१० | ३४० | २८० | ३१० | १०९० | | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

### ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आगामी ५ वर्षका लागि उद्योग व्यापार तथा व्यावसाय क्षेत्रको नतिजा खाका ,यसप्रकार रहेको छ ।

***तालिका १९:*** **उद्योग, व्यापार व्यवसाय उपक्षेत्रको अपेक्षित उपलब्धी तथा नतिजा खाका**

| प्रमुख नतिजा सूचक | ईकाइ | आधार वर्ष ८०/८१ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/०८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | |
| प्रभाव तहः | स्थानीय साधन, स्रोतमा आधारित उद्योग, व्यवसायहरूको प्रवर्द्धनमार्फत रोजगारीमा बृद्धि बजार व्यवस्थापन तथा प्रभावकारी आपुर्तिद्धारा पालिकाको अर्थतन्त्रको अभिवृद्धि भएको हुने | | | | | | | | |
| वौद्धिक सम्पत्ति संरक्ण अन्तर्गत आधिकारिक रुपमा व्राडिङ दर्ता भएका उत्पादनहरू | संख्या | ० | २ | २ | २ | २ | २ | पालिकाको पार्श्वचित्र, | उद्योग व्यवसायको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | व्यापार चिन्ह दर्ता वुलेटीन | प्रवर्द्धन भएको हुने |
| १ असर | प्रतिस्पर्धात्मक क्षमता तथा तुलनात्मक लाभ भएका स्थानीय उत्पादनहरूको पहिचान भई उद्यमशिलता विकास भएको हुने | | | | | | | | |
| वार्षिक आयात निर्यातको अनुपात (आयातः निर्यात) | अनुपात | १:४ | १:४ | १:४ | १:४ | ३:४ | ३:४ | उद्योग व्यवसायको दर्ता अभिलेख किताव | उद्योग व्यवसायको प्रवर्द्धन भएको हुने |
| १.१ प्रतिफल | आयातको प्रतिस्थापित तथा निर्यातजन्य उद्योगहरुको प्रवर्द्धन भएको हुने | | | | | | | | |
| तुलनात्मक लाभ भएका क्रियाशिल उद्योग व्यवसायहरू | संख्या | ० | १ | १ | १ | १ | १ | पालिकाको पार्श्वचित्र, | उद्योग व्यवसायको प्रवर्द्धन भएको हुने |
| निर्यातजन्य वस्तुमा आधारित उद्योगहरू | संख्या | ० | ५ | ५ | ५ | ५ | ५ | | |
| २ असर तहः | घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धनबाट रोजगारी एवं आय आर्जन वृद्धि भएको हुने | | | | | | | | |
| सुचारू औद्योगिक ग्राम | संख्या | | | | | | | पालिकाको प्रगति समीक्षा | निजी क्षेत्रसँग सहकार्य भएको हुने |
| २.१ प्रतिफलः | घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन भएको हुने, रोजगारीका थप अवसरहरू सिर्जना भएको हुने | | | | | | | | |
| सुचारु लघु, घरेलु तथा साना उद्योगहरू | संख्या | २ | ३ | ३ | ३ | ३ | ४ | उद्योग व्यवसायहरूको प्रवर्द्धन भएको हुने | उद्योग व्यवसायहरूको प्रवर्द्धन भएको हुने |
| जडीवुटीमा आधारित क्रियाशिल उद्योगहरू | संख्या | १ | ३ | ३ | ३ | ४ | ५ | | |
| हस्तकलामा आधारित क्रियाशिल उद्योगहरू | संख्या | १ | १ | १ | ३ | ३ | ३ | | |
| उद्यमशिल, व्यवसायिक विकास सम्वन्धी सीप मूलक तालिमबाट लाभान्वितहरू | संख्या | ६३ | ३० | ३० | ३० | ३० | ३० | | |
| स्थानीय सामानको बजार सञ्चालन | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना | | | | | | | | | |
| २.२ प्रतिफल | उद्योग व्यवसायमा निजी तथा सहकारी क्षेत्रको लगानी वृद्धि भएको हुने | | | | | | | | |
| उद्योग वयवसायमा निजी क्षेत्रबाट भएको थप लगानी वृद्धि | प्रतिशत | ० | ० | ० | ० | ० | १ | उद्योग व्यवसाय दर्ता अभिलेख | निजी तथा सहकारी क्षेत्र प्रोत्साहित भएको हुने |
| सहकारी संस्था मार्फत सञ्चालित उद्योग तथा व्यवसायहरू | संख्या | ० | ० | ० | ० | ० | १ | | |
| उत्पादनसँग जोडिएको सहकारी संस्था, | संख्या | १ | १ | १ | १ | १ | ५ | दर्ता अभिलेख | उत्पादन वृद्धि भएको हुने |
| सहकारी तथा सूपथ मूल्य पसल संख्या | संख्या | १ | १ | १ | १ | १ | ५ | दर्ता अभिलेख | नागरिकले सूपथ मूल्यमा सामान पाएको हुने |
| स्थानीय बजार र आपूर्ति अनगुमन | संख्या | २ | २ | २ | २ | २ | १० | दर्ता अभिलेख | अनुगमन प्रभावकारी हुने |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकलाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । यसको साथै सबै नागरिकले स्वदेश वा वैदेशिक रोजगारीको छनौट गर्न पाउने अधिकारको पनि संविधानमा सुनिश्चित गरिएको छ । नेपालको संविधान, २०७२ ले श्रम तथा रोजगारीको हकलाई मौलिक हकको रुपमा ग्रहण गरेको छ भने १६ औं राष्ट्रिय योजनाले गुणस्तरीय मानव पूँजी निर्माणलाई रुपान्तरणका प्रमुख सम्वाहकको रुपमा लिएको छ । नेपाल सरकारले स्वदेशमा रोजगारीता सिर्जना र वैदेशिक रोजगारीता दुवै पक्षलाई प्राथमिकतामा राखेको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो वनाउन सीप विकास, गन्तव्य मुलुकका वारेमा आधारभूत जानकारी, वैदेशीक रोजगारीवाट प्राप्त सीप, ज्ञान, पूँजी उपयोगका लागि विविध कार्यक्रमहरु पनि सञ्चालन हुँदै आएको पाइन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले रोजगार सूचना केन्द्र स्थापना गर्दै रोजगारी तथा वेरोजगारी श्रमशक्तिका वारेमा तथ्याङ्क, सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा राखेको छ । स्थानिय स्तरमा भएका शैक्षिक संस्था तथा अन्य सार्वजनिक संस्थाहरुमा स्थानियहरुलाइ रोजगारीको प्राथमिकतामा राखिएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवं उपलब्धिमूलक बनाउन र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि प्रोत्साहन गर्न सुरक्षित वैदेशिक रोजगारीको सवाललाई नगरपालिकाले आफ्नो योजनामा समेट्न आवश्यक रहेको छ । समावेशी तथा दिगो विकासका लागि गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्त्वपूर्ण साधनको रूपमा रहेको नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले नै सुनिश्चित गरेको छ। राज्यले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बिमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्थासहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ । संघीय सरकारमा जस्तै पालिकामा पनि विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी बनाउन निकै आवश्यक भएको छ ।

### ४.५.२ समस्या तथा चुनौती

स्थानीय स्तरमा सीमित रोजगारी अवसर, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रूचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । स्थानीय श्रमशक्तिको उत्पादनकत्व तथा क्षमता अभिबृद्धिको अभाव र यसका लागि लगानी न्यून, श्रमशक्तिको सामाजिक सुरक्षामा नीतिगत अस्पष्टता, श्रमशक्तिको व्यवस्थापन सम्वन्धी योजना तथा कार्यक्रमहरुको अभाव, रोजगारीका अभावका कारण बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारीक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । नगर क्षेत्रमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ । अन्तराष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकास गरी वैदेशिक रोजगारमा पठाउन नसक्नु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरू बढ्नु, पारिवारिक तथा सामाजिक पुनः एकिरकणका सवालहरू सम्बोधन नहुनु, वैदेशिक रोजगारको दिगो विकल्प दिनु नसक्नु आदि नगरपालिकाको लागि चुनौती देखिन्छ । त्यसैगरी सामाजिक सुरक्षा तथा संरक्षण सेवाको

एकीकृत् सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याउनु, एकीकृत् तथ्याङ्कको व्यवस्थापन गर्नु, सामाजिक सुरक्षाको दायरामा क्रमशः वृद्धि गरी स्रोतको दिगोपना र न्यायपूर्ण वितरण गर्नु, युवाहरुलाई रोजगार प्रदान गर्नु, विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्नु यस क्षेत्रका विद्यमान चुनौतीहरू हुन् ।

### ४.५.३ संभावना तथा अबसर

कृषि, पशुपालन, पर्यटन लगायत का क्षेत्रमा लगानी केन्द्रित गरि दक्ष जनशक्ति सिर्जना गर्न सकिने सम्भावना रहेको छ । आर्थिक रूपले जानसाख्यिक लाभ लिन सकिने जनसंख्याको बाहुल्यता रहेको छ । जसको परिचालन मार्फत नगरपालिकाले स्थानीय विकासका कार्यलाई तिव्रत्तर रूपमा अगाडी बढाउन सक्ने देखिन्छ । विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थात्थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नुका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने देखिन्छ । सामाजिक सुरक्षा तथा संरक्षणको विषय तीनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु तथा सामाजिक सुरक्षा कोष ऐन लागू हुनु सामाजिक सुरक्षा कार्यक्रमको अवसर हो ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

सीपयुक्त, व्यवसायिक जनशक्तिको विकासवाट रोजगारीताको अवसरहरू सिर्जना गरी समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणालीमार्फत् कल्याणकारी पालिकाको रूपमा स्थापित गर्ने ।

**उद्देश्य**

१. श्रमशक्तिको क्षमता, दक्षता तथा व्यवसायिक सीप अभिवृद्धि गर्दै रोजगारीता सिर्जना गर्नु ।
२. वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ प्राप्तलाई वृद्धि गर्नु ।
२. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।

**रणनीति र कार्यनीति**

*तालिका २० : श्रम, रोजगारी र सामाजिक सुरक्षा उपक्षेत्रका रणनीति र कार्यनीति*

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| उद्धेश्य १ श्रमशक्तिको क्षमता, दक्षता तथा व्यवसायिक सीप अभिवृद्धि गर्दै रोजगारीता सिर्जना गर्नु । | |
| १.१ युवाहरुमा व्यवसायिक सीप तथा क्षमता अभिवृद्धि गर्ने | १. वेरोजगार युवालाई प्राविधिक, सीपमूलक तथा व्यवसायिक तालिम प्रदान गरिने छ ।<br>२. कृषि, पशुपंक्षीपालन, माछापालन एवं वहुमूल्य जडीवुटीका क्षेत्रमा वेरोजगार युवाहरुलाई प्राविधिक ज्ञान तथा व्यवसायिक खेती सम्वन्धी क्षमता विकास तालिम तथा प्रशिक्षणहरु सञ्चालन गरिने छ ।<br>३. नगरपालिकाको प्राविधिक शिक्षालयसंग सहकार्य गर्दै वेरोजगार युवाहरु व्यवहारिक, प्राविधिक ज्ञान तथा सीप हासिल गर्न प्रोत्साहित गरिने छ ।<br>४. वजारको मागका आधारमा छोटो अवधिका व्यवसायिक सीप विकास तालिमहरु सञ्चालन गरिने छ । |
| उद्देश्य २ः वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट वार्षिक लाभ प्राप्तिलाई वृद्धि गर्नु। | |
| २.१ः वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट बार्थिक लाभ वृद्धि गर्नु का साथै वैदेशिक रोजगारवाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनिकरण गर्ने ।<br><br>२.२ स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हने खालका कार्यक्रमहरू प्राथमिकताका साथ संचालन गरिनेछ । | १ स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हने खालका कार्यक्रमहरू प्राथमिकताका साथ संचालन गरिनेछ ।<br>२. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्बन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>३. नगरपालिका भित्र प्राप्त विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा संचालन गर्दै उद्यम विकासमा सहयोग गर्ने साथै वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरूलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ ।<br>४. वैदेशिक रोजगारवाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सिप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गरिनेछ ।<br>५. मनोसामाजिक परामर्श सेवालाई पालिकाको स्वास्थ्य शाखा अन्तरगत आन्तरिकीकरण गर्दै सो सम्बन्धी सेवालाई दिगो रूपमा प्रवाह गरिनेछ ।<br>६. सम्बन्धित सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्यलाई बढावा दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवाहरू प्रवाह गरिनेछ । |

| उद्देश्य ३ सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित बर्गको पहुँच सुनिवित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु । | |
|---|---|
| ३.१ लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने । | १. सामाजिक सुरक्षा सम्बन्धी आवस्यक कानुनी दस्तावेज तयार गरिनेछ ।<br>२. लक्षित वर्गका व्यक्तिहरूलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताका कोषको व्यवस्था गरिनेछ ।<br>३. व्यवस्थित सामाजिक सुरक्षा सूचना प्रणाली मार्फत् लक्षित वर्गको पहिचान गरी आवस्यक भएमा थप एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४. परित्यक्त, हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ र आफू एक्लो नभएको पालिका साथमा रहेको अनुभूति प्रदान गरिनेछ।<br>५. लक्षित वर्ग प्रति संर्वेदनशील बनाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३.२ सुरक्षित, मर्यादित र सभ्य समाज निरमाण गर्ने । | १. सामाजिक विकृति, कुरीति, जातीय छुवाछुत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरू न्यूनीकरणकालागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्ग र लैङ्गिक मैत्री संरचना निर्माण गरिनेछ<br>३. मर्यादित जीवनबारे सचेतनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना**

*तालिका २१:* **श्रम, रोजगारी र सामाजिक सुरक्षा उपक्षेत्रको अपेक्षित उपलब्धी तथा नतिजा खाका**

| कार्यक्रमहरू | एकाइ | योजनाका कुल लक्ष्य (संख्यामा) | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| सीप क्षमता अभिवृद्धि | संख्या | ८ | १० | १० | १० | १० | १० | ५० | ८ | १ | ३ |
| उद्यमशील तथा पेशागत क्षेत्रमा संलग्न जनशक्तिको तथ्यांक संकलन | संख्या | ३२० | २ | २ | २ | २ | २ | १० | ८ | १ | ३ |
| उद्यमशील क्षेत्रका उधमीको दक्षता विकास कार्यक्रम | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | ८ | १ | ३ |
| आर्थिक तथा वित्तिय साक्षरता कक्षा संचालन(लक्षित वर्गलाई समेत) | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | ८ | १ | ३ |
| रोजगार सूचना केन्द्र स्थापना | संख्या | १ | ५ | ० | ० | ० | ० | ५ | ८ | १ | ३ |
| वैदेशिक रोजगारमा गएका परिवारका लागि मनोपरामर्श तथा तालिम कार्यक्रम | संख्या | ६०० | १० | १० | १० | १० | १० | ५० | ८ | १ | ३ |
| विप्रेषणको उत्पादनमुलक उद्धमशिलता उपयोगको लागि कार्यक्रम संचालन | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | ८ | १ | ३ |
| सामाजिक सुरक्षा कोषको व्यवस्थापन पुनः एकीकरण | संख्या | ५०० | ० | १० | ० | ० | ० | १० | ८ | १ | ३ |
| वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाइ उद्यमशिलता विकासका लागि सहजिकरण तथा सहयोग कार्यक्रम | संख्या | २० | १० | १० | १० | १० | १० | ५० | ८ | १ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रधानमन्त्री रोजगार कार्यक्रम + युवा रुपान्तरण आयोजना | संख्या | १२५० | १५ | १५ | १५ | १५ | १५ | ७५ | ८ | १ | ३ |
| रोजगार श्रमदान, रोजगार मेला संचालन | संख्या | ५०० | १० | १० | १० | १० | १० | ५० | ८ | १ | ३ |
| जम्मा | | | ९२ | ९७ | ८७ | ८७ | ८७ | ४५० | | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

### ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका २२ : श्रम, रोजगारी र सामाजिक सुरक्षा उपक्षेत्रको अपेक्षित उपलब्धी तथा नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८०/०८१ | लक्ष्य परिणाम(संख्यामा) | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/०८२ | ८२/८३ | ८३/०८४ | ८४/८५ | ०८५/०८६ | | |
| प्रभाव तहः | दक्ष तथा शिप युक्त जनशक्तिको संख्या वृद्धि तथा रोजगारीका थप अवसरहरू सिर्जना गरी समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणालि मार्फत कल्याणकारी पालिकाको रूपमा स्थपित हुनेछ । | | | | | | | | |
| दक्ष तथा सिपयुक्त जनशक्ति विकास तथा विप्रेषणलाइ उद्यम विकास र आयमुलक क्षेत्रमा परिचालन र वित्तिय साक्षरता | प्रतिशत | १ | २ | ३ | ४ | ५ | ६ | पालिकाको पार्श्वचित्र, | युवा स्वरोजगार कार्यक्रम प्रवर्द्धन हुने |
| १.असर तहः | श्रमशक्तिको क्षमता, दक्षता तथा व्यवसायिक सीपमा अभिवृद्धि हुने | | | | | | | | |
| व्यवसायिक सीपमुलक तालिम प्राप्त दक्ष श्रम शक्तिको वार्षिक वृद्धि | प्रतिशत | ० | २ | ३ | ४ | ५ | ६ | पालिकाको पार्श्वचित्र, | युवा स्वरोजगार कार्यक्रम प्रवर्द्धन हुने |
| १.१ प्रतिफल | व्यवसायिक सीपयुक्त जनशक्तिहरूको विकास भएको हुने | | | | | | | | |
| सञ्चालनमा रहेका प्राविधिक शिक्षालयहरू | संख्या | १ | १ | १ | २ | ३ | ३ | प्रगति समीक्षा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १.२ प्रतिफल | रोजगारीता सिर्जना भएको हुने | | | | | | | | |
| नगरपालिका र निजी क्षेत्रको सहकारिता बाट भएको थप रोजगारी सिर्जना | प्रतिशत | ० | ० | १ | ४ | ५ | ६ | पालिकाको पार्श्वचित्र | युवा स्वरोजगार कार्यक्रम प्रवर्द्धन हुने |
| प्रधानमन्त्री रोजगार कार्यक्रमबाट लाभान्वित | संख्या | १०० | १५० | २०० | २५० | ३०० | ३५० | | |
| १. असर तह | वैदेशिक रोजगारमा संग्लग्न व्यक्त् तथा तिनका परिवारमा वैदेशिक रोजगारवाट आर्थिक लाभ वृद्धि हुनेछ । | | | | | | | | |
| विप्रेषणलाइ उद्धम विकास र आयमुलक क्षेत्रमा परिचालनका लागि वित्तिय साक्षरता | परिवार | ० | २० | २० | २० | २० | २० | प्रगति समीक्षा | |
| वैदेशिक रोजगारी संग्लग्न घरपरिवारलाइ उद्यम विकास सहयोग | परिवार | ० | २० | २० | २० | २० | २० | प्रगति समीक्षा | |
| २. असर तह | समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रनालि मार्फत कल्याणकारी पालिकाको रूपमा स्थापित भएको हुनेछ । | | | | | | | | |
| आधारभुत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या कुल लाभग्राहि | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० | १०० | प्रगति समीक्षा | |
| कृषि तथा पशु विमामा आवद्ध परिवार | परिवार | ० | १०० | १०० | १०० | १०० | १०० | प्रगति समीक्षा | |
| सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धि आवश्यक कानुन निर्माण | संख्या | ० | १ | ० | ० | ० | ० | प्रगति समीक्षा | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

# परिच्छेद पाँचः सामाजिक विकास

समग्र पालिका विकासका विभिन्न आधारहरू मध्ये सामाजिक विकास एक महत्वपूर्ण आधार हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक, युवा तथा खेलकूद र खानेपानी तथा सरसफाइ समेटिएको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य -३ (स्वस्थ र समुन्नत समाज, लक्ष्य ४ (गुणस्तरीय शिक्षा), लक्ष्य ५ (लैंगिक समानता) र लक्ष्य ६ (स्वच्छ पानी तथा सरसफाई) संग सम्बन्धित छ । सामाजिक विकासको सन्दर्भमा यस नगरपालिकाले निर्धारण गरेको उद्देश्य नगरबासीको पहुँचमा गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानीको सुनिश्चितता गर्ने र न्यायपूर्ण समाजको निर्माण गर्ने रहेको छ । यस नगरपालिकाले विगतमा संचालन गर्दै आएका सफल सामाजिक विकासका कार्यहरूलाई निरन्तरता दिदै यस आवधिक योजना अनुसार आगामी दिनमा सामाजिक विकास अन्तर्गत रहेको अन्य विषयगत क्षेत्रहरूलाई अगाडी बढाइनेछ ।

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

स्वास्थ्य एक आधारभूत आवश्यकता भएकाले संविधानले स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । नेपालको संविधान, धारा ३५, उपधारा १ अनुसार आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, आकस्मिक सेवा एवं स्वास्थ्य सेवामा समान पहुँचलाई मौलिक हकको रुपमा ग्रहण गरिएको छ भने स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ बनाई नागरिकको पहुँच स्थापित गर्ने नीति नेपाल सरकार लिएको छ । आधारभूत स्वास्थ्य र सरसफाइका साथै पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्रदान गरेको छ । १५ औ. राष्ट्रिय योजनामा सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रुपमा ग्रहण गरिएको छ भने औषत आयु वृद्धि गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको समतामूलक पहुँच एवं उपभोग सुनिश्चित गर्ने, स्वस्थ, सवल, उत्पादनशील, एवं सुखी र स्वास्थ नागरिक वनाउने परिकल्पना समेत भएको छ । दिगो विकासका लक्ष्य ३ तथा "सुलभ स्वास्थ्य सेवा स्वस्थ नागरिक" को उद्देश्य पुरा गर्न नगरपालिकाले यस आवधिक योजनामा स्वास्थ्य र पोषण सम्बन्धी व्यवस्था गरेको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य, पोषण सेवा, महिला तथा वालवालिकाको कुपोषण, परिवार नियोजन तथा मातृशिशु कल्याण एवं रक्तसञ्चार सेवा सञ्चालन, ग्रामीण तथा शहरी स्वास्थ्य सेवा स्थापना, सञ्चालन र स्वास्थ्य सम्वन्धी पूर्वाधार निर्माण, जनचेतनाको अभिवृद्धि गर्ने जिम्मेवारीहरु स्थानीय तहमा निहित गरिएको छ ।

### ५.१.२ समस्या तथा चुनौती

दक्ष, अनुभवी एवं विशेषज्ञ तालिम प्राप्त जनशक्तिको कमी, स्वास्थ्य मेशिन उपकरण एवं पूर्वाधार अपर्याप्त हुनु, दक्ष, अनुभवी एवं विशेषज्ञ जनशक्तिको अभाव, सबै वडामा बर्थिंग सेन्टर उपलब्ध नहुनु, सरकारले सूचीकृत गरेको निःशुल्क औषधीहरुको अभाव, आयुर्वेद, वैकल्पिक चिकित्सालय, योगा सञ्चालनमा नआउनु , पौष्टिक आहार सम्वन्धी (जङ्क फुडको नकरात्मक असर) सचेतना कार्यक्रम प्रभावकारी हुन नसक्नु, परम्परागत तथा

अन्धविश्वास उपचार पद्दतिमा विश्वास गर्नु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु जस्ता समस्याहरू, रहेका छन् । विद्यमान भौतिक संरचनाबाट सेवा प्रवाह गर्न कठिनाइ हुनु, रोगको निदान गर्नको लागि न्युनतम उपकरण र सुविधाहरू उपलब्ध गराउन नसक्नु, बजेट र जनशक्तिको अभावमा पायक पर्ने स्थानमा स्वास्थ्य चौकीका शाखाहरू, बर्थिङ् सेन्टर लगायत घुम्ती स्वास्थ्यसेवा दिन नसक्नु, आवश्यकता अनुसार जनशक्ति र औषधीहरूको आपूर्ति बढाउन नसक्नु, भौगोलिक बिकटताले अपाङ्ग, वृद्ध, बृद्धालाई सहज पहुँच पुयाउन नसक्नु, बदलिँदो अस्वस्थकर जीवनशैली तथा आहार-व्यबहारको अभ्यास रहनु जस्ता चुनौतीहरू यस नगरपालिकामा विद्यमान छन् ।

### ५.१.३ संभावना तथा अवसर

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवा सम्बन्धी नीति तथा कानुनहरूको निर्माण भएको, प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने बातावरणको सृजना भएको, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको, मुलुकमा दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि भइरहेको, स्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा बिस्तार हुँदै गएको, सबै वडाहरु सडक सञ्जालमा जोडिदा स्वास्थ्य सेवाको पहुँचमा सहजता रहेको जस्ता स्वास्थ्य तथा पोषण विकासका सवल पक्षहरू हुन् । मातृ मृत्युदर घटाउन सकिने, विशेषज्ञ सेवा स्थानीय ठाउँमै लिन सकिने, विरामीलाई रेफर गर्ने दरलाई न्युनिकरण गर्न सकिने अवसर रहेका छन् ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्यः

स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धि भई सेवामा गुणस्तरीयता कायम गरी स्वास्थ्य सेवा प्रवाहको क्षमतामा वृद्धि भएको हुने।

उद्देश्यः

१. नगरपालिकाका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।

२. स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।

३. थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारका लागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।

४. स्वास्थ्य एवं पोषण सम्वन्धी जनचेतना अभिवृद्धि गर्दै नगरपालिकालाई कुपोषण मुक्त बनाउनु ।

तालिका २३ **स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | र कार्यनीतिहरु |
|---|---|
| उद्देश्य १: पालिकाका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु । | |

| | |
|---|---|
| १.१ गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गर्ने | १. आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी र गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुर्‍याउन स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ ।<br>२. प्रजनन लाई अनिवार्य रुपमा स्वास्थ्य संस्थामा गराउन अभियान संचालन गरिने छ ।<br>३. स्वास्थ्य चौकीहरुको क्षमता अभिवृद्धि गर्दै वर्थिङ सेवा एवं आपतकालीन (क्वारेण्टाइन) कक्ष सहित चौविसै घण्टा सञ्चालनमा ल्याउने व्यवस्था मिलाइने छ ।<br>४. स्वास्थ्य घुम्ति शिविर, गाउँघर क्लिनिकहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि ल्याइने छ ।<br>५. नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य इकाईको क्षमता (पूर्वाधार र सेवा प्रबाह) अभिबृद्धि गरिने छ । |
| १.२ः पालिका मातहतका स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने । | १. पालिका भिवका स्वास्थ्य संस्थाहरूमा स्वीकृत कुल दरबन्दीको सङ्ख्या यकिन गरी आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।<br>२. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा पालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ । |
| उद्देश्य २ स्वस्थ जनशक्ति तयार गर्न तया रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खान सामग्रीमा पहुँच बढाउनु । | |
| २.१ः पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुर्‍याउने । | १. गुणस्तरीय एवम् स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ ।<br>२. मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>३. "सुनौला हजार दिन अभियानलाई निरन्तरता दिइनेछ।<br>४. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा लगाइने छ । |
| २.२ः मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने । | १. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, वाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ ।<br>२. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा स्वास्थ्य तथा पोषणबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| उद्देश्य ३ थप लगानी बाताबरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारका लागि स्वास्थ्य सेवालाई प्रबर्द्धन गर्नु। | |
| ३.१ स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुनेलगानीलाई व्यवस्थित गर्ने । | १. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यवसायिक सङ्घ-संस्थाहरूबीच<br>२. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ ।<br>३. गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।<br>४. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार |
| ३.२ नगरपालिका क्षेत्रमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास विकास गर्ने । | १ स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरी प्रयोग तथा वितरण गरिनेछ ।<br>२ आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ ।<br>३ प्राकृतिक तथा वैकल्पिक उपचार (आयुर्वेदिक, युनानी, आम्नी, पञ्चकर्म, होमोप्याथिक, फिजियोथेरापी, लेजरथेरापी, अकुपञ्चर, अकुप्रेसर, म्युजिकथेरापी) को प्रचार प्रसार गरी जनचेतना अभिवृद्धि गरिने छ ।<br>४ सामुदायिक संस्थाहरुसंग सहकार्य गर्दै नगरपालिकाका विभिन्न स्थानमा योग तथा ध्यान केन्द्रहरु सञ्चालनमा ल्याइने छ । विद्यालयहरुमा विशेष कक्षको व्यवस्था गरी वालवालिकाहरुलाई नियमित रुपमा योग तथा ध्यान गर्ने व्यवस्था मिलाइने छ । |
| उद्देश्य ४ स्वास्थ्य एवं पोषण सम्वन्धी जनचेतना अभिवृद्धि गर्दै नगरपालिकालाई कुपोषण मुक्त बनाउनु । | |
| ५.१ नगरपालिका वासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता गर्ने । | १. न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूकालागि पोषणयुक्त खानेकुराहरूको प्रवन्ध मिलाइनेछ ।<br>२. स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. नगरपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख एक घर एक टनेल/करेसाबारीको व्यवस्था गरिनेछ ।<br>४. पोषण सुरक्षा सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. गर्भवती महिला तथा बालबालिकाकोलागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चितता गरिनेछ ।<br>५. अति गरिव, विपन्न, दलित वर्ग, समुदायहरुको नियमित स्वास्थ्य परीक्षण |

| | |
|---|---|
| | गर्दै ७० वर्ष माथिका नागरिकहरुको उपचार निःशुल्क गर्ने प्रवन्ध मिलाइने छ । |
| | ६. प्राणघातक तथा नसर्ने रोगहरु एचआईभी एड्स, लागुऔषध दुव्र्यसन, मधुमेह, उच्च रक्तचाप, मुटुरोग, क्यान्सर तथा मोटोपनाका वारेमा जनचेतना अभिवृद्धि गरिने छ । |
| | ७ स्वास्थ्यका हानीकारक रसायनिक पदार्थ, विषादीयुक्त, मिसावटजन्य एवं जङ्कफुड, सूर्तीजन्य पदार्थ, मदिरा सेबन जस्ता विकृति विरुद्ध अभियान सञ्चालन गदै चेतना अभिवृद्धि गर्दै रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने पोषणयुक्त खाद्यपदार्थको उपभोगका लागि प्रोत्साहित गरिने छ । |
| | ८. बालविवाह, दुई सन्तान वीचको जन्मान्तर, परिवार नियोजन, मातृशिशु कल्याणका वारेमा सचेतनामूलक अभियान सञ्चालन गरिने छ । |

**प्रमुख कार्यक्रम तथा आयोजना**

*तालिका २४* **स्वास्थ्य तथा पोषण उपक्षेत्रको कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रात र वार्षिक लक्ष्य (रू. लाखमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| गुणस्तरीय स्वास्थ्य सेवा विस्तारका लागि पूर्वाधार | प्रतिशत | ९५ | २० | २५ | ३० | ३५ | ४५ | १५५ | ३ | १ | २ |
| स्वास्थ्य संस्थाको न्युनतम मापदण्ड निर्धारण तथा स्तरोन्नति | संख्या | १ | १५ | ० | ० | ० | ० | १५ | ३ | १ | २ |
| १५ सैयाको निर्माणाधीन अस्पताल निर्माण आयोजना | संख्या | १ | ५० | ५० | ० | ० | ० | १०० | ३ | १ | २ |
| स्वास्थ्य सेवा विस्तारः स्वास्थ्य चौकीमा स्वास्थ्य परीक्षण, खोप, गाउँघर क्लिनिक, अल्ट्रा साउण्डको व्यवस्था | संख्या | १० | २० | २० | २० | २० | २० | १०० | ३ | १ | २ |
| स्वास्थ्य चौकीमा आपतकालीन उपचार सेवा | संख्या | ३ | ३० | ३० | ३० | ३० | ३० | १५० | ३ | १ | २ |
| विद्यालय स्वास्थ्य कार्यक्रम (नर्स सेवा) | संख्या | १६ | ५ | ५ | ५ | ५ | ५ | २५ | ३ | १ | २ |
| स्वास्थ्य चौकीमा गर्भवती महिला चेकजाँचका लागि भिडियो एक्सरे ल्याब सेवा विस्तार | संख्या | ३ | ३० | ३० | ३० | ० | ० | १५० | ३ | १ | २ |
| लक्षित वर्गका लागि घर घरमा | संख्या | १० | ३० | ३० | ३० | ३० | ३० | १५० | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य कार्यक्रम | | | | | | | | | ३ | १ | २ |
| स्वास्थ्य चौकीमा फिजियोथेरापी सेन्टर स्थापना | संख्या | २ | ० | १०० | १०० | ० | ० | २०० | ३ | १ | २ |
| विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिबिर | संख्या | ५ | २० | २० | २० | २० | २० | १०० | ३ | १ | २ |
| एम्बुलेन्स खरिद | संख्या | १ | ५० | ० | ० | ० | ० | ५० | ३ | १ | २ |
| स्वास्थ्य संस्थाको क्षमता विकास | संख्या | ५ | १० | १० | १० | १० | १० | ५० | ३ | १ | २ |
| सूचना प्रबिधि मैत्री स्वास्थ्य संस्था कार्यक्रम | संख्या | ५ | २० | २० | २० | २० | २० | १०० | ३ | १ | २ |
| सामुदायिक स्वास्थ्य इकाईको विस्तार | संख्या | १ | २० | - | २० | - | - | ४० | ३ | १ | २ |
| स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धि | संख्या | १ | २० | २० | २० | २० | २० | १०० | ३ | १ | २ |
| स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला गुणस्तर सुधार | संख्या | ३ | ५० | - | ५० | - | ५० | १५० | ३ | १ | २ |
| स्वास्थ्य एवं पोषण सम्वन्धी चेतना अभिवृद्धि | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | ३ | १ | २ |
| महिला स्वास्थ्य अभिमुखीकरण | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | ३ | १ | २ |
| वहुउद्देश्यीय पोषण कार्यक्रम | संख्या | १० | ५० | - | ५० | ५० | ५० | २०० | ३ | १ | २ |
| पोषणयुक्त खानेकुराः चेतना अभिवृद्धि | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | ३ | १ | २ |
| मातृ, शिशु, बाल्यकालीन खाद्य | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तथा पोषण सुरक्षाः सचेतना वृद्धि | | | | | | | | | ३ | १ | २ |
| प्राणघातक रोगबारे जनचेतना | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | ३ | १ | २ |
| प्राकृतिक एवं वैकल्पिक उपचार प्रवर्द्धन | संख्या | ५ | १० | १० | १० | १० | १० | ५० | ३ | १ | २ |
| आयुर्वेदिक अस्पतालको विकास | संख्या | १ | ३० | ३० | ३० | - | - | ९० | ३ | १ | २ |
| ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण | संख्या | नियमित | २० | २० | २० | २० | २० | १०० | ३ | १ | २ |
| स्वास्थ्य तथा पोषणको जम्मा | | | ५५० | ४७० | ५४५ | ३२० | ३८० | २२६५ | | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

### ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका २५* **स्वास्थ्य तथा पोषण उपक्षेत्रको अपेक्षित उपलब्धी तथा नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/०८१ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/०८२ | ८२/८३ | ०८३/०८४ | ८४/८५ | ०८५/०८६ | | |
| **प्रभाव तहः** | गुणस्तरीय स्वास्थ्य सेवामा सवै नागरिकको पहँच भएको हुने | | | | | | | | |
| नगरपालिका स्तरीय अस्पतालमा पहुँच | प्रतिशत | १० | २० | ३० | ४० | ५० | ६० | पालिकाको पार्श्वचित्र, वार्षिक समीक्षा | स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | हुने |
| **१.असर तहः** | आधारभुत स्वाथ्य सेवामा सहज पहुँच अभिवृद्धि भएको हुने | | | | | | | | |
| ३० मिनेटको दूरीमा नजिकको स्वास्थ्य संस्थामा पहुँच भएका घरधुरी | प्रतिशत | ५० | ७० | ७५ | ७८ | ८० | ९० | पालिकाको पार्श्वचित्र, | |
| **१.१ प्रतिफल** | स्वास्थ्य सेवाहरू विस्तार भई पहुँचमा सहजता भएको हुने | | | | | | | | |
| गाउँघर क्लिनिक भवन | भवन | ८ | १ | १ | १ | १ | १ | पालिकाको वार्षिक प्रगति समीक्षा | स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि हुने |
| वार्षिक स्वास्थ्य शिविर | संख्या | ३ | ५ | ५ | ५ | ५ | ५ | | |
| २४ सै घण्टा आपतकालीम सेवा उपलव्ध स्वास्थ्य चौकी | संख्या | ४ | ३ | ३ | - | - | - | | |
| **१.२ प्रतिफल** | स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि भई गुणस्तरीय सेवा प्रदान भएको हुने | | | | | | | | |
| प्रसुति सेवा उपलव्ध भएका स्वास्थ्य संस्थाहरूको संख्या | संख्या | २२ | गुणस्तर वृद्धि गर्ने | | | | | पालिकाको पार्श्वचित्र | स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि हुने |
| स्वास्थ्य संस्थामा उपलव्ध दक्ष जनशक्ति | संख्या | ६८ | ७० | ७२ | ७५ | ८० | ८५ | | |
| एक्सरे मेशिन सहित आधारभुत स्वास्थ्य उपकरण उपलव्ध भएका स्वास्थ्य संस्थाहरू | संख्या | १ | १ | १ | १ | १ | १ | | |
| आधारभुत स्वास्थ्य भौतिक पूर्वाधार (खानेपानी र शौचालय) उपलव्ध भएका स्वास्थ्य संस्थाहरू | संख्या | १० | गुणस्तर सुधार गर्ने | | | | | | |
| सबै प्रकारका खोप एवं भिटामिन ए प्राप्त गर्ने वाला बालबालिकाहरू | प्रतिशत | ८० | ८२ | ८५ | ८८ | ९० | ९५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्वाप्रश्वासको संक्रमण दर प्रति हजारमा | संख्या | ३६९ | ३५० | ३३० | ३०० | २८० | २५० | | |
| मात्रृ मृत्युदर (प्रतिलाख जिवित जन्ममा) | संख्या | - | - | - | - | - | ० मा झार्ने | | |
| स्वास्थ्य विमामा आवद्ध जनसंख्या | प्रतिशत | ३ | १५ | २० | २५ | ३५ | ५० | - | |
| **२ असर तह** | स्वास्थ्य एवं पोषण सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने प्राकृतिक, वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन भएको हुने | | | | | | | | |
| कुपोषणका कारण पुड्को, कम तौल र ख्याउटे भएका ५ वर्ष मुनीका बालबालिका | संख्या | १२ | १० | ८ | ५ | ३ | ० | पालिकाको पार्श्वचित्र | जनचेतना अभिवृद्धि भएको हुने |
| **२.१ प्रतिफलः** | स्वास्थ्य एवं वहुपक्षीय पोषण सम्वन्धी जनचेतना अभि३वृद्धि भएको हुने | | | | | | | | |
| जनस्वास्थ्य एवं वहुपक्षीय पोषण सम्वन्धी चेतना अभियान | संख्या | १५ | २० | २५ | ३० | ३० | ३० | पालिकाको पार्श्वचित्र | स्वास्थ्य सम्वन्धी चेतना अभिवृद्धि भएको हुने |
| झाडापखाला, महामारी एवं भाईरस सङ्क्रमणबाट भएको मृत्यु | संख्या | ० | ० | ० | ० | ० | ० कायम राख्ने | | |
| कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरू | संख्या | १२६ | सेवाको प्रभावकारीता वृद्धि गर्ने | | | | | | |
| २.२ प्रतिफल | वैकल्पिक चिकित्सा पद्धति प्रवर्द्धन भएको हुने | | | | | | | | |
| आयुर्वेदिक औषधालय तथा क्लिनिक | संख्या | ० | १ | १ | १ | १ | १ | पालिकाको पार्श्वचित्र | वैकल्पिक चिकित्सामा निजी क्षेत्र प्रोत्साहित भएको हुने |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

शिक्षा विकासको महत्त्वपूर्ण पूर्वाधार भएकाले नेपालको संविधानले नागरिकलाई आधारभूत शिक्षालाई निःशूलक एवं अनिवार्य गर्ने, र माध्यामिक तह सम्मको शिक्षालाई निःशुल्क पाउने प्रत्याभूति गरेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई निःशुल्क उच्च शिक्षा पाउने हक समेत स्थापित गरेको छ । शिक्षा क्षेत्रलाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक वनाउने, सक्षम, प्रतिस्पर्धी र नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य वनाई क्रमशः निःशुल्क वनाउने लक्ष्य नेपाल सरकारले लिएको छ । शिक्षा सम्बन्धी नागरिक हक संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व बनेको छ । त्यसैगरी दिगो विकास लक्ष्य ४ मा सन् २०३० सम्ममा सबैकालागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चित गर्ने उल्लेख छ । त्यसैगरी १६ औं राष्ट्रिय योजनामा सुलभ तथा गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रुपमा ग्रहण गरिएको छ भने शिक्षाको माध्यमवाट व्यक्तिको सर्वाङ्गिण विकास गर्ने र गुणस्तरीय शिक्षा प्रणालीलाई सामाजिक एवं आर्थिक रुपान्तरणको रुपमा परिकल्पना गरिएको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार मातृभाषामा शिक्षा प्रदान, पाठ्यक्रम तथा सामाग्री विकास विकास, प्राविधिक शिक्षा प्रदान, सहकारी विद्यालय स्थापना एवं विद्यालयहरुको नक्साङ्कन, समायोजन, शैक्षिक पूर्वाधार निर्माण गर्ने लगायतका कार्यहरुका लागि नीति, कानुन, योजना, कार्यान्वयन, नियमन तथा अनुगमन मूल्याङ्कन गर्ने जस्ता जिम्मेवारीहरु स्थानीय सरकारको कार्यक्षेत्र भित्र राखिएको छ ।

### ५.२.२ समस्या तथा चुनौती

भूगोलको विकटता एवं कठिनाई, विद्यालयमा दरवन्दी र विषयगत शिक्षकको अभाव, विद्यालयमा सबैको समान पहुँच र निरन्तरताको अभाव, शैक्षिक सामाग्रीको अभाव, विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु, कक्षा दोहोर्‍याउने प्रवृत्ति बढी हुनु, दलित, आदिवासी जनजाति भर्नादर न्यून हुनु, दलित, विद्यालयहरू आर्थिक रुपले कमजोर हुनु, बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु, शिक्षक दरबन्दी कम हुनु, शिक्षामा राजनितीकरणको प्रभाव, आधुनिक सुचना प्रविधिको न्युन प्रयोग, पुस्तकालय र प्रयोगशालाको कमि, पाठ्यपुस्तक ढुवानीमा समस्या, दिवा खाजाका लागि तोकिएको रकम न्यून हुनु, दिवा खाजा पकाउने कर्मचारी नभएको, स्थानीय पाठ्यपुस्तक को अभाब, विद्यालय, विद्यार्थी र अभिभावकहरु वीच नियमित सम्वादको अभाव र वुझाइमा कमि, आपतकालीन अवस्थामा वैकल्पिक माध्यमवाट सिकाइलाई निरन्तरतामा कमि यस पालिकाको शिक्षा क्षेत्रमा देखिएका समस्याहरू हुन् । साथै विद्यालयहरुको नियमित अनुगमन र सुपरीवेक्षण कमि, विद्यालयमा शैक्षिक एवं भौतिक पूर्वाधारको कमी, र भएका पूर्वाधारहरु पनि वालवालिका एवं अपाङ्गतामैत्रीको अभाव , बाल मनोविज्ञान, मनोपरामर्शको अभाव र अध्ययन अनुसन्धानको कमि, स्थानीय सिप, कला, सम्भावना तथा प्रविधिसँग विद्यार्थीको रुचि आवश्यकता तथा अभिभावकको अपेक्षालाई जोड्न नसकिनु, जस्ता समस्या पनि रहेका छन् । विद्यालयको भौतिक पूर्वाधार निर्माणकालागि पर्याप्त मात्रामा बजेटको अभाव हुनु, छरिएको बस्ती र भौगोलिक विकटता रहनु, शिक्षाको प्रविधि र रोजगारीबीच तालमेल हुन नसक्दा शिक्षित बेरोजगारहरूको सङ्ख्या बढ्दै जानु, शिक्षकको पेसागत सक्षमता, नैतिकता र उत्प्रेरणामा कमी हुनु, भाषा भेषभूषा र संस्कृतिमा बाह्य आक्रमणलाई नियन्त्रण गर्नु, सामुदायिक विद्यालयको शिक्षालाई पूर्णत प्रविधिमैत्री वनाउनु, विद्यालयका शिक्षकहरुको मनोवलमा अभिवृद्धि ल्याउनु, विद्यालय र अभिभावक बीचको वुझाइमा

एकरुपता ल्याउनु, स्थानीय कला, संस्कृति भाषा र साहित्यको लोप हुदैं जानु, पुरातात्विक महत्वका सामग्रीहरू लोप हुँदै जानु आदि पुचौंडी नगरपालिकाको शिक्षा विकासमा देखिएका चुनौतीहरू हुन् ।

**५.२.३ संभावना तथा अवसर**

महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तीकृत समुदायका बालवालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू संचालन गर्ने अवस्था रहनु, विद्यालय शिक्षालाई प्रविधिमैत्री वनाउन सकिने, भौगोलिक असहजतालाई ध्यान दिदै आवासीय बिद्यालय स्थापना गर्न सकिने, सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण वढाउन सकिने, विद्यालयमा भौतिक पूर्वाधार अपाङ्गता, वालवालिकामैत्री संरचनाको निर्माण एवं विस्तार गर्न सकिने, शिक्षकको क्षमता विकासका लागि विशेषज्ञहरु बाट तालिमको व्यवस्था गर्न सकिने, शिक्षा शाखालाई प्रभावकारी बनाउन सकिने, शिक्षकलाई अनुसन्धनात्मक कृयाकलापमा संलग्न गराउन नगरपालिकाले सहजीकरण गर्न सक्ने, विद्यार्थीको अन्तरवैयक्तिक क्षमताको पहिचान विकास र तदअनुरुपको कार्यक्रम निर्माणकालागि आवश्यक पहल गर्न सकिनेमाध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुनु, शिक्षासँगै रैथाने ज्ञान, सीप र प्रविधि उपयोग तथा विकासको प्रचुर सम्भावना रहेको छ ।

प्राविधिक तथा व्यवसायिक सीपप्रतिको युवाको आकर्षण रहनु, अभिभावकहरूमा थप जागरुकता विकास गरी शिक्षामा सबैको पहुँच पुर्‍याउन सकिनु, समृद्धिका मुख्य सम्बाहकका रुपमा रहेका पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, सुशासनको मुख्य आधार नै शिक्षाको विकास रहनु यहाँका शिक्षा विकासका अवसरहरू हुन् ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

विज्ञान, प्रविधि र नवप्रवर्तनको प्रवर्द्धनसँगै सबैको गुणस्तरीय, प्राविधिक र व्यवसायिक शिक्षामा सहज पहुँचको प्रत्याभूति भइ दक्ष जनशक्ति उत्पादन भएको हुने।

**उद्देश्य**

१. शिक्षण संस्थाहरूको संस्थागत विकासमार्फत सबैका लागि शिक्षा तथा जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।

२. प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षामा जोड दिदैं शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका २६ **शिक्षा उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू रणनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ः शिक्षण संस्थाहरूको संस्थागत विकासमार्फत सबैका लागि शिक्षा तथा जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु । | |
| १.१ः विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संस्थागत विकास गर्ने । । | १. नगरपालिका शिक्षा नीतिको तर्जुमा, ऐन नियमावली तथा योजनाको कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>२. नगरपालिकाका सबै विद्यालयहरूलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास गरी नगरपालिकाको नेटवर्कमा रहने गरी एकद्वार पद्धतिबाट सञ्चालन गरिनेछ ।<br>३. उत्कृष्ट कार्य गर्ने शिक्षक, कर्मचारी र अभिभावकलाई वार्षिक रूपमा पुरस्कार तथा सम्मानको व्यवस्था नगरपालिका मार्फत् गरिनेछ ।<br>४. विद्यालयहरूमा अन्तर-विद्यालय भ्रमण तथा सिकाइ आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. गुणस्तरीय सिकाइ मापदण्ड ढाँचा (पाठ्यक्रम, विद्यालयको सिकाइ वातावरण, शिक्षक, शिक्षण सिकाइ सामग्री, शिक्षण विधि, परीक्षा र मूल्याङ्कन, अनुगमन मूल्याङ्कन आदि) तयार गरी कार्यान्वयन गरिनेछ ।<br>६. विद्यालयको शिक्षण सिकाइमा समय र गुणस्तर बढाउन विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको विकास गरिनेछ ।<br>७. विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ ।<br>८. महिला शिक्षक सुत्केरी विदामा रहँदा स्वयमसेवक वा सट्टा-शिक्षकको व्यवस्था गरिनेछ ।<br>९. जनजातिको वर्चस्व भएको विद्यालयमा प्रारम्भिक कक्षा मातृभाषामा शिक्षण गर्नका |

| | |
|---|---|
| | लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र पाठ्यक्रम विकास केन्द्रको विद्यमान पाठ्यक्रम अनुसार हुने गरी स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गरिनेछ । |
| १.२ः शिक्षाको लागि गुणस्तरीय तालिमको संस्थागत विकास गर्ने । | १. स्थानीय आवश्यकताको आधारमा तालिम पाठ्यक्रमको मोडयुल बनाई तालिम सञ्चालन गरिनेछ ।<br>२. बालविकास केन्द्रका शिक्षक र बाधारभूत तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा/बहुवर्ग शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>३. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ ।<br>४. प्राविधिक तथा व्यवसायिक (सफ्ट स्किल समेत। सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बन्न तालिम दिँदै पेशागत दक्षता बढाइनेछ। |
| १.३ सबै नागरिकलाई. आधारभूत शिक्षाको पहुँच सुनिक्षित गर्ने | १. दुर्गम बस्तीका विद्यालयलाई आवासीय विद्यालयका रूपमा रुपान्तरण गरिनेछ ।<br>२. आवश्यक परेको ठाँउमा स्कुलबसको व्यवस्था समेत गरिनेछ ।<br>३. पालिका/बडा शिक्षा समिति गठन र क्रियाशील गर्दै विद्यालय शिक्षामा पहुँच नपुगेकाको तथ्याङ्क सङ्कलन गरी पहुँच सुनिश्चित गरिनेछ ।<br>४. नियमित रूपमा विद्यालयमा छोराछोरी पठाउने अभिभावकलाई सम्मान गरिनेछ ।<br>५. गरिव तथा आर्थिक रूपमा विपन्न बालबालिकालाई पोशाक, शैक्षिक सामग्री तथा खाजा भत्ताको व्यवस्था गरिनेछ ।<br>६. नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा व्यवसाय कार्यमा आर्थिक स्थिति कमजोर भएका अभिभावकलाई सहभागी गराई शिक्षाकालागि रोजगारी अभियान सञ्चालन गरिनेछ ।<br>७. हेलचक्याइ गरी बालबालिकाहरूलाई नियमित विद्यालय नपठाउने अभिभावकहरूलाई नगरपालिकाबाट प्रदान गरिने सबै सुविधाबाट वञ्चित गरिनेछ । |
| १.४ दलित, अपाङ्गता भएका, विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्ने । | १. दलित, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित समुदायका बालबालिकाको पहिचान गरी उच्च शिक्षा, सम्म निःशुल्क गर्न तथा छात्रवृत्ति प्रदान गर्न लागि सिफारिस गरिनेछ ।<br>२. दृष्टिविहिनलाई ब्रेल लिपी तथा बहिरालाई सांकेतिक भाषामा निःशुल्क शिक्षाकोलागि जिल्ला भित्रकै स्रोते कक्षाहरूमा सिफारिस गरिनेछ भने अन्य अपाङ्गता भएका बालबालिकाहरूलाई स्रोत कक्षाको खोजी गरी शिक्षाको हक सुनिश्चित गरिनेछ ।<br>३. विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोषको स्थापना गरिनेछ । |

| | |
|---|---|
| | ४. विद्यालय जान नसक्ने अपाङ्गता भएका बालबालिकाकालागि घरमै पढाउने र अभिभावक शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।<br>५. ब्रेललिपि तथा साङ्केतिक भाषाको तालिम माग भई आएमा नगरपालिकाबाट व्यवस्थापन गरिनेछ ।<br>६. अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माण गरिनेछ । |
| १.५ अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाकालागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने । | १. औपचारिक शिक्षामा निरन्तरता दिन नसक्ने बालबालिका तथा नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न खुल्ला तथा वैकल्पिक शिक्षा/ विद्यालयको व्यवस्था गरिनेछ ।<br>२. औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नागरिकलाई मागमा आधारित व्यवसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।<br>३. नगरपालिका भित्र ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन गर्ने कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।<br>४. एक विद्यालय एक पुस्तकालय तथा एकवडा-एक सार्वजनिक पुस्तकालयको नीति बनाई सूचनामाथिको पहुँच र पढ्ने बानिको विकास गरी सबैकालागि आजीवन सिकाइको वा जीवन पर्यन्त सिकाइको अवसर प्रदान गरी दिगो विकासको चौथो लक्ष्य पुरा गर्न सहयोग गरिनेछ<br>५. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकाधिक प्रयोग हुने गरी शिक्षाको वैकल्पिक माध्यमका रूपमा विषयगत विज्ञको नमूना कक्षाको प्रशारण स्थानीय, टेलीभिजन तथा एफएम मार्फत् गर्ने व्यवस्था गरिनेछ । |
| उद्देश्य २ प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षामा जोड दिदैं शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु । | |
| २.१ः आधारभूत तहमा प्राविधिक तथा व्यवसायिक सीप प्रवर्द्धन गर्ने । | १. आधारभूत तहमा व्यवसायिक सीप प्रदान गर्न स्थानीय पाठ्यक्रममा यस सम्वन्धी विषयवस्तु समावेश गरिनेछ ।<br>२. विद्यालय शिक्षामा निर्वाहमुखी सीपलाई एकीकृत रूपमा समावेश गरिनेछ । |
| २.२ः प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको पहुँचमा सहजता, गुणस्तरीयता तथा उपयोगितामा वृद्धि गर्ने । | १. नगरपालिकामा प्राविधिक जनशक्तिको अवस्थाबारे अध्ययन गरी आवस्यक विद्यालयमा स्थानीय आवश्यकता अनुसारका ९-१२ को प्राविधिक धार सञ्चालन गरिनेछ ।<br>२ सबै विद्यालयमा कम्प्युटरको ल्यावको व्यवस्था गर्दै इन्टरनेटको पहुँच सुनिश्चित गरिनेछ<br>३. विद्यालयमा प्रयोगात्मक कक्षाकालागि विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ।<br>४. माध्यमिक तह (कक्षा ११-१२) मा विज्ञान विषय अध्यापन गर्ने सामुदायिक विद्यालयको स्तरोन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| २.३ उच्च स्तरको जनशक्ति उत्पादनको व्यवस्था गर्ने । । | १. नगरपालिकाको आवश्यकताको पूर्ति तथा शैक्षिक विकासकालागि उच्च शिक्षामा प्राविधिक विषयको क्याम्पस, बहुप्राविधिक शिक्षालय र बहुसंकाय क्याम्पस स्थापनाको पहलकालागि सम्भाव्यता अध्ययन गरिनेछ ।<br>२. उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न नगरपालिका भित्र कम्तीमा एउटा पोलीटेक्नीकल शिक्षालय स्थापना गरिनेछ । |
| २.४: विद्यालयको पूर्वाधार निर्माण गर्ने | १. वालविकास केन्द्रको पूर्वाधार मापदण्ड अनुसार तयार गरिनेछ।<br>२. विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ ।<br>३. प्रत्येक विद्यालयमा छात्र र छात्राकालागि छुट्टा छुट्टै सुरक्षित तथा स्वस्थकर शौचालयको व्यवस्था गरिनेछ।<br>४. प्रत्येक विद्यालयमा खेल मैदानको व्यवस्था गरिनेछ ।<br>५. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको व्यवस्था गरिनेछ। |
| २.५ संस्थागत तथा निजी विद्यालयहरूको नियमन गरी सेवामुलक बनाउने । | १. प्रत्येक कक्षामा १५ प्रतिशत गरिब र विपन्न विद्यार्थीलाई वडाको सिफारिसमा निःशुल्क पढाउने व्यवस्था गरिनेछ ।<br>२. नयाँ विद्यालयहरूको अनुमति दिँदा शैक्षिक गुठीको रूपमा मात्र अनुमति दिने व्यवस्था मिलाइनेछ ।<br>३ . संस्थागत विद्यालयहरूको नियमनकालागि मापदण्ड तयार गरी त्यसैको आधारमा शुल्क निर्धारण, वर्गीकरण, अनुगमन गरी सेवामूलक बनाइनेछ । । |
| २.६ सामुदायिक शैक्षिक विद्यालयहरूको गुणस्तर वृद्धि गरी प्रतिस्पर्धी बनाउने । | १ . विद्यालयमा विषयगत शिक्षकद्वारा मात्रै शिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।<br>२. अंग्रेजी र नेपाली दुबै माध्यमबाट ऐच्छिक रूपमा सबै कक्षामा सञ्चालन गरिनेछ ।<br>३. अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न चाहने विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ ।<br>४. कमजोर बालबालिकालाई सुधारात्मक शिक्षण गरी सिकाइ स्तरको वृद्धि गरिनेछ ।<br>५. आवस्यक तालिम दिई वालविकास सम्बन्धी सिकाइ सामग्रीहरूको उत्पादन बालविकास केन्द्रमा नै गर्ने व्यवस्था गरिनेछ ।<br>६. विद्यालयहरूको शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या तथा भौगोलिकता आदिका आधारमा, पुन नक्साङ्कन गरी आवस्यकता अनुसार मर्जिङ् गरिनेछ । |

कार्यक्रम तथा आयोजना

**तालितका २६ शिक्षा उपक्षेत्रको कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| **शैक्षिक नीति विकास** | | | | | | | | | | | |
| विद्यालयको पुर्बाधार तथा गुणस्तरीयता को न्युनतम मापदण्ड निर्माण | संख्या | १ | २० | - | -- | -- | - | २० | ४ | १ | ३ |
| स्थानीय विद्यालय भर्ना कार्यक्रम | पटक | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | ४ | १ | ३ |
| विद्यालय पोशाक, कापी झोला किताव, ढुवानी र वितरणमा सहजीकरण | संख्या | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | ४ | १ | ३ |
| सुबिधा सम्पन्न प्रारम्भिक वाल विकास केन्द्र | संख्या | ५ | १० | १० | १० | १० | १० | ५० | ४ | १ | ३ |
| स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम | पटक | ८१ | २० | २० | २० | २० | २० | १०० | ४ | १ | ३ |
| शैक्षिक क्यालेन्डर निर्माण / ब्यबस्थापन | पटक | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | ४ | १ | ३ |
| संस्थागत विद्यालय नियमन कार्यक्रम | पटक | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | ४ | १ | ३ |
| शिक्षक विद्यार्थी अनुपात मापदण्ड निर्धारण | पटक | १ | ५ | - | - | - | - | ५ | | | |
| प्रविधि मैत्री विद्यालय निर्माण र | संख्या | १५ | २० | २० | २० | २० | २० | १०० | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| व्यवस्थापन | | | | | | | | | | | |
| **गुणस्तरीय शिक्षा** | | | | | | | | ० | ४ | १ | ३ |
| तालिम तथा पुनर्ताजगी (बिशेषज्ञ तालिम, कम्पुटर, IEMIS, लेखा लगायत का तालिम कार्यक्रम) | पटक | २० | ३० | ३० | ३० | ३० | ३० | १५० | ४ | १ | ३ |
| शिक्षक आदान प्रदान कार्यक्रम | पटक | २ | ३ | ३ | ३ | ३ | ३ | १२ | ४ | १ | ३ |
| शिक्षकको क्षमता विकास (अनुसन्धान, बौद्धिक क्रियाकलाप, लेख प्रकाशन, आदि) शिक्षकहरुको वृति विकास तथा प्रोत्साहन/तालिम | पदक | १० | ३० | ३० | ३० | ३० | ३० | १५० | ४ | १ | ३ |
| शिक्षकको बौद्धिकता/ ज्ञान सर्वेक्षण | पटक | ३ | १० | - | १० | - | १० | ३० | ४ | १ | ३ |
| सम्मान तथा उत्कृष्ट पुरस्कार विद्यार्थीहरुको प्रतिभा पहिचान कार्यक्रम | संख्या | १० | ५ | ५ | ५ | ५ | ५ | १५ | ४ | १ | ३ |
| पाठ्यक्रम परिमार्जन, संशोधन (आधारभूत तह कक्षा ६ देखि ८ सम्म का लागि स्थानीय पाठ्यक्रम निर्माण ) स्थानीय पाठ्यक्रम निर्माण | संख्या | १ | २० | - | -- | - | - | २० | ४ | १ | ३ |
| अभिभावन सचेतना एवं विद्यार्थीको जीवनवृति परामर्श | संख्या | १० | ५ | ५ | ५ | ५ | ५ | १५ | ४ | १ | ३ |
| माध्यमिकतह का किशोर किशोरीको सूचना प्रबिधि | संख्या | १० | ५ | ५ | ५ | ५ | ५ | १५ | ४ | १ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सम्बन्धि ज्ञान शिप अभिबृद्धि कार्यक्रम | | | | | | | | | | | |
| नमुना विद्यालयहरुको अध्ययन अवलोकन तथा भ्रमण | संख्या | १० | ५ | ५ | ५ | ५ | ५ | १५ | ४ | १ | ३ |
| नमुना कक्षा सिकाइ कार्यक्रम | संख्या | १० | ५ | ५ | ५ | ५ | ५ | १५ | ४ | १ | ३ |
| **भौतिक पूर्वाधारको व्यवस्था** | | | | | | | | ० | | | |
| थप पूर्वाधार निर्माणः तारबार, कम्पाउण्ड, खानेपानी, खेलमैदान, कक्षाकोठा, फर्निचर तथा खेल सामग्री | संख्या | १६ | १०० | १०० | १०० | १०० | १०० | ५०० | ४ | १ | ३ |
| न्युनतम शैक्षिक सामग्री को निर्धारण, अनुगमन र ब्यबस्थापन | संख्या | १६ | ५० | ५० | ५० | ५० | ५० | २५० | ४ | १ | ३ |
| विज्ञान, कम्प्युटर, प्रयोगशाला | संख्या | ५ | ३० | - | ३० | - | - | ६० | ४ | १ | ३ |
| पुस्तकालय | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ४ | १ | ३ |
| पूर्वाधार स्तरोन्नति कार्यक्रम (बाल, अपाङ्ग तथा जेष्ठ मैत्री पूर्वाधार विकास) | संख्या | १६ | ३० | ३० | ३० | ३० | ३० | १५० | ४ | १ | ३ |
| विद्यालयहरुमा इन्टरनेटको पहुँच विस्तार | संख्या | १५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ४ | १ | ३ |
| डिजिटल कक्षा तथा स्मार्ट बोर्डहरुको प्रयोग र व्यवस्थापन | संख्या | १० | ५ | ५ | ५ | ५ | ५ | १५ | ४ | १ | ३ |
| आधुनिक तथा सुविधा सम्पन्न कक्षा कोठा निर्माण तथा | संख्या | १० | ५० | ५० | ५० | ५० | ५० | २५० | ४ | १ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| व्यवस्थापन | | | | | | | | | | | |
| पुराना भवनहरुको प्रवलिकरण तथा रङ्ग रोगन कार्यक्रम | संख्या | ३० | ५ | ५ | ५ | ५ | ५ | १५ | ४ | १ | ३ |
| **प्राविधिक,दक्ष जनशक्ति विकास** | | | | | | | | ० | | | |
| प्राविधिक धार सञ्चालन | संख्या | २ | १० | १० | १० | १० | १० | ५० | ४ | १ | ३ |
| प्रयोगशाला निर्माण तथा व्यवस्थापन | संख्या | १५ | ३० | ३० | ३० | ३० | ३० | १५० | ४ | १ | ३ |
| उच्च शिक्षा छात्रावृत्तिःस्वास्थ्य, कृषिपशु, इन्जिनियरिङ, आयुर्वेद | संख्या | २० | ६० | ६० | ६० | ६० | ६० | ३०० | ४ | १ | ३ |
| पढ्दै कमाउदै व्यवसायिक शिक्षा कार्यक्रम | संख्या | ५ | १० | १० | १० | १० | १० | ५० | ४ | १ | ३ |
| **अतिरिक्त कार्यक्रमहरू** | | | | | | | | ० | | | |
| विद्यालयमा खेलकुद लगायतका अतिरिक्त क्रियाकलाप सञ्चालन | संख्या | ८१ | २० | २० | २० | २० | २० | १०० | ४ | १ | ३ |
| विद्यालय घुम्ति नर्स सेवा | संख्या | १६ | १० | १० | १० | १० | १० | ५० | ४ | १ | ३ |
| अन्तर विद्यालय प्रतियोगिता खेलकुद, वक्तृत्वकला, हाजिरीजवाफ, गीत लोक नृत्य, कथा, कविता तथा निवन्ध, चित्रकला | पटक | ८१ | १० | १० | १० | १० | १० | ५० | ४ | १ | ३ |
| एक विधालय एक करेसाबारी कार्यक्रम | संख्या | २५ | १० | १० | १० | १० | १० | ५० | ४ | १ | ३ |
| आवासीय बिद्यालय विकास कार्यक्रम | संख्या | ५ | २० | २० | २० | २० | २० | १०० | ४ | १ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिष्ठित व्यक्ति तथा संस्था भेटघाट कार्यक्रम | संख्या | ३० | ५ | ५ | ५ | ५ | ५ | १५ | ४ | १ | ३ |
| **माध्यमिक बिद्यालयलाई रैथाने बाली अनुसन्धान केन्द्र को रुपमा विकास** | संख्या | १ | २० | २० | २० | २० | २० | २० | ४ | १ | ३ |
| **शिक्षा,विज्ञान तथा नवप्रर्वतनको जम्मा** | | | ६९४ | ६०९ | ६४९ | ६०९ | ६१९ | ३१८० | | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

### ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका २७* **शिक्षा उपक्षेत्रको अपेक्षित उपलब्धी तथा नतिजा खाका**

| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/०८१** | **लक्ष्य परिणाम** | | | | | **सूचनाको स्रोत** | **पूर्वानुमान** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/०८२ | ०८२/८३ | ०८३/०८४ | ८४/८५ | ८५/०८६ | | |
| **प्रभाव तहः** | विज्ञान, प्रविधि र नवप्रवर्तनको प्रवर्द्धनसँगै सबैको गुणस्तरीय, प्राविधिक र व्यवसायिक शिक्षामा सहज पहुँचको प्रत्याभूति भइ दक्ष जनशक्ति उत्पादन भएको हुने। | | | | | | | | |
| साक्षरता दर<br>पुरूष<br>महिला | प्रतिशत | ७१.४<br>८०.९<br>६२.७ | ७४<br>८२<br>६५ | ७७<br>८४<br>७० | ७९<br>८६<br>७२ | ८१<br>८८<br>७४ | ८३<br>९०<br>७६ | पालिकाको पार्श्वचित्र, | जनचेतना अबिवृद्धि भएको हुने |
| **१.असर तहः** | शिक्षण संस्थाहरूको संस्थागत विकासमार्फत सबैका लागि शिक्षा तथा जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु । | | | | | | | | |
| ३० मिनेटको दूरीमा आधारभुत तह सम्मको विद्यालय पहुँच भएका घरधुरी | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | पालिकाको पार्श्वचित्र, | |
| १.१प्रतिफल | विद्यालयमा उमेर समूहका सबै वालवालिकाहरूको पहुँच वृद्धि भएको हुने | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आधारभुत तहको खुद भर्नादर | प्रतिशत | - | ८० | ८५ | ८८ | ९० | ९५ | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | अबिभावक एवं चेतना अभिवृद्धि कार्यक्रम प्रभावकारी बएको हुने |
| सुविधा सम्पन्न प्रारम्भिक वालविकास केन्द्र | संख्या | ५ | १० | १५ | २० | २५ | ३० | | |
| विद्यालय बाहिर उमेर समुहका बालबालिकाहरू | जना | २०० | १५० | १२० | १०० | ५० | ० | | |
| १.२ प्रतिफल | माध्यामिक तहसम्मको शिक्षा अनिवार्य एवं निःशुल्क भएको हुने | | | | | | | | |
| विद्यालय छाड्ने दर | प्रतिशत | ५ | ४ | ३ | २ | १ | ० | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | शिक्षा क्षेत्रमा पर्याप्त वजेट विनियोजन भएको हुने |
| माध्यामिक तहसम्म दिवा खाजा खुवाउने विद्यालय | संख्या | ८१ | गुणस्तर सुधार गर्दै लैजाने | | | | | | |
| पोशाक, कापी, किताव,डटपेन निशुल्क वितरण | संखया | - | - | - | - | - | - | | |
| **२.असर तहः** | प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षामा जोड दिदैं शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु । | | | | | | | | |
| माध्यामिक तहको सिकाइ उपलब्धि दर | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | पालिकाको पार्श्वचित्र, प्रगति समीक्षा | गुणस्तरीय शिक्षा प्रवर्द्धित भएको हुने |
| उच्च शिक्षा अध्यापन गर्ने शिक्षण संस्था | संख्या | १ | स्नातकोत्तर सम्मको अध्ययन गराउने गरी पहल गर्ने | | | | | | |
| **२.१ प्रतिफल** | विद्यालयहरूमा शैक्षिक एवं भौतिक पूर्वाधारहरूको व्यवस्था सर्वसुलभ भएको हुने | | | | | | | | |
| सवै प्रकारका भौतिक पूर्वाधार भएका विद्यालय(खेल मैदान, शौचालय, फर्निचर, कक्षाकोठा, भवन, खानेपानी,विद्युत, ई-हाजिरी) | संख्या | २० | २५ | ३० | ३५ | ४० | ४५ | पार्श्वचित्र तथा वार्षिक प्रगति समीक्षा | शिक्षा क्षेत्रमा पर्याप्त वजेट विनियोजन भएको हुने |
| आईसिटी, कम्प्युटर | संख्या | १६ | २० | २४ | २८ | ३० | ३५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| तथाविज्ञान प्रयोगशाला, नर्ससेवा, स्यानिटरी प्याड, भएका विद्यालय | | | | | | | | | |
| २.१ प्रतिफल | सक्षम र व्यवसायिक प्राविधिक जनशक्ति उत्पादन भएको हुने | | | | | | | | |
| विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्ने विद्यालय | संख्या | - | १ | १ | १ | १ | १ | पालिकाको पार्श्वचित्र | व्यवसायिक एवं प्राविधिक शिक्षा प्रवर्द्धित भएको हुने |
| सिटिइभिटीबाट मान्यता प्राप्त प्राविधिक शिक्षालय | संख्या | - | - | - | - | - | - | | |
| प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी | संख्या | - | - | - | - | - | - | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

खानेपानी र सरसफाइ आम नागरिकका आधारभूत आवश्यकता हुन् । खानेपानी तथा सरसफाइ सेवा र स्वच्छ खानेपानीमा पहुँचलाई नेपालको संविधानमा नागरिकहरुको मौलिक अधिकारको रुपमा ग्रहण गरिएको छ । नेपालको संविधान को भाग ३ को धारा ३५.४ अनुसार प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । यसैगरी नेपाल सरकारको तत्कालिन शहरी विकास मन्त्रालयले राष्ट्रिय खानेपानी तथा सरसफाइ नीति २०१४ मा खानेपानी र सरसफाइलाई जनस्वास्थ्यको प्रवर्द्धनकोलागि अपरिहार्य आधारको रूपमा लिएको देखिन्छ । नेपालको संविधानको धारा ३०.१ मा हरेक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक र ३०.२ मा वातावरणीय प्रदूषणको कारक भएकोमा पीडकले क्षतिपूर्ति गर्नुपर्ने र ३०.३ मा बातावरण र विकास बीच समुच्च सन्तुलनकालागि आवश्यक कानुनी व्यवस्था गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । दिगो विकास लक्ष्यमा स्वच्छ खानेपानीलाई एक महत्वपूर्ण लक्ष्य सूचकको रुपमा व्यवस्था गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय खानेपानी व्यवस्थापन गर्ने, त्यसका लागि नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन, नियमन गर्ने, महसुल निर्धारण गर्नेजस्ता जिम्मेवारीहरु स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

पुचौंडी  नगरपालिकाको धेरैजसो घरधुरीमा खानेपानीको मुख्य श्रोतको रूपमा सार्वजनिक धाराको पँहुच रहेको छ । खानेपानीको मुख्य योजनाहरुमा सतगाड गोफा पैराखोला र कालापानी, शिकुरी खानेपानी योजना लामुनी डण्नपुर पहिरो खा.पा. तुसार खा.पा. तल्लो शिकुरी खा.पा चिमडा भल्लादेहि वृहत खा.पा रिखा तथा भम्का खा.पा. ग्लेक , खाण सोलाभिड भुकोहाल्ला कुरौनी गाउँ, शिशिर बसन्त, रौल सलकुडा, तालधुर्पे , सलकाटै, औसडा ,दानडा,मुस्कोट ,बलौन ,सुन्दरीजल चौडाली ,केलाड, अल्कापुरी सिम्चाडी रहेको छन । वागा शिबावो नारायण ढुगा झरना सुरजगंल खानेपानी, हाट बसन्तपुर भकुडा दाडिम्पाटा गस्र्या कुणि बुदडा डाडाकोट कोराखेत संचालनमा रहेका छन् ।

### ५.३.२ समस्या तथा चुनौती

खानेपानीको शुद्धता तथा प्रशोधन कार्य नहुनु, खानेपानीको शुद्धता तथा सरसफाई प्रति जनचेतनाको अभाव, फोहोरमैला व्यवस्थापनको प्रभावकारीतामा कमि, सरसफाइ तथा स्वच्छ खानेपानीको क्षेत्रमा गरिव, पिछडिएको र उच्च जोखिमयुक्त वर्ग सरसफाइको प्रभावबाट बाहिर हुनु, वातावरणीय प्रभाव, जलवायु परिवर्तन र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु, फोहरमैला व्यवस्थापन, प्रशोधन र ढल निकासको कामहरू योजनावद्ध रुपले अगाडि बढाउन नसक्नु आदि पुचौंडी नगरपालिकाका प्रमुख समस्याहरू हुन् ।

उच्च पहाडी भूभागमा पानीको स्रोत पहिचान गरी खानेपानी सुविधा विस्तार गर्नु, पूर्ण सरसफाइ र व्यवस्थित ढल निकासको प्रबन्ध गर्नु, खानेपानी तथा सरसफाइको दिगो व्यवस्थापनका लागि वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन गर्नु तथा योजना, मर्मत सम्भार र दिगो व्यवस्थापनको लागि उपभोक्ताहरूको दक्षता अभिवृद्धि गर्नु, व्यवस्थित रूपमा खानेपानी योजना तयार गर्नु तथा भएका खानेपानीको संरक्षण एवं नियमित सञ्चालन आदि यस नगरपालिकामा खानेपानी तथा सरसफाइ विकासमा विद्यमान चुनौतीहरू हुन् ।

### ५.३.३ संभावना तथा अवसर

नगरपालिकामा एक घर एक धारा अवधारणा प्राथमिकतामा रहेको, खानेपानी सरसफाईका लागि आवश्यक बजेट विनियोजन गरेकोले खानेपानी र सरसफाइको विकासका लागि ठूलो अवसर रहेको छ । खानेपानीको व्यबस्थापनका लागि प्रशस्त मात्रामा जलाधार रहनु खानेपानी व्यवस्थापनका लागि पालिकाको ठूलो सम्भावना हो । आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुवा यस्ती नजिकै पानीका स्रोतहरू उपलब्धता प्रचुर मात्रामा रहनु, लिफ्टिङ प्रणालीबाट खानेपानी सुविधा पुर्‍याउन सकिने प्रविधिको विकास हुनु तथा नदी तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु यस पालिकामा खानेपानी तथा सरसफाइ प्रवर्द्धनका अवसरहरू हुन् ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सर्वसुलभ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा पूर्ण सरसफाइयुक्त नगरपालिका हुने।

**उद्देश्य**

१. आधारभूत खानेपानीको विस्तार भइ सर्वसुलभ, स्वच्छ, सफा र गुणस्तरीय खानेपानी सुविधामा वृद्धि गर्नु ।

३. प्रत्येक घरमा व्यवस्थित शौचालय, घरेलु फोहरमैलाको व्यवस्थापनमार्फत स्वच्छ र सफा वातावरण कायम गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका २८ **खानेपानी तथा सरसफाइ उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरु | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १: आधारभूत खानेपानीको विस्तार भइ सर्वसुलभ, स्वच्छ, सफा र गुणस्तरीय खानेपानी सुविधामा वृद्धि गर्नु । | |
| १.१ पहुँच नभएका वस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने | १. खानेपानी तथा सरसफाइसम्बन्धि नीतिगत व्यवस्था गरिनेछ ।<br>२. खानेपानीका स्रोतहरूको संरक्षण गरिनेछ।<br>३. "एकघर एक धारा" कार्यक्रम लागु गरिनेछ ।<br>४. आधारभूत खानेपानीको पहुँच वृद्धिकोलागि ठाउँ ठाउँमा पानी ट्यांकीको सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>५. नयाँ संरचनाकोलागि आवश्यक जग्गाको व्यवस्था गर्ने मिलाइनेछ ।<br>६. विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ । |
| २.१ आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने | १. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ ।<br>२. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाकोलागि संरचना निर्माण गरिनेछ ।<br>३. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता |

| | |
|---|---|
| | सुनिस्चित गरिनेछ ।<br>४. निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ ।<br>५. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| उद्देश्य २ प्रत्येक घरमा व्यवस्थित शौचालय, घरेलु फोहरमैलाको व्यवस्थापनमार्फत स्वच्छ र सफा वातावरण कायम गर्नु । | |
| २.१ः प्रत्येक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने | १. निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ ।<br>२. घरबाट निस्किने अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ ।<br>३. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहरमैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ ।<br>४. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ।<br>५. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ । |
| २.२ खानेपानी तथा सरसफाइ सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने | १. खानेपानी संरक्षण, स्वच्छ खानेपानी तथा सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. विद्यालय, सामाजिक संघसंस्थासमेतको सहभागिता तथा सहकार्यमा सरसफाइ अभियान सञ्चालन गरिने छ ।<br>३. महिला सञ्जाल तथा आमासमुह मार्फत फोहोरवाट कम्पोष्ट मल वनाउने सम्वन्धी प्राविधिक सीप विकास तालिम सञ्चालन गरिने छ ।<br>४. फोहोरमैला सम्वन्धी चेतनामूलक प्रचार सामाग्रीहरु वनाई वितरण गरिने छ । |

**कार्यक्रम तथा आयोजना**

तालिका २९ **खानेपानी तथा सरसफाई उपक्षेत्रको कार्यक्रम तथा आयोजना**

| **कार्यक्रमहरू** | **एकाइ** | **योजनाको कुल लक्ष्य** | **अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा)** | | | | | | **दिविल संकेत** | **लैंगिक संकेत** | **जलबायू संकेत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **पहिलो आ.व.** | **दोस्रो आ.व.** | **तेस्रो आ.व.** | **चौथो आ.व** | **पाँचौ आ.व** | **जम्मा** | | | |
| **खानेपानी मुहान तथा श्रोत संरक्षण** | | | | | | | | | | | |
| खानेपानी संरचना स्तरोन्नति | संख्या | ६ | २० | २० | २० | २० | २० | १०० | ६ | ३ | १ |
| मुहान क्षेत्र वृक्षारोपण | संख्या | ६ | ५ | ५ | ५ | ५ | ५ | २५ | ६ | ३ | १ |
| मुहान क्षेत्र तारवार, पर्खाल निर्माण | संख्या | ६ | १० | १० | १० | १० | १० | ५० | ६ | ३ | १ |
| खानेपानीमा पहुँच अभिवृद्धि | | | | | | | | ० | ६ | ३ | १ |
| एक घर एक धारा सबलीकरण | संख्या | ५ | ३० | ३० | ३० | ३० | ३० | १५० | ६ | ३ | १ |
| थपक्षेत्र खानेपानी विस्तार | संख्या | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | ६ | ३ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानी आयोजना स्तरोन्नति, मर्मत सम्भार | संख्या | ६० | ४० | ४० | ४० | ४० | ४० | २०० | ६ | ३ | १ |
| खानेपानी शुद्धीकरण, | संख्या | ६ | २० | २० | २० | २० | २० | १०० | ६ | ३ | १ |
| **खानेपानी उपभोक्ता क्षमता वृद्धि** | संख्या | ६ | २० | २० | २० | २० | २० | १०० | ६ | ३ | १ |
| **व्यवस्थित सरसफाइ** | | | | | | | | ० | ६ | ३ | १ |
| फोहोर बर्गिकरण तथा ब्यबस्थापन | संख्या | १ | - | २० | २० | २० | २० | १०० | ६ | ३ | १ |
| **सरसफाइ जनचेतना अभिवृद्धि** | | | | | | | | ० | ६ | ३ | १ |
| फोहोरमैला जनचेतना अभिवृद्धि | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ६ | ३ | १ |
| टोल, वस्ती सरसफाइ अभियान | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ६ | ३ | १ |
| कम्पोष्ट मल | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ६ | ३ | १ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वनाउने प्राविधिक तालिम | | | | | | | | | | | |
| **खानेपानी तथा सरसफाईको जम्मा** | | | २१० | २३० | २३० | २३० | २३० | ११३० | | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

### ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३० **खानेपानी तथा सरसफाई उपक्षेत्रको अपेक्षित उपलब्धी तथा नतिजा खाका**

| **प्रमुख नतिजा सूचक** | **इकाइ** | **आधार वर्ष २०८०/०८१** | **लक्ष्य परिणाम** | | | | | **सूचनाको स्रोत** | **पूर्वानुमान** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **२०८१/०८२** | **८२/८३** | **२०८३/०८४** | **८४/८५** | **२०८५/०८६** | | |
| **प्रभाव तहः** | सर्वसुलभ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा पूर्ण सरसफाइयुक्त नगरपालिका हुने। | | | | | | | | |
| सुरक्षित एवं उपचार गरिएको खानेपानी सुविधामा पहुँच भएको जनसंख्या | प्रतिशत | ५ | १० | १५ | २० | २५ | ३० | पालिकाको पार्श्वचित्र, वार्षिक समीक्षा | उपलब्ध पानीको उपयुक्त सदुपयोग हुने |
| १.असर तहः | आधारभूत खानेपानीको विस्तार भइ सर्वसुलभ, स्वच्छ, सफा र गुणस्तरीय खानेपानी सुविधामा वृद्धि गर्नु । | | | | | | | | |
| आधारभूत खानेपानी सेवामा पहँच भएको जनसंख्या | प्रतिशत | ८० | - | ८५ | - | ९० | ९५ | पालिकाको पार्श्वचित्र, | उपलब्ध पानीको उपयुक्त सदुपयोग हुने |
| १.१ प्रतिफल | खानेपानीको मुहान तथा स्रोतहरूको संरक्षण भई दिगोको रुपमाविकास भएको हुने | | | | | | | | |
| उपलव्ध खानेपानीको | संख्या | ३० | ३५ | ४० | ४५ | | ५० | पालिकाको | पानी मुहानहरूकोसंरक्ष |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मुहान तथा जलश्रोतहरू | | | | | | | | पार्श्वचित्र, वार्षिक समीक्षा | ण भएको हुने |
| तारवार, पर्खाल लगाई संरक्षित गरिएको खानेपानी मुहान | संख्या | ६ | २ | २ | २ | २ | ८ | | |
| स्रोत संरक्षणका लागि बाढी पहिरो नियन्त्रण | संख्या | ३ | १ | २ | ३ | ४ | ५ | | |
| १.२ प्रतिफल | खानेपानी पूर्वाधारको स्तरोन्नति भई घरघरमा सुरक्षित खानेपानी उपलव्ध भएको हुने | | | | | | | | |
| नियमित मर्मत, स्तरोन्नति भएका खानेपानीका पूर्वाधार(धाराहरु ) | संख्या | ८०० | - | ४०० | ४०० | - | ४०० | पालिका को पार्श्वचित्र | खानेपानीउपभोक्ता समितिहरूको क्षमता विकास भई क्रियाशील भएको हुने |
| थप खानेपानी पूर्वाधार | संख्या | ६ | - | - | - | - | - | | |
| क्रियाशील खानेपानि तथा सरसफाइ उपभोक्ता समिति | संख्या | ६ | २ | - | - | - | ४ | | |
| २. असर तहः | प्रत्येक घरमा व्यवस्थित शौचालय, घरेलु फोहरमैलाको व्यवस्थापनमार्फत स्वच्छ र सफा वातावरण कायम गर्नु । | | | | | | | | |
| ब्यबस्थित रुपमा फोहोर ब्यबस्थापन गर्ने | प्रतिशत | १ | १ | १ | १ | १ | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ठाउ | | | | | | | | | |
| २.१प्रतिफल | पोहोरलाई सदुपयोग गर्दै फोहोरबाट आर्जन भएको हुने | | | | | | | | |
| घर, पसल, कार्यालयका फोहोरलाई वर्गीकरण गरी विसर्जन गर्ने घरधुरी | प्रतिशत | ० | ० | ० | ५ | ७ | ८ | पालिकाको पार्श्वचित्र | फोहोर व्यवस्थापनमा जनचेतना अभिवृद्धि भएको हुने |
| शौचालय भएका घरधुरी | प्रतिशत | ९१ | - | ९५ | ९६ | ९८ | १०० | | |
| व्यवस्थित ढल प्रणालीमा जोडिएका घरधुरी | प्रतिशत | ० | ० | ० | ० | | ५ | | |
| २.२ प्रतिफल | फोहोरलाईसदुपोग गर्दै फोहोरबाट आय आर्जन भएको हुने | | | | | | | | |
| जैविकमल बनाउने सम्वन्धी प्राविधिक तालिम लिने | संख्या | १ | १७ | १८ | २० | २२ | २४ | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | फोहोर व्यवस्थापनमा जनचेतना अभिवृद्धि भएको हुने |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ। नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को अनुमोदन तथा दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ । समानता (कानुनी आधारमा समान), सामाजिक न्याय (समानुपातिक सहभागिताका आधारमा), सामाजिक सुरक्षा (कानुनद्वारा सुरक्षा), ज्येष्ठ नागरिकको संरक्षण, दलितछुवाछूत तथा भेदभाव विरुद्ध (जातिय आधारमा), महिला, वालवालिका, दलित (समानुपातिक समावेशी सिद्धान्तका आधारमा) को हकलाई संविधानमा मौलिक अधिकारको रुपमा ग्रहण गरिएको छ ।१५ औं राष्ट्रिय योजनामा परिस्कृत तथा मर्यादित जीवनलाई दीर्घकालीन राष्ट्रिय लक्ष्यको रुपमा अंगिकार गरेको छ भने गरिवी निवारण गर्ने र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रुपमा लिइएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको लगत राख्ने, परिचयपत्र वितरण गर्ने, सामाजिक सुरक्षा र सुविधाको व्यवस्थापन गर्ने, दिवाखाजा, आश्रय केन्द्र सञ्चालन एवं पुर्नस्थापना केन्द्र सञ्चालन गर्ने र सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन जस्ता जिम्मेवारीहरु संघ एवं प्रदेश सरकारको समन्वयमा गर्ने कार्य स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ । बालबालिकाको हकलाई संविधानले मौलिक हकको रूपमा स्थापित गरेको हुँदा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालसहभागिता जस्ता बालअधिकारका आधार स्तम्भहरू प्रत्याभूति गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ लागु गरिएको छ । त्यसैगरी ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु कल्याणकारी राज्यको दायित्व हो भने अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूलधारमा ल्याउनका लागि समावेशी र समन्यायिक पहुँच तथा सहभागितामा जोड दिइनु पर्दछ ।

### ५.४.२ समस्या तथा चुनौती

लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने साझाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला र पुरुष विच ज्याला र जग्गा स्वामित्व जस्ता बिषयमा ठुलो असमानता हुनु, समावेशी विकास प्रकृयाका बारेमा सेवा प्रदायक तथा सेवाग्राहीमा चेतनाको कमि, छाउपडी, बाल बिबाह जस्ता सामाजिक समस्याको दिगो समाधान हुन नसक्नु, मनोसामाजिक समस्याको निराकरणका लागि ठोस नीतिको अभाव, लक्षित वर्गको आर्थिक तथा वैयक्तिक क्षमता अभिबृद्धिको दीगो समाधानका लागि ठोस कार्यक्रमको अभाव, महिला माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित तथा एकल महिलालाई पूर्णरूपमा संरक्षण, पुनर्स्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु महिला सम्बन्धी क्षेत्रका समस्या हुन् । महिला तथा बालबालिकाहरू माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान रहनु, हिंसा पिडित महिलालाई पूर्णरुपमा संरक्षण र पुर्नस्थापना गर्न नसक्नु, सशक्तिकरण र स्वावलम्बी बनाउन नसकिनु जस्ता समस्याहरू अझै पनि विद्यमान रहेका छन् । अझैपनि जेष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभव मुलुकले उपयोग र नयाँ पीढिमा हस्तान्तरणको पहल हुन नसक्नु, बेवारिसे, असहाय, अशक्त, एकल जेष्ठ नागरिकहरूको उचित संरक्षण नहुनु,

जेष्ठ नागरिकले उचित सम्मान पाउन नसक्नु जस्ता समस्याहरू जेष्ठ नागरिकका समस्याहरू हुन् । अपाङ्गमैत्री शिक्षाको अभावका कारण अपाङ्गता भएका बालबालिकाहरू विद्यालय बाहिर रहनु, उनीहरूका लागि रोजगारी, सामाजिक सहभागिता र आयआर्जनका अवसरमा समान पहुँच नहुनु र विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुनु जस्ता समस्याहरू रहेका छन् ।

लक्षित वर्गका लागि विनियोजन गरेको वजेट कार्यक्रम वितरणमुखी हुनु, लैङ्गिक हिंसा, भेदभाव, छुवाछुत जस्ता सामाजिक कुरीतिहरुको नियन्त्रण गर्नु, अपाङ्गता भएकाहरुलाई स्वरोजगार वनाउनु, महिलाहरुमा गुणात्मक क्षमता विकास गर्दै निर्णय तहमा उनीहरुको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु, आर्थिक तथा सामाजिक जीवनमा लैङ्गिक समानता कायम गर्नु, लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी लैंगिक उत्तरदायी स्थानी शासन पद्धति कायम गर्नु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, विकसित विश्वव्यापी मूल्य, मान्यता र बदलिदो परिस्थितिलाई सम्बोधन हुने गरी बालअधिकारको संरक्षण र प्रवर्द्धनलाई प्रभावकारी बनाउनु तथा ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाज विकास र पूर्वाधार निर्माणमा उपयोग गर्नु, ज्येष्ठ नागरिकमाथि हुने हिसा र दुर्व्यवहारको अन्त्य गर्नु चुनौतीहरु बिद्यमान छन् ।

### ५.४.३ सम्भावना तथा अवसर

विगतमा सामाजिक असमानता तथा विभेदका कारण महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि पारिएका वर्गको उत्थान गरी विकासको मूल प्रवाहमा समाहित गर्दै लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई समेट्न सके पुचौंडी नगरपालिकाले समतामुलक, समृद्ध पालिकाको रुपमा आफ्नो पहिचान स्थापित गर्न सक्ने सम्भावना रहेको छ । लैङ्गिकमैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, बालबालिकाको मौलिक हक सम्बन्धी सवालका लागि विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकताका साथ तर्जुमा हुनु, संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा ग्यारेन्टी गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयं क्रियाशील भई संगठित हुनु आदि अवसरका रुपमा रहेका छन् । महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रकृयामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु, लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई पालिकाले समेत प्राथमिकतामा राख्नु, उद्यमशीलता तथा व्यवसायिक सीप विकास तालिमहरु सञ्चालनवाट क्षमता अभिवृद्धि, रोजगारीता, पेशा एवं व्यवसायहरुमा महिला उपस्थितिले पालिकाको सामाजिक न्याय सुनिश्चित गर्न सहयोग पुग्नेछ ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सबै क्षेत्रमा समान सहभागिता एवं अवसरहरूको विकास गर्दै सामाजिक न्याय सुनिश्चित भएको समाज निर्माण भएको हुने ।

**उद्देश्य**

१. सवै प्रकारको हिंसा र विभेदको अन्त्य गरी नीति निर्माण तथा नेतृत्व तहमा समतामूलक समावेशीकरणमार्फत समाजको निर्माण गर्नु ।
२. लक्षित वर्ग (महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका, सिमान्तकृत एवं अति विपन्नसमुदायलगायत)को समग्र अधिकारको संरक्षण, प्रवर्द्धन र सशक्तिकरणमार्फत सामाजिक न्यायको मूलधारमा प्रवाहीकरणा गर्ने।
३. अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु

तालिका ३१ **महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू**

| **रणनीतिहरू** | **कार्यनीतिहरू** |
|---|---|
| उद्धेश्य २ सवै प्रकारको हिंसा र विभेदको अन्त्य गरी नीति निर्माण तथा नेतृत्व तहमा समतामूलक समावेशीकरणमार्फत समाजको निर्माण गर्नु । | |
| १.१ महिलाको हक अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु । | १: पालिका मातहतका सबै निकायहरूमा नगरपालिकाका नीति निर्माण र कार्यान्वयनमा समान महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ लैङ्गिक समानता वृद्धि गर्ने ।<br>२. लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको समेत सक्रिय सहभागितामा वृद्धि गरिनेछ |
| १.२: लैङ्गिक हिंसा बन्त्य गर्ने कार्यकम कार्यान्वयन गर्ने । | १. स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर्स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालन का साथै पालिकामा राहतकोषको सञ्चालन गरिने छ। संरक्षण तथा बालमैत्री वातावरण सूचना गर्नु ।<br>२ . बालबालिका विरुद्ध हुने हिंसा, यौनदुर्व्यवहार, बालश्रम, बलात्कार, बेचविखनजस्ता अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| उद्धेश्य २ लक्षित वर्ग (महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका, सिमान्तकृत एवं अति विपन्नसमुदायलगायत)को समग्र अधिकारको संरक्षण, प्रवर्द्धन र सशक्तिकरणमार्फत सामाजिक न्यायको मूलधारमा प्रवाहीकरणा गर्ने। | |
| २.१: विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने । | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंस, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ<br>२. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ ।<br>३. अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ । |

| | |
|---|---|
| २.२ः बालबालिकाको सहभागिता वृद्धि गर्ने । | १. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ ।<br>२. स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।<br>३. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा वृद्धि गरिनेछ । |
| २.३ बालमैत्री वातावरणको विकास गर्ने । | १. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वार्डमा बाल उद्यान निर्माण गरिनेछ ।<br>२. वालमैत्री स्थानीय शासनका माध्यमवाट बाल अधिकार सूचकहरू पूरा गर्न बालमैत्री पालिका घोषणा गरिनेछ । |
| उद्देश्य ३ ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु । | |
| ३.१ः ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १. आफ्ना आमाबाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ ।<br>२. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ । |
| ३.२ः ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ । ।<br>२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुन्र्याएको योगदानको आधारमा सम्मान गरिनेछ । |
| ३.३ ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा १. सेवालाई वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरुप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ<br>२. ज्यष्ठ नागरिक समाजले राष्ट्रको लागि पुर्याएको योगदानको आधारमा सम्पमान गर्नेछ । |
| उद्देश्य ४ः अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवन यापनमा सहजता तथा बात्मसम्मान प्रदान गर्नु । | |
| ४.१ः अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने । | १. भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ ।<br>२. शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ ।<br>३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |

| | |
|---|---|
| | ३. अपािता भएका व्यश्विहरूििाई सरकारी र धनजी क्षेत्रमा रोजगारीको अवसर वृवद्ध गररनछ ।े |
| ४.२ः अपाङ्ग व्यक्तिहरूप्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | १. अपाङ्ग व्यक्तिहरूप्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा वृद्धिका लागि आवस्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| उद्देश्य ५ः वलित तथा सिमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूलधारमा प्रवाहीकरण गर्नु । | |
| ५.१ः दलित तथा सिमान्तकृत समुदायको सबै प्रकारका सार्वजनिक समिति तथा निकायमा प्रतिनिधित्व सुनिश्चतता गर्ने । | १. नगरपालिकामा उपलब्ध रोजगारीका अवसरहरुमा दलित तथा सिमान्तकृत समुदायका युवाहरुलाई प्राथमिकता दिइनेछ ।<br>२. स्थानीय उपभोक्ता समितिहरूमा दलित तथा सिमान्तकृत समुदायको अनिवार्य प्रतिनिधित्वको प्रावधान राखिनेछ ।<br>३. दलित तथा सिमान्तकृत समुदायका नागरिकलाई शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत सेवा सुविधा समतामुलक रुपमा वितरण गर्ने प्रवन्ध मिलाइनेछ । |

## कार्यक्रम तथा आयोजना

तालिका ३२ महिला, बालबालिका तथा लक्षित वर्ग उपक्षेत्रको कार्यक्रम तथा आयोजना

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| **लक्षित वर्गको अवस्था सुधार, सशक्तीकरण** | | | | | | | | | | | |
| लक्षित वर्ग व्यवसायिक सीप विकास | पटक | १० | १० | १० | १० | १० | १० | ५० | ५ | १ | ३ |
| अपाङ्गता भएका व्यक्तिको व्यवसायिक सीप विकास | पटक | १० | १० | १० | १० | १० | १० | ५० | ५ | १ | ३ |
| ग बर्गका अपाङ्गका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम | पटक | १० | १८ | १५ | १५ | १५ | १५ | ७८ | ५ | १ | ३ |
| महिला | पटक | १० | १२ | १२ | १२ | १२ | १२ | ६० | ५ | १ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्यमशीलता विकास | | | | | | | | | | | |
| लक्षित वर्गको लोकसेवा तयारी कार्यक्रम | पटक | १० | १२ | १२ | १२ | १२ | १२ | ६० | ५ | १ | ३ |
| एकल महिला सशक्तीकरण | पटक | १० | १० | १० | १० | १० | १० | ५० | ५ | १ | ३ |
| **लक्षित वर्ग सम्मान, संरक्षण,** | पटक | १० | | | | | | ० | ५ | १ | ३ |
| ज्येष्ठ नागरिक सम्मान | पटक | १० | ५ | ५ | ५ | ५ | ५ | २५ | ५ | १ | ३ |
| जेष्ठ नागरिक मिलन केन्द्र | संख्या | १० | १० | - | १० | - | - | २० | ५ | १ | ३ |
| सामुदायिक भवन निर्माण | पटक | १० | ५० | ५० | ५० | ५० | ५० | २५० | ५ | १ | ३ |
| ज्येष्ठ नागरिक सीप, अनुभव हस्तान्तरण | पटक | १० | ५ | ५ | ५ | ५ | ५ | २५ | ५ | १ | ३ |
| **लैङ्गिक समानता तथा सामाजिक** | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **समावेशीकरण प्रवर्द्घन** | | | | | | | | | | | |
| महिला सञ्जाल, आमा समुह क्षमता विकास र परिचालन (पुर्बाधार सहित ) | पटक | २ | | ५० | | | | ५० | ५ | १ | ३ |
| स्थानीय क्लब, समूह, संजाल आदिको क्षमता विकास तथा प्रतिस्पर्धात्मक कार्यक्रम | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | ५ | १ | ३ |
| महिला नेतृत्व तथा क्षमता विकास | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | ५ | १ | ३ |
| **सामाजिक न्याय सहित विभेद रहितको समाज** | पटक | ५ | | | | | | ० | ५ | १ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **सुनिश्चित** | | | | | | | | | | | |
| वालमैत्री सुशासन प्रवद्र्घन (बाल श्रममूक्त नगरपालिका घोषणा) | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | ५ | १ | ३ |
| सांस्कृतिक सुधार कार्यक्रम | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | ५ | १ | ३ |
| आमा समूह र किशोर कीशोरी संग उपमेयर कार्यक्रम | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | ५ | १ | ३ |
| **बालबिवाह न्युनीकरणा तथा २० वर्ष मुनीको गर्भ रोकथाम कार्यक्रम** | पटक | १० | २५ | २५ | २५ | २५ | २५ | २५ | ५ | १ | ३ |
| **महिला, बालबालिका तथा लक्षित वर्गको जम्मा** | | | २१७ | २५४ | २१४ | २०२ | २०२ | १०९३ | | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

### ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका ३३* **महिला, बालबालिका तथा लक्षित वर्ग उपक्षेत्रको अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | ०८१/०८२ | ०८२/८३ | ०८३/०८४ | ८४/८५ | ८५/०८६ | | |
| **प्रभाव तहः** | सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सबै क्षेत्रमा समान सहभागिता एवं अवसरहरूको विकास गर्दै सामाजिक न्याय सुनिश्चित भएको समाज निर्माण भएको हुने । | | | | | | | | |
| निर्णायक तहमा लक्षित वर्गको उपस्थिती | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | पालिकाको पार्श्वचित्र, | लक्षित वर्गको सशक्तिकरण |
| १.असर तहः | लक्षित वर्ग (महिला,वालवालिका,ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका,लोपोन्मुख, सीमान्तकृत एवं अति विपन्न) को क्षमता अभिवृद्धि गर्दै सशक्तीकरण भएको हुने | | | | | | | | |
| प्राथमिक स्तरको रोजगारीमा लक्षित वर्गको आवद्धता | प्रतिशत | २ | ३ | ४ | ५ | ६ | ७ | पालिकाको पार्श्वचित्र, | लक्षित वर्गको सशक्तिकरण भएको हुने |
| १.१ प्रतिफल | सामाजिक एवं आर्थिक क्षेत्रमा लक्षित वर्गको अवस्थामा सुधार आएको हुने | | | | | | | | |
| लक्षित वर्गमा भएको वार्षिक वजेट विनियोजन (कूल विनियोजन) | प्रतिशत | २ | ५ | ७ | ८ | १० | १५ | पालिकाको पार्श्वचित्र, वार्षिक समीक्षा | लक्षित वर्गको सशक्तिकरण भएको हुने |
| व्यवसायिक सीप विकास तालिमबाट स्वरोजगार भएका सीमान्तकृत, महिला एवं विपन्न वर्ग (कूल | प्रतिशत | ० | ० | २ | ३ | ४ | ५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| तालिम प्राप्त गर्ने संख्याको) | | | | | | | | | |
| अपाङ्गता भएको व्यक्तिको सीप तथा दक्षता अभिवृद्धिका लागि सम्पन्न कार्यक्रमहरू | संख्या | ५ | ६ | ७ | ७ | ८ | ९ | | |
| १.२ प्रतिफल | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन भएको हुने | | | | | | | | |
| कृषि, स्वास्थ्य,ईन्जिनियरिङ जस्ता क्षेत्रमा महिला प्राविधिकहरूको वृद्धि | संख्या | ३० | ३२ | ३३ | ३४ | ३५ | ३६ | | |
| २. असर तहः | नीति निर्माण एवं नेतृत्व तह लगायतको क्षेत्रहरूमा समतामूलक समावेशिकरण भई विभेद रहितको समाजको सुनिश्चितता भएको हुने | | | | | | | | |
| सभामा महिला जनप्रतिनिधिको उपस्थति | प्रतिशत | १० | १० | १० | ११ | १२ | १३ | जनप्रतिनिधिको नामावली | महिला वर्ग मूल प्रवाहीकरण भएको हुने |
| २.१प्रतिफल | नगरपालिकाको सबै तहतप्काहरू समानता एवं समावेशीकरण भएको हुने | | | | | | | | |
| समिति,उपसमिति, कार्यदलहरूमा महिला तथा वन्चितीकरण समुदाय समावेशी प्रतिनिधित्व भएको | प्रतिशत | २ | २ | २ | ३ | ४ | ५ | समितिका सदसयहरूको नामावली | लक्षित वर्ग मूलप्रवाहीकरण भएको हुने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.२ प्रतिफल | सामाजिक एवं सांस्कृतिक रूपमा हुने सबै प्रकारका विभेद अन्त्य भएको हुने | | | | | | | | |
| वञ्चितीकरणमापरेका जातजाति, वर्ग, समुदायहरूको क्षमता विकास तथा सशक्तीकरणका लागि भएका कार्यक्रमहरू | संख्या | ० | २ | ४ | ६ | ७ | ८ | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति समीक्षा | लक्षित वर्ग मूलप्रवाहीकरण भएको हुने |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमी

नेपालको संविधान, २०७२ अनुसार युवाहरुको व्यक्तित्व विकास गर्ने र राज्यका सर्वाङ्गिण विकासमा युवाहरुलाई उपयुक्त अवसरहरु प्रदान गर्ने नीति अवलम्बन गरेको छ । राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्ने, राजनीतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरुमा विशेष अवसर प्रदान गर्ने नीति पनि राज्यले ग्रहण गरेको छ । त्यसैगरी खेलकुद मार्फत स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्ने, खेलकुद र खेलाडीमा योजनावद्ध लगानी गर्ने, खेलकुदलाई राष्ट्रिय एकता रुपमा सदृढ गर्ने, अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने नीति पनि राज्यवाट अवलम्वन भएको छ भने स्थानीय स्तरका खेलकुदका पूर्वाधार निर्माण गर्ने, सञ्चालन, विकास एवं प्रवद्र्घन गर्ने, खेलकुद प्रतियोगिता आयोजना गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ५.५.२ समस्या तथा चुनौती

युवामैत्री पूर्वाधार तथा लगानीको अभाव, युवा लक्षित विकासका लागि कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु, बजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नु, युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा जानुपर्दा पर्याप्त रिमिटेन्स भित्रिन नसक्नु, "विकास-अनुशासन-गतिशीलता सँग युवाहरूलाई जोड्न नसक्नु, सामाजिक र सांस्कृतिक विकृति विसंगतिहरूबाट जोगाउन गरिएका प्रयासहरू पर्याप्त नहुनु आदि प्रमुख समस्याहरू हुन् ।

खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, पालिकामा भएका खेलकुद पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, युवा तथा खेलकुद क्लबहरू वैधानिक रूपमै सञ्चालन गर्न नसक्नु, क्लवहरूको आफ्नै भवन र पूर्वाधार नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोवल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नु, खेलकुदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नु, खेल सम्वद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नु, साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

वर्षेनी श्रम बजारमा थपिने युवालाई रोजगारमूलक र व्यवसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा-पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार- आधारशीला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु चुनौतीका रुपमा रहेका छन् ।

### ५.५.३ संभावना तथा अवसर

नगरपालिकामा १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्या करिव ४० प्रतिशत रहेको छ । जनसाङ्ख्यिक पूँजीको रूपमा उपयोग गर्न सकिने ठूलो अवसर र सम्भावना रहेको छ । विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको बातावरण तयार गरी युवाहरूको सशक्तीकरण गर्दै जाने अवसर रहेको छ । युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक-आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट पालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु, व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकास गर्ने कार्यक्रम संचालन गर्ने सम्भावना रहेको छ ।नगरपालिकामा आर्थिक रूपले सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या कुल जनसंख्याको करिव ५७ प्रतिशत छ । यो उमेर समूहलाई नगरपालिकाले विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रीय जनशक्ति पलायन हुनबाट रोकी नगर विकासमा ठूलो फड्को मार्ने सम्भावना रहेको छ । संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषद्को गठन र परिचालन हुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु, स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु अवसरका रुपमा रहेका छन् । 'सबैका लागि खेलकुद' भन्ने अभियान सञ्चालन गरी समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो । खेलाडीलाई प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरीय उत्पादन गरी समयानुकुल प्रतिस्पर्धी बनाई पालिका, प्रदेश र राष्ट्रको गौरव बढाउने अवसर सिर्जना गर्नुपर्ने भएको छ ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

पालिकाको सामाजिक-आर्थिक विकासमा सहभागिता सुनिश्चित गर्दै युवालाई खेलकुद लगायत सवै क्षेत्रमा मूलप्रवाहीकरण भएको हुने।

**उद्देश्य**

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।

२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।

## रणनीति तथा कार्यनीति

तालिका ३४ युवा तथा खेलकुद उपक्षेत्रका रणनीति तथा कार्यनीति

| कार्यनीतिहरू | रणनीतिहरू |
|---|---|
| उद्देश्य १ः युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु । | |
| १.१ विकासमा युवा सहभागिता बढाउने । | १. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. पालिकाका नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| १.२ युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | १. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याजदरमा ऋण उपलब्ध गराइनेछ । |
| १.३ युवा केन्द्रित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने । | १. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यवसायिक तथा प्राविधिक तालिम उपलब्ध गराइनेछ<br>२. वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।<br>३. परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण, र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| १.४ः युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १. सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्रको गौरव बढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. विकास वा खेलकुद सम्बन्धी विभिज क्लवहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ ।<br>३. युवाहरूलाई परिवार र समाजप्रति जिम्मेवारी गराइनेछ ।<br>४. युवाहरूलाई लागु पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मुलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>५. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ ।<br>६. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ। खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु । |

| उद्देश्य २ खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु । | |
|---|---|
| २.१: खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | १. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा सुरुवात गर्ने ।<br>२. पालिकामा कम्तिमा एउटा न्युनतम सुविधा सम्पन्न बहुउद्देश्यीय खेलकुद रङ्गशाला निर्माण गरिनेछ ।<br>३. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार निर्माण र सुदृढ गरिनेछ । प्रत्येक वार्डमा कभर्डहल तथा आवस्यक खेल सामग्रीको व्यवस्था गरिने छ । |
| २.२ खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | १. खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२ खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हाँसिल गरेका विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ । |
| २.३ योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकुद विकास गर्ने । | १. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक ववकासका लागि योग ध्यानका प्रशिक्षक तयार गरिने छ ।<br>२. प्रत्येक वार्डमा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ ।<br>३. मनोरञ्जनात्मक तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ ।<br>४. लोपोन्मुख रैथाने खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । |
| २.४: प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १. राष्ट्र र प्रदेशको गौरव राख सफल खेलाडीहरूलाई सम्मान एवम् पुरस्कार दिइनेछ ।<br>२. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ ।<br>३. विद्यालय तथा पालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>४. खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

*तालिका ३५* युवा खेलकुद उपक्षेत्रका कार्यक्रम तथा आयोजना

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| **युवा उद्यमशीलता विकास** | | | | | | | | | | | |
| व्यवसायिक सीप, उद्यमशीलता विकास | पटक | ५ | २० | २० | २० | २० | २० | १०० | ४ | २ | ३ |
| युवाको रूची र क्षमता पहिचान अभियान | | १ | | | | | | | | | |
| युवा स्वरोजगार कार्यक्रम | पटक | ५ | २० | २० | २० | २० | २० | १००.०० | ४ | २ | ३ |
| युवा उद्यमी सर्वे तथा रोस्टर तयार | पटक | १ | १५ | | | | | १५.०० | ४ | २ | ३ |
| **राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा** | | | | | | | | ०.०० | ४ | २ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **युवाहरुको अवद्धता अभिवृद्धि** | | | | | | | | | | | |
| युवा नेतृत्व विकास तालिम | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५.०० | ४ | २ | ३ |
| युवा क्लव तथा सञ्जाल विस्तार तथा क्षमता विकास | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५.०० | ४ | २ | ३ |
| वेरोजगार युवा स्टार्टअप लोन कार्यक्रम | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५.०० | ४ | २ | ३ |
| लागुपदार्थ नियन्त्रण जनचेतना कार्यक्रम | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५.०० | ४ | २ | ३ |
| युवा नवप्रर्वद्धनात्मक विचार तथा प्रतिभा पहिचान तथा सम्मान | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५.०० | ४ | २ | ३ |
| **खेलकुद पूर्वाधार निर्माण** | | | | | | | | ०.०० | ४ | २ | ३ |
| खेलमैदान निर्माण | संख्या | २ | ५० | | ५० | | | १००.०० | ४ | २ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कवर्डहल निर्माण | | | | | | | | | | | |
| खेलकुदका सामाग्री व्यवस्था | पटक | ५ | १० | १० | १० | १० | १० | ५०.०० | ४ | २ | ३ |
| विद्यालय खेलकुद प्रवद्र्घन | संख्या | २ | १२ | १२ | १२ | १२ | १२ | ६०.०० | ४ | २ | ३ |
| खेलकुद विद्यालय स्थापना | संख्या | २ | १२ | १२ | १२ | १२ | १२ | ६०.०० | ४ | २ | ३ |
| **व्यवसायिक खेलाडी विकास** | | | | | | | | ०.०० | ४ | २ | ३ |
| खेलाडी तालिम तथा प्रशिक्षण, | पटक | २ | २० | २० | २० | २० | २० | १००.०० | ४ | २ | ३ |
| **खेल प्रतियोगितामा सहभागिता** | | | | | | | | ०.०० | ४ | २ | ३ |
| अन्तरपालिका खेल प्रतियोगिता | पटक | ५ | ३० | ३० | ३० | ३० | ३० | १५०.०० | ४ | २ | ३ |
| पालिकास्तरीय खेल प्रतियोगिता (राष्ट्रपति रनिङ | पटक | ५ | ५० | ५० | ५० | ५० | ५० | २५०.०० | ४ | २ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शिल्ड) | | | | | | | | | | | |
| **युवा तथा खेलकुदको जम्मा** | | | २६४ | १९९ | २४९ | १९९ | १९९ | १११० | | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

### ५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आगामी ५ वर्षका लागि यवा तथा खेलकुद क्षेत्रको नतिजा खाका यसप्रकार रहेको छ।

तालिका ३६ **युवा तथा खेलकुद विकास उपक्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ | ०८२/८३ | २०८३/०८४ | ८४/८५ | २०८५/०८६ | | |
| **प्रभाव तहः** | पालिकाको सामाजिक-आर्थिक विकासमा सहभागिता सुनिश्चित गर्दै युवालाई खेलकुद लगायत सबै क्षेत्रमा मूलप्रवाहीकरण भएको हुने। | | | | | | | | |
| दिगो रोजगारीमा संलग्न युवा | प्रतिशत | १० | ११ | १३ | १५ | १७ | २० | | |
| १ असर तहः | युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु । | | | | | | | | |
| युवा वेरोजगार | प्रतिशत | ९० | ८५ | ८० | ७५ | ७० | ६५ | पालिकाको पाश्वचित्र | उद्योग व्यवसायको प्रवर्द्धन हुने |
| १.१ प्रतिफल | युवामा उद्यमशीलता विकासबाट स्व-रोजगारीतामा अभिवृद्धि भएको हुने | | | | | | | | |
| पालिकाबाट सञ्चालित व्यवसायिक कार्यक्रम बाट युवाहरू | संख्या | - | - | - | - | - | - | पालिकाको पार्श्वचित्र, वार्षिक प्रगति विवरण | युवा स्टार्ट अप लोन कार्यक्रम प्रभावकारी हुने |
| व्यवसायिक सीप विकास तालिम | संख्या | - | - | - | - | - | - | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लिई स्व-रोजगारी भएका | | | | | | | | | |
| २ असर तहः | खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु । | | | | | | | | |
| खेलकुदका कुनैपनि विधामा रोष्ट्रिय पदक विजेता खेलाडी | संख्या | २ | ३ | ४ | ५ | ६ | ७ | पालिकाको पार्श्वचित्र | प्रतियोगितात्मक खेलको विकास हुने |
| २.१ प्रतिफलः | खेलकुदका भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण भएको हुने | | | | | | | | |
| सञ्चालित खेलकुद मैदानहरू | संख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | पालिकाको पार्श्वचित्र | पालिकाको स्पोर्ट्स हलको सूपमा विकास भएको हुने |
| खेलकुद प्रशिक्षण प्रदान गर्ने विद्यालय | संख्या | ० | ० | ० | ० | १ | २ | | |
| २.२ प्रतिफल | सक्षम प्रतिस्पर्धी एवं व्यवसायिक खेलाडीहरू विकास भएको हुने | | | | | | | | |
| पालिका,वडास्तरिय खेलकुद प्रतियोगिताहरू | संख्या | ६ | ७ | ८ | ९ | १० | | पालिकाको पार्श्वचित्र | पालिकाको स्पोर्ट्स हलको सूपमा विकास भएको हुने |
| व्यावसायिक खेलाडीहरू | संख्या | २ | ३ | ५ | ७ | १० | १५ | | |
| राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका खेलकुदमा सहभागी खेलाडीहरू | संख्या | १० | १२ | १५ | १८ | २० | २५ | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

# परिच्छेद ६ पूर्वाधार क्षेत्र

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्त्वपूर्ण आधार हो । पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक उर्जा, आवास, भवन तथा बस्ती विकास र सूचना तथा संचार प्रविधि जस्ता विषयहरू पर्दछन् । व्यवस्थित वस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रूपमा लिने गरिएको छ। यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य-७ (खर्चले धान्न सकिने स्वच्छ उर्जा), लक्ष्य-९ (उद्योग प्रवद्र्धन र पूर्वाधार। र लक्ष्य-११ (शहरहरू र समुदायहरूको दिगोपना) यस क्षेत्रसंग प्रत्यक्ष रूपमा दिगो विकासका लक्ष्यहरू सम्बन्धित रहेका छन् ।

## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले अव्यवस्थित बसोवास, योजनावद्ध, पूर्ण पूर्वाधार, बातावरणमैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । नगरपालिका क्षेत्र भित्र आवासिय घरको छानाका आधारमा हेर्दा आर.सि.सि. ढलान भएका घरहरू ४.३ प्रतिसत तथा फुस/खरको छाना भएका घरघुरी २२.० प्रतिशत रहेको छ । टायल वा ढुंगाको छाना भएका घरहरू ९३ प्रतिशत देखिन्छन् भने २.२ प्रतिशत घरधुरीको छाना जस्ता वा च्यादरका छन्।

नगरक्षेत्रभित्र भुकम्प प्रतिरोधी घरहरू ४.४ प्रतिशत मात्रै रहेका छन् भने बाँकी भुकम्प प्रतिरोधी नभएका रहेका छन् । त्यसैगरी ३.६ प्रतिशत घर मापदण्ड अनुसार निर्माण गरिएका छन् भने ९६.४ प्रतिशत घर मापदण्ड अनुसार निर्माण नगरिएका छन् । त्यसैगरी आवासिय स्वामित्वका आधारमा घरपरिवारको वर्गिकरण गर्दा आफ्नै घरमा वसोवास गर्ने ९८.३ प्रतिशत र भाडामा बस्ने १.४ प्रतिशत घरपरिवार रहेको देखिन्छ । संस्थागत घरमा बसोवास गर्ने ०.२ प्रतिशत र अन्य स्वामित्वमा रहेकाको संख्या ०.१ प्रतिशत रहेकोदेखिन्छ ।

नगरका प्रमुख बजार केन्द्रहरु तथा आसपासका क्षेत्रहरुमा वस्ती विकासको क्रम बढिरहेको छ। यो कम्रलाई समयमै व्यवस्थित बनाउन सकिएन भने अव्यवस्थित वस्ती र कमजोर संरचनाका कारण एकातिर विकासको लागत अत्याधिक रुपमा बढ्न जाने देखिन्छ भने अर्कोतिर विपद जोखिमको अवस्था पनि त्यतिकै मायामा बढ्न जाने देखिन्छ ।

### ६.१.२ समस्या तथा चुनौती

नगरपालिकाको मूख्य बजार योजनासम्मत शहरी विकासको मोडेलमा देखिदैंन । अव्यवस्थित बसोबास, बढ्दो जनसंख्या, मानिसहरूको समय सापेक्ष आवश्यकता र जग्गाको कारोबारले गर्दा यस नगरपालिकाको विभित्र स्थानमा समेत अव्यवस्थित रूपमा शहरीकरणको विकास र अव्यवस्थित कित्ताकाट भइरहेको छ। जसले गर्दा मानिसहरुको लागि अत्यावश्यक पूर्वाधारहरू जस्तै बाटो, नाला, बिजुली बत्ती, खानेपानी,जस्ता सुविधाहरू उपलब्ध गराउन गाह्रो भएको र शहरको सुन्दरतामा पनि प्रतिकूल असर पुर्याएको छ ।शहरीकरणको तिव्रता संगै पूर्वाधार विकासका लागि ठूलो बजेटको आवस्यकता पर्दछ। विद्यमान वित्तीय स्रोत परिचालनको अवस्थामा मात्र भर पर्ने हो भने शहरी पूर्वाधारको निर्माण सहित उच्च स्तरको यातायात सुविधा उपलव्ध गराउनु, पर्याप्त गुणस्तरीय खानेपानीमा सबैको पहुँच पुन्याउनु, गुणस्तरीय विजुली तथा सूचना प्रणालीको व्यवस्था गर्नु, सबै नागरिकको शिक्षा र स्वास्थ्यमा पहुँच पुर्याउनु, दिगो आय तथा रोजगारका अवसर सिर्जना

गरी बजार क्षेत्र वरिपरि केन्द्रित बसाईसराइको चापलाई न्यूनीकरण गर्नु, प्रविधिमा आधारित उत्पादन प्रणाली र गतिशील बार्षिक गतिविधि रहेको शहर बनाउनु, सुरक्षित प्रदूषणमुक्त र उपतब्ध साधन स्रोतहरूको उचित उपयोग तथा दिगो व्यवस्थापन भएको शहर बनाउनु निकै चुनौतीपूर्ण देखिन्छ । नगरपालिकाको ग्रामीण भेगका निजि तथा सार्बजनिक आवासहरु भूकम्प प्रतिरोधी नहुनु, एकिकृत बस्तिहरु ब्यबस्थित नहुनु, बस्तिहरुमा पहिरोको जोखिम हुनु, आवास निर्माण सम्बन्धि जनचेतनाको अभाब, भुकम्प प्रतिरोधी संरचना निर्माण वारे चेतनाको अभाव चुनौतीपूर्ण छ ।

### ६.१.३ संभावना तथा अवसर

पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त मौलिक शहर बन्ने सम्भावना रहनु, सडक सञ्जालको गतिमा वृद्धि भएको हुँदा आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी शहर बसाल्ने सम्भावना रहेको छ । नगरपालिकाले एकीकृत जग्गा विकास परियोजना मार्फत नगर क्षेत्रका केही स्थानहरुमा जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी गुरुयोजना बनाएर नयाँ शहर अवधारणा अनुसारका व्यवस्थित बस्ती विकासका कार्यहरु अगाडि बढाउन सकिने सम्भावना छन् । साथै नयाँ क्षेत्रमा बस्ती एकीकरण पद्धति मार्फत शहरी पूर्वाधार विकास एवं विस्तार हुने अवसर देखिन्छ ।नगरक्षेत्रका केही स्थानहरुमा एकीकृत तथा बस्ती विकास गरि छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाह गर्ने, स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकता र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्ने सम्भावना एवं अवसर रहेका छन् ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सुरक्षित, व्यवस्थित, सुलभ र वातावारणमैत्री आवास तथा एकीकृत नमूना बस्ती विकास भएको हुने।

**उद्देश्य**

१. सवै नागरिकलाई सुरक्षित तथा व्यवस्थित वसोवासको सुनिश्चित गर्नु

२. एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकतावद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।

३. स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय बास्तुकारता र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।

४. वातावरणमैत्री, भूकम्प तथा प्रकोप प्रतिरोधात्मक घर भवन तथा दिगो पूर्वाधारहरुको निर्माण भई उपयोगमा सहजता ल्याउनु

## रणनीति र कार्यनीति

तालिका ३७ **आवास तथा बस्ती विकास उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू**

| **रणनीतिहरू** | **कार्यनीतिहरू** |
|---|---|
| उद्देश्य १ः सबै नागरिकलाई सुरक्षित तथा व्यवस्थित वसोवासको सुनिश्चित गर्नु | |
| १.१ सुरक्षित, व्यवस्थित एवं वातावरणमैत्री आवास तथा वस्ती विकास गर्ने | १. भू उपयोगका आधारमा निजी क्षेत्रसंगको सहकार्य गर्दै एकीकृत आवास तथा वस्ती विकास कार्यक्रम सञ्चालन गरिने छ । यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय नीति तथा कानुनहरु निर्माण गरिने छ ।<br><br>आवास तथा वस्ती विकासको प्रवद्र्घनका लागि आवश्यक सवै प्रकारका सुरक्षाको प्रवन्ध मिलाइने छ ।<br>प्राकृतिक प्रकोप, संवेदनशील एवं असुरक्षित क्षेत्रमा वसोवास गर्ने नागरिकलाई व्यवस्थित क्षेत्रमा स्थानान्तरण गर्दै व्यवस्थित वस्ती विकास गरिने छ ।<br>ग्रामीण वस्तीहरुमा सवैप्रकारका आधारभूत भौतिक पूर्वाधारहरुको व्यवस्था मिलाउदै संभाव्यताका आधारमा एकीकृत वस्ती विकास गरिने छ |
| उद्देश्य २ः एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु । | |
| २.१ः ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गर्ने । | १.भू-उपयोग नीती तथा बस्ती विकास योजना तर्जुमा गरी लागु गरिनेछ ।<br>२.भौगोलिक हिसावले विकट र छरिएर रहेका तथा विपदको जोखिममा रहेका घर परिवारकालागि सुरक्षित, बातावारणमैत्री, सुलभ, आधारभूत सुविधायुक्त र मौलिक पहिचान बोकेको एकीकृत बस्ती निर्माण गरिनेछ ।<br>३.भौगोलिक रूपले बिकट र विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।<br>४. ग्रामीण क्षेत्र र छरिएर रहेका घरपरिवारलाई |

| | |
|---|---|
| | आधारभूत सुविधा सहितको बस्ती निर्माण गरिनेछ । |
| २.२ घना वस्ती रहेका क्षेत्र तथा सडक क्षेत्रको बस्ती व्यवस्थित गर्ने। | १. बजारी क्षेत्र तथा घना बस्ती रहेका र राजमार्ग क्षेत्रको बस्तीलाई व्यवस्थित गरिनेछ ।<br>२. सडक क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ र मापदण्डहरूलाई पूर्णरूपले कायन्वयन गरिनेछ ।<br>३. कृषियोग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी व्यवस्थित गरिनेछ ।<br>४. शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिकालागि विशेष सामाजिक आवासको विकास गरिनेछ।<br><br>५. राजमार्गसँग जोडिएका मुख्य बजार क्षेत्रहरूलाई स्मार्ट सिटीका रुपमा विकास गरिनेछ । |
| २.३ उपयोग नीति तथा योजना निर्माण गर्ने र योजनाबद्ध रुपमा एकीकृत बस्ती विकास गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने । | १.एकीकृत बस्ती विकास गर्न जग्गा प्राप्ति व्यवस्थालाई सरल बनाइनेछ ।<br>२.राजमार्ग क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।<br>३.अनधिकृत रुपले बजारी क्षेत्रमा बसोबास गर्ने घरपरिवार पहिचान गरी त्यस्ता स्थानबाट हटाउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । |
| उद्देश्यः ३ स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु । | |
| २.१ः स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने । | १. सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी उपयुक्त भवन डिजाइन तथा निर्माण गरिनेछ ।<br>२. पालिकामा निर्माण हुने भवनहरूको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ ।<br>३. स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ । |
| २.२ः भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने । | १. सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे जनचेतना वृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | २. स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>३. एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ । |
| उद्धेश्य ४ प्रकोप प्रतिरोधात्मक भवन तथा संरचनाहरु निर्माण गर्दै विपद् न्यूनीकरण गर्ने व्यवस्था गर्ने | |
| ४.१ प्रकोप प्रतिरोधात्मक भवन तथा संरचनाहरु निर्माण गर्दै विपद् न्यूनीकरण गर्ने व्यवस्था गर्ने | १ सार्वजनिक एवं निजी भवनहरुलाई अनिवार्य रुपमा प्रकोप प्रतिरोधात्मक वनाइने छ । ढुंगाको प्रयोग बाट बन्ने आवासलाई भूकम्प प्रतिरोधी बनाउन समुदायलाई आवस्यक तालिम र प्राबिधिक सहयोगको व्यवस्था गरिने छ ।<br>२ राष्ट्रिय भवन संहितालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।<br>३ नक्सा पास, भवन निर्माण स्वीकृत, जाँचवुझ एवं निर्माण अनुमति जस्ता कार्यहरु प्रभावकारी रुपमा सञ्चालन गर्दै भवन निर्माण संहिता तथा मापदण्डलाई कडाइका साथ कार्यान्वयन गरिने छ ।<br>४ ढुंगा माटोवाट वनेका घर तथा ज्यादै पुराना, थोत्रा भवन एवं संरचनाहरुको प्रवलीकरण गर्न स्थानीयहरुलाई प्रोत्साहित गरिने छ ।<br>सार्वजनिक भौतिक संरचनाहरु बालमैत्री, आपङ्गतामैत्री, महिला तथा ज्येष्ठ नागरिकमैत्री बनाइने छ र विपद् जोखिम न्यूनीकरणका पक्षलाई विशेष ध्यान दिइने छ । |

## कार्यक्रम तथा आयोजना

*तालिका ३८*आवास बस्ति विकास उपक्षेत्रका कार्यक्रम तथा आयोजना

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| **आवास तथा वस्ती विकास** | | | | | | | | | | | |
| व्यवस्थित बस्ति निर्माण | संख्या | २ | २०० | २०० | २०० | २०० | २०० | १२०० | ११ | २ | ३ |
| ल्याण्ड पुलिङ्ग कार्यक्रम | संख्या | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | ११ | २ | ३ |
| खुल्ला क्षेत्र संरक्षण, पार्क निर्माण | संख्या | ४ | | ३० | | १० | | ४० | ११ | २ | ३ |
| अति बिपन्न तथा अव्यवस्थित वसोवास गर्नेहरुका लागि आवास कार्यक्रम (फुस, खरको छानो विस्थापन सहित) | संख्या | - | ५० | ५० | - | - | - | १०० | ११ | २ | ३ |
| वडा बचाऊ कार्यक्रम (खोला किनारमा ग्याविन तारजाली) | संख्या | ५ | २० | - | - | - | ३० | ५० | ११ | २ | ३ |
| **सार्वजनिक भवन निर्माण** | | | | | | | | ० | ११ | २ | ३ |
| प्रकोप प्रतिरोधात्मक | संख्या | ३ | - | ५० | - | - | - | ५० | ११ | २ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भवन, संरचना निर्माण | | | | | | | | | | | |
| भवन निर्माण संहिता तथा कार्यविधि निर्माण | पटक | १ | १० | - | - | - | - | ०० | ११ | २ | ३ |
| सरकारी भवन प्रवलीकरण कार्यक्रम | संख्या | ७ | २० | २० | २० | २० | २० | १०० | ११ | २ | ३ |
| सामुदायिक भवन निर्माण | संख्या | ३ | - | - | ५० | - | - | ५० | ११ | २ | ३ |
| प्रतिक्षालय निर्माण | संख्या | १५ | - | - | ५० | - | - | ४०० | ११ | २ | ३ |
| भवन भूकम्प प्रतिरोधात्मक निरीक्षण | पटक | - | २० | २० | २० | २० | २० | १०० | ११ | २ | ३ |
| वडा कार्यालय भवनका लागि जग्गा ब्यवस्थापन र भवन निर्माण | संख्या | ५ | २० | २० | २० | २० | २० | १०० | ११ | २ | ३ |
| **आवास, वस्ति विकास तथा सार्वजनिक निर्माणको जम्मा** | | | **३९०** | **३९०** | **४१०** | **३२०** | **३४०** | | | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

### ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका ३९* **आवास तथा वस्ती विकास उपक्षेत्रका अपेक्षित उपलब्धी तथा नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/०८१ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | ०८२/८३ | ८३/०८४ | ०८४/८५ | ८५/०८६ | | |
| प्रभाव तहः | सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास हुनेछ । | | | | | | | | |
| ब्यबस्थित क्षेत्रमा वसोवास गर्ने जनसंख्या तथा पालिकाको मापदण्ड बमोजिम भवन निर्माण | प्रतिशत | ० | २ | ३ | ५ | १० | २० | पालिकाको पार्श्वचित्र | शहरीकरण विस्तार हुने |
| १ असर तहः | सबै नागरिकलाई सुरक्षित तथा व्यवस्थित बसोबासको सुनिश्चित भएको हुने तथा भौगोलिक रुपले विकट र विपद् जोखिमयुक्त स्थानमा हुन सक्ने घना बस्ती विस्तारलाई निरुत्साहित गर्न सहरी बस्ती विस्तार मापदण्ड निर्माण भएको हुनेछ । | | | | | | | | |
| प्रवर्द्धित आवास तथा बस्तीहरू | संख्या | ० | ० | १ | १ | २ | ३ | पालिकाको पार्श्वचित्र | ल्याण्ड पुलिङ विकास |
| जोखिमयुक्त बस्तीको स्थानान्तरण | | | | | | | | | |
| १.१ प्रतिफल | व्यवस्थित आवास तथा बस्ती विकास भएको हुने | | | | | | | | |
| ल्याण्ड पुलिङ क्षेत्र | संख्या | ० | ० | ० | १ | १ | २ | पालिकाको पार्श्वचित्र | |
| जोखिमयुक्त क्षेत्रमा बसोबास हुँदै आएका घर तथा बस्तीहरू | संख्या | ३ | २ | १ | ० | ० | ० | | |
| १.२ प्रतिफल | जोखिममा रहेका तथा विपन्न वर्गलाई सुरक्षित आवास व्यवस्था भएको हुने | | | | | | | | |
| आश्रय भवन तथा | संख्या | ० | ० | १ | २ | ३ | ४ | पालिकाको | प्रदेशको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक भवन केन्द्रहरू | | | | | | | | पार्श्वचित्र | सहयोगमा आवास कार्यक्रम सञ्चालन हुने |
| २ असर तहः | वातावरण मैत्री एवं प्रकोप प्रतिरोधात्मक भवन तथा दिगो शहरी पूर्वाधारहरूको निर्माण भई उपयोगमा सहजता भएको हुने | | | | | | | | |
| नमुना ग्रामिण बस्ति क्षेत्रको पूर्वाधार विकास भएको क्षेत्र | संख्या | ० | ० | १ | १ | २ | ३ | वार्षिक प्रगति समीक्षा | लगानी गर्न निजी क्षेत्र प्रोत्साहित हुने |
| २.१ प्रतिफलः | भूकम्प लगायत प्रकोप प्रतिरोधी भवन /आवास को पुर्वधार विकास भएको हुने | | | | | | | | |
| प्रकोप प्रतिरोधात्मक सार्वजनिक भवनहरू (वडा कार्यालय तथा अन्य सरकारी भवन, विद्यालय भवन, स्वास्थ्य संस्था) | संख्या | ० | १ | १ | २ | ३ | ५ | पालिकाको पार्श्वचित्र | प्रकोप न्यूनीकरणमा जनचेतना अभिवृद्धि भएको हुने |
| प्रक्रिया पूरा गरी निर्माण तथा प्रवलीकरण गरिएका निजी घर तथा संरचनाहरू | प्रतिशत | ० | ० | २ | ३ | ४ | ५ | | |
| निर्मित अपाङ्गमैत्री, महिला,बालबालिकामैत्री संरचनाहरू | प्रतिशत | ० | ० | २ | ३ | ४ | ५ | | |
| २.२ प्रतिफलः | सार्वजनिक पूर्वाधारहरूको निर्माण एवं परिचालनमा नगरपालिका प्रोत्साहित भएको हुने | | | | | | | | |
| सञ्चालित वसपार्क तथा सार्वजनिक संरचनाहरू | संख्या | ० | ० | १ | १ | २ | ३ | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

## ६.२ सडक, पुलपुलेसा तथा यातायात

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, र अपाङ्गता भएका व्यक्ति अनुकुल वनाउने नीति गरेको छ । यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाउने परिकल्पना गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गेपुल, पुलेसाहरुको मर्मत सम्भार एवं स्तरोन्नति गर्ने, यातायात सुरक्षाको व्यवस्थापन गर्ने, स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, सेवाको गुणस्तरीयता निर्धारण गर्ने र भाडादर निर्धारण एवं नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ ।

### ६.२.२ समस्या तथा चुनौती

भौगोलिक कठिनाईले सडक निर्माणमा कठिनाई रहेकाले नगरपालिकाका सबै समुदायलाई सडक संजालमा जोडन नसक्नु, व्यवस्थित बसपार्क नहुनु, मापदण्ड विना योजना पहिचान तथा छनौट हुनु, दक्ष श्रमिक तथा जनशक्ति उपलब्धतामा कमी रहनु गुणस्तरीय निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नु, सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु, सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु, साँघुरा सडक हुनु, निजी सवारी साधनहरूको संख्या बढ्दै जानु, सडक दुर्घटनामा कमी आउन नसक्नु, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात व्यवस्थापनमा समस्या आउनु यत्त क्षेत्रका समस्याहरू हुन्। बाटोको सुविधा भएतापनि नालाको व्यवस्था राम्रो हुन नसकेको कारण वषार्याममा यातायात आवागमनमा समस्या हुने गरेको छ । कतिपय सडकको चौडाई कम भएकाले थप समस्या हुने गरेको छ । केही कच्ची सडकमा सदाबाहार रुपमा यातायातका साधन चलाउन सकिने अवस्था छैन । सडक पुर्वाधारलाई द्रुत गतिमा सम्पन्न गर्न आवस्यक वित्तीय स्रोतको अभाब हुनु, खोलानाला पुल नहुँदा यात्रामा समस्या, भोग्नुपरेको यथार्थ छ ।

भौगोलिक जटिलताका कारण सबै घरधुरीमा सडक संजाल प४याउनु नसक्नु र सडक स्तरोन्नति गर्न वजेटको अभावका कारण भएका बाटोहरूको स्तरउन्नति गर्न नसक्नु प्रमुख चुनौतिको रूपमा देखिन्छ । नगरपालिका क्षेत्र भित्रका विभिन्न खोलाहरूमा पुल तथा कल्भर्ट निमार्ण गर्नु अति जरुरी देखिएको छ । वर्षायाममा पानीको व्यवथापनमा निकै कठिनाइ हुने गर्दछ तसर्थ नाला तथा निकास व्यवस्थित गर्नु चुनौति छ । व्यापार, व्यवसाय तथा उत्पादन बढाउन मद्दत पुराउन सक्ने रणनीतिक महत्वका सडक निर्माणमा केन्द्रित हुनु, बातावारणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु, सडक तथा पदमार्गको संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन कार्यलाई दीगो बनाउनु आदि यस क्षेत्रका चुनौतिहरू हुन् ।

### ६.२.३ संभावना तथा अवसर

यस नगरपालिकाका अधिकांस भूभाग पहाड र भिरालो भएका कारण सडक संजाल विस्तार गर्न सहज नदेखिएपनि स्थानीय सरकारले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकता राखु, सडक संजालको विस्तार क्रमिक रुपमा हुनु यस क्षेत्रको संभावनाका रूपमा लिन सकिन्छ । त्यसैगरी, यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, प्रदूषण रहित सवारी साधनको प्रयोगको माहोल सिर्जना हुँदै जानु, यातायात व्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुदै जानु, शहरीकरणसँगै सवारी

साधनहरूको माग बढ्दै जानु, चाक्ला र गुणस्तरीय सडक निर्माणमा सरकार तथा समुदायको चासो बढ्नु आदि दीगो यातायात व्यवस्थापनका अवसरहरू पहिचान गरिएका छन ।
आन्तरिक सडक सञ्जालको पूर्णरुपमा विकास हुँदा पालिकालाई कृषि, पर्यटन र जडीबुटी उत्पादन केन्द्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ भने स्थानीय बस्ती तथा बजार केन्द्रवाट मूल सडकमा जोडिने कृषि सड्क तथा अन्य सडकहरूको स्तरउन्नति गर्न सके कृषि उत्पादन बजारिकरण निकै सहज हुन गई कियाकलापमा बढवा हुन सक्ने देखिन्छ ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सडक सञ्जालको विस्तार एवं स्तरोन्नति भई दिगो यातायात पूर्वाधार विकास मार्फत् नागरिकको सहज पहुँच विस्तार हुने।

**उद्देश्य**

१. सुरक्षित र वातावरणमैत्री सडक पूवार्धारहरुको निर्माण तथा स्तर उन्नति गरी मानिसहरुको जीवन सहज र सरल बनाउनु ।
२. यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना तथा अन्तरपालिका आवद्धता वढाउनु ।

**रणनीति र कार्यनीति**

तालिका ४० **यातायात तथा पूर्वाधार उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू**

| **रणनीतिहरू** | **कार्यनीतिहरू** |
|---|---|
| उद्देश्य १: सुरक्षित र वातावरणमैत्री सडक पूवार्धारहरूको निर्माण तथा स्तर उन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनाउनु । | |
| १.१: योजनाको दीर्घकालीन उपयोगको लागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गर्ने। | १. नेपाल सरकारले निर्धारण गरेका न्यूनतम मापदण्ड निर्धारण गरी स्थानीय यातायात कानून तर्जुमा गरिने छ<br>२. सडक सञ्जाललाई सुदृढ एवं प्रभावकारी वनाउन यातायात गुरुयोजना निर्माण गरिने छ ।<br>३ सडक, पुल निर्माण कार्यमा वायो इन्जिनियरिंग प्रणाली अपनाइ सडकलाई हरियाली एवं वातावरणमैत्री वनाइने छ ।<br>४. योजनाको दीर्घकालीन उपयोगको लागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गरिनेछ । |
| १.२ नगरपालिकाको आर्थिक तथा सामाजिक | १. व्यवसायिक गतिविधिलाई गतिशील बनाउन |

| | |
|---|---|
| गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुर्‍याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने । | सडकको निर्माण तथा स्तरवृद्धि गरिनेछ ।<br>२. प्राथमिकता प्राप्त लोकमार्ग तथा नगरपालिकाको रणनीतिक सडक सञ्जालको निर्माणमा तीव्रता दिइनेछ ।<br>३. सडकमा वर्षेभरि निर्वाध यातायात सञ्चालनको लागि सडक पुलको निर्माणलाई प्राथमिकताका साथ तीब्रता दिइनेछ । |
| १.३ छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अबलम्बन गर्ने | ४. बजार क्षेत्रमा सडक, पानी निकास र ढल, खानेपानी पाइप, बिजुली तथा इन्टरनेट वितरण लाइन, फूटपाथ आदिको एकीकृत रुपमा निर्माण गरिनेछ ।<br>५. बजार क्षेत्र तथा जोखिमयुक्त सडक खण्डहरूमा आवश्यकताका आधारमा आकाशे पुल तथा भूमिगत बाटो निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।<br>६. सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायोइन्जिनियरिङ् लगायतका गैरसंरचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरिनेछ । |
| उद्देश्य २ः २. यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना तथा अन्तरपालिका आवद्धता वढाउनु । | |
| २.१ः प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने तथा गरी अन्तरपालिका आवद्धता हुने गरी यातायात पहुँच बढाउन सडक विस्तार गर्ने । | १. योजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरणमैत्री पूर्वाधारको निर्माण गरिनेछ । स्थानीय तहको श्रम एवम् सीपलाई केन्द्रबिन्दुमा राखिनेछ ।<br>२. सम्पूर्ण पूर्वाधार योजनाहरूलाई आधुनिक सूचना प्रणाली अनुसार अद्यावधिक गर्दै नियमितरूपमा कार्यान्वयन गर्दै लगिनेछ ।<br>३. प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने पूर्वाधार विकासका निर्माणमा व्यापक जनसहभागिता बढाइनेछ ।<br>४. अन्तरपालिका जोड्ने सडकहरु विस्तार, स्तरोन्नति गरी सडक सञ्जाल विकास गरिने छ ।<br>५. योजनाहरूलाई निर्धारित समयमा नै सम्पन्न गर्न |

| | |
|---|---|
| | योजनाको प्रकृति अनुरूप आवश्यक स्रोत तथा वस्तु र गुणस्तरको आधारमा वर्गीकरण गरी सोही अनुरूप व्यवस्था मिलाइनेछ । |
| २.२ः पर्यटकीय स्थलहरूको पहिचान तथा सो स्थान सम्मको पहुँच मार्गको निर्माण कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने । | १. पर्यटकीय स्थलहरू सम्मको पहुँच मार्ग निर्माण तथा व्यवस्थापनको लागि समुदाय तथा स्थानीय तहलाई व्यापक रुपमा परिचालन गरिनेछ ।<br>२. पहुँच मार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरी स्तरोन्नति, निर्माण तथा व्यवस्थापन कार्यलाई क्रमागत रुपमा अगाडि बढाइनेछ ।<br>३. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न पदमार्गहरूको निर्माण गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

तालिका ४१ **सडक पुल यातायात उपक्षेत्रका कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| नयाँ ट्रयाक निर्माण | संख्या | ५ | २०० | २०० | २०० | २०० | २०० | ८०० | ९ | ३ | २ |
| सडक गुरुयोजना निर्माण | संख्या | १ | २० | - | - | - | - | २० | ९ | ३ | ३ |
| स्थानीय युटिलिटि सडक | संख्या | १० | ३०० | ५०० | ५०० | ४०० | ३०० | २००० | ९ | ३ | २ |
| पक्कि पुलको निर्माण | संख्या | ५ | २०० | २०० | २०० | २०० | २०० | ८०० | ९ | ३ | २ |
| नियमित मर्मत सम्भार तथा स्तरोन्नति | | | | | | | | | | | |
| भलपानी नियन्त्रण तथा नाली विस्तार | किमी | १५.३ | १० | १० | १० | १० | १० | ५० | ९ | ३ | १ |
| कलर्भट निर्माण | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | ९ | ३ | १ |
| झोलुंगे पुल निर्माण | | ५ | ५० | ५० | ५० | ५० | ५० | ५० | ९ | ३ | १ |
| सडक किनारा हरियाली प्रवद्र्घन | किमी | २० | १३ | १३ | १३ | १३ | १३ | ६५ | ९ | ३ | १ |
| यात्रु प्रतिक्षालय निर्माण | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ९ | ३ | १ |
| सडक वर्गीकरण, रेखाङ्कन तथा नामाकरण | संख्या | १० | ८ | ८ | ८ | ८ | ८ | ४० | ९ | ३ | १ |
| सडक /पुल सुरक्षा पूर्वाधार निर्माण (बोर्ड निर्माण) | संख्या | १० | १५ | १५ | १५ | १५ | १५ | ७५ | ९ | ३ | १ |
| सडक तथा यातायात जम्मा | | | ८३१ | १०११ | १०११ | ९११ | ८११ | ४५७५ | | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

### ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ४२ **सडक, पुल, यातायात उपक्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | ८१/०८२ | ८२/८३ | ०८३/०८४ | ०८४/८५ | २०८५/०८६ | | |
| प्रभाव तहः | संघ, प्रदेश तथा नगरपालिकाको समन्वयका आधारमा, सडक तथा यातायात पूर्वाधार विकास, सडक सञ्जालको विस्तार एवं स्तरोन्नति भई सुरक्षित, भरपर्दो एवं सहज यातायात सेवाको विकास भएको हुने | | | | | | | | |
| ३० मिनेटको दुरीमा सार्वजनिक यातायात पहुँच भएका जनसंख्या | प्रतिशत | १५ | १० | १२ | ३० | ५० | ७० | पालिकाको पार्श्वचित्र | यातायात सञ्चालनमा अभिवृद्धि हुने |
| सर्वयाम सडक | कि.मि. | २२ कि.मि. | २५ | ३० | ३५ | ४० | ४५ | पालिकाको पार्श्वचित्र | यातायात सञ्चालनमा अभिवृद्धि हुने |
| हरित सडक | किमि | १८ | ५ | १० | १५ | २० | २५ | पालिकाको पार्श्वचित्र | यातायात सञ्चालनमा अभिवृद्धि हुने |
| १.१ प्रतिफल | सडक पूर्वाधारहरू स्तरोन्नति भई सुरक्षित भरपर्दो र वातावरण मैत्री भएको हुने | | | | | | | | |
| कच्ची सडकको लम्बाई | किमि | २७ | ० | ५ | १० | २० | ४० | पालिकाको पार्श्वचित्र | सरोकारवाला निकायसँग प्रभावकारी समन्वय भएको हुने |
| युटिलिटि कोरिडरको लम्बाई | किमि | ० | ० | ५ | १० | २० | ४० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १.२ प्रतिफल | संघ, प्रदेश एवं अन्तरपालिकासँग सडक अन्तरआवद्धतामा अभिवृद्धि भएको हुने | | | | | | | | |
| राष्ट्रिय (अन्तर पालिका, प्रदेश जोड्ने) हाइवेसँग जोडिएका सडकहरू | संख्या | ५ | १ | १ | १ | १ | १ | पालिकाको पार्श्वचित्र | सरोकारवाला निकायसँग प्रभावकारी समन्वय भएको हुने |
| २. असरः | यातायात सेवा सहज, सर्वसुलभ एवं व्यवस्थित भएको हुने | | | | | | | | |
| ९ दिगो, सुरक्षित, नियमित यातायात सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | १२ | १० | १५ | ३० | ५० | ७० | पालिकाको पार्श्वचित्र | |
| २.१ प्रतिफलः | सार्वजनिक यातायातमा पहुँच अभिवृद्धि भई सर्वसुलभ भएको हुने | | | | | | | | |
| सार्वजनिक यातायात सेवा पुगेका वस्तीहरू(कुल वस्तीको संख्या) | संख्या | ५ | ३५ | ४० | ५० | ६० | ८० | पालिकाको पार्श्वचित्र | पालिकाको नियमन प्रभावकारी भएको हुने |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

## ६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

जल विद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्वपूर्ण साधन हो। नेपाल सरकारले लिएको आउँदो बाह वर्षमा १५,००० मेगावाट विद्युतउत्पादन गर्ने लक्ष्य राखेको छ । प्रदेशमा दीगो र भरपर्दो विद्युत्को पहुँच सबै नागरिकमा पुगिनसकेको र प्रदेश सरकारले उर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको सन्दर्भमा जलविद्युत विकास र व्यवस्थापनमा प्रदेश सरकारको महत्वपूर्ण भूमिका आवश्यक छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । प्रकाश उर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत उर्जालाई लिने गरिन्छ ।

२०७८ सालको जनगणनाअनुसार नगरपालिका भित्र विजुली बत्तीको रूपमा प्रयोग गर्ने घरपरिवार जम्मा ३५.७ प्रतिशत रहेको छ । नगरक्षेत्रका सवैभन्दा ठुलो हिस्सा अर्थात ६२.८ प्रतिशत घरपरिवारले विद्युत आपूर्तिका लागि सोलारको प्रयोग गर्ने गरेका छन् । बायो ग्यासबाट विजुली प्रयोग गर्ने परिवार नगन्य संख्यामा रहेको छ । नगरपालिका क्षेत्रमा ९७.७ प्रतिशत घरपरिवार दाउराबाट खाना पकाउने गर्दछन भने एल.पि.ग्यासबाट खाना पकाउने परिवार संख्या २.१ प्रतिशत रहेको छ । खाना पकाउनका लागि गाईबस्तुको गुइठा, मट्टीतेल विद्युत र बायोग्यास प्रयोग गर्ने घरपरिवार नगन्य मात्र रहेका छन् । ग्रामीण बस्तीहरूमा गोवर ग्याँसबाट समेत खाना पकाउने गरिन्छ । सुधारिएको चुलो प्रयोग गर्ने घरधुरीको संख्यामा वृद्धि हुँदै गएको छ ।

वैकल्पिक ऊर्जा विकास कार्यक्रमका लागि विभिन्न लघु जलविद्युत योजना संचालन भएको विद्युतिकरण योजना कार्य चलिरहेको, सोलार प्रणाली कार्य योजना, विद्युत विस्तार वैकल्पिक उर्जा विस्तार भएको छ ।

**६.३.२ समस्या तथा चुनौती** विद्युत आपुर्तिमा नियमितताको अभाग रहेको छ । सबै स्थानमा विशिष्ट उपयोगका लागि ३ फेज लाइनको विद्युत सेवा उपलब्ध हुन सकेको छैन भने उपलब्ध विद्युत सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन । स्वच्छ उर्जाको रूपमा गोबर ग्यास, वायो विकेट र धुवाँ रहित सुधारिएको चुलोको उपयोग पर्याप्त मात्रामा हुन सकेको छैन । अधिकांश वडाहरूमा परम्परागत रूपमा दाउराबाट खाना पकाउने गरिएको छ ।वस्ती विकास, शहरीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग बढ्दै गए अनुसार विद्युत आपूर्ति गर्नु, र भौगोलिक विकटता रहेका र ग्रामिणस्तरमा छरिएको बस्तीहरूमा विद्युतीकररण गर्नु चुनौतीको रूपमा रहेका छन्

### ६.३.३ संभावना तथा अवसर

नगर क्षेत्रमा जलविद्युत उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धताबाट योजनाले मूर्त रूप लिन सक्ने सम्भावना छ। खोलाबाट पनि प्रयाप्त मात्रामा विद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको छ । जनसमुदायमा ऊर्जाको आवश्यकता बारे चेतना अभिवृद्धि भएको अवस्था छ । ऊर्जा विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने देखिन्छ । आधुनिक प्रविधिको प्रयोग गरी परम्परागत व्यवहारलाई परिवर्तन गरी उत्पादनलाई वृद्धि गर्न सकिन्छ । ऊर्जा विकासबाट साना तथा घरेलु र ठूला उधोग स्थापना तथा सञ्चालनमा सहजता भै औद्योगिक

विकास गर्न सहस्ते हुनेछ । फोहरमैला व्यवस्थापनका लागि ठोस फोहरको प्रशोधनबाट मिथेन ग्याँस उत्पादन गरी विक्री गर्ने सम्भावना रहेको छ ।

**६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तया आयोजना**

**लक्ष्य**

नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपदों गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि भएको हुने ।

**उद्देश्य**

१. ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपदों, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु

२.परम्परागत ऊर्जाको सट्टामा वैकल्पिकको प्रयोगमा वृद्धि गर्नु ।

## रणनीति र कार्यनीति

तालिका ४३ **जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा क्षेत्रका रणनीति तथा कार्यनीतिहरू**

| **रणनीतिहरू** | **कार्यनीतिहरू** |
|---|---|
| उद्देश्य १: ऊर्जाको उपभोगमा दक्षता बढाई बाताबरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु | |
| १.१ ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम् उपयोगको आधार तयार गर्ने । | १. संधीय स्वरूप अनुसार ऊर्जा क्षेत्रको स्थानीय स्तरमा संस्थागत संरचना तयार गरिनेछ ।<br>२. संगठनात्मक संरचना अनुसार विद्युत जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>३. विद्युत वितरण लाइनमा उच्च क्षमता तथा गुणस्तरीय ट्रान्फर्मरहरू प्रतिस्थापान गरिनेछ ।<br>४. घरायसी प्रयोजनकालागि अधिकतम् ऊर्जा प्रयोग गर्ने परिवारलाई सम्मान/प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| १.२ उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान उत्पादन, बर्तमान तथा भविष्यमा ऊर्जाको भाग र आपूर्ति सम्बन्धी डाटावेस तयार गरी संस्थागत विकासमा जोड दिने । | १. नगरपालिकामा ऊर्जाको स्रोत पहिचान, कुल सम्भाव्य जलविद्युत क्षमता, माग र आपूर्तिको अध्ययन गरिनेछ ।<br>२ उत्पादित ऊर्जा बर्तमान तथा भविष्यको माग र आपूर्तिको तथ्याङ्क सङ्कलन गरी डाटावेस तपार गरिनेछ ।<br>३. निर्माण सम्पन्न भई सञ्चालनमा रहेका लघु तथा साना जलविद्युत आयोजनाको मर्मत सम्भार र संस्थागत विकास गरिनेछ ।<br>४. यस क्षेत्रमा रहेका मुख्य ऊर्जा उत्पादन केन्द्र सम्मको सडक र प्रशारण लाइनको सञ्जाल निर्माण गरिनेछ । |
| उद्देश्य २ परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु । | |
| २.१ः ऊर्जाको प्रयोगलई दिगो, भरपदों गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाउने । | १. ऊर्जाको खपत प्रभावकारी ढङ्गवाट गर्नकालागि विशेष सचेतना कार्यकम सञ्चालन गरिनेछ ।<br>२. सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिकस्थल, सडक, पर्यटकय स्थल, आदिमा अधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा |

| | |
|---|---|
| | जडान गरिनेछ ।<br><br>३. विद्युतीय चुलो प्रयोग गर्न सहुलियत ऋण/अनुदानको व्यवस्था गरिनेछ ।<br>४. सार्वजनिक आमसञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यवसायिक बनाइनेछ ।<br>४. कृषि तथा शहरी क्षेत्रबाट निस्किने फोहरजन्य वस्तुबाट बायोग्यास तथा प्राङ्गारिक मल उत्पादन तथा प्रयोग गर्न प्रत्साहन गरिनेछ ।<br>५. सिंचाइ तथा खानेपानीको पहुँच पुर्‌याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको सञ्चालन गरिनेछ ।<br>६. जलविद्युत, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउदै परम्परागत ईन्धनको प्रयोग घटाइनेछ ।<br>७. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गर्न बैंक तथा वित्तीय क्षेत्रबाट सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना**

*तालिका ४४* **बिद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रका कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| विद्युत आपूर्तिलाई भरपर्दो वनाउने | - | नियमित | २० | २० | २० | २० | २० | १०० | ७ | ३ | ३ |
| विद्युत सुरक्षा तथा मर्मत सम्भार | पटक | १० | १५ | १५ | १५ | १५ | १५ | ७५ | ७ | ३ | ३ |
| स्थानीय जलबिद्युत आयोजनाको निर्माण | संख्या | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | ७ | ३ | ३ |
| विद्युतीय मेशिन उपकरण प्रयोग प्रवद्र्घन | संख्या | १० | ५० | - | ३० | - | - | ८० | ७ | ३ | ३ |
| आधुनिक घट्ट, इन्डक्सन र सुधारिएको चुलो विस्तार | संख्या | ५० | १०० | १०० | १०० | १०० | १०० | ५०० | ७ | ३ | ३ |
| बस्ति क्षेत्रमा सौर्य/जल बिद्युत सडक वत्ती निर्माण | संख्या | ४० | १०० | १०० | १०० | १०० | १०० | ५०० | ७ | ३ | ३ |
| विद्यालय एवं सार्वजनिक भवन सौर्य ऊर्जा प्रवद्र्घन | संख्या | ५० | ३० | ३० | ३० | ३० | ३० | १५० | ७ | ३ | ३ |
| बिद्युत तथा वैकल्पिक उर्जा जम्मा | | | ५१५ | ४६५ | ४९५ | ४६५ | ४६५ | २४०५ | | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

## ६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ४५ **विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष २०८०/०८१ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/०८२ | ८२/८३ | ८३/०८४ | ८४/८५ | ८५/०८६ | | |
| प्रभाव तहः | परम्परागत ऊर्जाको प्रतिस्थापन गरी वैकल्पिक ऊर्जा प्रयोगमा वृद्धि भइ उत्पादनशील क्षेत्रमा विद्युत खपतमा अभिवृद्धि भएको हुने | | | | | | | | |
| उत्पादनशील क्षेत्रमा विद्युतको प्रयोग | प्रतिशत | १५ | २२ | ३२ | ४७ | ६७ | ९५ | पालिकाको पार्श्वचित्र | ५ प्रतिसत |
| १.असर तहः | नविकरणिय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा ऊर्जा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा वृद्धि हुनेछ | | | | | | | | |
| विधुतीय सुबिधा प्राप्त घर धुरी | प्रतिशत | ३७ | ४५ | ५० | ७० | ८० | ९० | पालिकाको पार्श्वचित्र | नियमित विद्युत आपुर्ति हुने |
| १.१ प्रतिफल | विद्युत आपूर्ति दिगो र भरपर्दो भएको हुने | | | | | | | | |
| राष्ट्रिय प्रसारण लाइनमार्फत विद्युतीकरण भएको परिवार | प्रतिशत | २० | ४० | ६० | ७५ | ९० | ९७ | पालिकाको पार्श्वचित्र | ने.वि.प्रा. सँग प्रभावकारी समन्वय भएको हुने |
| काठका पोल विस्थापित | प्रतिशत | १० | १५ | १८ | २१ | २४ | ३० | | |
| थ्री फेज लाइनको विस्तार | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | | |
| १.२ प्रतिफल | उत्पादनशील क्षेत्रमा विद्युत खपतमा अभिवृद्धि भएको हुने | | | | | | | | |
| खाना पकाउने विद्युतीय | प्रतिशत | - | ५ | १० | १५ | २० | २५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| चुल्हो इन्डक्सन प्रयोग गर्ने घरधुरी | | | | | | | | | |
| अन्य प्राबिधिक क्षेत्रमा विद्युतको प्रयोग | प्रतिशत | २ | ५ | ७ | १० | १३ | १६ | | |
| २ असर तहः | | | | | | | | | |
| २.१ प्रतिफलः | नवीकरणीय ऊर्जा उपभोगमा अभिवृद्धि भएको हुने | | | | | | | | |
| सडक वत्तीहरू जोड्ने कार्य | प्रतिशत | ० | १ | १ | ३ | ५ | १० | | |
| सौर्य विद्युत प्रणाली जडित घरधुरी | प्रतिशत | ८० | ६० | ५० | ४० | ३० | २० | | |
| सौर्य विद्युत प्रणाली जडित सार्वजनिक संघ संस्था, कार्यालय, निकाय | प्रतिशत | ८० | ८५ | ९० | ९४ | ९७ | १०० | | |

स्रोत : नगरपालिकाको सम्बन्धित शाखा, २०८१

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

नगरपालिकाका शहरी वडाहरूमा सूचना तथा प्रविधिको उपयोगको अवस्था राम्रो रहेको छ भने ग्रामीण वडाहरूमा यसको अवस्थामा सुधार ल्याउन अत्यावश्यक छ । शहरी बडाहरू वडा नं .. र ... मा टेलिकमको (ल्यान्डलाइन, एन.टि.सि, एन सेल) तथा इन्टरनेटको राम्रो सुविधा रहेको छ भने ग्रामीण वडाहरूमा एन.टि.सि र एन सेलको सामान्य सुविधा उपलब्ध गराएको देखिएको छ । नगर क्षेत्रका सबै वडामा मोबाइल फोन सेवाको सुविधा पुगेता पनि नेटवर्कको गुणस्तर न्युन रहेको छ । अप्टिकल फाइबर विस्तार हुन नसक्दा इन्टरनेट सुविधा एकदमै कमजोर छ भने वडास्तरबाट प्रवाह हुने अनलाइन सेवाहरू सबै वडाहरूमा सुचारू हुन सकेको छैन ।

### ६.४.२ समस्या तथा चुनौती

भौगोलिक विकटताको कारण मोवाईल, ईन्टरनेट तथा टेलिफोन टावर संख्यामा कमी हुनुका साथै भएका टावरमा पनि उच्च क्षमताको विद्युत जडान गर्न नसकिएको, सूचना तथा सञ्चार प्रविधिको बिस्तारलाई ग्रामिण वडासम्म द्रुतता दिन समस्या भएको छ । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन सकेको छैन । सूचना तथा सञ्चारको संरचनागत विकासका पूर्वाधारमा कमी देखिन्छ । सूचना प्रविधिको विकास र साईबर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्था भएको भने छैन । केही स्थानहरूमा मोवाइल नेटवर्क अनियमित तथा ज्यादै कमजोर भएकाले सेवा प्रयोग एवं बडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुगेको छ । ग्रामिण वडासम्म अप्टिकल फाइवर पुग्न सकेको छैन । केही बजार केन्द्रित विद्यालयहरू बाहेक अन्यले इन्टरनेटको अभावमा अनलाईन कक्षा सञ्चालन गर्न सकिरहेका छैनन् ।

अप्टिकल फाइबर विस्तारमा गति दिने कार्य, सूचना तथा संचार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोगमा ल्याउने कार्य, विद्युत प्रसारण भरपर्दो बनाउने कार्य, नगर क्षेत्रको ऐतिहासिक महत्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राखे कार्य, साइबर सुरक्षा सम्वन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य, र सामाजिक सञ्जालको वृद्धिसँगै यसमा वढ्दै गएको दुरुपयोग तथा विकृतिलाई रोक्ने कार्य चुनौती पूर्ण देखिएको छ ।

### ६.४.३ संभावना तथा अबसर

विद्यमान योजना तथा नीति अनुरूप नगरलाई सञ्चार तया सूचना प्रविधि मैत्री नगरपालिकाको रूपमा विकास गर्न सकिन्छ। सूचना प्रविधिमा निजी क्षेत्रको लगानी वृद्धि गर्न सकिने अवस्था छ । स्थानीय संचार माध्यम र संचारकर्मीको क्षमता विकास गरी नगरलाई मिडियामैत्री बनाउन सकिन्छ। आधुनिक सूचना प्रविधिको प्रयोग गरी नगरपालिकाको प्रशासनिक लगायत दैनिक कामकाजका प्रणालीहरु सहज बनाउन सकिने सम्भावना प्रशस्त छ।

विद्यालय तथा स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूको कार्यप्रणाली सूचना प्रविधिको प्रयोगवाट थप चुस्त दुरुस्त र प्रभावकारी बनाउन सकिन्छ ।प्रविधिको भरपूर उपयोग गरी पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्वपूर्ण स्थलहरुको संरक्षण एवम् प्रवर्धन गर्न सकिने र सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सकिने देखिन्छ । सूचना तथा संचारको विकासले समग्र बार्षिक विकासको गतिविधिलाई पारदर्शी चुस्त दुरुस्त र प्रभावकारी बनाउन टेवा पुग्नेछ ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सूचना तथा सञ्चार प्रविधिको विकास र पहुँच अभिवृद्धि गर्दै पालिकाको डिजिटलाइजेशनमार्फत जीवनस्तरलाई सहज बनाउने ।

**उद्देश्य**

१. आम सञ्चार तथा सूचना प्रविधिलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाउँदै सूचना तथा सञ्चार प्रविधिका सेवाहरू सबै नागरिकको पहुँचमा पुचाउनु ।

२. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई पालिकाको डिजिटलाइजेशन गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका ४६ **सूचना तथा सञ्चार प्रविधि उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ः आम सञ्चार तथा सूचना प्रविधिलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाउँदै सूचना तथा सञ्चार प्रविधिका सेवाहरू सबै नागरिकको पहुँचमा पुचाउनु । | |
| १.१ः सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नयाँ खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार गर्ने । | १. सञ्चार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाइनेछ ।<br>२. सूचना प्रविधि क्षेत्रको विकासकालागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहजीकरण गरिनेछ ।<br>३. केबलमा आधारित सञ्चार प्रविधिलाई ताररहित प्रविधिमा रुपान्तर गर्न विभिन्न अध्ययन गरिनेछ । |
| १.२ः आइसिटि सेवाहरुलाई विस्तार गर्दै उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने । | १. स्थानीय भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पृष्ठभूमि झल्कने प्रवर्धनात्मक सूचनाका सामग्रीहरूको निर्माण र निर्माण भएका सामग्रीहरूको डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुर्‍याउन सूचना तथा सञ्चार प्रविधि युक्त पर्यटकीय योजना बनाइनेछ ।<br>२. यस क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक तथा गुणस्तरीय लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ । |

| | |
|---|---|
| | ३. टेलीमेडिसिन केन्द्रको स्थापना गरी सबै नागरिकलाई घरमै बसी स्वास्थ्य उपचार सम्बन्धी परामर्श सेवा लिने अवसरको सुनिश्चितता गरिनेछ ।<br>४. विज्ञापन बजारको व्यवस्थापन एवम् नियमन गर्न नियामक निकायको स्थापना तथा सञ्चालन गरिनेछ ।<br>५. सार्वजनिक क्षेत्रबाट प्रचार प्रसार हुने विज्ञापनमा प्रणालीको व्यवस्था गरिनेछ । समानुपातिक वितरण |
| १.३ः समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत् सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने । | १. सार्वजनिक तथा निजी सेवाहरू क्रमश सफ्टवेयर अनलाइन मार्फत् सूचना तथा सेवा प्रदान गरिनेछ ।<br>२. सञ्चार तथा सूचना प्रविधिको विकासकालागि स्थानीय प्राविधिक जनशक्ति उत्पादनको आधार तयार गरिनेछ ।<br>३. डिजिटल डिभाइड कम गर्नकोलागि डिजिटल साक्षरता र सचेतना अभिवृद्धिलाई<br><br>अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br><br>४. सूचना प्रविधिलाई शिक्षा र आधुनिक प्रविधिमा उपयोग गरिनेछ ।<br><br>५. सूचना प्रविधिको प्रयोग मार्फत् स्थनीय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण गरिनेछ ।<br><br>६. आधारभूत तह देखि नै हरेक विद्यार्थीले कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी अध्ययन गर्न पाउने अवसरको सुनिश्चितता गरिनेछ । |
| उद्देश्य २ २. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई पालिकाको डिजिटलाइजेशन गर्नु । | |
| २.१ सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने । | १. नगरपालिकाका सबै वडाहरूमा अप्टिकल फाइबरको विस्तार गरी इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ ।<br>२. सबै कार्यालयका वेवसाइट, इमेल, ट्वीटर, भाइबरजस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| | ३. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ । <br> ४. सार्वजनिक आमसञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यवसायिक बनाइनेछ । <br> ५. नगरपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैकालागि सहज एवम् सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ । |
| २.२ सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चितता गर्ने । | १. सञ्चार क्षेत्रकालागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ । <br> २. नगरपालिकाका सबै ठाँउमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ । <br> ३. नगरपालिकाका सबै वडाहरूमा स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूको ताजा खबर नियमित रूपमा अनलाइन संस्करणमा समेत पढ्न पाउने व्यवस्था मिलाइनेछ । |

## कार्यक्रम तथा आयोजना

तालिका ४७ **सूचना तथा सञ्चार प्रविधि उपक्षेत्रका कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | बजेट प्रतिशत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| संचार क्षेत्र (मोबाइल तथा इन्टरनेट क्षमता) स्तरोन्नती एवं क्षमता सुधार(सहजीकरण) | संख्या | नियमित | - | - | ० | - | - | ० | १६ | ३ | ३ |
| प्रत्येक सार्बजनिक संस्था तथा सरकारी कार्यालयमा इन्टरनेट सुबिधा | संख्या | २० | १० | १० | १० | १० | १० | ५० | १६ | ३ | ३ |
| सार्वजनिक कार्यालय एवं स्थानमा सिसि टिभी व्यवस्था | पटक | २० | १० | १० | १० | १० | १० | १०० | १६ | ३ | ३ |
| निःशुल्क वाइफाइ व्यवस्था | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| सवै वडा तथा सार्वजनिक डिजिटल सूचना वोर्ड | संख्या | १० | ३० | - | - | - | - | ३० | १६ | ३ | ३ |
| सार्वजनिक सेवा अनलाइन गर्ने | | | | - | - | - | - | ० | १६ | ३ | ३ |
| सार्वजनिक सेवा | संख्या | १ | - | २० | २० | - | - | ४० | १६ | ३ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदानलाई प्रविधिमा आधारित सफ्टवेयर (मोवाइल एप्स) निर्माण | | | | | | | | | | | |
| प्रविधि मैत्री पालिका निर्माणका लागि आवश्यक पूर्वाधार विकास | एकमुष्ट | | १० | १० | १० | १० | १० | ५० | १६ | ३ | ३ |
| सूचना तथा सञ्चार प्रविधिमा निजी क्षेत्र लगानी वृद्धि | | | | | | | | | | | |
| अनलाइन मिडिया, पत्रिका तथा एफएम प्रवर्द्धन | संख्या | १ | १० | १० | १० | १० | १० | ५० | १६ | ३ | ३ |
| आइसिटिमा आधारित प्रशिक्षण केन्द्र, प्राविधिक शिक्षालय कार्यक्रम | संख्या | १ | २० | २० | २० | २० | २० | १०० | १६ | ३ | ३ |
| सूचना र संचार प्रविधिको जम्मा | | | ९५ | ८५ | ८५ | ६४ | ६५ | ४४५ | | | |

स्रोतः पालिकाको सम्बन्धित शाखा, २०८१

### ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ४८ **सूचना तथा सञ्चार प्रविधि उपक्षेत्रका अपेक्षित उपलब्धी तथा नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | ०८१/०८२ | ०८२/८३ | ०८३/०८४ | ०८४/८५ | ०८५/०८६ | | |
| प्रभाव तहः | आम सञ्चार तथा सूचना प्रविधिलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाउँदै सूचना तथा सञ्चार प्रविधिका सेवाहरू सबै नागरिकको पहुँच अभिवृद्धि भएको हुने | | | | | | | | |
| मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ५ | ६ | ७ | ८ | ९ | १० | पालिकाको पार्श्वचित्र | |
| ईन्टरनेटमा पहुँच प्राप्त जनसंख्या | | | | | | | | | |
| १.असर तहः | सुचना तथा सञ्चार प्रविधिलाई सर्वसुलभ, भरपर्दो र गुणस्तरिय भएको हुने | | | | | | | | |
| सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम प्रयोग | प्रतिशत | ५ | ६ | ९ | १३ | १८ | २५ | पालिकाको पार्श्वचित्र | आइसिटिको विस्तार हुने |
| १.१ प्रतिफल | आइसिटिमा आधारित उपकरण पूर्वाधारहरूको विकास विस्तार भएको हुने | | | | | | | | |
| सूचना प्रविधि नियमन कानुन निर्माण | | | | | | | | | |
| स्थानीय इन्टरनेट सेवा प्रदायक संस्था | संख्या | १ | १ | १ | २ | २ | २ | पालिकाको पार्श्वचित्र | आइसिटिको विस्तार हुने |
| आइसिटि सम्वन्धी कुनै एक साधन उपकरण | प्रतिशत | ८० | ७० | ६० | ५० | ३० | १० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| उपलब्ध घरधुरी | | | | | | | | | |
| उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | | | | | | | | | |
| १.२ प्रतिफल | समग्र प्रविधिका विकासका लागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक व्यवस्थामा सुधार | | | | | | | | |
| निःशुल्क वाइफाइ क्षेत्रहरू | संख्या | ० | ० | १ | १ | २ | ३ | पालिकाको पार्श्वचित्र | आईसिटिको विस्तार भएको हुने |
| आइसिटि उपलव्ध सामुदायिक तथा संस्थागत विद्यालयहरू | संख्या | २ | - | - | - | - | २ | | |
| मोवाइल फोनवाट इन्टरनेट चलाउने संख्या | प्रतिशत | ३० | ४० | ५० | ६० | ७० | ८० | | |
| ई-कक्षा सञ्चालन गर्ने विद्यालयहरू | | | | | | | | | |
| २ असर तहः | सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्द्धन भएको हुने | | | | | | | | |
| अनलाईन भएका सार्वजनिक सेवाहरू | संख्या | ० | ० | ० | ० | ० | १ | वार्षिक समीक्षा | |
| डिजिटल सूचना पाटी | संख्या | १ | ५ | - | - | - | ५ | | |
| २.१ प्रतिफलः | सेवाहरू अनलाइन हुँदै आइसिटि उपयोगमा वृद्धि भएको हुने | | | | | | | | |
| वेवसाइट अद्यावधिक भएको पटक | प्रतिशत | २ | १ | ० | १ | ० | २ | पालिकाको वार्षिक प्रगति समीक्षा | आइसिटिको विस्तार भएको हुने |
| सूचना केन्द्रबाट लाभान्वित सेवाग्राही | प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ७० | | |

स्रोतः पालिकाको सम्बन्धित शाखा, २०८१

# परिच्छेद ७ वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि प्रमुख क्षेत्रका रुपमा वन तथा जैविक विविधता, भू तथा जलाधार व्यवस्थापन, वातावरण तथा फोहोर व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन रहेका छन् ।वन संरक्षण, भूतथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन,, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन, र विपद् व्यवस्थापन जस्ता विषयहरू नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछन् । दिगो विकास र विपद् उत्थानशीलता अभिवृद्धि नै पुचौंडी नगरपालिकाको साझा अभियान भन्ने संकल्पका साथ आगामी ५ वर्षका लागि लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यकम र आयोजना निर्धारण गरिएको छ ।

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृठभूमि

नगरक्षेत्रमा सामुदायिक वन ३५ वटा, कबुलियती वन २ वटा र निजी ७ वटा वनहरू रहेका छन्। यस नगरपालिकामा पाइने मुख्य वन्यजन्तुहरूमा बदेल, घोरल, कालीज, गिद्ध, काग, रातो पान्डा, काकड, वाघ, बदेल, दुम्सी , तुवा वदेल, रतुवा, ढुकुर, कालीज, मृग, सुंगुर, स्याल, बादर, कोइली न्याउली, तित्रा, चेड, दुम्सी, चितुवा रहेका छन् ।

मुख्य जडिबुटिहरूमा  सिमजरा, घिउकुमारी, अलैची, भिनादी, सिमसड, बोजो चिराइतो, सतुवा,हालचित, सिमजडि, सतुवा, दालचिनी, सिमलजडि, सतुवा, सिलाजि, गागानो, लेकतितो, थगायईलो, रसमला, अमला, तेजपत्ता, तितेपाती, उन्यु, दाल्चीन पात, घिउ थकाइलो सिरफोडे, टिमुर, हत्ताजडि रहेका छन् ।

नेपालको संविधान, २०७२ अनुसार वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्वद्र्घन र दिगो उपयोग गर्ने, प्रकृति, वातावरण वा जैविक विविधता माथि नकरात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकरात्मक वातावरण प्रभाव निर्मूल वा न्यून गर्ने, उपयुक्त उपायहरु अवलम्वन गर्ने नीति राज्यले ग्रहण गरेको छ ।

१६ औं राष्ट्रिय योजनाले प्राकृतिक श्रोतको संरक्षण गर्ने र परिचालनलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रुपमा ग्रहण गरेको छ । जैविक विविधताको संरक्षण गर्दै गुणात्मक पर्यटनको गन्तव्य स्थानको रुपमा विकास गर्ने, संरक्षणमुखी सोचमा आधारित वन व्यवस्थापन र सोवाट प्राप्त लाभको समन्यायिक वाँडफाँड गर्ने, कृषिवनको अत्याधिक प्रयोगवाट जलाधार व्यवस्थापन तथा पर्यावरणीय पद्धति संरक्षण गर्ने, कृषिको उत्पादकत्वमा वृद्धि गर्ने, वनजन्य तथा जडीवुटीको उत्पादनमा वृद्धि भई निर्यात र रोजगारी सिर्जना गर्ने परिकल्पना १६ औं योजनामा गरिएको छ ।

संघ तथा प्रदेशको कानुनको अधिनमा रही स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती, साझेदारी वनको संरक्षण, सम्वद्र्घन, उपयोग गर्ने, वन उपभोक्ता समुहको व्यवस्थापन गर्ने, वन प्रवद्र्घन गर्ने, सार्वजनिक खाली जग्गा पाखा वा क्षेत्रहरुमा वृक्षारोपण गर्ने, सम्भार, उपयोग, व्यवस्थापन गर्ने, नदी किनार तथा उकासमा, नहर तथा सडक किनारमा वृक्षारोपण गर्ने, जडीवुटी तथा गैरकाष्ठ वन पैदावर सम्वन्धी सर्वेक्षण गर्ने, उत्पादन, सङ्कलन, प्रवद्र्घन, प्रशोधन, वजार व्यवस्थापन गर्ने, वनवीऊ वगैचा स्थापना, व्यवस्थापन तथा प्रवद्र्घन गर्ने, नर्सरी स्थापना गर्ने, विरुवा उत्पादन, वितरण, रोपण तथा प्रवद्र्घन गर्ने, वन्यजन्तु एवं चराचुरुङ्गीको अभिलेखन, संरक्षण, व्यवसायिक पालन, उपयोग, अनुगमन गर्ने, मानव तथा वन्यजन्तु वीचको द्वन्द्व व्यवस्थापन गर्ने, वन्यजन्तु पर्यटन तथा आयआर्जन गर्ने, आखेटोपहारको व्यवस्थापन गर्ने, रैथाने प्रजातिको संरक्षण तथा

प्रवद्र्घन गर्ने एवं मिचाहा प्रजातिको नियन्त्रण गर्ने, जैविक विविधताको अभिलेखीकरण र हरियाली प्रवद्र्घन गर्ने जस्ता कार्यहरु स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ७.१.२ समस्या तथा चुनौती

वहुमूल्य जडीवुटीहरुको पहिचान, संरक्षण र प्रवद्र्घन पूर्ण रुपमा नभएको, वन जङ्गलको दिगो सदुपयोग गर्दै जीविकोपार्जनका लागि आयमूलक कार्यमा उपयोग गर्न नसक्नु, पूर्वाधार विकास र वन जङ्गल वीच सन्तुलन कायम हुन नसक्नु, बनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट विरुवालाई नियन्त्रण गर्न नसक्नु, नर्सरी विस्तार तथा रिचार्ज पोखरी निर्माणलाई अभियानका साथ अगाडि बढाउन नसक्नु जस्ता समस्या विद्यमान छन् । वृक्षारोपण, बन नर्सरी, जडीबुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार हुन सकेको छैन । वन्यजन्तुहरूबाट खेतीपाती एवं बालीनालीहरूमा हुने गरेको क्षति न्युनीकर, सडकको दायाँ बायाँ वृक्षारोपण, ग्रामिण सडकहरू समेत बायोइन्जिनियरिङ्ग प्रविधिबाट निर्माण गर्नु, खोलानाला बढ्दै गएको प्रदुषणको नियन्त्रण, कतिपय खोलानालामा माछा मार्न विषको प्रयोगलाई पूर्णत नियन्त्रण गर्नु, जल प्रदुषण घटाउनु, जैविक विविधताको संरक्षणकालागि नगरपालिका तहलाई जिम्मेवार बनाउनु, भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने विवादको व्यवस्थापन गर्नु, स्थानीय जनतामा वन तथा जैविक विविधताको संरक्षणवारे ज्ञान अभिवृद्धि गरी सहकार्य गर्नु, छाडा चरिचरन, वन फडानी, अव्यवस्थित वस्ती, र आगलागी जस्ता क्रियाकलापहरू नियन्त्रण गर्नु यस क्षेत्रका मुख्य चुनौती हुन् ।

### ७.१.३ संभावना तथा अवसर

यस नगरपालिकाको ठुलो हिस्सा वनले ढाकेकोले बनमा पाइने जडिबुटीजन्य बनस्पतिहरु व्यवसायिक खेती गर्न सकिने, वन पैदावरमा आधारित उद्योग, व्यवसाय सञ्चालन, सामुदायिक बनसँगको सहकार्यमा वन तथा जैविक बिबिधतालाई उपयोग गर्न सकिने प्रचुर सम्भावना बोकेको छ । व्यवहारिक तथा दिगो भूउपयोग नीति तया यसको कार्यान्वयनबाट यस क्षेत्रको जैविक विविधताको संरक्षण गर्न सकिने, उर्वर कृषि भूमि र वन जंगलको निकै हद सम्म संरक्षण र उपयोग गर्न सकिने, हरित पूर्वाधार विकासको अवधारणालाई आयोजना प्रकमा आत्मसाथ गर्न सकिने, बनमा आधारित सहकारी संस्था मार्फत वन पैदावार संकलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन गर्न, र होमस्टे संचालन गरी वन पैदावारबाट रोजगारी तथा आय आर्जनका अवसरहरू श्रृजना गर्न सकिने अवस्था छ। सामुदायिक र कबुलियती वनको विकास र विस्तारमा महिला, विपन्न, र दलितहरूको सहभागिता बढाउदै जीविकोपार्जनमा टेवा पुग्ने देखिन्छ। वन पैदावारमा आधारित जडीबुटी खेती तथा उद्यमशीलता विकास गर्दै सहकारी संस्थाका सदस्यहरूको क्षमता अभिवृद्धि गर्न सकिन्छ। वन तथा काठजन्य लघुउद्योग तथा व्यवसायहरू स्थापना गरी आर्यआर्जन गर्न सकिन्छ। स्थानीय स्तरमा कृषि, वन तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावनालाई परिचालन गरी प्राकृतिक बातावरण तथा वन्यजन्तुको संरक्षण गर्न समेत सकिन्छ ।

बन क्षेत्रलाई संरक्षण तथा आम्दानीमुखि बनाउन सामूदायीक वन, कबुलियत बनसँग सहकार्य गरी बन कृषि कार्यको प्रवर्द्धन गर्ने, वन सम्पदा तथा वन्य जीवजन्तुको उचित संरक्षण, सम्बद्धन र उपयोग गर्न सकेको खण्डमा आय आर्जनको महत्वपूर्ण श्रोतको रूपमा विकास गर्न सकिने प्रचूर संभावना रहेको छ ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

वनको उचित व्यवस्थापन र जैविक विविधताको दिगो संरक्षण एवं संवर्द्धनका माध्यमबाट नागरिकको जीवनस्तरमा सुधार गर्ने ।

**उद्देश्य**

१. स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, बन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्दै पारिस्थितिकीय प्रणाली कायम राख्नु।

२. वन क्षेत्रमा रहेका बहुमूल्य जडीबुटीहरूको व्यावसायिक खेती र वन पैदावारको उचित सदुपयोग गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउनु।

**रणनीति र कार्यनीति**

तालिका ४९ **वन तथा जैविक विविधता उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू**

| **रणनीतिहरू** | **कार्यनीतिहरू** |
|---|---|
| उद्देश्य १: स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, बन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्दै पारिस्थितिकीय प्रणाली कायम राख्नु। | |
| १.१ वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण गर्ने । | १. वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्रीवितरणको व्यवस्था गरिनेछ ।<br>२. काठजन्य बस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ।<br>३. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>४. वन्यजन्तु पाल्लन् प्रजनन तथा व्यवसायीकरणकालागि स्थानीय जनतालाई प्रेरित गरिनेछ।<br>५. वनजन्य व्यवसायप्रति स्थानीय युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेवभिवका योग्य र इच्छुक विद्यार्थीहरुलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ। |
| १.२ समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | १. स्थानीय जनतालाई बनको महत्त्व र फाइदाबारे जानकारी गराइनेछ ।<br>२. बनको सीमा निर्धारण गरी तारबार गरिनेछ।<br>३. खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>४. वन नर्सरी स्थापना गरिनेछ ।<br>५. सामुदायिक वनहरूका कार्ययोजना अनुसार बनको संरक्षण गरिनेछ ।<br>६. स्थानीय जनतालाई फलफूलका बिरुवाहरू वितरण गरिनेछ ।<br>७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| १.३ वन क्षेत्रलाई दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने | १. मिचाहा प्रजातिको नियन्त्रण तथा आय मुलक बनस्पति को विस्तार जस्ता क्रियाकलापहरु सञ्चालन गर्दै वन क्षेत्रलाई वैज्ञानिक एवं दिगो व्यवस्थापन गरिने छ ।<br>२ चरनका लागि निश्चित क्षेत्रहरु निर्धारण गरिने छ ।<br>३.सामुदायिक वन उपभोक्ता समूह तथा महिला समूहहरुको वैज्ञानिक वन व्यवस्थापनमा क्षमता वृद्धि गर्दै वन क्षेत्रको दिगो संरक्षण गरिने छ । |

| | |
|---|---|
| | ४. वन क्षेत्रमा फलफुल लगायतका वोटविरुवाहरुको रोपण गरी हरियाली विकास गरिने छ । |
| उद्देश्य २ वन क्षेत्रमा रहेका बहुमूल्य जडीबुटीहरूको व्यावसायिक खेती र वन पैदावारको उचित सदुपयोग गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउनु। | |
| २.१: जैविक विविधताको संरक्षण प्रवर्द्धन गर्ने । | १. वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट विरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्निरेखा, झाडी सफाई जस्ता कियाकलापहरुवाट जैविक सम्पदाको संरक्षण गरिनेछ ।<br>२. बन्य जन्तुहरूवाट हुनसक्ने सम्भावित अति न्यूनीकरण गर्न जंगल क्षेवमै उपयुक्त हुने घाँस, विरुवा, फलफुलहरू रोपण गरी बनयजन्तुको आहारा व्यवस्था मिलाइनेछ ।<br>३. व्यवसायिक मूल्य भएका जडीबुटी लगायतका बोट विरुवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दीगो उपयोगमा जोड दिइनेछ ।<br>४. छावा चरिचरन, अन फाडनी गरी वस्ती विकास, आगलागी जस्ता कियाकलापहरूलाई पूर्ण बनदेज लगाई दण्ड जरिवानाको व्यवस्था गरिनेछ । |
| २.२ बाह्य र बान्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १.योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकारसमक्ष अनुरोध गरिनेछ ।<br>२. गैरसरकारी संस्थाहरूलाई बन तथा जैविक विविधताको संरक्षणका कार्यकमहरूमा लगानी गर्न आह्वान गरिनेछ ।<br>३. नगरको वार्षिक बजेटको निक्षित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमकालागि छुटपाइनेछ ।<br>४. वनजन्य उद्योगको विकास र व्यवसायीकरणकालागि स्थानीय निजी क्षेवलाई प्रोत्साहन गरिनेछ । |
| २.३ गैरकाष्ठ वन पैदावरको दिगो उपयोग गर्दै आयआर्जनको श्रोतको रुपमा विकास गर्ने | १. वनमा आधारित उपभोक्ता समूहसंगको सहकार्यमा गैरकाष्ठ बन पैदावर सङ्कलन, उद्योग तथा प्रशोधन केन्द्रहरु सञ्चालन गरिने छ ।<br>२. गैरकाष्ठ बन पैदावर तथा स्थानीय जडीवुटीहरुको व्यवसायिक खेती तथा उद्यमशीलता विकास गर्दै उत्पादित सामानहरुको मूल्य श्रृङ्खला अभिवृद्धि गर्दै वजारको विस्तार एवं प्रवद्र्घन गरिने छ ।<br>३. स्थानीय जडीवुटीहरुको वौद्धिक सम्पत्ति संरक्षण तथा व्यापार चिन्हहरु दर्ता गरी निकासी वजार प्रवद्र्घन गरिने छ ।<br>४. सम्भाव्यताका आधारमा कृषि—वनको व्यवसायिक खेतीका लागि महिला, विपन्न, सीमान्तकृत एवं दलित वर्ग समुदायलाई प्रोत्साहित गरिने छ ।<br>५. गैर काष्ठ वन पैदावारको प्रवल सम्भावना भएको खेती विस्तार तथा बजारीकरण गरिनेछ। |

## कार्यक्रम तथा आयोजना

तालिका ५० **वन तथा जैविक विविधता उपक्षेत्रका कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| जैविक विविधतको संरक्षण | | | | | | | | | | | |
| जनचेतना अभिवृद्धि | पटक | ११ | ५ | ५ | ५ | ५ | ५ | २५ | १५ | ३ | २ |
| जैविक विविधताको प्रोफाइल निर्माण | पटक | १ | - | २० | - | - | - | २० | १५ | ३ | २ |
| वन्यजन्तु संरक्षण केन्द्रको रुपमा विकास | पटक | १ | - | ५० | - | - | - | ५१ | १५ | ३ | २ |
| वन क्षेत्र दिगो एवं वैज्ञानिक व्यवस्थापन | | | | | | | | | | | |
| मिचाहा प्रजाति नियन्त्रण बनमारा | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १५ | ३ | २ |
| खुल्ला क्षेत्र फलफुल तथा आय मुलक वनस्पति रोपण | पटक | १ | ५० | - | ५० | - | - | १०० | १५ | ३ | २ |
| सामुहिक वन उपभोक्ता समुह क्षमता अभिवृद्धि | पटक | २ | २० | - | - | २० | - | ४० | १५ | ३ | २ |
| सामुदायिक वन घेरावार तथा व्यवस्थापन | संख्या | ३ | ३० | ३० | ३० | ३० | ३० | १५० | १५ | ३ | २ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| व्यापक वृक्षारोपण तथा सुख्खा डाँडाहरुमा वृक्षारोपण गर्ने | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १५ | ३ | २ |
| पहिरो जोखिम क्षेत्र पहिचान तथा विशेष प्रजातिका बाँस निगालो लगायतका अन्य स्थानीय प्रजातिका बोटविरुवाहरुको वृक्षारोपण | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १५ | ३ | २ |
| वन सम्पदालाई उत्पादनमुखी वनाउने | | | | | | | | | | | २ |
| वन सम्पदाहरुको व्यवसायिक खेती सम्भाव्यता अध्ययन | पटक | १ | २० | - | - | - | - | २० | १५ | ३ | २ |
| वन सम्पदाहरुको व्यवसायिक खेती प्रवद्र्घन | संख्या | ३ | ३० | ३० | ३० | ३० | ३० | १५० | १५ | ३ | २ |
| बहुउद्देश्यीय वन नर्सरी निर्माण र विरुवा वितरण | संख्या | ३ | १० | १० | १० | १० | १० | ५० | १५ | ३ | २ |
| गैरकाष्ठ वन पैदावरवाट आय आर्जन | | | | | | | | | | | |
| वहुमूल्य जडीवुटीको व्यवसायिक खेती | हे | १५० | २० | २० | २० | २० | २० | १०० | १५ | ३ | २ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रवद्र्घन | | | | | | | | | | | |
| जडीवुटीको वजार प्रवद्र्घन | संख्या | ५ | २५ | २५ | २५ | २५ | २५ | १२८ | १५ | ३ | २ |
| जडीवुटी सङ्कलन प्रशोधन केन्द्र | संख्या | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | १५ | ३ | २ |
| जडीवुटीहरुको वौद्धिक सम्पत्ति व्यापार चिन्ह दर्ता | पटक | १ | २० | - | २० | - | - | ४० | १५ | ३ | २ |
| वन र जैविक विविधता जम्मा | | | २९५ | २५५ | २५५ | २०५ | १८५ | ११९९ | | | |

स्रोतः पालिकाको सम्बन्धित शाखा, २०८१

### ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका ५१* **वन तथा जैविक विविधता उपक्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८०/०८१ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/०८२ | ०८२/८३ | ०८३/०८४ | ०८४/८५ | ८५/०८६ | | |
| प्रभाव तहः | जैविक विविधताको दिगो संरक्षण एवं सम्वर्द्धन भएको हुने | | | | | | | | |
| बन उपभोक्ता समिति संग को सहकार्यमा संरक्षित एवं व्यवस्थित वन क्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | ० | २ | ५ | १० | १५ | २० | पालिकाको पार्श्वचित्र | वन उपभोक्ता समितिको सहभागिता प्रभावकारी भएको हुने |
| १. असर तहः | वन क्षेत्रको विकस विस्तार गर्दै बहुमूल्य जडीबुटीको व्यवसायिक खेतीलाई आय आर्जनको रूपमा विकास भएको हुने | | | | | | | | |
| जडिबुटी एवं गैर काष्ठ वन पैदावरमा आधारित उद्योगबाट सिर्जित रोजगारी | प्रतिशत | ० | ३ | ५ | ८ | १० | १२ | पालिकाको पार्श्वचित्र | निजी क्षेत्र थप लगानी गर्न प्रोत्साहित भएको हुने |
| १.१ प्रतिफल | वन क्षेत्रको विकास तथा विस्तार भएको हुने | | | | | | | | |
| औषधीजन्य जडीबुटीहरूको थप विस्तार क्षेत्र | हे. | - | १० | २० | ४० | ८० | १६० | | |
| १ .२ प्रतिफल | बहुमूल्य जडीबुटीहरूको व्यवसायिक खेति गर्दे आय आर्जनको स्रोतको रूपमा विकास भएको हुने | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वहुमूल्य वनस्पतिहरूको व्यवसायिक खेतीले ढाकेको भूमि | हे. | - | ५० | ७५ | १०० | १५० | २०० | पालिकाको पार्श्वचित्र | निजी क्षेत्र थप लगानी गर्न प्रोत्साहित भएको हुने |
| सञ्चालित जडीबुटी सङ्कलन तथा प्रशोधन केन्द्र | संख्या | ० | ० | ० | १ | २ | ३ | | |
| जडीबुटीको आधिकारिक निकायमा दर्ता भएका वौद्धिक सम्पत्ति (व्यापार चिन्ह) दर्ता | संख्या | ० | ० | ० | १ | १ | ३ | | |
| १.३ प्रतिफल | वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्बर्द्धन गरी चोरी- निकासी तथा अतिक्रमण नियन्त्रण भएको हुनेछ । | | | | | | | | |
| चोरी-निकासी नियन्त्रणकालागि नियमन इकाई गठन | सङ्ख्या | ० | ० | १ | ११ | ११ | ११ | | |
| पालिकास्तरीय बनः इकाई स्थापना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | | |
| जैविक विविधता युक्त क्षेत्र | सङ्ख्या | ० | १३ | १५ | १७ | १७ | १७ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वन क्षेत्रको तारवार | कि.मि. | ० | ० | ५ | १५ | २५ | २५ | | |
| लोप हुनलागेका बालीनालीको पुनस्थापन (बाली नाली को सङ्ख्या। | सङ्ख्या | ० | ० | ३ | ५ | ७ | ७ | | |

स्रोतः पालिकाको सम्बन्धित शाखा, २०८१

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

नेपाल संविधान, २०७२ अनुसार राज्यले जल उत्पन्न प्रकोप नियन्त्रण गर्ने, नदीको व्यवस्थापन गर्ने, जलश्रोतको वहुपउयोगी विकास गर्ने नीति अंगिकार गरेको छ । नदी किनारहरुमा वाढी पहिरो नियन्त्रण र व्यवस्थापन गर्ने, एकीकृत जलाधार व्यवस्थापन गर्ने, जलवायु परिवर्तनवाट जलश्रोतको उपलव्धता र उपयोगमा पार्ने प्रभाव न्यून गर्ने, पर्यावरणीय सन्तुलनमा सुधार गर्ने परिकल्पना १५ औं राष्ट्रिय योजनाले गरेको छ । त्यसैगरी जलाधार संरक्षण, पानी मुहानहरुको संरक्षण गर्ने, ढुङ्गेधारा, कुवा, सीमसार, नदी किनार र उकास क्षेत्र लगायतका भू तथा जलाधार क्षेत्रको संरक्षण गर्ने जिम्मेवारीहरु स्थानीय सरकारको कार्यक्षेत्रभित्र राखिएको छ।

जलाधार व्यवस्थापन एवम् संरक्षणका अभावमा सिंचाई व्यवस्थापन तथा बाढी पहिरो नियन्त्रणमा कठिनाइ छ। नदी तथा स्थानीय खोला खोल्साले खेतियोग्य जमीन कटान गर्ने क्रम बढ्दो छ भने बेमैसमी बाढीका कारण यहाँका स्थानीयबासीले धन-जनको क्षति व्यहोर्नु परेको अवस्था विद्यमान छ । नगरपालिकाले जलाधार व्यवस्थापनलाई सबै भन्दा बढी प्राथमिकतामा राखी योजनाहरू तर्जुमा गरिरहेको छ भने पहिरो नियन्त्रणका लागि वृक्षारोपण तथा बाढी नियन्त्रणका लागि पक्की पर्खाल र तटबन्ध निर्माणाधिन अवस्थामा छन् ।

### ७.२.२ समस्या तथा चुनौती

पहिरो नियन्त्रणका प्रयासहरुमा प्रभावकारीताको अभाव, ठाडो, भिरालो क्षेत्रका मलिलो माटोलाई वर्षातको पानीले वगाइ दिने, भिरालो जग्गाको नियन्त्रणका लागि भएका प्रयासहरु अपुग, वन अतिक्रमण बढदै जानु, कटान, भूक्षय, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा गिट्टी वालुवा संकलन तथा निकासी हुनु, विस्तारित सडक सञ्जाल, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु यहाँका प्रमुख समस्या हुन् । अवैज्ञानिक तरिकाले प्राकृतिक श्रोतको दोहन, जथाभावी नदीजन्य पदार्थ उत्खनन, जथाभावी सडक निर्माण, वातावरणीय प्रभाव मुल्याङ्कन नगरी विकास निर्माणको काम हुनु जस्ता समस्या देखिएको छ भने परिणाम स्वरूप अनावृष्टि, अतिवृष्टि, पानीको मुहान सुकेर सुख्खा क्षेत्रको विस्तार भएको अवस्था छ । मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी/खोला मा भूक्षय भई पुरिने क्रम जारि रहनु, खोलाले धार परिवर्तन गर्नु तथा सम्वेदनशील क्षेत्रहरुको व्यवस्थापन तथा वस्तीहरुको संरक्षण गर्नु, कमजोर भू—वनौट भएकोले पहिरो नियन्त्रण गर्नु नगरपालिकाको प्रमुख चुनौतीको रूपमा रहेको छ ।

### ७.२.३ संभावना तथा अवसर

नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भुउपयोग योजनाका आधारमा समग्र नगरपालिकाको बस्ती विकास तथा नगरबासीहरुको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षण गरी नमुना नगरपालिका बनाउने ठूलो संभावना रहेको छ । नगरक्षेत्रमा उपलब्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ । कृषियोग्य भूमिका नियमित रुपमा सिंचाइ उपलव्ध हुन सक्ने र कृषि उपजहरुको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि ल्याउन सकिने, खोला किनार एवं नजिकका क्षेत्रहरुमा मत्स्यपालन व्यवसाय ठूलो स्तरमा सञ्चालन गर्न सकिने,

झरना, पौडीपोखरी, स्नानकुण्ड आदिको निर्माणवाट आन्तरिक पर्यटन प्रवद्र्घन गर्न सकिने, कृषि—वनको व्यवसायिक खेती सञ्चालन गर्न सकिने, जलाधार क्षेत्रहरु, पानी मुहान, झरना, ताल तलैया, पोखरी तथा सीमासार क्षेत्रहरु भएकोले पर्यटन प्रवद्र्घन एवं आयमूलक उद्योग व्यवसायहरु सञ्चालन गर्न सकिने जस्ता अवसर र सम्भावना रहेको छ ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

भू तथा जलाधार क्षेत्रको संरक्षण, सम्वर्द्धन र दिगो व्यवस्थापन गर्ने ।

**उद्देश्य**

१. वैज्ञानिक व्यवस्थापनवाट भूसंरक्षण र जलाधार व्यवस्थापनको उचित उपयोग गर्नु ।
२. जलस्रोत क्षेत्रहरुको संरक्षण, सम्वद्र्घन गर्दै जलश्रोतवाट आयआर्जनको श्रोत वनाउनु

**रणनीति र कार्यनीति**

तालिका ५२ **भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ः वैज्ञानिक व्यवस्थापनवाट भूसंरक्षण र जलाधार व्यवस्थापनको उचित उपयोग गर्नु । | |
| १.१ भूमी संरक्षणका लागि वृक्षारोपण र मुहान संरक्षणको क्रियाकलाप मार्फत जलाधार व्यवस्थापन गर्ने । | १. भूमि तथा जलाधार क्षेत्र संरक्षण क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने गरिनेछ ।<br>२. सडक निर्माण कार्य गर्दा एवम् प्राकृतिक उत्खनन गर्दा वातावरण प्रभाव मूल्यांकन गरि बातावरण जोगाउने उचित उपाय अवलम्बन गरिनेछ ।<br>३. नदीजन्य लगायत प्राकृतिक श्रोतमा आधारित कच्चा पदार्थको उत्खनन् प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वयनमा सहजीकरण गरिनेछ ।<br>४. भएका वन सम्पदाको उपयोगको अवस्था अध्ययन गरी वन विकास तथा सिमसार क्षेत्रको गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>५. भू क्षय नियन्त्रणका लागि बायोईन्जिनियरिंग प्रविधिको उपयोग, सिमसार क्षेत्रको उचित संरक्षणका लागि वृक्षारोपण, पोखरी जस्ता अभियान संचालन गरी जलाधार क्षेवहरूको संरक्षण गरिनेछ ।<br>६. नगरपालिकाले भुमी संरक्षण तथा जलाधार व्यवस्थापनको ठोस तथा दीर्घकासलन नीति लिइनेछ ।<br>७. अनावृष्टी, अतिवृष्टी, अल्पवृष्टी रोक्न सूचना दिने संयंत्र स्थापना गरिनेछ । |
| १.१ जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूसंरक्षण | १. पैरो जाने तथा नदी कटान हुन विभीन्न वडाहरूमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवद्र्धन गरी नदी कटान न्यूनीकरणमा |

| | |
|---|---|
| गर्ने । | दिगोपन सुनिश्चित गर्ने प्रयास गरिनेछ ।<br>२. वडा स्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी खाली जमिन, भिरालोक्षेत्र तथा नदी किनारमा वृक्षारोपण गरिनेछ |
| **उद्देश्य** २. जलस्रोत क्षेत्रहरुको संरक्षण, सम्वद्र्घन गर्दै जलश्रोतवाट आयआर्जनको श्रोत वनाउनु | |
| २.१ जलश्रोतहरुलाई वहुउपयोगी वनाउदै आयश्रोतको रुपमा विकास गर्ने | १. नदी तथा खोला किनारमा व्यवसायिक रुपमा कृषि—वन खेती गर्न स्थानीयहरुलाई प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलव्ध गराइने छ ।<br>२. मत्स्यपालनलाई व्यवसायिक रुपमा सञ्चालन गर्न प्रोत्साहित गरिने छ । यसका लागि खुल्ला क्षेत्र एवं पानी आपूर्तिको व्यवस्था मिलाइने छ । |

## कार्यक्रम तथा आयोजना

तालिका ५.३ **भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रका कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| पहिरो नियन्त्रण | | | | | | | | | | | |
| पहिरो नियन्त्रण | संख्या | १५ | २० | २० | २० | २० | २० | १०० | १२ | ३ | १ |
| वर्षातको भलपानी नियन्त्रण | संख्या | ४ | १५ | १५ | १५ | १५ | १५ | ७५ | १२ | ३ | १ |
| भू—क्षय नियन्त्रण | | | | | | | | | | | |
| वायोइन्जिनियरिङ प्रवद्र्घन | किमी | २० | १० | १० | १० | १० | १० | ५० | १२ | ३ | १ |
| खोल्साखाल्सी क्षेत्रमा रिटेनिङवाल निर्माण | संख्या | १० | २० | २० | २० | २० | २० | १०० | १२ | ३ | १ |
| भू-क्षय तथा पहिरो रोकथाम तथा व्यवस्थापन | संख्या | १० | २० | २० | २० | २० | २० | १०० | १२ | ३ | |
| जोखिम यूक्त बस्ती व्यवस्थापन | संख्या | १० | २० | २० | २० | २० | २० | १०० | १२ | ३ | १ |
| जलश्रोत संरक्षण एवं सम्वद्र्घन | | | | | | | | | | | |
| पानी मुहान, पोखरी, सीमसार, खोलानदी अधिकार क्षेत्र निर्धारण | पटक | १ | - | २० | - | - | - | २० | १२ | ३ | १ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खोलानदी नियन्त्रणका लागि तटवन्ध (तारजाली) निर्माण, वृक्षारोपण | मि | १००० | ५ | १० | १० | १० | १० | ५० | १२ | ३ | १ |
| जलश्रोतको दिगो सदुपयोगवाट आयआर्जन | | | | | | | | | | | |
| खोलानदी किनार कृषिवन खेती प्रवद्र्घन | संख्या | ३ | १५ | १५ | १५ | १५ | १५ | ७५ | १२ | ३ | १ |
| मत्स्यपालन व्यवसाय प्रवद्र्घन | संख्या | २ | ५ | ५ | ५ | ५ | ५ | २५ | १२ | ३ | १ |
| झरना, पौडीपोखरी, तातोपानी, स्नानकुण्ड एवं मनोरञ्जनपार्क निर्माण | संख्या | १ | - | - | २० | २० | ० | ४० | १२ | ३ | १ |
| सेती नदि पानी प्रशोधन एवं खानेपानी आयोजना सञ्चालन | संख्या | १ | - | ५० | ५० | - | - | १०० | १२ | ३ | १ |
| नदि/खोलाजन्य पदार्थ उत्खनन् तथा निकासी व्यवस्थापन (ढुङ्गा, गिटी, बालुवा) | संख्या | १ | १० | १० | १० | १० | १० | ५० | | | |
| भूमि तथा जलाधार व्यवस्थापनको जम्मा | | | १४० | २१५ | २१५ | १६५ | १४५ | ८८५ | | | |

स्रोतः पालिकाको सम्बन्धित शाखा, २०८१

## ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५४ भू तथा जलाधार व्यवस्थापन उपक्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०८०/०८१ | ०८१/०८२ | ०८२/८३ | ०८३/०८४ | ०८४/८५ | ०८५/०८६ | | |
| प्रभाव तहः | भू तथा जलाधार क्षेत्रको संरक्षण, सम्वर्द्धन र दिगो व्यवस्थापन गर्ने । | | | | | | | | |
| वैज्ञानिक व्यवस्थापनवाट भूसंरक्षण र जलाधार व्यवस्थापनको उचित उपयोग गर्नु। | प्रतिशत | १ | ३ | | ५ | | १५ | पालिकाको पार्श्वचित्र | यथेष्ट बजेट विनियोजन भएको हुने |
| १ असर तहः | वाढी पहिरोबाट हुने क्षतिमा न्यूनीकरण लयाउँदै भू-क्षयलाई रोकथाम तथा नियन्त्रण भएको हुने | | | | | | | | |
| भूक्षय, बाढी पहिरोबाट संरक्षित भएका क्षेत्रहरू | संख्या | ० | ० | | ० | | | पालिकाको पार्श्वचित्र | यथेष्ट बजेट विनियोजन भएको हुने |
| भूसंरक्षण तथा जलाधार व्यवस्थापन कार्य योजना तयार भई कार्यान्वयन | सङ्ख्या | ० | १ | १ | १ | १ | | | |
| १.१ प्रतिफल | वाढी पहिरो तथा भू-क्षय नियन्त्रण भई क्षति न्युनीकरण भएको हुने | | | | | | | | |
| नदी तटवन्ध भएका क्षेत्रहरू | संख्या | ० | ० | | ० | १ | २ | पालिकाको पार्श्वचित्र | यथेष्ट बजेट विनियोजन भएको हुने |
| ग्याविन जाली निर्माण | संख्या | ० | ० | ३ | ४ | ५ | ६ | | |
| रिटेनिङवाल, पर्खाल | किमि | ० | ० | ३ | ४ | ५ | ६ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| निर्माण | | | | | | | | | |
| वायो इन्जिनियरिङ भएका क्षेत्र | संख्या | ० | ० | ३ | ४ | ५ | ६ | | |
| आइइइ, इआइए को अध्ययनबाट संरक्षित क्षेत्र | संख्या | ० | ० | १ | २ | ३ | ४ | | |
| ठाडो, भिरालोभूमि भएका वस्ती | संख्या | ७ | ६ | ५ | ४ | २ | ० | | |
| २. असर तहः | जलस्रोत संरक्षण, सम्वर्द्धन गर्दै वहुउपयोगी भएको हुने | | | | | | | | |
| संरचित, प्रवर्द्धित तथा उत्पादनशील प्रयोग गरिएका जलस्रोतहरू | संख्या | ३ | ३ | ४ | ५ | ६ | ७ | पालिकाको पार्श्वचित्र | |
| २.१प्रतिफल | जलस्रोतको दिगो संरक्षण एवं सम्वद्धन भएको हुने | | | | | | | | |
| जलविद्युत निर्माण गरिएका खोला | संख्या | ० | ० | ३ | ४ | ५ | - | पालिकाको पार्श्वचित्र | संग,प्रदेश सरकारबाट अनुदानहरू उपलव्ध भएको हुने |
| २.२ प्रतिफलः | जलस्रोतलाई वहुउपयोग बनाउँदै आयआर्जन भएको हुने | | | | | | | | |
| व्यवसायिक रुपमा भएको मत्स्यपालन | संख्या | ० | ० | ० | ० | १ | २ | | |

स्रोतः पालिकाको सम्बन्धित शाखा, २०८१

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

वातावरणीय सन्तुलनका लागि वनक्षेत्र सुरक्षित राख्ने, जनसाधारणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना वढाई औद्योगिक एवं भौतिक विकासमा वातावरण पर्न सक्ने जोखिम न्यूनीकरण गर्ने, वातावरण प्रदुषण गर्नेले दायित्व व्यहोनु पर्ने र वातावरण संरक्षणमा पूर्व सावधानी एवं पूर्व सूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्वन गर्ने नीति राज्यवाट अंगिकार गरेको छ । त्यसैगरी स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवद्र्घन गर्ने, वातावरणीय जोखिम न्यूनीकरण गर्ने, न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास गर्ने, वातावरण संरक्षण गर्ने, स्थानीय स्तरमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवारीहरु स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

### ७.३.२ समस्या तथा चुनौती

नगरपालिकाका लगायतका क्षेत्रहरू बजार केन्द्रका रूपमा विकास भइरहेको हुंदा ती क्षेत्रमा प्लाष्टिक र सिसा जन्य फोहोर व्यस्थापन सम्बन्धी समस्या क्रमशः देखा पर्न थालेको देखिन्छ । अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको हुंदा धुलो व्यवस्थापनमा समस्या, सरसफाई सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम नहुनु मुख्य चुनौतीको रूपमा रहेको छ । दाउरा उपयोग घटाउन नसकिएको तथा सोको कारण वन विनाश तथा आगलागीका घटनाको जोखिममा वृद्धि, वातावरण प्रदुषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमि ल्याउन नसकिएको, वैकल्पिक उर्जा वा बायोमास, सौर्य उर्जा, विद्युतको उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु प्रमुख समस्या र चुनौतीको रूपमा रहेको छ । फोहोर व्यवस्थापनका नाममा फोहोरहरू खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति देखिन्छ । यसरी फालिएको फोहोर वर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग पुगि प्रदुषण भएको छ ।

फोहरमैला व्यवस्थापनका लागि सरसफाई केन्द्र सेनेटरी ल्याण्ड फिल्ड साइटको स्थायी व्यवस्थापन हुन सकिरहेको छैन । प्लाष्टिक जन्य फोहरको दिनानुदिन बढ्दै गएको र यसको नियन्त्रणको लागि बैकल्पिक व्यवस्था दिन नसक्नाले नगरपालिकाको सरसफाईमा समस्या देखिएको छ । श्रोतमा फोहरको उचित वर्गिकरण (कुहिने फोहर, नकुहिने फोहर, धातु सिसा जन्य फोहर र अस्पतालजन्य) गर्न नसक्नु र यसको कडाईका साथ कार्यान्वयनका लागि नगरपालिकामा जनप्रतिनिधि सहितको संरचना वन्न नसक्नु पनि फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसक्नुका कारणहरू हुन् । सार्वजनिक शौचालयहरूको अभाव रहेकोछ भने कतिपय घरधुरीमा खानेपानीको व्यवस्था छैन । पूर्ण सरसफाईमा अझै पनि कमि कमजोरी छन् । विद्यालयहरूमा सेनिटरी प्याडको विर्सजन एवं किशोरीमैत्री शौचालय लगायतका समस्याहरू यथावत छन् ।

### ७.३.३ संभावना तथा अवसर

फोहोरमैलालाई श्रोतमै व्यवस्थापन गरी न्यूनीकरण गर्न सकिने, जैविक फोहोरवाट मल उत्पादन गर्न सकिने, पुनः प्रयोग हुने सामानहरूलाई भण्डारणको व्यवस्थापन गरी सम्बन्धित ठाउँमा पठाउने, फोहोर व्यवस्थापनमा सचेतना विस्तार, कुहिने र नकुहिने गरी फोहोर व्यवस्थापन, सिसा तथा प्लाष्टिक जन्य फोहोरहरू श्रोत विन्दुमा नै फर्काउनका लागी आवश्यक नीतिगत कार्यहरू तर्जुमा गरी कढाइका साथ कार्यान्वयन गर्न सकिने, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीयहरूलाई अभिमुखीकरण कार्यक्रमहरू संचालन गरी सचेतना वृद्धि

गर्ने, वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम गर्ने, सामुदायिक संस्थाहरूसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गरी नगरलाइ सुन्दर बनाउने स्थानीय समुदायसंगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने संभावनाहरू रहेको छ । वैकल्पिक उर्जा क्षेत्रमा नीतिगत रूपमा प्रर्वद्धन गर्ने, सौर्य उर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, ग्रामिण वडाहरूमा वायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायत अवसर र सम्भावना रहेको छ ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

स्वच्छ वातावरण प्रवर्द्धन गर्न गुणस्तरीय र दिगो सरसफाइ सेवा विस्तार भएको हुने ।

**उद्देश्य**

१. वातावरण प्रदुषण न्यूनीकरणका उपायहरु अवलम्वन, सरसफाइ सुविधाको पहुँचको सुनिश्चितताबाट स्वच्छ वातावरण प्रवर्द्धन गर्नु।

**रणनीति तथा कार्यनीतिहरू**

तालिका ५५ **फोहरमैला व्यवस्थापन उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १ वातावरण प्रदुषण न्यूनीकरणका उपायहरु अवलम्वन, सरसफाइ सुविधाको पहुँचको सुनिश्चितताबाट स्वच्छ वातावरण प्रवर्द्धन भएको हुने । | |
| १.१ः समुदायका घनाबस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहरमैला व्यवस्थापनको गुरु योजना बनाई फोहोर सङ्कलनको व्यवस्था गर्ने | १. समुदायको फोहरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ।<br>२. प्रत्येक घनाबस्ती, बजार र बजार-उन्मुख ठाउँहरूमा डम्पिङ साइटको व्यवस्था गरी फोहरमैला व्यवस्थापन गरिनेछ ।<br>३. फोहरमैला व्यवस्थापनको गुरुयोजना बनाइनेछ ।<br>४. बडाका बस्ती र फोहरमैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्ता ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ ।<br>५. निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रको फोहरमैलाबाट बायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ ।<br>६. प्रभावकारी फोहोरमैलाको व्यवस्थापनका लागि पुनःप्रयोग, पुनःप्रशोधन, न्यूनीकरण र प्लाष्टिकजन्य वस्तुको निषेध विधि अवलम्वन गर्दै फोहोर उत्पादनलाई श्रोतमै न्यूनीकरण गरिने छ । |
| १.२ः नगरपालिकामा शौचालय तथा सरसफाइको सुनिश्चितता गर्ने। | १ सबै सामुदायिक भवन तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ ।<br>२ घरहरूबाट निस्कने फोहोर पानीलाई प्रशोधन गरे पछि मात्र नदी खोला तथा खोल्सामा प्रवाह गर्न मापदण्ड बनाई लागु गरिनेछ।<br>३. शहरी शहरन्मुख तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरवृद्धि गरिनेछ |

| | |
|---|---|
| | ४. पूर्ण सरसफाइ कार्यक्रय अन्तर्गत अपाङ्गमैत्री र महिलामैत्री शौचालयको निर्माण गरिनेछ ।<br>५. घरआँगन, विद्यालय, कार्यालय, सडक किनारा लगायतका खुल्ला तथा सार्वजनिक क्षेत्रमा फोहोरमैला बिसर्जन गर्ने प्रकृयालाई कडाईका साथ न्यूनीकरण गरिने छ । |
| १.३ः सरसफाइको पहुँच भएका प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच वृद्धि गर्ने। | १. सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ ।<br>२. बस्ती, टोल सरसफाइकोलागि उपभोक्ताहरूबाटै समिति गठन गरी सरसफाइ गरिनेछ<br>३. फोहरमैला सङ्कलन र व्यवस्थापनकोलागि सामूहिक कोषको व्यवस्था गरी फोहरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |
| १.४ सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । | १. जनस्तरमा वातावरण संरक्षण सम्वन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गरिने छ । यसका लागि स्थानीय सामुदायिक संघ संस्था तथा टोल सुधार संस्थाहरुसंग सहकार्य गरिने छ ।<br>२.वातावरण सरसफाइ समूह÷समिति परिचालन नियमित सरसफाई जस्ता कार्यहरु सञ्चालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम राखिने छ ।<br>३. हरेक वडाका उपयुक्त क्षेत्रमा हरियाली पार्क, वालउद्यान तथा मनोरञ्जन पार्कहरु निर्माण गरिने छ । |

## कार्यक्रम तथा आयोजना

तालिका ५६ **वातावरण तथा फोहोर मैला व्यवस्थापन उपक्षेत्रका कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| बातावरणमैत्री स्थानीय शासन कार्यक्रम (नगर तथा वडास्तरीय। | संख्या | १० | ५ | ५ | ५ | ५ | ५ | २५ | | | |
| फोहोर न्यूनीकरण, पुनप्रशोधन, पुनप्रयोग, प्लाष्टिकजन्य वस्तुको निषेध कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ३० | १२ | ३ | १ |
| फोहरमैला व्यवस्थापनको गुरुयोजना निर्माण | सङ्ख्या | १ | १० | - | - | - | - | १० | | | |
| सार्वजनिक स्थल डष्टवीन वितरण | ठाउ | ७ | २ | २ | २ | २ | २ | १० | १२ | ३ | १ |
| स्यानिटरी पार्क निर्माण | संख्या | १० | - | १० | १० | - | - | २० | १२ | ३ | १ |
| सरसफाइका लागि टोल स्तरीय समिति गठन एवम् परिचालन | सङ्ख्या | १० | ३ | ३ | ३ | ३ | ३ | १५ | | | |
| लक्षित समुदाय सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम | सङ्ख्या | १० | ३ | ३ | ३ | ३ | ३ | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| फोहोरवाट आय आर्जन | | | | | | | | ० | १२ | ३ | १ |
| जैविक मल उत्पादन कार्यक्रम | संख्या | १ | १० | १० | १० | १० | १० | ५० | १२ | ३ | १ |
| जैविक मल उत्पादन मेशिन उपकरण खरिदमा सहयोग | अनुदान | १ | १० | १० | १० | १० | १० | ५० | १२ | ३ | १ |
| फोहरमैला सङ्कलन र व्यवस्थापनको लागि सामूहिक कोषको व्यवस्था | एकमुष्ठ | १ | २० | २० | २० | २० | २० | १०० | | | |
| प्रदुषण न्यूनीकरण | | | | | | | | ० | १२ | ३ | १ |
| घरआँगन एवं परिसर फलफुल रोपण कार्यक्रम | संख्या | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | १२ | ३ | १ |
| वालउद्यान, हरियालीपार्क तथा मनोरञ्जनपार्क निर्माण | संख्या | ३ | २० | २० | २० | - | - | ६० | १२ | ३ | १ |
| वातावरण तथा फाहोरमैला व्यवस्थापनको जम्मा | | | ९३ | ९३ | ८३ | ४८ | ४८ | ३९५ | | | |

स्रोतः पालिकाको सम्बन्धित शाखा, २०८१

### ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५७ **वातावरण तथा फोहोर व्यवस्थापन उपक्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०८०/०८१ | ८१/०८२ | ०८२/८३ | ०८३/०८४ | ०८४/८५ | ८५/०८६ | | |
| प्रभाव तहः | स्वच्छ वातावरणा प्रवर्द्धन गर्न गुणस्तरीय र दिगो सरसफाइ सेवा विस्तार भएको हुने । | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वातारणमैत्री बस्ति तथा आवास | प्रतिशत | ५ | १० | १५ | २० | ३० | ५० | पालिकाको पार्श्वचित्र | वन उपभोक्ता समूहको सहभागिता हुने |
| १.असर तहः | फोहोरमैला व्यवस्थित तवरले विसर्जन गर्दै पूर्ण सरसफाई युक्त भएको हुने | | | | | | | | |
| व्यवस्जित रुपमा फोहोर बिसर्जन को व्यवस्था भएका घना बस्ति | संख्या | ० | २ | ३ | ४ | ५ | ६ | निर्माण सम्पन्न प्रतिवेदन | यथेष्ट बजेट व्यवस्था,स्थानीयको सहयोग |
| १.१ प्रतिफल | फोहोरमैला व्यवस्थित रुपमा संकलन भई सुरक्षित विसर्जन भएको हुने | | | | | | | | |
| वितरित कम्पोष्ट तथा डष्टविनहरू | संख्या | ० | ० | १०० | २०० | ३०० | ५०० | | |
| ढल निकास व्यवस्थासँग जोडिएका घरधुरी | प्रतिशत | ० | ० | ५ | १० | १५ | २५ | | |
| २. असर तहः | वातावरण प्रदुषण नियन्त्रणका उपायहरू अवलव्वनबाट स्वच्छ वातावारण प्रवर्द्धन | | | | | | | | |
| सार्वजनिक क्षेत्रहरूमा भएको थप वृक्षारोपण | संख्या | - | - | २ | ३ | ४ | ५ | पालिकाको पार्श्वचित्र | यथेष्ट बजेट व्यवस्था भएको हुने |
| २.१प्रतिफलः | वातावरण प्रदुषण नियन्त्रण तथा न्यूनीकरण भएको हुने | | | | | | | | |
| खाना पकाउन दाउरा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९५ | ९३ | ९२ | ९० | ९० | ८५ | पालिकाको पार्श्वचित्र | जनचेतना अभिवृद्धि भएको हुने |
| बिद्युत ऊर्जा प्रयोग गर्ने उद्योग | संख्या | ० | ० | ० | २ | ४ | ६ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| व्यवसायहरू | | | | | | | | | |
| २.२ प्रतिफलः | हरियाली क्षेत्र विस्तार गर्दै स्वच्छ वातावरण प्रवर्द्धन भएको हुने | | | | | | | | |
| वाल उद्यान, मनोरञ्जन तथा हरियाली पार्कहरू | संख्या | ० | ० | ० | २ | ३ | ४ | पालिकाको पार्श्वचित्र | यथेष्ट बजेट विनियोजन भएको हुने |
| सुविधायुक्त सार्वजनिक शौचालयहरू | संख्या | ० | ० | १ | २ | ४ | ५ | | |

स्रोतः पालिकाको सम्बन्धित शाखा, २०८१

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राज्यले प्राकृतिक प्रकोपवाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना एवं तयारी गर्ने, उद्धार, राहत एवं पुर्नस्थापना गर्ने नीति अंगिकार गरेको छ । अन्तर्राष्ट्रिय स्तरका मापन केन्द्रहरुवाट जलवायु परिवर्तन सम्वन्धी सूचना अद्यावधिक एवं प्रवाह गर्ने परिकल्पना १६ औं राष्ट्रिय योजनामा गरिएको छ भने उत्थानशीलता विकासलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रुपमा लिइएको छ । विपद् पूर्व, सो पश्चात र विपद्को समयमा स्थानीय तहले निभाउनु पर्ने, विपद् तथा जलवायु परिवर्तन अनुकूलन सम्वन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन एवं नियमन गर्ने, जोखिम वस्तीहरु पहिचान गर्ने, नक्साङ्कन गर्ने, वस्ती स्थानान्तरण गर्ने जस्ता जिम्मेवारीहरु पनि स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ । नगरस्तरीय विपद् जोखिम व्यवस्थापनका समिति क्रियाशील रहेको अवस्था छ । नगरपालिकाले उच्च र मध्यम जोखिम क्षेत्रहरू पहिचान गरी विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । हालका दिनमा भुकम्प प्रतिरोधी भवनहरू निर्माणमा वृद्धि हुन थालेको छन् । नगरपालिकाले विपद् व्यवस्थापनका लागि विपद पछिको नगद तथा वस्तुगत राहतको लागि स्थानीय विपद कोषको समेत व्यवस्था गरेको छ वर्षातको समयमा पहिरोका समस्या विद्यमान छ । यस बाहेक बेलाबेलामा वनजङ्गलमा लाग्ने डढेलो, अतिवृष्टि, अनावृष्टि तथा जङ्गली जनावरको आक्रमण आदि पनि यस पालिकाका विपद्का कारण हुन ।

जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । व्यवस्थित ल्याण्डफिल साइड निर्माण सम्पन्न नहुँदा फोहरमैला व्यवस्थापनमा कठिर्नाइ उत्पन्न भएकोछ । पानीका श्रोत सुक्दै गएका छन्भने विभिन्न किसिमको रोग लाग्नु, कुपोषण, तनाव, विद्यार्थी विरामी भई पठन पाठनमा समस्या र खेती फसलमा कमी आएको छ । वातावरणको प्रभावहरू क्रमसः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

### ७.४.२ समस्या तथा चुनौती

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दीगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु नगरपालिकाको प्रमुख चुनौतिका रूपमा रहेको छ । नाङ्गा डाँडाहरूमा हुने भूस्खलन, विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू छैनन् । आपतकालिन सेवाका लागि प्रयाप्त एम्बुलेन्स सेवा तथा दमकलको व्यवस्था नहुनु, विपद आइपर्दा आवश्यक पर्ने न्यूनतम औषधी एवम उपकरणहरूको व्यवस्था नहुनु, पालिकामा शव वाहन सेवा नहुनु, विपद पुर्व सूचना प्रणालीको अभाव जस्ता समस्या तथा चुनौतिहरू रहेका छन् । जलवायु परिवर्तन जन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन । जलवायु परिर्वतनका असरहरूलाई न्यूनिकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिदैन । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । नगर क्षेत्रमा जम्मा हुने प्लाष्टिकजन्य फोहरमैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ ।

### ७.४.३ संभावना तथा अवसर

वडाहरूमा समुदायमा आधारी विपद व्यवथापन समिती, भुकम्प प्रतिरोधात्मक सार्वजनिक संरचना निर्माण भएको, वडाहरूमा समुदायमा आधारी विपद व्यवथापन समिती, भुकम्प प्रतिरोधात्मक सार्वजनिक संरचना निर्माण भएकोनगरपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । नागरिक स्तरमा केही हद सम्म ज्ञान तथा चेतना अभिवृद्धि भएकोछ । नगरपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ । विपद् पूर्व तयारी कार्यकालागि मोबाइल एसएमएस मार्फत सूचना दिने तथा विपद् संकटान्मुख बस्ती स्थानान्तरणको तथ्यांक संकलन गरी विपद् न्यूनीकरणमा गर्न सकिने सम्भावना छ ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी एवं जनजीवन सुरक्षित भएको हुने

**उद्देश्य**

१. जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास विपद् प्रतिकार्य एवं पुर्नलाभलाई प्रभावकारी बनाउनु ।

२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोपरविपद्को जोखिमलाई न्यूनीकरण गरी नगरपालिकालाई कम प्रकोपरविपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।

३. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रममार्फत क्षति न्यूनीकरण भएको हुने ।

**रणनीति तथा कार्यनीतिहरू**

तालिका ५८ **विपद् व्यवस्थापन उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १: जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास विपद् प्रतिकार्य एवं पुर्नलाभलाई प्रभावकारी बनाउनु । | |
| १.१ः विपद् रोकथाम मार्फत् विपद् न्यूनीकरण गर्दै विपद् उत्थानशील समाजको निर्माण गर्ने। | १. पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ ।<br>२. विपद् सूचना केन्द्र, आपतकालीन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एक द्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ ।<br>३. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिनेछ ।<br>४. विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ । |

| | |
|---|---|
| १.२: सरोकारवालाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने । | १. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथाङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन इकाइहरू स्थापना गरिनेछ ।<br>२. नगरपालिकामा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयमा तालिमको व्यवस्था गरिनेछ ।<br>३. नगरपालिकामा कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण गराइनेछ ।<br>४. विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन इकाइहरू विच समन्वयात्मक सहभागिता कायम गरिनेछ । |
| १.३ विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार प्रसारका कार्यहरू सञ्चालन गर्ने । | १. विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तर्किया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ ।<br>२. नगरपालिकामा कार्यरत निकायहरूले आआफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचारप्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ<br>३. विपद व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विशेष रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ ।<br>४. विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ ।<br>५. विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएको जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ । |
| उद्देश्य २ मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी नगरपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु । | |
| २.१: विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने । | १. बाढीपहिरो, चटपाङ, डुबान, खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ ।<br>२. जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ ।<br>३. भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ ।<br>४. साथै निर्माण भइसकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ । |
| उद्देश्य ३ जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलनसम्बन्धी कार्यक्रममार्फत क्षति न्यूनीकरण भएको हुने । | |

| | |
|---|---|
| ३.१ वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्य गर्ने । | १. बजार क्षेत्रमा वायु, ध्वनि प्रदुषणको स्तर चेक जाँच गरी मापदण्ड बनाइ चेतना अभिवृद्धि गर्दै प्रदुषण नियन्त्रण गर्न सरोकारवालासंग समन्वय गरिने छ।<br>२. पुचौंडी नगरपालिकालाई वातावरण मैत्री नगरको रूपमा विकास गरिनेछ ।<br>३. पूर्वाधारका योजनाहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्न उत्थानशील योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

*तालिका ५९* **विपद व्यबस्थापन उपक्षेत्रका कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण तथा कार्यन्वयन | | १ | १० | ५० | ५० | ५० | ५० | २१० | १३ | ३ | २ |
| उपयुक्त खाली स्थानहरू पहिचान गरी विपद्का बेला राहत सामग्रीहरू भण्डारण र पीडितहरूलाई आपतकालीन वस्ने संरचनाहरू निर्माण | | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | १३ | ३ | २ |
| सूचना सङ्कलन, प्रशोधन, विपद् न्यूनीकरण, पूर्व तयारी, पुनर्निर्माणबारे तालिम संचालन | संख्या | ५० | १० | १० | १० | १० | १० | ५० | १३ | ३ | २ |
| विपद् व्यवधापन कोषको व्यवस्थापन | संख्या | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | |
| विपद् प्रतिरोधात्मक संरचना निर्माण | | | | | | | | | | | |
| भवन संहिता कार्यान्वयन ः जनचेतना कार्यक्रम | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १३ | ३ | २ |
| सार्वजनिक भवन, संरचना प्रवलीकरण | संख्या | ७ | १५ | २० | १६ | २० | २५ | ९६ | १३ | ३ | २ |
| क्षति न्यूनीकरण | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| विपद मानवीय क्षति राहत कोष तथा आश्रय गृह निर्माण | संख्या | २ | ४० | ४० | ४० | - | - | १२० | १३ | ३ | २ |
| नमूना अभ्यास सञ्चालन | पटक | ५ | ८ | ८ | ८ | ८ | ८ | ४० | १३ | ३ | २ |
| उद्धारटोली,सामुदायिक संस्था, स्वयंसेवीको क्षमता अभिवृद्धि | पटक | २ | १० | - | १० | - | - | २० | १३ | ३ | २ |
| जलवायु परिवर्तन अनुकूलन | | | | | | | | | | | |
| जनचेतना अभिवृद्धि कार्यक्रम | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | १३ | ३ | २ |
| वार्षिक कृषिवाली पात्रो निर्माण | पटक | ५ | २ | २ | २ | २ | २ | १० | १३ | ३ | २ |
| जलवायु परिवर्तन अनुकूलन सम्वन्धी रणनीति कार्ययोजना तर्जुमा | पटक | १ | १५ | - | - | - | - | १५ | १३ | ३ | २ |
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताको जम्मा | | | ११२५ | ११४५ | ११५१ | ११०५ | १११० | ५६३६ | | | |

स्रोतः पालिकाको सम्बन्धित शाखा, २०८१

### ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका ६० विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनः* उपक्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष ०८०/०८१ | लक्ष्य परिणाम | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | |
| प्रभाव तहः | विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी एवं जनजीवन सुरक्षित भएको हुने | | | | | | | | |
| १ विपद् एवं जलवायु परिवर्तनबाट हुँदै आएको क्षति न्यूनीकरण दर | प्रतिशत | ० | ५ | ७ | १० | १५ | २१ | वार्षिक प्रगति समीक्षा | जनचेतनामा अभिवृद्धि हुने |
| १.असर तहः | विपद् जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास विपद् प्रतिकार्य एवं पुर्नलाभलाई प्रभावकारी भएको हुने | | | | | | | | |
| विपद् जोखिमबाट भएको क्षति | रू लाखमा | १०० | ९० | ७५ | ६५ | ६० | २० | राहत वितरण अभिलख | प्रतिरोधात्मक संरचानाहरूको निर्माण हुने |
| प्रमुख नदी/खोलामा बाढी सूचना प्रणाली स्थापना | संख्या | ० | १० | १० | १० | १० | १० | | |
| आपतकालीन कार्य सञ्चालन केन्द्र | संख्या | ० | १० | १० | १० | १० | १० | | |
| विपद् व्यवस्थापनलागि खुल्ला क्षेत्र र स्थान | संख्या | ० | १० | १० | १० | १० | १० | | |
| विपद् व्यवस्थापन योजना | संख्या | ० | १ | | | | | | |
| विपद् व्यवस्थापन स्थानीय कोष (लाखमा) | | | २५ | २५ | २५ | २५ | २५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १.१ प्रतिफल | मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोपरविपद्को जोखिमलाई न्यूनीकरण गरी नगरपालिकालाई कम प्रकोपरविपद् जोखिम हुने क्षेत्रको रूपमा विकास भएको हुने | | | | | | | | |
| विपद् प्रतिरोधात्मक भौतिक संरचनाहरू | प्रतिशत | ० | १ | २ | ३ | ४ | ५ | वार्षिक प्रगति समीक्षा | पर्याप्त बजेटको व्यवस्था |
| आपतकालीन उद्धारका लागि एम्वुलेन्सको व्यवस्था | संख्या | ० | ० | ० | ० | ० | १ | वार्षिक प्रगति समीक्षा | पर्याप्त बजेटको व्यवस्था |
| २. असर तहः | जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रममार्फत क्षति न्यूनीकरण भएको हुने । | | | | | | | | |
| जलवायु परिवर्तनको असरबाट भएको क्षति | प्रतिशत | १० | ९ | ८ | ७ | ६ | | वार्षिक प्रगति समीक्षा | पर्याप्त बजेटको व्यवस्था |
| २.१ प्रतिफलः | जलवायु परिवर्तन अनुकूलनका उपायहरू प्रवर्दधन भएको हुने | | | | | | | | |
| सञ्चालित सचेतना कार्यक्रम | संख्या | ० | १ | २ | ३ | ४ | ५ | वार्षिक प्रगति समीक्षा | पर्याप्त बजेटको व्यवस्था भएको हुने |
| व्यवस्थित तालतलैया, पोखरी | संख्या | ० | ० | १ | २ | ३ | ३ | | |
| स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | ० | १ | १ | १ | १ | १ | १ | | |
| विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनमा कियाशील संघ-संस्थाहरू | सङ्ख्या | ० | ३ | ३ | ३ | ३ | २ | | |

स्रोतः पालिकाको सम्बन्धित शाखा, २०८१

# परिच्छेद ८ संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

संघीय व्यवस्था अनुसार स्थानीय सरकार जनताको नजिकको सरकारको रूपमा स्थापित गरिएको छ । स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार सुशासन तथा संस्थागत विकास अन्तर्गतका प्रमुख क्षेत्रहरुमा सुशासन, ऐन कानुन तथा न्यायिक व्यवस्था, वित्तीय श्रोत परिचालन तथा व्यवस्थापन, मानव संशाधन विकास, संस्थागत विकास तथा सार्वजनिक सेवा प्रवाह र योजना व्यवस्थापन रहेका छन् ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवाको प्रवाह र पूर्वाधार विकासका योजनाको जिम्मेवारीलाइ विधिसम्मत प्रक्रियाबाट जनअपेक्षा अनुसार कुशल, पारदर्शी, र जवाफदेही ढंगले सम्पादन गर्न आवस्यक छ । बदलिदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएको छ । यसरी चुलिएको जनआकांक्षालाई सम्बोधन गर्नको लागिसेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र प्रभावकारी उपायहरू अवलम्बन गर्न जरूरी छ । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्व दिएको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य-१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य-१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसंग जोडिएका लक्ष्यहरू हुन् । सुशासन तथा संस्थागत विकास योजना अन्तरगत कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, जवाफदेहिता, राजस्व तथा श्रोत व्यवस्थापनका क्षेत्र पर्दछन् ।

### ८.१.१ पृष्ठभूमि

स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहको लागि संस्थागत संरचना, दक्ष मानव संसाधन, संस्थागत क्षमताको आवश्यकता पर्दछ । नेपालको संविधान २०७२ अनुसार राज्यले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम वनाउने, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त वनाउने, जनउत्तरदायी र सहभागितामूलक वनाउने, राज्यवाट प्राप्त हुने सेवा सुविधा माथि जनताको समान र सहज पहुँच सुनिश्चित एवं सुशासनको प्रत्याभूति गर्ने नीति अंगिकार गरेको छ । १५ औं राष्ट्रिय योजनामा सुशासन र सवल लोकतन्त्रलाई दीर्घकालीन लक्ष्यका रुपमा ग्रहण गरिएको छ । स्थानीय सरकारको संस्थागत विकास तथा सुशासनबाट मात्र संघीयता अनि राज्य प्रणालीको सुदृढ हुन सक्दछ । तीनै तहको सरकारहरुले बिधिको शासनको मूल्य तथा मान्यता अनुरुप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउनु आवश्यक छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहका सरकारहरुबाट सम्पादन हुने सबै काम तथा सेवालाई सरल, सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई नागरिकप्रति उत्तरदायी हुने अपेक्षा गरेको छ । पञ्चवर्षीय (आवधिक) योजना आफैमा संस्थागत विकास तथा सुशासनको एकप्रमुख रणनीति भएको कारण संस्थागत विकास, क्षमता विकास र सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरुलाई यसभित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ ।

नगरको नीतिगत व्यवस्थालाई कार्यदिशा दिन र प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय कानूनको अधिनमा रही ५ वटा विषयगत विकास समितिहरू र विधायन, नगर शिक्षा तथा स्वास्थ्य, साझेदारी विकास, स्थानीय समन्वय, नगर स्तरीय विपद् व्यवस्थापन, बजार अनुगमन, मल वितरण व्यवस्थापन सम्बन्धी स्थानीय समिति र सल्लाहकार समिति लगायतका १३ वटा समितिहरूले कार्यसम्पादन गर्दै आएकाछन । सहज र सरल रूपमा स्थानीय स्तरमा नै न्याय सम्पादनका लागि एक न्यायिक समितिले कार्य सम्पादन गर्दै आएको छ ।

निर्धारित समय सीमाभित्र संसदीय परम्परा अनुसार नगर सभा सम्पन्न गरी पारित ऐनहरू असार भित्र वेभ साइडमा अपलोड गर्ने गरिएको छ । समीक्षा गोष्ठीमा स्वतन्त्र विश्लेषकहरूबाट टिप्पणी र सुझाव प्रस्तुत गरी छलफल गर्ने गरिएको छ ।

नगरको सुशासन प्रवद्र्धन गर्नका लागि प्रमुख प्रशासकीय भवनमा विद्युतीय नागरिक वडापत्र र अन्य १० वटै वडा कार्यालयहरूमा देखिने गरी नागरिक वडापत्र राखी त्यसलाई क्रमशः कार्यान्वयन भइरहेको छ । सार्वजनिक सुनवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण प्रणालीको उपयोग मार्फत सेवा प्रवाह र सुशासनको प्रत्याभूत गरिएको छ । गुनासो पेटिका, वेवसाइट, फेसबुक र हेल्लो सरकार जस्ता कार्यक्रमबाट जनसरोकारका विषयहरू सम्बोधन तथा सार्वजनिक गर्ने काम गरिएको छ ।

नगरको बजेट तथा योजना निर्माण प्रकृयामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका र वेवसाइट मार्फत सार्वजनिक गर्ने गरिएको छ । ठूला आयोजनाहरू निर्माण गर्दा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ । योजना तर्जुमा प्रकृयामा सबै संघ संस्थालाई सहभागिता गराउने गरिएको छ । ५ लाखभन्दा माथिका योजनाको निर्माण स्थलमा होर्डिङ बोर्ड राख्ने गरिएको छ । सामाजिक सुरक्षा भत्ता लाभग्राहीको बैंक खातामा सोझै निकासा गर्ने व्यवस्था मिलाइएको छ ।

### ८.१.२ समस्या तथा चुनौती

नगरपालिकामा आवश्यक संख्यामा दक्ष कर्मचारी नहुनु, सबै ऐन, कानुन र कार्यविधि तर्जुमा पूर्ण रूपमा भई नसक्नु, व्यवस्थित र प्रविधियुक्त सेवा प्रदायक शाखा, उपशाखाहरू नहुनु, घुम्ती सेवाहरू नियमित नहुनु, विद्युतिय सेवा प्रवाहमा विविधता हुन नसक्नु र नगरवासीमा प्रविधि सम्बन्धी ज्ञानमा कमी आदि प्रमुख समस्या छन् त्यस्तै, जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास तालिम नहुनु, कर्मचारीहरूको सरुवा भईरहनु, आन्तरिक नियन्त्रण प्रणाली लगायत अन्य आवश्यक नीति नियम तर्जुमा भई नसक्नु, क्षतिपूर्ति सहितको नागरिक वडापत्र कार्यन्वयन नहुनु, कर्मचारीहरूको कार्य विवरण तयार भए पनि पूर्ण रूपमा कार्यान्वयन नहुनु, केही वडा कार्यालयहरूको सुविधा सम्पन्न आवश्यक पूर्वाधार निर्माण नहुनु, कर्मचारीहरूको नियमित कार्यसम्पादन मूल्यांकन अनुसार क्षमता अभिवृद्धि हुन नसक्नु तथ्याङ्कीय आधार तयार नुहुनु, योजनाका आधारमा बजेट नभई बजेटका आधारमा योजना बन्नु, र टुक्रे योजना उल्लेख्य हुनु आदि प्रमुख समस्या हुन् ।

विद्यमान स्रोत र साधनको सिमितताको बाबजुत सुशासनको सुदृढिकरण गपरम्परागत शासनमुखी कार्य प्रवृत्तिलाई सेवामुखी तथा सेवाग्राही प्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु, क्षमतावान् र गुणस्तरीय कर्मचारीको पदपूर्ति गर्नु, शासकीय प्रणालीमा पारदर्शीता तथा जवाफदेहीता सुनिश्चित गर्नु, सार्वजनिक क्षेत्रमा सदाचार पद्धतिको विकास गर्नु, विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आम नागरिकको स्थानीय सरकार प्रति विश्वास आर्जन गर्नु नगरपालिकाका चुनौती हुन ।

### ८.१.२ संभावना तथा अबसर

स्थानीय प्राकृतिक स्रोतको उच्चतम प्रयोगबाट वित्तीय स्रोत अभिबृद्धि गर्नु, योजना ब्यबस्थापनका लागि नगरपालिकाले आवस्यक नीतिगत सुधार गरी सुशासन र सुव्यवस्था कायम गर्न सक्ने सम्भावना छन् । विद्यमान सांगठनिक प्रणालीलाई प्रभावकारी बनाउन आफ्नै कानून बनाउने अधिकार हुनु, कार्यसम्पादन

मूल्यांकन नजिकबाट गर्न सक्नु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु, संघीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि तयार भई कार्यान्वयनमा आउनु, सुशासन नगपालिकाको प्राथमिकतामा पर्नु, गैसस, नागरिका समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु, भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ भने सङ्घीयताको मूल मर्म बमोजिमका कानुनी आधारहरू तयार हुँदै आएको हुँदा नगर कार्यपालिकाको नेतृत्वमा स्थानीय स्तरको विकासको सम्भावना बढेको छ ।

नगर विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता, स्थानीय संघ, संस्था, नागरिक समाज, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरु थप क्रियाशील हुन सक्ने, स्थानीय सरोकारवालाहरु, निजी क्षेत्र लगायत राजनीतिक दलहरु विकास कार्यमा हातेमालो, जनप्रतिनिधि र कर्मचारीहरूबीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुनु, सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्न र देख पाउनु, सेवा प्रवाहका लागि विभिन्न तहगत संरचना तयार हुनु आदि अवसर हुन् ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

नगरपालिकामा सुशासनको प्रवर्द्धन, कार्य सम्पादन र सेवा प्रवाहको स्तर वृद्धि भएको हुने

**उद्देश्य**

१. स्थानीय ऐन, नियम, कानुनहरुको निर्माण र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
२. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
३. सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।
४. वित्तीय सुशासन कायम गर्नु ।
५. आन्तरिक स्रोतको दिगो ब्यबस्थापन र योजना ब्यबस्थापनलाई प्रभावकारी बनाउनु ।

**रणनीति तथा कार्यनीति**

तालिका ६१ **संस्थागत विकास तथा सुशासन उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १: स्थानीय ऐन, नियम, कानुनहरुको निर्माण र नीतिगत पूर्वाधार निर्माण गर्नु । | |
| १.१: शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने । | १. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ<br>२. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ ।<br>३. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनगमन प्रणाली सुदृढ गराइनेछ ।<br>४. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थाप्रेन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ ।<br>५. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आवद्ध हुने गरी |

| | |
|---|---|
| | कानुनी व्यवस्था मिलाइनेछ ।<br>६. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ । |
| १.२ः सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने । | १. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ ।<br>२ स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ । |
| उद्देश्य २ः सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु । | |
| २.१ः नगरपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने । | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तीकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।<br>३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ ।<br>४. जनताको गुनासो सिधै अध्यक्षसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ ।<br>५. सूचना पविधिको प्रयोग र पहुँच बढाइनेछ । |
| २.२ः नगरपालिकाको कार्यसम्पादन लाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने। | १. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ<br>२. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ ।<br>३.भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक संघसस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ ।<br>४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>५. वेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरुजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ । ७ सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदिलाई प्रभावकारी र नियमित गराइनेछ । |

| | |
|---|---|
| | ८. पालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णय वेवसाइटमार्फत् नियमित रूपमा सार्वजनिक गरिनेछ । ९. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ । १०. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यकमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ । यसकालागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ । ११ सेवा प्रदायकप्रति नागरिकहरूको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ |
| २.३ सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु । | १. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको वडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ । २. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ । ३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुर्‍याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ । |
| उद्देश्य ३ सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु । | |
| ३.१ः जनशक्ति विकास गर्ने । | १. पालिकाकालागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगकालागि एकीकृत जनशक्ति विकास योजना तबार गरिनेछ । २. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानकालागि विनियोजन गरिनेछ । ३. पालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनसार अभिमुखीकरण तालिम र क्षमता विकासकालागि आधुनिक प्रविधि युक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ । |
| ३.२ाः अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने । | १. संघीय र प्रदेशसरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ । २. पालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ । |

| | |
|---|---|
| | ३. पालिकाको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>४. पालिकास्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ । |
| उद्देश्य ४ वित्तीय सुशासन कायम गर्नु । | |
| ४.१: सार्वजनिक आय-व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १. नगरपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ ।<br>२. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्बन गरिनेछ ।<br>४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । |
| ४.३: आन्तरिक नियन्त्रण लेखापरीक्षणलाई विश्वसनीय प्रभावकारी बनाउने । | १. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ ।<br>२. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |
| उद्देश्य ४ आन्तरिक स्रोतको दिगो ब्यबस्थापन र योजना ब्यबस्थापनलाई प्रभावकारी बनाउनु । | |
| ४.१ आन्तरिक स्रोत को दिगो ब्यबस्थापन गर्ने | १ नगरपालिकाको राजस्व सङ्कलनलाई ब्यबस्थित बनाइने छ<br>२ नगरपालिका को अन्तरिक राजश्व शिर्षक अनुसार सुत्रमा प्रविष्ट गर्ने व्यवस्था मिलाइने छ ।<br>३ अन्तरिक स्रोतको दिगो ब्यबस्थापनका लागि कर तथा गैर कर राजश्व का क्षेत्रको सबलीकरण मा जोड दिईने छ ।<br>४ आन्तरिक राजश्व अभिवृद्धिका लागि राजश्व शाखाको व्यवस्था गरिने छ<br>५ नगरपालिकाको राजश्व सुधार कार्ययोजनाको प्रभाबकारी कार्यान्वयनमा जोड दिईने छ |

| | |
|---|---|
| | ६ कृषि, पशुपालन जडिबुटी, जलस्रोत जस्ता क्षेत्रलाई अन्तरिक स्रोत अभिबृद्धिका दिगो आधारका रुपमा विकास गरिने छ<br>७ संघ र प्रदेश सरकार बाट प्राप्त हुने सशर्त, समपुरक, बिशेस लगायतका अनुदानलाई नगरपालिकाको अन्तरिक स्रोत वृद्धि हुने क्षेत्रमा प्रयोग गरिने छ |
| ४.२ योजना ब्यबस्थापनलाई प्रभाबकारी बनाउने | १. नगरपालिकाबाट संचालित योजना लाई ब्यबस्थित बनाउन उपभोक्ता समितिको क्षमता अभिबृद्धि गरिने छ<br>२. उपभोक्ता समिति लाई नगरपालिका को दर्ता प्रकृयामा ल्याइने छ । दर्ता भएका स्थाई प्रकृतिका उपभोक्ता समितिलाई आयोजना संचालन सम्बन्धि बिशेष तालिमको व्यवस्था गरिने छ ।<br>३. सवै वडामा टोल विकास संस्थालाई निश्चित मापदण्ड बनाइ आयोजना कार्यान्वयनमा सहभागी गराइने छ<br>४. आयोजना कार्यान्वयन लाई ठेक्का वा उपभोक्ता समिति मार्फत सम्पन्न गर्न निश्चित मापदण्ड बनाइने छ । |

## कार्यक्रम तथा आयोजना

*तालिका ६२*संस्थागत विकास तथा सुशासन उपक्षेत्रका कार्यक्रम तथा आयोजना

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| सुशासन तथा जबाफदेहिता प्रवर्द्धन कार्यक्रम | | | | | | | | | | | |
| थप नीति, ऐन, कानुनहरु तर्जुमा | संख्या | ७ | २ | २ | २ | २ | २ | १० | १६ | ३ | ३ |
| पालिकाका ऐन, कानुनहरुमा अन्तरक्रिया कार्यक्रम | संख्या | ५ | २ | २ | २ | २ | २ | १० | १६ | ३ | ३ |
| प्रशासन, योजना तथा लेखा शाखाको क्षमता अभिवृद्धि | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| सुशासन तथा सामाजिक समावेशीता साक्षरता | पटक | ५ | २ | २ | २ | २ | २ | १० | १६ | ३ | ३ |
| सामाजिक जवाफदेहिता वृद्धिकालागि (सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण) सञ्चालन | पटक | २० | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| आयोजनाहरुको सार्वजनिक परीक्षण | पटक | ५ | ४ | ४ | ४ | ४ | ४ | २० | १६ | ३ | ३ |
| सामाजिक परिक्षण | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| लैससास परीक्षण | संख्या | ५ | २ | २ | २ | २ | २ | १० | १६ | ३ | ३ |
| जनगुनासो व्यवस्थापन गर्न उजुरी पेटिकाको व्यवस्थापन (सबै वडा र | | ११ | १ | १ | १ | १ | १ | ५ | १६ | ३ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सेवाप्रदायक कार्यलय) | | | | | | | | | | | |
| कर्मचारीहरूको मनोवल र उत्प्रेरणा अभिवृद्धि कार्यक्रम | संख्या | ५ | २ | २ | २ | २ | २ | १० | | | |
| सुशासन प्रवर्द्धन | | | | | | | | | | | |
| न्यायिक समितिका पदाधिकारी एवं कर्मचारीहरुको क्षमता विकास | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| जनप्रतिनिधि क्षमता विकास | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| मानव संसाधन विकास एवम् संस्थागत क्षमता विकासका लागि सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण | पटक | १ | १० | - | - | - | - | १० | १६ | ३ | ३ |
| सामुदायिक संस्था,नागरिक समाज गैसस लगायतका संस्थाहरुमा सुशासन प्रवर्द्धन सहयोग | पटक | ५ | २ | २ | २ | २ | २ | १० | १६ | ३ | ३ |
| सुशासन, ऐन नियम तथा जवाफदेहिताको जम्मा | | | ५२ | ५२ | ४२ | ४२ | ४२ | २२० | | | |

स्रोतः पालिकाको सम्बन्धित शाखा, २०८१

*तालिका ६३* **वित्तीय स्रोत ब्यबस्थापनका लागि कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| वित्तीय श्रोत पूँजी निर्माण क्षेत्रमा परिचालन | | | | | | | | | | | |
| पूँजी निर्माण क्षेत्रमा लगानी प्रवद्र्घन कार्यक्रम | संख्या | २ | ५ | ३ | ३ | ३ | ३ | १७ | १६ | ३ | ३ |
| निजी, सहकारी क्षेत्रसंग सहकार्य | संख्या | २ | ३ | ३ | ३ | ३ | ३ | १५ | १६ | ३ | ३ |
| आन्तरिक आय अभिवृद्धि | | | | | | | | | | | |
| करका दायरा विस्तार कार्यक्रम | संख्या | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | १६ | ३ | ३ |
| करका श्रोतहरु पहिचान अध्ययन | संख्या | १ | ० | ५ | - | - | - | ५ | १६ | ३ | ३ |
| करदाता डाटावेस तयार | संख्या | १ | - | - | १० | - | - | १० | १६ | ३ | ३ |
| आर्थिक ऐन निर्माण, परिमार्जन तथा संशोधन | संख्या | १ | २ | २ | २ | २ | २ | १० | १६ | ३ | ३ |
| कर प्रशासन सुदृढीकरण | | | | | | | | | | | |
| कर शिक्षा कार्यक्रम | संख्या | १ | ३ | ३ | ३ | ३ | ३ | १५ | १६ | ३ | ३ |
| राजस्व परामर्श समितिका सदस्य एवं कर्मचारी क्षमता विकास | संख्या | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| राजस्व प्रशासन प्रविधिमैत्री | संख्या | १ | २ | २ | २ | २ | २ | १० | १६ | ३ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आलेपको क्षमता विकास | संख्या | १ | २ | २ | २ | २ | २ | १० | १६ | ३ | ३ |
| वित्तीय सुशासन प्रवद्र्घन | | | | | | | | | | | |
| स्थानीय सार्वजनिक खर्च मापदण्ड निर्माण | संख्या | १ | ५ | - | - | - | - | ५ | १६ | ३ | ३ |
| करदातासंग अन्तरक्रिया कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | १६ | ३ | ३ |
| योजना व्यवस्थापन | | | | | | | | | | | |
| स्थानीय खरिद योजना निर्माण | संख्या | १ | ५ | - | - | - | - | ५ | १६ | ३ | ३ |
| क्षमता अभिवृद्धि | | | | | | | | ० | १६ | ३ | ३ |
| उपभोक्ता समिति, ठेक्केदारको क्षमता अभिबृद्धि | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| समितिका सदस्यहरुको क्षमता विकास, प्रोत्साहन तथा सम्मान कार्यक्रम, | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| सेवाग्राहि satisfaction survey, | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| contingency पारिचालन कार्यविधि निर्माण | संख्या | १ | ५ | - | - | - | - | ५ | १६ | ३ | ३ |
| वित्तिय श्रोत परिचालनको जम्मा | | | ५६ | ४४ | ४९ | ३९ | ३७ | २१५ | | | |

स्रोतः पालिकाको सम्बन्धित शाखा, २०८१

### ८.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका ६४* **संस्थागत विकास तथा सुशासन उपक्षेत्रका कार्यक्रम तथा आयोजना**

| प्रमुख नतिजा सूचक | इकाइ | आधार वर्ष | | | लक्ष्य परिणाम | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/ ८१ | ८१/ ८२ | ८२ /८३ | ८३/ ८४ | ८४/ ८५ | ८५/ ८६ | | |
| प्रभाव तहः | जनसहभागितामूलक सुशासनको प्रवर्द्धन एवं प्रत्याभूति र शासन प्रणाली, समावेशी कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी भएको हुने | | | | | | | | |
| नगरपालिकाको सेवाबाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० | १०० | सेवाग्राही अभिमत पत्र | अनलाईन सेवा उपलव्ध हुने |
| कर्मचारीको पदपूर्ति | सभा | ८० प्रतिशत | ९५ प्रतिशत | १०० | १०० | १०० | १०० | | |
| पालिकाद्वारा स्विकृत नीति तथा कानुन | प्रतिशत | ७० प्रतिशत | ८० प्रतिशत | ९० प्रतिशत | १०० | १०० | १०० | | |
| पालिका तथा वडा कार्यालय लगायत सेवा प्रवाही कार्यालयमा नागरिक बडापत्र निर्माण र सवलीकरण | प्रतिशत | ७० प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | |
| जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास | प्रतिशत | ८० प्रतिशत | ८५ | ९० | ९५ | १०० | १०० | | |
| असर तह १ गुणस्तरीय मानव संसाधन र सक्षम स्थानीय संस्थाहरूका माध्यमबाट पालिकाको आर्थिक समाजिक विकास हुनेछ | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्षमता विकास योजना | संख्या | १ | १ | १ | १ | १ | १ | | |
| कर्मचारीको कुल दरबन्दी | प्रतिशत | ८० | ८५ | ८८ | ९० | ९५ | १०० | | |
| स्वीकृत ओएनएम प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | १ | | |
| असर तहः २ | स्थानीयहरूको सहभागितामा नीति, ऐन कानूनहरू निर्माण भएको हुने | | | | | | | | |
| सहभागितात्मक ढंगबाट निर्माण भएको ऐन कानून | संख्या | ४ | ४ | २ | २ | २ | २ | | |
| १.१प्रतिफल | स्थानीयहरूको सहभागितामा नीति, ऐन कानूनहरू निर्माण भएको हुने | | | | | | | | |
| पालिकाको एकल अधिकार अन्तर्गत निर्मित ऐन लगायत सवै कानूनहरू | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | १०० | | |
| अन्तरपालिका समन्वय र सहकार्यमा कार्यान्वयन भएका कानूनहरू | संख्या | ० | ० | १ | १ | ३ | ४ | | |
| २ प्रतिफल | सूचना प्रविधिको प्रयोग र विस्तारबाट स्वचालित कार्यप्रणालीको विस्तार भएको हुनेछ । | | | | | | | | |
| ई-हाजीरीको व्यवस्था भएका कार्यालय | संख्या | १६ | सबै | सबै | सबै | सबै | सबै | | |
| पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरू | संख्या | १० | सबै | सबै | सबै | सबै | सबै | | |
| निर्धारित समयावधि मै बजेट | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वार्षिक योजना तथा कार्यक्रम विवरण बेवसाइटमा | | | | | | | | | |
| वार्षिक योजना तथा कार्यक्रम विवरण बेवसाइटमा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| आय-व्ययको अद्यावदिक विवरण बेवसाइटमा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| १. प्रतिफल | उत्प्रेरित र उच्च मनोबलयुक्त कर्मचारीबाट प्रभावकारी सेवा प्रवाह भएको हुनेछ । | | | | | | | | |
| कार्यदक्षताका आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्ड | आवश्यकता अनुसार नियमित रूपमा गर्ने | | | | | | | | |
| कर्मचारीको कार्यविवरण तर्जुमा | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| २. असर तहः | दिगो भरपर्दो तथा पूँजी निर्माणका क्षेत्रहरूमा वित्तीय श्रोत परिचालन गरी आन्तरिक राजस्वमा अभिवृद्धि भएको हुने | | | | | | | | |
| २.१ आन्तरिक आयमा भएको वृद्धिदर | प्रतिशत | ११ | २० | ३० | ५० | ८० | १०० | राजस्व अभिलेख | कर प्रशासनप्रभावकारी हुन |
| प्रतिफल | वित्तीय श्रोत पूँजी निर्माणको क्षेत्रमा परिचालन भएको हुने | | | | | | | | |
| कूल पूँजीगतमा भएको खर्च | प्रतिशत | ८८ | ९० | ९५ | ९८ | १०० | १०० | कार्यक्रम सम्पन्न प्रतिवेदन | अर्थपूर्ण सहभागिता भएको हुने |
| समयमा फछ्र्योट भएका वार्षिक योजना | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० | १०० | | |

स्रोतः नगरपालिकाको सम्बन्धित शाखा, २०८१

# परिच्छेद -९ कार्यान्वयन अवस्था

## ९.१ पृष्ठभूमि

स्थानीय तहको विकासको मेरुदण्डको रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयनमा सशक्त स्वःअनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । कार्यान्वयन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारु भएका छन् वा छैनन साथै व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ्र । त्यसैले, नगरपालिकाले आवधिक योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ । वार्षिक योजना कार्यान्वयनका लागि कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेट सहितका अनुगमनका कार्यहरूसमेत निर्दिष्ट गरी तदअनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनु पर्दछ ।

पुचौंडी नगरपालिकाले पालिकाको योजनाबद्ध विकासका लागि प्रक्रियागत रूपमा वस्तुगत विवरण, तथ्यको विश्लेषण, सरोकारवाला तथा समुदाय संगको अन्तरक्रियाबाट प्रथम पञ्च वर्षीय योजनाको रूपमा यस योजना तयार गरेको छ । यस सन्दर्भमा विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा विषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा भएको छ । योजना तर्जुमाको क्रममा पालिकाले नेपाल सरकारको पन्ध्रौं योजना तथा सुदुर पश्चिम प्रदेशको योजनाहरूलाई समेत आधारको रूपमा लिएको छ । पालिकाले आवधिक विकास योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागितामूलक ढङ्गबाट नतिजा खाका तयार गरेको छ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन गर्न तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएको छ ।

आवधिक नगर विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि नगरपालिकाको आफ्नो आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ, आवश्यक श्रोत परिचालनका लागि नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी संघ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठुलो भूमिका हुन्छ । यस पुचौंडी नगरपालिकाको आवधिक योजना (२०८०/८१-२०८५/०८६) को सफल कार्यान्वयनका लागि दक्ष मानव संसाधन, उचित वित्तीय स्रोत तथा प्रभाबकारी अनुगमन मुल्यांकन संरचना को आवस्यकता पर्दछ | यसका लागि नगरपालिकाले उल्लिखित संयन्त्रको ब्यबस्थापनका लागि देहाय बमोजिमको ब्यबस्थापन गर्ने छ |

## ९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट गठित यस नगरपालिकाको स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित नगर कार्यपालिका मार्फत पालिकाको कार्य संचालन हुँदै आएको छ । संघीय

मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित संगठन संरचना अनुसार नगरपालिकामा विषयगत शाखाहरू र शाखाअन्तर्गतका ईकाइहरू, आन्तरिक लेखा परिक्षण ईकाई र वडा समितिको कार्यालय समेत इकाईहरु प्रस्ताव गरिएको छ ।

आवधिक योजनाको सफल कार्यान्वयनका लागि स्थानीय स्तरमा सार्वजनिक सेवालाई गुणस्तरीय, प्रभावकारी एवं व्यवस्थित गर्नुपर्ने, प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन नगरपालिकाले बिशेष जोड दिने छ । त्यसका लागि नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा कर्मचारीका जिम्मेवारीको ब्यबस्थापन, आवश्यक दक्ष जनशक्ति व्यवस्थापन, वृत्ति विकास, क्षमता अभिवृद्धि, जनशक्तिको कार्य जिम्मेवारी बाँडफाँड गर्ने र प्रोत्साहन एवं दण्ड सजाय गर्नसक्ने छ ।

### ९.२.१ समस्या तथा चुनौती

- कमजोर संस्थागत संरचना
- संख्यामा कर्मचारीको अभाव
- दरवन्दी अनुसार कर्मचारी अपुग
- कर्मचारीको क्षमता अभिवृद्धिका लागि तालिम, अनुशिक्षण, प्रशिक्षणको कमि
- समिति एवं उपसमितिहरु क्रियाशीलता एवं सक्रियातामा कमि
- सेवा प्रवाह चुस्तदुरुस्त, छिटोछरितो हुन नसकेको, परम्परागत कार्यशैली
- जनप्रतिनिधि, कर्मचारी एवं गैसस, विषयगत कार्यालय र सरोकारवालाहरुको क्षमताको अभाव
- नतिजामा आधारित कर्मचारी प्रशासनलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याउनु
- संस्थागत संरचनालाई प्रभावकारी एवं स्वचालित वनाउनु
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, छिटोछरितो, न्यून लागत वनाउनु

### ९.२.२ सम्भावना तथा अवसर

- निर्माणाधीन अवस्थामा रहेको नगरपालिकाको प्रशासनिक भवन निर्माणको अन्तिम चरणमा पुगेको हुनाले सेवा प्रवाहमा सहजता आउने
- आवधिक योजना कार्यान्वयनकाका लागि संघ, प्रदेश लगायत निजि क्षेत्र, बिज्ञ समूह आदिसँग सहकार्य गर्न सकिने,
- विकास कार्यमा जनप्रतिनिधिहरुको सक्रियता वढदो, रचनात्मक सहयोग र आपसमा हातेमालो गरी वढ्ने सम्भावना
- जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, गोष्ठीहरु सञ्चालन हुँदै आएको, अनुभव, सिकाइहरु एकअर्को पालिकाहरुसंग ग्रहण हुँदै आएको र जनप्रतिनिधिहरुमा प्रशासनिक विधि प्रक्रियाहरुमा अभ्यासत भइसकेको सन्दर्भमा नीति, कार्यक्रमहरु तर्जुमा तथा डिजाइनमा प्रभावकारी आउन सक्ने
- कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि तालिम, अनुशिक्षण, प्रशिक्षणहरुमा सहभागिता हुँदै आएको, वृत्तविकास, प्रोत्साहन, उत्कृष्ट कर्मचारी सम्मान र पुरस्कार गर्ने अभ्यासवाट वार्षिक नीति कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन हुन सक्ने

### ९.२.३ लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

लक्ष्य : संस्थागत सुदृढीकरण विकासवाट गुणस्तरीय सेवा प्रवाह प्रभावकारी भई नागरिकहरुको सन्तुष्टिमा अभिवृद्धि भएको हुने

उद्देश्य

१. मानव संशाधनमा व्यवसायिक क्षमता अभिवृद्धि गर्दै संगठनात्मक संरचनाहरु क्रियाशील वनाउनु
२. संस्थागत विकास लाई प्रभाबकारी तथा चुस्त बनाउनु

रणनीतिहरु

१.१ सीपयुक्त, दक्ष एवं व्यवसायिक जनशक्ति विकास गर्ने
१.२ संगठनात्मक संरचनालाई प्रभावकारी रुपमा क्रियाशील वनाउने
१.३ संस्थागत ब्यबस्थालाई गुणस्तरीय एवं प्रभावकारी वनाउने

कार्यनीतिहरु

रणनीति १.१ को मानव संशाधन दक्ष एवं व्यवसायिक वनाउने अन्तर्गतका कार्यनीतिहरु

- नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा संगठन संरचना निर्माण, दरवन्दी सिर्जना एवं भर्ना, कर्मचारी कार्य विवरण तयार पारिने छ ।
- तालिम, अनुशिक्षण, गोष्ठी लगायतका माध्यमवाट मानव संशाधनको क्षमता अभिवृद्धि गरिने छ ।
- कर्मचारीहरुको वृत्ति विकासलाई सुनिश्चित गरिने छ ।
- कार्यसम्पादन प्रभावकारीताको आधारमा उत्कृष्ट कर्मचारीलाई सम्मान एवं पुरस्कृत गरिने छ र सोही अनुसार दण्ड, सजायको व्यवस्था पनि गरिने छ ।

रणनीति १.२ को संगठनात्मक संरचनालाई प्रभावकारी रुपमा क्रियाशील वनाउने अन्तर्गतका कार्यनीतिहरु

- नगरकार्यपालिका प्रति उत्तरदायी हुने समितिहरु गठन गरी क्रियाशील वनाइने छ । यसका लागि आवश्यक जनशक्ति लगायत साधन श्रोतको व्यवस्था मिलाइने छ ।
- समिति, उपसमितिहरु समावेशीकरणको सिद्धान्तका आधारमा सवै पक्षहरुको प्रतिनिधित्व हुनेगरी गठन गरिने छ र आवश्यकताका आधारमा विषयक्षेत्रगत विज्ञहरुको समेत समावेश गरिने छ ।
- प्रभावकारी रुपमा परिचालनका लागि गठित समिति, उपसमितिहरुको जिम्मेवारी, अधिकार क्षेत्रहरु निर्धारण गरी समितिहरुको कार्यसम्पादन नियमावली तर्जुमा गरिने छ ।
- समिति तथा उपसमितिका सदस्यहरुको क्षमता विकासका लागि अभिमुखीकरण, तालिम एवं अनुशिक्षण कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- देश भित्रका तथा विदेश का स्थानीय तहसँग भगनी सम्वन्ध स्थापित गरिने छ र स्थानीय सरकार सञ्चालनमा प्राप्त भएका ज्ञानसीप, सिकाइ लगायतका वारेमा अनुभवहरु आदनप्रदान गरिने छ ।

तालिका ६५ मानव संसाधन व्यवस्थापनसम्बन्धि कार्यक्रम तथा आयोजना

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | | दिविल संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | |
| **जनशक्तिको क्षमता विकास** | | | | | | | | | | | |
| तालिम, अनुशिक्षण, प्रशिक्षण कार्यक्रम | पटक | ५ | १० | १० | १० | १० | १० | ५० | १६ | ३ | ३ |
| उत्कृष्ट कर्मचारी सम्मान एवं पुरस्कृत | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | १६ | ३ | ३ |
| कर्मचारी वृत्त विकास कार्यक्रम | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| कर्मचारी प्रोत्साहन कार्यक्रम | संख्या | ५ | १० | १० | १० | १० | १० | ५० | १६ | ३ | ३ |
| करार तथा बिज्ञ कर्मचारी भर्ना | संख्या | १० | १० | १० | १० | १० | १० | ५० | १६ | ३ | ३ |
| **संगठनात्मक संरचना निर्माण** | | | | | | | | | | | |
| **बिज्ञ समूह को गठन** | संख्या | ४ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| समिति, उपसमितिहरुको जिम्मेवारी तथा कार्यविधि निर्माण | संख्या | १ | १० | - | - | - | - | १० | १६ | ३ | ३ |
| समितिका सदस्यहरुको क्षमता विकास कार्यक्रम | पटक | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| **सेवा प्रवाहलाई गुणस्तरीय वनाउने** | | | | | | | | | | | |
| कम्प्युटरमा आधारित सफ्टवेयर निर्माण | संख्या | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने | संख्या | १ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| **सेवाप्रवाहमा पहुँच अभिवृद्धि** | | | | | | | | | | | |
| नागरिक अभिमत सङ्कलन | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ | १६ | ३ | ३ |
| **संस्थागत संरचना तथा मानव संसाधन विकासको जम्मा** | | | ७१ | ६१ | ६१ | ६१ | ६१ | ३१५ | | | |

स्रोतः नगरपालिकाको सम्बन्धित शाखा, २०८१

### ९.३ बिषयक्षेत्र अनुसार अनुमानित बजेट

नगरपालिकाको योजना तर्जुमा कार्यशालाले आर्थिक वर्ष २०८१/८२ देखि ०८५/८६ सम्मका लागि जम्मा रू ४ अर्ब ६२ करोड ४ लाख बजेट अनुमान गरिएको छ । जसमध्ये नगर गौरब योजनाका लागि ८८ करोड तथा क्षेत्रगत आयोजनाका लागि ३ अर्ब ७४ करोड ४ लाख बजेट आवस्यक पर्ने अनुमान गरेको छ |

नगरपलिकाले क्षेत्रगत रुपमा कुल क्षेत्रगत बजेटको १९.०५ प्रतिशत गौरवका आयोजनामा, २५.८५ प्रतिशत आर्थिक क्षेत्रमा, १९.०० प्रतिशत सामाजिक क्षेत्रमा, १६.९१ पुर्वाधारमा, १७.५६ वन वातारण तथा विपद ब्यबस्थापन र १.६३ प्रतिशत संस्थागत विकास को क्षेत्रमा खर्च गर्ने निर्णय गरेको छ |

*तालिका ६६* **बिषयक्षेत्र गत अनुमानित बजेट**

| विषयगत क्षेत्र | अनुमानित बजेट लागत (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|
| उपक्षेत्र | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| **नगर गौरवका आयोजना** | **१६५०** | **१७००** | **१८००** | **१७५०** | **१९००** | **८८००** |
| **आर्थिक क्षेत्र** | **१२४२** | **१४०८** | **१४१८** | **१२४८** | **१२१३** | **११९४६** |
| कृषि तथा पशुपन्छी | ५७१ | ५४६ | ४६६ | ४५६ | ४३६ | २४८५ |
| सिंचाई | १५० | २५० | ३०० | ३०० | २०० | १२०० |
| पर्यटन, संस्कृति तथा सम्पदा | २४५ | २०५ | २२५ | १२५ | १८० | ९८५ |
| उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति | १८४ | ३१० | ३४० | २८० | ३१० | १०९० |
| श्रम, रोजगारी र सामाजिक सुरक्षा | ९२ | ९७ | ८७ | ८७ | ८७ | ४५० |
| **सामाजिक क्षेत्र** | **१९३५** | **१७६२** | **१८८७** | **१५६०** | **१६३०** | **८७७८** |
| स्वास्थ्य तथा पोषण | ५५० | ४७० | ५४५ | ३२० | ३८० | २२६५ |
| शिक्षा, विज्ञान तथा नवप्रवतन | ६९४ | ६०९ | ६४९ | ६०९ | ६१९ | ३१८० |
| खानेपानी तथा सरसफाइ | २१० | २३० | २३० | २३० | २३० | ११३० |
| महिला, बालबालिका तथा लक्षित वर्ग | २१७ | २५४ | २१४ | २०२ | २०२ | १०९३ |
| युवा तथा खेलकुद | २६४ | १९९ | २४९ | १९९ | १९९ | १११० |
| **पूर्वाधार क्षेत्र** | **१८३१** | **१९५१** | **२००१** | **१७६०** | **१६८१** | **७८१५** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | ३९० | ३९० | ४१० | ३२० | ३४० | ३९० |
| सडक, पुल तथा यातायात | ८३१ | १०११ | १०११ | ९११ | ८११ | ४५७५ |
| जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ५१५ | ४६५ | ४९५ | ४६५ | ४६५ | २४०५ |
| सूचना, सञ्चार तथा प्रविधि | ९५ | ८५ | ८५ | ६४ | ६५ | ४४५ |
| **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | **१६५३** | **१७०८** | **१७०४** | **१५२३** | **१४८८** | **८११५** |
| वन तथा जैविक विविधता | २९५ | २५५ | २५५ | २०५ | १८५ | ११९९ |
| भूसंरक्षण तथा जलाधार व्यवस्थापन | १४० | २१५ | २१५ | १६५ | १४५ | ८८५ |
| वातावरण तथा फोहोरमैला व्यवस्थापन | ९३ | ९३ | ८३ | ४८ | ४८ | ३९५ |
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ११२५ | ११४५ | ११५१ | ११०५ | १११० | ५६३६ |
| **संस्थागत विकास तथा सुशासन क्षेत्र** | **१७९** | **१५७** | **१५२** | **१४२** | **१४०** | **७५०** |
| सुशासन, ऐन नियम तथा जवाफदेहिता | ५२ | ५२ | ४२ | ४२ | ४२ | २२० |
| संस्थागत संरचना तथा मानव संसाधन विकास | ७१ | ६१ | ६१ | ६१ | ६१ | ३१५ |
| वित्तीय श्रोत | ५६ | ४४ | ४९ | ३९ | ३७ | २१५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| परिचालन र योजना व्यवस्थापन | | | | | | |
| **जम्मा योजना बजेट** | ८४९० | ८६८६ | ८९६२ | ७९८३ | ८०५२ | ४६,२०४ |

सोतः अध्ययन कार्यदलको विश्लेषण, २०८१

## ९.४ स्रोत अनुमान र प्रक्षेपण

आवधिक नगर विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तअनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि नगरपालिकाको आफ्नो आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी संघ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्यर साझेदारी महत्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढी प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई विशेष जिम्मेवारी दिइएको छ ।आवधिक योजना अन्तर्गत पहिचान भएका सबै योजनाहरू लगानीको दृष्टिकोणले एउटै आवधिक योजना मार्फत सम्बोधन गर्न सकिंदैन । तसर्थ आगामी पाँच वर्षमा उपलव्ध हुन सकिने नगरपालिकाको विकास बजेटको रकम, दीर्घकालीन सोच प्राप्ति तर्फ उन्मुख हुन अति आवश्यक कार्यक्रम तथा योजनाहरू, आर्थिक विकासमा टेवा पुग्ने योजना, लक्षित वर्ग÷समुदायको हित, रोजगारी वृद्धि गर्ने जस्ता महत्वपूर्ण आधारहरूमा योजनाको प्राथमिकता निर्धारण गरी योजनाहरू तयार गरिएको छ ।

नगरवासीहरूको आवश्यकता परिपूर्ति गर्न आवश्यक लगानीको तुलनामा उपलव्ध हुने विकास बजेट अति नै न्यून भएको हुँदा नगरपालिकाको विद्यमान विकास बजेटले ठूला योजनाहरू कार्यान्वयन गर्न सकिने स्थिति भने छैन । विशेष गरी अधिकांश रणनीतिक योजनाहरू जस्तैः सडक, ढल र फोहोर व्यवस्थापन सहितको एकीकृत योजनाहरूको लागि केन्द्रिय निकाय, विभिन्न दातृ राष्ट्र तथा दातृ निकायहरूको सहयोग अति आवश्यक छ ।

यसको अतिरिक्त, नगरपालिकाको कार्यान्वयनको जिम्मेवारीमा परेका अन्य योजनाहरूको सन्दर्भमा अगामी पाँच वर्षमा उपलव्ध हुन सकिने नगरपालिका कार्यालयको विकास बजेटको प्रक्षेपण गरी सोही अनुसार योजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गर्ने गरी योजना तयार गरिएको छ । नगरपालिकाको आर्थिक श्रोत अति न्यून रहेकोले यस श्रोतवाट धेरै कम मात्र नगरस्तरीय योजनाहरू कार्यान्वयन गर्न सकिन्छ । तसर्थ नगरपालिकाले विगतमा झैं केन्द्रबाट सडक वोर्ड, कृषि सडक, जगेडा कोष जस्ता सहयोग कार्यक्रम ल्याई वढी भन्दा वढी कार्यक्रम कार्यान्वयन गर्न सक्षमता देखाउनु पर्ने हुन्छ । यस शीर्षक अन्तर्गत प्राप्त नगरपालिकाको विकास बजेट तथा विगत आर्थिक वर्षमा केन्द्रवाट प्राप्त विशेष आर्थिक अनुदानको आधारमा आवधिक योजना अन्तर्गत पहिचान भएका योजनाहरू कार्यान्वयन गर्ने गरि अगामी पाँच वर्षको भौतिक विकास तथा भौतिक पूर्वाधार, सामाजिक, आर्थिक, वातावरण तथा जोखिम व्यवस्थापन, वित्तीय व्यवस्थापन र संस्थागत विकास योजनाहरुको सूची तयार गरिएको छ । योजना तर्जुमा समिति, नगरपालिका नगर सभाको निर्णय अनुसार नगरपालिकाले यस्ता योजनाहरू क्रमशः वार्षिक रुपमा कार्यान्वयन गर्दै जाने छ ।

नगरपलिकाको आर्थिक बर्ष २०७९/८० को बजेट ७१ करोड १८ लाख रहेकोमा चालु आ ब २०८०/८१ मा ६६ करोड ७१ बजेट परिचालन हुने अनुमान गरिएको छ । बिगतका आर्थिक बर्षको बजेट वृद्धिको दरलाई आधार मानी आगामी पाँच आर्थिक बर्षमा संघिय र प्रदेश बाट प्राप्त हुने राजश्व बाँडफाँड सहितका अनुदान करिव ८ प्रतिशतले र अन्तरिक राजश्व १५ प्रतिशतका दरले वृद्धि अनुमान गरि नगरपालिकाको बजेट प्रक्षेपण गरिएको छ ।

तालिका ६७ स्रोत अनुमान र प्रक्षेपण (लाखमा)

| क्र सं. | स्रोत | आ.व.७९/८० बजेट(यथार्थ) | आ.व.८० / ८१ बजेट(अनुमान) | ८१/८२ बजेट (संशोधित) | ८२/८३ बजेट (प्रक्षेपित) | ८३/८४ बजेट (प्रक्षेपित) | ८४/८५ बजेट (प्रक्षेपित) | ८५/८६ बजेट (प्रक्षेपित) |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार : १३३११ - समानिकरण अनुदान | १३३० | ११५० | ११६० | ११७० | १२८७ | १२८७ | १२९० |
| २ | नेपाल सरकार : १३३१२ - शसर्त अनुदान चालु | ३३६१ | ३०७३ | ३११४ | ३२०० | ३५२० | ३५२० | ३६०० |
| ३ | नेपाल सरकार : १३३१३ - शसर्त अनुदान पुँजीगत | ५१६ | २१२ | २१५ | २२० | २४२ | २४२ | २४५ |
| ४ | नेपाल सरकार : १३३१४ - विषेश अनुदान चालु | - | ५० | ५० | ६० | ६६ | ६६ | ७० |
| ५ | नेपाल सरकार : १३३१५ - विषेश अनुदान पुँजीगत | ११५ | ७५ | ७५ | ८० | ८८ | ८८ | ९० |
| ६ | नेपाल सरकार : १३३१७ - समपुरक अनुदान पुँजीगत | १०८ | २२० | २२० | २२० | २२० | २२० | २२० |
| ७ | सुदुर पश्चिम प्रदेश : १३३११ - समानिकरण अनुदान | ९४ | ९९ | १०० | १०० | ११० | ११० | ११२ |
| ८ | सुदुर पश्चिम प्रदेश : १३३१२ - शसर्त अनुदान चालु | - | ५ | ८ | १० | ११ | ११ | १२ |
| ९ | सुदुर पश्चिम प्रदेश : १३३१३ - शसर्त अनुदान पुँजीगत | - | ५८ | ७० | ७५ | ८२ | ८३ | ८५ |
| १० | सुदुर पश्चिम प्रदेश : १३३१५ - विषेश | २५ | २५ | २८ | ३० | ३३ | ३३ | ३५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अनुदान पुँजीगत | | | | | | | |
| ११ | सुदुर पश्चिम प्रदेश : १३३१७ - समपुरक अनुदान पुँजीगत | १०८ | १६५ | १७० | २०० | २२० | २२० | २२५ |
| १२ | राजस्व बाँडफाँड - प्रदेश सरकार : १००२० - राजस्व बाँडफाँड | २६ | २७ | ३० | ४० | ४४ | ४४ | ४५ |
| १३ | राजस्व बाँडफाँड - संघीय सरकार : १००२० - राजस्व बाँडफाँड | १२५३ | १२२८ | १२५० | १३०० | १४३० | १४३० | १४५० |
| १४ | आन्तरिक श्रोत : १००१० - आन्तरिक श्रोत | १८९ | २८१ | ३०० | ५०० | ५५० | ६०० | ६५० |
| **जम्मा** | | **७११८** | **६६७१** | **६७९०** | **७२०५** | **७९०३** | **७९५४** | **८१२९** |
| **आब २०८१/८२ देखि ८५/८६ सम्म हुने कुल प्रक्षेपित राजश्व** | | ३७९८१ | | | | | | |

स्रोत : नगरपालिकाको लेखा शाखा, २०८१

### ९.४.१ खर्च अवस्थाको विश्लेषण

नगरपालिकामा चालु खर्च अन्तर्गत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च र कार्यक्रम खर्च गरी ५ प्रकारका खर्च रहेका छन् । आ.व. २०७९/०८० को व्यय विवरण अनुसार चालु खर्च कूल खर्चको करिब ७०.८ प्रतिशत रहेको छ भने पूँजीगत खर्च २९.२ प्रतिशत रहेको छ । नगरपालिकाको विगतका वर्षको व्यय विवरणको तुलनामा यस आ.व. मा चालु खर्च बढेको अवस्थामा छ भने आ.व. २०७९/०८० मा चालु खर्च अरू वर्षको तुलनामा कम रहेको छ ।त्यसैगरी पूँजीगत तर्फ हुने खर्च भने कुल खर्चको अनुपातमा यस आ.व.मा कम भएको देखिन्छ ।

तालिका ६८ खर्च बाँडफाँडको प्रक्षेपण (रू. हजारमा)

| क्र.सं. | विवरण | २०७९/०८० को यथार्थ | २०८०/०८१ को अनुमान | २०८१/०८२ को प्रक्षेपण | २०८२/०८३ को प्रक्षेपण | २०८३/०८४ को प्रक्षेपण | २०८४/०८५ को प्रक्षेपण | २०८५/०८६ को प्रक्षेपण | आवधिक योजनाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | चालु खर्च | ७०.८ | १३७९ | ४८०७ | ५१०१ | ५५९५ | ५६४३ | ५७५५ | ७८५२ |
| २ | पुंजीगत खर्च | २९.२ | ४७२३ | १४०३ | १४९० | १६३४ | १६४४ | १६८० | २६८९० |
| जम्मा बजेट | | १०० | ६६७१ | ६७९० | ७२०५ | ७९०३ | ७९५४ | ८१२९ | ३७९८१ |

स्रोत : अध्ययन कार्यदलको विश्लेषण, २०८१

### ९.४.२ अपुग स्रोत व्यवस्थापन

आवधिक नगर विकास योजना कार्यान्वयनका लागि कुल लगानी रू. ४ अरव ६२ करोड ४ लाख हजार अनुमान गरिएको छ । गत आ.व. २०७९/८० को यथार्थ र चालू आ.व.को अनुमानित र आ.व. २०८१/८२ को प्रस्तावित आयका आधारमा आगामी पाँच वर्षको नगरपालिकाको अनुमानित आय रू. ३ अरव ७९ करोड ८१ लाख देखिन्छ । यसरी कुल लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेट बिच करिव रू. ८२ करोड २३ लाख (१७.८ प्रतिशत) बजेट अपुग देखिन्छ ।

तालिका ६९ अपुग स्रोत व्यवस्थापन

| क्र.सं. | शिर्षक | अनुमानित बजेट लागत (रू. लाखमा) | | | | | जम्मा बजेट (रू.लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | |
| १ | कूल स्रोत परिचालन | ६७९० | ७२०५ | ७९०३ | ७९५४ | ८१२९ | ३७९८१ |
| २ | कूल लगानी अनुमान (गौरवको आयोजनासहित) | ८४९० | ८६८६ | ८९६२ | ७९८३ | ८०५२ | ४६२०४ |
| स्रोतको न्यूनता | | -१७०० | -१४८१ | -१०५९ | -२९ | ७७ | -८२२३ |

स्रोत : अध्ययन कार्यदलको विश्लेषण, २०८१

## ९.५ स्रोत परिचालन रणनीति

पुचौंडी को आवधिक नगर विकास योजना (आ.व. २०८१/०८२ देखि २०८५/०८६ सम्म) को लागि विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ । नगर कार्यपालिकाको कार्यालय, नीजि क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्न सक्ने परिमाणलाई आधार मानी यसको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ। यस आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरिने छ । उक्त स्रोतहरूमा पालिकाको आन्तरिक स्रोत तथा सङ्घीय तथा प्रदेश सरकारवाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू, स्थानीय तहलाई राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूवाट प्राप्त हुने रकम, विकास साझेदार संस्थाहरूवाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रवाट हुने लगानी तथा जनसहभागिता परिचालनवाट प्राप्त हुने रकम मुख्य छन् ।

यस आवधिक नगर विकास योजना अवधिमा पालिकाले तर्जुमा गर्ने वार्षिक नगर विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तावत्म्यता हुने गरी तर्जुमा गरिने छ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक नगर विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम वा सांसद कोषको नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक नगर विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिने छ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट पालिकामा आउने रकमलाई नगरस्तरीय महत्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिने छ ।

सोका लागि पालिकाले निम्नानुसारका रणनीतिहरू अवलम्बन गरी श्रोत व्यवस्थापन गर्न पहल गर्नेछः

१. देशभित्रका अन्य पालिकासँग अन्तरपालिका सम्बन्ध कायम गर्ने, अन्तर्राष्ट्रिय स्तरका पालिकासँग समेत भगिनी सम्बन्ध स्थापना गरी गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिने छ ।

२. अन्तराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूवाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिने छ । कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी पालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइने छ ।

३. स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिने छ ।

४ पालिकाले तुलनात्मक लाभका क्षेत्र पहिचान गरि आयस्रोत वृद्धि गर्ने ।संघ तथा प्रदेश सरकारबाट विशेष तया समपुरक अनुदान प्राप्त गरिने छ ।

५. पालिका क्षेत्रभित्र राष्ट्रिय र प्रदेशस्तरीय महत्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न नगरपालिकाले संघ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा पालिकाको लगानी न्यूनीकरण गरिने छ ।

६. नगरपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, श्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी नगरपालिकाको स्रोत वृद्धि गरिने छ ।

७. मन्दिरलगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पुरातत्व विभागको सहभागिता वृद्धि गरिने छ ।

८. स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिने छ ।

९. आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाइने छ। राजस्वको दायरा वृद्धि र दर समायोजन गरिने छ ।

१०. अनुत्पादन क्षेत्रमा हुने लगानी निरूत्साहित गर्ने ।

## ९.६ आवधिक योजना कार्यान्वयन

### ९.६.१ योजना कार्यान्वयन

'आवधिक योजना तर्जुमा निर्देशिका २०७५ ले निर्दिष्ट गरे बमोजिम योजना अवधिमा हाँसिल गर्न चाहेको लक्ष्य पूरा गर्न आवधिक योजना कार्यान्वयन गर्न निम्नानुसार कदमहरु अपनाउनु पर्ने हुन्छ ।

१. आवधिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि योजना टोलीको गठन भएको निर्देशक समिति र विषयगत समितिहरुलाई स्थायित्व दिने ।

२. भौतिक विकास योजना कार्यान्वयन गर्दा नगर विकास ऐनले व्यवस्था गरे बमोजिम विषेशतः जग्गा विकास कार्यक्रमहरु र निर्माण मापदण्ड कार्यान्वयन गर्दै लैजाने तथा कार्यान्वयनको क्रममा सहरी विकास विभागको संबन्धित कार्यालय र अन्य केन्द्रिय निकायहरुसँग समन्वय राख्ने ।

३. केन्द्रिय स्तरमा नीति निर्देशन र अनुगमन गर्न स्थानीय विकास मन्त्रायल र सहरी विकास तथा भवन निर्माण विभागको साझा तथा संयुक्त अवधारणाको लागि स्थानीय स्तरवाट पहल गर्ने ।

४. बहु—क्षेत्रगत लगानी कार्यक्रममा समावेश भए अनुरुप वार्षिक योजना तथा कार्यक्रम निम्न आधारमा तयार गर्ने ।

- ✓ सो कार्यक्रम तयार गर्दा आवधिक योजनाले लक्षित गरेका सूचकहरुको प्राप्तितर्फ विषेश ध्यान पुर्‍याउने ।
- ✓ आवधिक योजनाले अगिंकार गरेको अग्रणी क्षेत्रहरुको अनुसरण गर्ने ।
- ✓ नगरपालिकालाई प्राप्त हुन सक्ने विकास बजेटलाई आधार मान्ने ।
- ✓ आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि खर्च हुने रकम र नगद प्रवाह बीच सन्तुलन कायम राख्ने ।
- ✓ योजना सञ्चालन तयार गर्दा उक्त योजना सम्पन्न भएपछि गरिने मर्मत संभारको कार्य योजना समेत तयार गर्ने ।
- ✓ कार्यान्वयन गर्दाका आयोजनाहरुको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन समेत गर्ने प्रणालीको विकास गर्ने ।

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्यांकनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । यस नगरपालिकाको विकास नगरपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र संभव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नानुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ ।

(क) सरकारी क्षेत्र

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात नगरपालिकाको हो । नगरपालिकाले नै सबै क्षेत्रसंगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । पालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न संघीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानूनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक

अधिकार र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका वर्गको संरक्षण र विकास, समावेशिता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा नगरपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(ख) निजीक्षेत्र

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशुविकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुनेछ । सरकारवाट भएको नीतिगत, कानूनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र बजारीकरण गर्ने, वजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व बुझाउने जस्ता महत्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रवाट गरिएको छ । यस क्षेत्रवाट करिव २० प्रतिशत लगानी हुने अपेक्षा गरिएको छ ।

(घ) सहकारी क्षेत्र

सहकारीले संस्थामा आवद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सास्कृतिक समृद्धि हासिल गर्न महत्वपूर्ण भूमिका खेलेको छ । स—साना वचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई संगठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय श्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्वपूर्ण योगदान दिएका छन् । पालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरिवी निवारण आदिमा सहकारीक्षेत्रको विशेष भूमिका अपेक्षा गरी यसक्षेत्रवाट योजना अवधिमा ५ प्रतिशत लगानी प्रक्षेपण गरिएकोछ ।

(ङ) गैह सरकारी क्षेत्र (गैसस)

समूह परिचालन, सचेतना मूलक कार्यक्रम, ससाना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह वचत तथा ऋण परिचालन, ससाना आयमूलक कार्यक्रम संचालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले पालिकासंग महत्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । आफ्ना वैशिष्टयताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रवाट ५ प्रतिशत लगानी हुने अनुमान गरिएको छ ।

(च) उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक संघसस्था

विकास प्रदायकले जतिसुकै प्रयास गरेता पनि यसका प्रापक अर्थात उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन । त्यसकारण यिनीहरूवाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ । विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान २ प्रतिशत हुने अनुमान गरिएको छ ।

**९.६.२ कार्यान्वयन प्रक्रिया**

क) सूची तयारी

नगरपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, संघीय सरकारवाट कार्यान्वयन हुने, प्रदेश सरकारवाट कार्यान्वयन हुने, तीनै तहका सरकारवाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा संघ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा संचालन हुने, गैसस तथा अन्तराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारवाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

(ख) छलफल एवं अन्तर्किया

सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारीक्षेत्र र सामुदायिक क्षेत्रले संचालन गर्ने कार्यका लागि पालिकाले सम्बन्धित क्षेत्रहरूसंग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजिकरण गर्नेछ । छलफल र अन्तक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

(ग) मध्यकालिन खर्च संरचना तयारी

नगरपालिकाले संचालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम वीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालिन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यमकालिन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

(घ) नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

आवधिक योजनासंग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रमसंग निम्न तालिका संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिने छ । कार्यक्रम संचालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्बन्धित ऐन नियम अन्तर्गत रही योजनाको प्रकृति अनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समितिमध्ये उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस. विकास साझेदारहरूसंगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

## ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

नगरपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नतिजा सूचकमा आधारित भई सहभागितामूलक प्रक्रियावाट अनुगमन तथा मूल्यांकन गर्नेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ । अनुगमनका लागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्षसमेतलाई सहभागिता गराइनेछ। नतिजा सूचकमा आधारित अनुगमन खाँका तयार गरी सोही अनुसार नियमित अनुगमन, वार्षिक समीक्षा, मध्यावधि तया अन्तिम मूल्यांकना गरिनेछ । नगरपालिकाले देहायको उद्देश्य प्रासिका लागि अनुगमन गर्नेछः

- ➢ कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्न ।
- ➢ तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न ।
- ➢ कार्यान्वयनको क्रममा भएका गल्ति वा कमजोरी तत्काल सुधार गर्न ।
- ➢ डिजाइन वा कार्यान्वयनमा भएका गल्ति सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न ।

नगरपालिकाले देहाय अनुसार अनुगमन गर्नेछः

- ✓ निरन्तर अनुगमन ।
- ✓ दिगोपनाको अनुगमन ।

नगरपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछः

- ➢ पालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू,
- ➢ पालिकाबाट लगानी भएका आयोजनाहरू,
- ➢ नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरू,
- ➢ पालिका क्षेत्रभित्र गैरसरकारी सस्था मार्फत सञ्चालित आयोजनाहरू,
- ➢ पालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चितता लागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ। विकास आयोजनाहरूवाट, निर्धारित समयावधिभित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनुपर्दछ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारबालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिडाउनु हो ।

**मध्यावधि मूल्याङ्कन**

आवधिक योजना तर्जुमाको सिलसिलामा निर्धारण गरिएका सूचकहरूले निर्धारण गरेका उद्देश्य अनुरुपमा लक्ष्यहरू प्राप्त भए वा नभएका बारे मध्यावधि मूल्याङ्कन २०८४ सालमा गरिनेछ र सो अगावै सम्पन्न हुने योजनाहरूको मूल्याङ्कन योजना समाप्त भएपछि गरिनेछ । आवधिक योजनाको मध्यावधि मूल्याङ्कनका निमित्त स्थानीय विकास मन्त्रालय वा सहरी विकास तथा भवन निर्माण विभागका राजपत्रांकित द्वितीय तहको कर्मचारीको अध्यक्षतामा एक अनुगमन समन्वय समितिको सीफारिसमा गरिनेछ । सो मध्यावधि

मूल्याङ्कन समितिमा कम्तिमा एकजना प्राविधिक एवं योजनाविद समावेश गराइनेछ । उक्त समितिले निम्न कुराहरूलाई ध्यान दिनुपर्ने छः

- ✓ आवधिक योजनाले निर्धारण गरेको लक्ष्य तथा उद्देश्य कुन हदसम्म प्राप्त भयो र निर्धारित उद्देश्य पूर्ति हुने अवस्था देखिन्छ देखिँदैन ?
- ✓ निर्धारण गरिएका संख्यात्मक एवं गुणात्मक सूचक उपयुक्त छन् छैनन् ?
- ✓ आवधिक योजना कार्यान्वयनमा जनचासो, जनसहभागिता र साझेदारीको अवस्था के कस्तो छ ?
- ✓ आवधिक योजनाले तय गरेका मुख्य मुख्य क्षेत्रहरूको प्रगति अवस्था कस्तो छ ?
- ✓ सम्पन्न योजनाहरूको उपयोग र दिगोपना के कस्तो छ ?

सम्पन्न योजनाहरूको मर्मत सम्भार अवस्था के कस्तो छ ? यी र यस्ता अन्य कुराहरूको मूल्याङ्कन एवं अध्ययन गरी बाँकी योजनाहरू र आगामी योजनाहरूमा समेत समय सापेक्ष गरिनुपर्ने सुधारको लागि सीफारिस गर्नेछ ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

अनुगमनमा देहायका तरिकाहरू अपनाइनेछः

- ✓ नियमित प्रतिवेदन लिएर,
- ✓ स्थलगत अवलोकन गरेर,
- ✓ सरोकारवालाहरूसँग छलफल गरेर,
- ✓ नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि
- ✓ सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन्ः

- ✓ स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- ✓ उप प्रमुख (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- ✓ अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,
- ✓ प्रमुख प्रशासकीय अधिकृत र सम्वन्धित शाखा प्रमुख (नियमित कार्य),
- ✓ वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

पालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहनेछन्ः

| | |
|---|---|
| ➢ उप प्रमुख | संयोजक |
| ➢ प्रमुख ले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरूमध्येबाट | सदस्य (दुई जना) |
| ➢ प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ➢ प्रमुख, योजनाशाखा | सदस्य सचिव |

**आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।**

देहायको अनुगमन कार्ययोजना बनाई लागू गरिनेछः

- ✓ कार्यपालिकामा एकिकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिवाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ,
- ✓ अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेश गरी छलफल गरिनेछ । समितिले समाधान गर्न नसकेका समस्याहरूलाई यस बैठकबाट सम्बोधन गरिनेछ ।

वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछः

- सम्बन्धित वडाको वडाध्यक्ष  संयोजक
- बडा सदस्यहरू  सदस्य
- बडा सचिव  सदस्य सचिव

**आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।**

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

आवधिक विकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेका छन्

- नगरकार्यपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहायअनुसार रहनेछन् ।

- स्थलगत अनुगमन ।
- कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना ।
- नागरिक अनुगमन ।
- सहभागितामूलक मध्यावधि समिक्षा ।
- सहभागितामूलक अन्तिम समिक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन) ।

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेश्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्यांकन गरिनेछ ।

- योजनाको लक्ष्य वमोजिम प्रगति भए नभएको,
- लाभग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

आवधिक विकास योजनाको अनुमन तथा मूल्याङ्कन प्रक्रिया देहाय वमोजिम हुनेछः

तालिका ७० **आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया**

| के गर्ने | कसले गर्ने ? | कहिले गर्ने ? | कसरी गर्ने ? | फलोअफ |
|---|---|---|---|---|
| अनुगमन प्रक्रिया | | | | |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गै.स.सं., परियोजना | आवश्यककता अनुसार पटके, मासिक, चौमासिक र वार्षिक | ✓ स्थलगत अनुगमन गर्ने<br>✓ बार्षिक योजना चौमासिक कार्ययोजनामा उल्लेखित लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>✓ बृहत योजनाको कार्यान्वयन योजनाको बार्षिक लक्ष्य र प्रगतिको तुलनात्मक अध्ययन | ✓ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी नगरपालिका कार्यालयमा पेश गर्ने ।<br>✓ पालिका कार्यालयले प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि गाँपासमक्ष कार्ययोजना पेश गर्ने । |
| प्रतिफल अनुगमन | नगरकार्यपालिका, सुपरीवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधि | ✓ स्थलगत अनुगमन गर्ने<br>✓ वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति<br>✓ विवरणको तुलना गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>✓ सञ्चालित योजनाहरूको कार्यान्व्यनबाट सोच तालिकामा उल्लेखित अपेक्षित प्रतिफल के कति कारणले हासिल हुने देखिन्छ वा देखिदैन भन्ने सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्ने । | |
| असर तह अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | वार्षिक,मध्यावधि र अन्तिम वर्ष | सहभागितामूलक छलफल गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, नमूना | |

| | | | | |
|---|---|---|---|---|
| | | | सर्वेक्षण गर्ने | |
| प्रभाव तह अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम वर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, सहभागितामूलक छलफल गर्ने, अध्ययन तथा सर्वेक्षण गर्ने | |
| **मूल्याङ्कन प्रक्रिया** | | | | |
| असर तह मूल्याङ्कन | स्वतन्त्र तेश्रो पक्ष | योजनाको मध्यावधि वर्ष | ✓ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>✓ नमूना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन<br>✓ असर तहका सूचना संकलन गर्दा प्रारम्भिक तहका असरमा ध्यान दिने ।<br>✓ प्रतिवेदन तयारी र पालिकामा छलफल | ✓ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी नगरपालिका कार्यालयमा पेश गर्ने ।<br>✓ पालिका कार्यालयले प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि गापासमक्ष कार्ययोजना पेश गर्ने । |
| प्रभाव तह मूल्याङ्कन | नगरपालिकाको सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | योजना सम्पन्न भएको दुई वर्षपछि | ✓ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>✓ नमूना सर्वेक्षण मार्फत योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरु हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दीगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन गर्ने | |

| | | | | |
|---|---|---|---|---|
| | | | ✓ प्रतिवेदन तयारी र पालिकामा छलफल | |

आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यवस्था गरिनेछः

- ✓ नगरपालिकाले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।
- ✓ प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिनेछ ।

# अनुसूचिहरु

# आवधिक विकास योजना तर्जुमा सम्वन्धि फोटो









